# स्थानीय पाठ्यक्रम : हाम्रो वनगाड हाम्रो कुपिण्डे

## १. परिचय

बाल्यावस्थामा सिकेको कुनै पनि कुरा दिगो हुने गर्दछ । सिकाइको यहीँ मान्यता अनुसार कुनै बालबालिकालाई असल बनाउनु छ भने उसलाई सानैदेखि तदनुरूपको सिकाइको लागि अवसर प्रदान गर्नुपर्दछ । सिकाइको वातावरण सहज र बालमैत्री हुनुपर्दछ । सिकाइको क्रममा मस्तिष्कको विभिन्न पाटाहरूका अतिरिक्त सिकारुका सकेसम्म सबै इन्द्रियहरू क्रियाशील हुनुपर्दछ । बालबालिकाहरूका निम्ति स्वभावको हिसावले समेत सुनेर भन्दा पनि गरेर सिक्ने विधिहरू प्रभावकारी हुन्छन् । बालबालिकाले घरपरिवार र स्थानीय स्तरमा देखेका र भोगेका सरल कुराहरूबाट सिकाइको आरम्भ गर्दा सिकाई दिगो, रुचिपूर्ण र व्यावहारिक हुने गर्दछ । ज्ञानका अतिरिक्त सीप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्दछ । शिक्षा र सिकाइका उल्लिखित मूल्य मान्यताहरूलाई आत्मसात गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भएको प्रावधान अनुरूप वनगाड कुपिण्डे नगरपालिकाले '**हाम्रो वनगाड हाम्रो कुपिण्डे**' नामको स्थानीय पाठ्यक्रमको विकास गरेको छ ।

आधारभूत तहको शिक्षालाई प्रारम्भदेखि नै सिकारूले बाँचिरहेको जीवन र जगतसँग अन्तरघुलन गरी सिकाउँदा सिकाइ दीगो, रोचक, प्रेरणादायी र अन्तरक्रियात्मक हुने पक्षलाई मध्यनजर राखी **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६** ले स्थानीय तहको पहल, नेतृत्व र स्वीकृतिमा स्थानीय विषय वा स्थानीय भाषा मध्ये कुनै एक विषय आधारभूत तहमा अध्ययन अध्यापन गर्ने प्रावधानलाई अघि सारेको छ । पाठ्यक्रमको यहीँ मर्मलाई आत्मसात गरी तोकिएका नीतिगत व्यवस्था अनुसार नै कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टा गरी वार्षिक १६० कार्यघण्टा र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टा गरी वार्षिक १२८ कार्यघण्टाको प्रस्तुत पाठ्यक्रम निर्माण गरिएको हो । पाठ्यक्रममा स्थानीय परिवेशका आधारमा छओटा क्षेत्र/शीर्षकहरू : वनगाड कुपिण्डेको परिचय, हाम्रा मौलक कला, संस्कृति र सम्पदाहरू, हाम्रा पेसा, व्यवसाय र प्रविधि, खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप, हाम्रो वातावरण र हरित विद्यालय, र सामाजिक चुनौति र बिपद् व्यवस्थापन समेटेर विकास गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रममा समावेश नगरिएका तर बालबालिकाले आफ्ना समुन्नतिका लागि सिक्नै पर्ने कुराहरूलाई समेटेर प्रस्तुत स्थानीय पाठ्यक्रमको विकास गरिएको छ । पाठ्यक्रमको मर्म अनुसार हरेक विषयवस्तुसँग सम्बन्धित सिकाइ सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप, व्यवहार कुशल सिप, मूल्याङकन विधि र आवश्यक कार्यघण्टाको बारेमा समेत पाठ्यक्रममा विश्लेषण गरिएको छ । शिक्षण सिकाइ क्रियाकलापहरूको सञ्चालन गर्दा सकेसम्म स्थानीय परिवेश, स्थानीय सीप र स्थानीय विज्ञतालाई समेत यस पाठ्यक्रमले सदुपयोग गर्ने अपेक्षा गरिएको छ ।

बालबालिकाहरूको स्वभावको हिसावले समेत सुनेर भन्दा पनि गरेर सिक्ने विधिहरू प्रभावकारी हुने भएको कारण पाठ्यक्रमले सकेसम्म विद्यार्थीले आफैले गरेर सिक्ने गरी प्रयोगात्मक क्रियाकलापहरूको व्यवस्था गरिएको छ । ज्ञानका अतिरिक्त सिप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्दछ । सिकाइका उपलब्धिहरूका साथसाथै सिकाइका प्रक्रियाहरूमा नै खुसी खोज्ने सिकारुहरूले खुसी जीवन हात पार्न सफल हुन्छन् र खुसी वाह्य दुनियाँको वस्तु र परिवेशमा भन्दा आफैभित्र खोजी गर्ने सिकारु अरूभन्दा बढी खुसी र सुखी हुने गर्दछ । शिक्षा र सिकाइका उल्लिखित मूल्य मान्यताहरूलाई आत्मसात गरी प्रस्तुत स्थानीय विषयको पाठ्यक्रम विकास गरिएको छ ।

समग्रमा प्रस्तुत स्थानीय पाठ्यक्रमले बालबालिकाबाट आफ्ना अग्रजहरूको सम्मान गर्दै उनीहरूको सुखदुःखमा साथ दिने कार्यबाट पलायन हुने, आफ्नो संस्कार र संस्कृति छोड्दै जाने र विदेशी संस्कार संस्कृतिलाई अङ्गाल्दै जाने बानीको बिगविगी बढ्दै गएको परिवेशमा आफ्नो संस्कृति र संस्कारहरूतर्फ अभिप्रेरित हुने, बोली, भाषा र आचरणको हिसावले सुसंस्कारित हुने, श्रमको सम्मान गर्दै सानैदेखि श्रमलाई उत्पादनसँग जोड्ने कुरामा क्रियाशील हुने, हाम्रा परम्परादेखि चलिआएका असल आनीबानीहरूलाई आत्मासात गर्दै पूर्वीय दर्शन, मूल्य र मान्यताका आधारमा सकारात्मक किसिमले खुसी, सन्तुलित र सुरक्षितका साथै दुर्व्यसन मुक्त र दुर्घटना मुक्त जिन्दगी जिउने जस्ता सिकाइका पक्षहरूको अपेक्षा गरिएको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट उल्लिखित सिकाइका पक्षहरूलाई हाम्रा बालबालिकाहरूले आफ्नो जीवनको दिनचर्या बनाइ जीवनशैली बदल्न सक्नेछन् भन्ने समेत विश्वास गरिएको छ ।

## २. तहगत सक्षमताहरू

**<u>(क) सक्षमताहरू (कक्षा १-३)</u>**

१. आफ्नो नगरपालिकाको नामका साथै स्थानीय बजार, विद्यालय, भूगोल, जनप्रतिनिधि र स्थानीय पालिका सहित आफ्नो परिवार, बस्ती, गाउँटोल र वडाको सामान्य परिचय

२. वनगाड कुपिण्डे नगरपालिकाको परम्परागत रहनसहन, खानपिन, धर्म, संस्कृति, जातजाति र भाषिक सम्पदाहरूको बारेमा सामान्य जानकारी

३. आफ्नो गाउँवस्ती र वडामा भएका परम्परागत पेसा, व्यवसाय र प्रविधिको बारेमा जानकारी

४. आफूलाई मन पर्ने मानिसहरूको स्वभाव, चाडपर्वमा गरिने मन पर्ने क्रियाकलाप, मन पर्ने गीत, सङ्गीत र नृत्य एवम् आहार र व्यायामको माध्यमबाट खुसी हुने र खुसी बनाउने कलाको अभ्यास

५. विद्यालय लगायत आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरूको पहिचान, महत्त्वबोध तथा बालबगैँचा निर्माण र वातावरणको सरसफाइ मार्फत् वातावरण संरक्षण र दिगो विकासमा सहयोग

६. सामाजिक विसङ्गति र बिपद्को परिचयका साथै घर र विद्यालयमा हुने विभिन्न किसिमका सामाजिक चुनौति, विसङ्गति र बिपद् एवम् त्यस्ता विसङ्गति र बिपद्हरूबाट जोगिने उपायहरूको जानकारी र अभ्यास

**(ख) सक्षमताहरू (कक्षा ४-५)**

१. वनगाड कुपिण्ड नगरपालिकाको अवस्थिति लगायत यहाँको प्राकृतिक, सामाजिक र सांस्कृतिक अवस्थाका साथै वडाले प्रवाह गर्ने सेवाको बारेमा परिचय दिने क्षमताको विकास

२. वनगाड कुपिण्डे नगरपालिकामा रहेका धार्मिक स्थल र मठमन्दिर, सांस्कृतिक रितिरिवाज, चाडपर्व, गीत, सङ्गीत, नृत्य, भाषा र वेशभूषाको बारेमा जानकारी

३. वनगाड कुपिण्डे नगरपालिकामा स्थानीय स्तरमा प्रयोग गरिने परम्परागत कृषि औजार र अन्य प्रविधिहरूको पहिचान र प्रयोगका साथै यहाँ गरिदै आएका पशुपन्छीपालन र कृषि उत्पादनको पहिचान, परिचय र संलग्नता

४. सकारात्मक सोच, गीत, सङ्गीत, योग र आहार एवम् मानिसका असल आचरणहरूको अनुसरणको माध्यमबाट समाजको असल र खुसी नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको जानकारी र अभ्यास

५. आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरूको महत्त्वबोध र उपयोग तथा वातावरण संरक्षण र सरसफाइमा सहयोग

६. सामाजिक चुनौति र चाडपर्वमा हुने जोखिम लगायत हावाहुरी, चट्याङ, भूकम्प, बाढी, पैरो जस्ता बिपद्को परिचय र ती बिपद्बाट बच्ने उपायहरूको जानकारी र अभ्यास

**(ग) सक्षमताहरू (कक्षा ६-८)**

१. वनगाड कुपिण्डे नगरपालिकाको समग्र अवस्था एवम् यहाँको नगर कार्यपालिकामा र नगर सभाले यहाँका नागरिक र पालिकाको विकासका लागि गरेका, गरिरहेका र गर्नुपर्ने कामहरूको बारेमा परिचित भई आवश्यक सुझाव सहित सुधारमा सक्रियता

२. वनगाड कुपिण्डे नगरपालिकामा अवस्थित विभिन्न भाषाभाषी, जातजाति र धार्मिक सम्प्रदाय र व्यक्तिहरूको बीचको सामाजिक सद्भावको पहिचान र प्रवर्द्धनका लागि थप पहल र पालिकास्तरमा राम्रो काम गर्नेहरूको पहिचान

३. वनगाड कुपिण्ड नगरपालिकामा गरिने विभिन्न कृषि खेती, पशुपन्छीपालन, माछापालन र अनलाइन व्यापारको परिचय, अभ्यास र उक्त कार्यमा सहयोग

४. जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवम् प्रस्तुतिका साथै जीवनलाई सन्तुलित, खुसी र स्वस्थ बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरूको जानकारी, प्रयोग र अनुसरण

५. आफ्नो वरपरको वन व्यवस्थापन, हरियाली प्रवर्धन, पानीका मुहान संरक्षण र फोहोर व्यवस्थापनको अवधारणा बोध, समुचित प्रयोग, संरक्षण र प्रवर्धनमा सहयोग

६. सामाजिक चुनौतिहरूको निराकरण, विभिन्न बिपद् र महामारीको बारेमा जानकारी हासिल एवम् तिनीहरूबाट हुने क्षति न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरूको पहिचान, अभ्यास र कार्यान्वयन

## ३. कक्षागत सिकाइ उपलब्धि

## (क) कक्षा १ देखि कक्षा ३ सम्म

| क्र.स. | | कक्षागत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | **क्षेत्र/थिम** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
| १ | **वनगाड कुपिण्डेको परिचय** | • आफू, आफ्नो परिवारका सदस्य तथा आफू बसेको टोलको नाम बताउन<br>• आफ्नो नगर वरपर रहेका नदी, खोला, ताल र बाटाको नाम बताउन<br>• आफ्नो विद्यालयको नाम बताउन<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाको प्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सा अवलोकन गरी सोको बारेमा जिज्ञाशा राख्न र छलफल गर्न | • वनगाड कुपिण्डे नगरपालिकाको नाम, नगरकार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल र आफ्नो वडाका जनप्रतिनिधिहरूको नाम बताउन<br>• आफू बस्ने वडाभित्रका गाउँटोलहरू वडा कार्यालय रहेको ठाउँको नाम र वडामा रहेका विद्यालयहरूको नाम बताउन<br>• स्थानीय बजार र त्यहाँ पाइने वस्तुहरूको नाम भन्न<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरूको टोल समेत पहिचान गर्न | • वनगाड कुपिण्डे नगरपालिकाको परिचय सहित प्रमुख, उप्रमुख र वडाध्यक्षका मुख्य कामहरू उल्लेख गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक अवस्थिति र हावापानी (वर्षा र हिउँद) को उल्लेख गर्न<br>• वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरू बताउन<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरूको सामान्य परिचय दिन<br>• हाम्रो नगरपालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरूको परिचय दिन<br>• कर्णाली प्रदेशको नक्सामा वनगाड कुपिण्डे नगरपालिकाको पहिचान गर्न र वडा समितिले सम्पादन गर्ने कामहरू बताउन |
| २ | **हाम्रा मौलिक, कला, संस्कृति र सम्पदाहरू** | • वनगाड कुपिण्डेको सेरोफेरोमा रहेका स्थानीय बजार र यहाँका पर्यटकीय क्षेत्रहरूहरूको नाम भन्न<br>• हाम्रा धार्मिक सम्पदा ( मन्दिर, थान, चर्च, भवन आदि) को पहिचान गर्न<br>• वनगाड कुपिण्डेमा रहेका विभिन्न जातजातिहरूको नाम बताउन,<br>• वनगाड कुपिण्डेमा मनाइने विभिन्न चाडपर्वहरूको पहिचान गर्न<br>• वनगाड कुपिण्डेमा नाचिने लोक नाचहरू पहिचान गर्न<br>• वनगाड कुपिण्डेका प्रचलित लोकवाजाहरू : दमाहा, मादल, टेम्को, बाँसुरी, मुरली, सनइ, मुरचुङ्गा, झ्याली, पैचन, नरसिंङ्गा, छिल्लर, पञ्चेबाजा, नौमति बाजा चिनेर तिनको नाम भन्न<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथा सुनेर प्रतिक्रिया दिन | • हाम्रो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरूको पहिचान गर्न<br>• हाम्रो वडामा विभिन्न जातजातिले नाचिने नाचहरूको परिचय दिन<br>• हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरूको पहिचान गर्न<br>• हाम्रो वडामा रहेका विभिन्न जातजातिहरूले मनाउने प्रमुख चाडपर्वहरूमा गरिने प्रमुख क्रियाकलापहरू भन्न<br>• हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडाः हुन्नो, खट्कुरो, अम्खोरा, ताउलो, कलश, पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, ताइ, माना, पाथी, ठेकी, गाबु, मदानी आदि) को पहिचान गर्न र प्रयोग गर्ने तरिका बताउन | • वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरूः देवस्थलको कृष्ण मन्दिर, तारपरे सिद्ध गुफा, गर्चे छहरे बाजेको गुफा, मैदुको सिद्ध गुफा, माचखर्कको सिद्ध गुफा, मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुपिण्डे दह, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, ब्रह्मा बाजेको थान राइरा, कालिका मन्दिर दारिमचौर, शिद्ध बाबा मन्दिर चौर, काल जैसी मन्दिर बामे, देउती बज्यै बालुवा सङ्ग्रही, क्रम शाहीको भग्न दरवार खैरागार भोटे राजाको भग्न दरबार मैदु, भगवति मन्दिर आदि) को परिचय दिन<br>• वनगाड कुपिण्डेका विभिन्न जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी, माझी, बादी, गाइन आदि ) को विशेषता पहिचान गर्न<br>• हाम्रो वनगाड कुपिण्डे नगरपालिकाभित्र नाचिने विभिन्न लोक नाचहरू (देउसीभैलो, वनगारी नाच ( सिङ्गारू) तीज नाच, लहरे वा पैसेरी नाच, खाडो |

| | | | | |
|---|---|---|---|---|
| | | • वनगाड कुपिण्डेमा प्रचलित बालगीत सुनेर आदर्श अनुकरण गायन गर्न | • वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख ठाउँहरू र बजारहरूको सङ्क्षिप्त परिचय दिन<br>• वनगाड कुपिण्डेका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी, माझी, बादी, गाइन आदि ) को परिचय बताउन<br>• स्थानीय लोक बाजाहरू : दमा, नगरा, मादल, टेम्को, बाँसुरी, मुरली, सनइ, मुरचुङ्गा, झ्याली, पैचना, नरसिंङ्गा, छिल्लर, पञ्चेबाजा, नौमति बाजा आदिको परिचय र महत्त्व बताउन<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथा सुनेर सो कथाका बारेमा सुनाउन<br>• वनगाड कुपिण्डेमा प्रचलित बालगीत सुनेर उस्तै बालगीत सुनाउन | नाच, सरिङ्गे नाँच, झ्याउरे नाच, ) सैरेली, हिउपा, सोरठी, रत्यौलीको परिचय दिन<br>• हाम्रो भान्साका परिकार, (आँटो, ढिँडो, गुन्द्रुक, बरी, पाप्रो, लटे पाप्रो, चाना, खाँदेको अचार, लारु, अर्सा, सेलरोटी, दाल, भात, खिर, सातु, चिल्या रोटी, भुब्र्या रोटी, फारो, सिस्नु, कुराउनी, बिलाउनी, मही, खिर्चो, च्याऱ्या रोटी आदि) को महत्त्व र विशेषता बताउन<br>• हाम्रा स्थानीय सामग्री (डोको, डालो, पायो, सुपो, नाङलो, डोइलो, भकारी, लोरो सिलौटो, खाप, खिऱ्या, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, खिऱ्या डाडु, पनियो, कराइ, अदान, ढरी, भुजुङ्गो, चिम्टा, सनासो, कोसी, ठेकी, मदाइनी, थुन, ढुङ्गेलो, झिर, चौठी, जब्रो, भुत्या सुइयो) को परिचय र उपयोगिता बताउन<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथाको सङ्कलन<br>• वनगाड कुपिण्डेमा प्रचलित बालगीत गाउँन र सङ्कलन गर्न |
| ३ | **स्थानीय पेसा, व्यवसाय र प्रविधि** | • परिवारका सदस्यहरूले गर्ने पेसा र व्यवसायको नाम बताउन<br>• अन्नबालीहरू ( वनगारी जरन, धान, मकै, गहुँ, जौ, कोदो) को पहिचान गर्न<br>• दलहन बाली (केराउ, चना, मसुरो, लरे मास, मास, भटमास, सोस्टा) को पहिचान गर्न ।<br>• तरकारी खेती (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, इस्कुस, मुला, गाजर, सलगम चिचिन्डो आदि) को पहिचान गर्न<br>• स्थानीय फलफूलहरू- केरा, सुन्तला,आँप, कागती, माल्टा, ओखर, मेल, आरूरु, आरुबखडा, काफल, चोत्रा, सल्लीको सिम्ता, मौसम (जुनार), ऐँसेलु आदि को पहिचान गर्न | • छिमेकीपरिवारका सदस्यहरूले गर्ने मुख्य पेसा व्यवसायको नाम बताउन<br>• स्थानीय रूपमा लगाइने बेमौसमी बालीनाली- काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिन्डी, मकै, आलु आदिको पहिचान गर्न<br>• स्थानीय अन्नबालीहरू -धान, वनगारी जरन, मकै, गहुँ, जौ, कोदों, जुनेलो आदिको पहिचान गर्न<br>• स्थानीय तरकारीहरू (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिन्डो, सिमी, भिन्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, इस्कुस आदि) को पहिचान गर्न ।<br>• स्थानीय फलफूलहरू:: केरा, सुन्तला, कागती, मौसम (जुनार), ओखर, मेल, आरु पलम, तिनु, चिउरी, आबखडा, काफल, चोत्रा, ऐँसेलु आदिको पहिचान गर्न<br>• हाम्रा स्थानीय उत्पादन बिक्री गर्ने बजारको नाम बताउन | • वनगाड कुपिण्डे नगरपालिकाका मानिसले गर्ने पेसा, व्यवसायको सामान्य परिचय दिन<br>• मसलाजन्य बाली (मेथी, टिमुर, प्याज, लसुन, धनिया, वेसार, अदुवा, पुदिना, तेजपात, सम्पु) को परिचय दिन<br>• स्थानीय नगदेबाली (तोरी, मसुरो, अर्सी, तिल, मास, गहत, बदाम, चना, केराउ, भटमास, जनालो आदिको परिचय दिन<br>• स्थानीय बेमौसमी तरकारीहरु : काक्रो, बोडी, रायो साग(भाजी), गाजर, टमाटर, मुला, भिन्डी आदिको परिचय दिन<br>• परम्परागत स्थानीय प्रविधि (जाँतो, ढिक्की, कोल, घट्ट, ओखल, सिलौटो, आरन) को परिचय दिन ।<br>• परम्परागत र आधुनिक प्रविधि (हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना गर्न<br>• फलफूल र कन्दमुलहरू : तरुल, गन्जी, अमिलो, सुन्तला, कागती, गुहेली, नास्पाती, बेलौती, मेवा, स्याउ आदिको परिचय दिन |

| | | | | |
|---|---|---|---|---|
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी र स्वभावहरू बताउन<br>• आफू र आफ्ना परिवारका सदस्यहरूको आनीबानी स्वभावहरू मध्ये असल आनीबानी र स्वभावहरूको पहिचान गरी आफ्नो जीवनमा प्रयोग गर्न<br>• आफूलाई मन पर्ने साथीहरूको स्वभावहरू बताउन<br>• स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास गर्न<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरूमा गरिने क्रियाकलापहरू बताउन<br>• आफू भन्दा सानालाइ माया र ठूलालाई आदर सम्मान गर्न<br>• योग, प्रणायम र आसनहरू (प्रणव ध्यान, भस्त्रिका प्रणायाम) को अभ्यास गर्न<br>• अल्पपोषक (जङ्कफुड/मृतप्राय खाना) खानाको परिचय र खानामा छ प्रकारका स्वाद (गुलियो, अमिलो, पिरो, टर्रो, तीतो र नुनिलो) भएका जैविक (अर्गानिक) खानाहरूको पहिचान र प्रयोग<br>• उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन गर्न | • नाता सम्बन्धका मानिसहरूको आनीबानी बताउन<br>• असल र चरित्रवान् हुनका लागि आवश्यक पर्ने असल शील र स्वभावहरूको अभ्यास गर्न<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्न<br>• घरपरिवार, छरछिमेकमा उत्सव र चाडपर्वहरू मनाउँदा गर्न हुने र गर्न नहुने कुराहरूको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुशरण गर्न<br>• श्रमको सम्मान गर्ने बानीको विकास गर्न<br>• आसन, ध्यान र प्राणायमहरू (हाँस्यासन तालीवादन ) को अभ्यास प्रस्तुत गर्न<br>• मान्यजनप्रति आदर सम्मानभाव र सानाहरूप्रति माया र सद्भाव व्यक्त गर्न<br>• अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति आदर सम्मान र सहयोग गर्ने बानीको विकास गर्न<br>• अल्पपोषक (जङ्कफुड/मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरू बताउन | • साथी र समुदायका मानिसहरूको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको बखान र अभ्यास प्रस्तुत गर्न<br>• स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्न<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरू मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास प्रस्तुत गर्न<br>• आफू खुसी हुनका लागि अरूलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न<br>• ध्यान, प्राणायम र आसन (सिंहासन, ध्रुवासन, मयुरासन) को परिचय र अभ्यास प्रस्तुत गर्न<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सम्मान सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न<br>• अल्पपोषक(जङ्कफुड/मृतप्राय खाना) खानाकाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरूको बारेमा बताउन र सोको अनुशरण गर्न |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा तथा पानीमा पाइने जीव जनावरहरूको नाम बताउन।<br>• घर तथा टोल वरपर भएका बिरुवाहरूको पहिचान गर्न<br>• विद्यालयको बालबगैंचामा भएका बिरुवाहरू चिन्न<br>• घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको जोगाउन सहयोग गर्न | • वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत आफ्ना गाउँ, टोलभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न<br>• स्थानीय रुपमा पाइने औषधीजन्य बोटबिरुवाहरूको पहिचान गर्न<br>• करेसाबारी निर्माणमा सहभागी हुन<br>• विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• घर तथा विद्यालयमा भएका बोटविरुवा जोगाउन सहभागी हुन | • वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत आफ्ना वडाहरूको वनमा पाइने वन्यजन्तु र चराहरूको परिचय दिन र महत्त्व बताउन<br>• आफ्नो गाउँटोल वरिपरि पाइने औषधिजन्य वनस्पतिहरू पहिचान गर्न<br>• विद्यालय वा करेसाबारीमा भएका बोटविरुवाको महत्त्व तथा उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता बताउन<br>• घर र विद्यालयमा बालबगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | • फूलबारीमा भएका  बोटबिरुवाहरूको हेरचाहमा सहयोग गर्न<br>• आफ्नो वरपर भएका पानीका स्रोतहरूको नाम बताउन<br>• आफ्नो घर, आँगन, विद्यालय वरिपरिको वातावरणको सरसफाइमा सहयोग गर्न | • आफ्नो गाउँटोल वरपर भएका पानीका स्रोतहरूको पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न<br>• आफ्ना वरपर भएका पानीका स्रोतहरूको आवश्यकता बताउन<br>• आफ्नो घर, आँगन, विद्यालय वरिपरिको वातावरणको सरसफाइमा सहभागी हुन<br>• वातावरण प्रदूषणका कारण बताउन<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न | • घर र विद्यालयमा भएका पानीको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न<br>• आफ्ना वरपर भएका पानीका स्रोतहरूको हिफाजत गर्न<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी हुन<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता हुन |
| ६ | **समाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरूको बारेमा बताउन<br>• स्थानीय स्तरमा भइरहेका र हुन सक्ने बिपद्हरू जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (खोला, ताल, खाल्डो) आदिबाट हुने बिपद्हरूको चित्रात्मक पहिचान गर्न<br>• विद्यालय र घरमा आउँदा जाँदा बाटोमा हुने जोखिमहरू जस्तै : बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान गरी सावधानी अपनाउन<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरू जस्तै चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागी, आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरू बताउने र सोको अनुसरण  गर्न<br>• डढेलोको कारण र असरहरू बताउन<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धुम्रपान, मध्यपान, लागुऔषध सेवनबाट हुने हानी र यसबाट बच्ने उपायहरूको बारेमा बताउन<br>• हावाहुरी,चट्याङ्ग, बाढी, आगलागी, पहिरो, सर्पदंश र जङ्गली जनावरको आक्रमण आदिबाट हुने बिपद्को पहिचान र परिचय दिन<br>• घरभित्र हुने जोखिमहरू (छत, भऱ्याङ, बरन्डा, हातहतियार आदिको परिचय दिने ।<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरू बताउन र अनुशरण गर्न<br>• कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढी पहिरो र जङ्गली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरू बताउन<br>• डढेलो नियन्त्रणका उपायहरू बताउन<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धम्रपान, मध्यपान, लागुऔषध सेवन, छोराछोरी बीचको भेदभावबाट हुने हानी र यसबाट बच्ने उपायहरूको बारेमा बताउन<br>• बिपद्को परिचय  दिन<br>• बिपदको किसिम (प्राकृतिक र मानव सिर्जित) बताउन<br>• विद्यालयभित्र जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरन्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरूको पहिचान गर्न<br>• विद्यालयभित्र हुने जोखिमबाट सावधानी अपनाउन<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन<br>• डढेलो नियन्त्रणका उपायबारे बताउन र सो कार्यमा विद्यार्थीले भूमिका निर्वाह गर्न<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न |

## (ख) कक्षा ४ देखि कक्षा ५ सम्म

| क्र.स. | | कक्षागत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | क्षेत्र/एकाइ | कक्षा ४ | कक्षा ५ |
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको नामाकरण, यसको भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल बताउन<br>• वडा मेलमिलाप समिति र न्यायिक समितिले सम्पादन गर्ने कार्यहरू बताउन ।<br>• आफ्नो वडाभित्र बसोवास गर्ने जातजातिहरूको सूची सहित जनसङ्ख्या बताउन<br>• हाम्रो वडाबाट प्रवाह हुने मुख्य मुख्य कामहरू र प्रदान गरिने सेवाहरू बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाको क्षेत्रभित्र बग्ने भेरी नदी, वनगाड खोला, संग्रही खोला, बागे खोला, कुपिण्डे खोला, भलाखर्क खोला, भदाले खोला, दुरुम खोला, स्वारा खोला, खेतगारा खोला, घट्टे खोला, धारापानी खोला, छहरा आदिका परिचय र नामाकरणबारे बताउन | • वनगाड कुपिण्डे नगरपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ सहित) पत्ता लगाउन<br>• वनगाड कुपिण्डेका केही महत्त्वपूर्ण स्थलहरू- कुपिण्डे दह, देवस्थल राधा कृष्ण मन्दिर, पानसेराको विजैसी मन्दिर, राइराको वर्मा मन्दिर, तारुपारे सिद्ध गुफा, निगालचुला सिद्ध गुफा, छहरे गुफा, निगालचुला लेक, खामे लेक, तारपरे लेक, मालिका लेक, दैया लेक, साहूको लेक, मुर्चुला लेक आदिका परिचय र नामाकरणबारे बताउन<br>• हाम्रो नगरपालिकाको जातजातिगत जनसङ्ख्या बताउन<br>• पालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरू लेख्न<br>• नगरपालिकाको मुख्य मुख्य काम, कर्तव्य र अधिकारबारे बताउन<br>• वनगाड कुपिण्डेका विभिन्न ठाउँहरूमा विद्युत र सञ्चार सेवाको अवस्था बताउन |
| २ | **हाम्रा मौलिक, कला संस्कृति र सम्पदाहरू** | • हाम्रो प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गार, नाउलो, खोला, ताल, पोखरीको परिचय र महत्व वताउन<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, नहर, धारा, नाउलो, चौपारी आदिको परिचय र महत्व बताउन<br>• वनगाड कुपिण्डेका मेला, जात्रा, चाडपर्व (दसैं, तिहार, तीज, माघे संक्रान्ति, चैते दसैं, असारे संक्रान्ति, जनै पूर्णिमा, घियाँत्यार, शिवरात्री, कृष्ण जन्माष्टमी, होली, हरेलो, भो फाल्ने, क्रिसमस डे, पुन्या खाजा खाने, नयाँ वर्ष, आमाको मुख हेर्ने, बुवाको मुख हेर्ने, पुस पन्ध, बार भदौ, कुसे औँसी) र स्थानीय लोकगीत (तीज गीत, भजन, ठारी भाका, वन्नारी, सैरेली, फाग, हिउँपा, तेर्छि भाका, चुट्कीला, कलशाको धमारी, जङ्गबहादुको कर्खा, नवल सिं वानियाँको कर्खा, बाल गीत, झारी, सोरठी, झाप्रे गीत, खेती, लोक मन्त्र, घाउटा, भात बाध्ने, आदिको परिचय दिन<br>• आफ्नो वडामा असल काम गर्ने प्रेरणादायी व्यक्तिहरूको परिचय दिन<br>• लोक कथा सुनेर महत्त्व बताउन<br>• गाउँखाने कथाको सङ्कलन गरी सुनाउन | • मानव निर्मित सम्पदाको महत्व र विशेषता बताउन<br>• प्राकृतिक सम्पदाको महत्व र विशेषता बताउन<br>• सम्पदाको संरक्षणमा हाम्रो भूमिका उल्लेख गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्र रहेका विभिन्न धार्मिक र सांस्कृतिक स्थल (मठमन्दिर, चर्च, भवन, गुफा, कुल देवताका थान, गुठी) आदिको अवस्थिति पत्ता लगाइ सूची बनाउन<br>• वनगाड कुपिण्डेका क्याम्पस लगायत विभिन्न माध्यमिक विद्यालय र त्यहाँ अध्यापन हुने विषयहरूको बारेमा बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँखाने कथा, उखान टुक्का, लोक मन्त्र आदिको बारेमा जानकारी सङ्कलन गरी सुनाउन<br>• वनगाड कुपिण्डे नगरपालिकाका असल मानिसहरूको सूची तयार गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्रका विभिन्न लोक चलनहरू (अरिमो परिमो, पैँचो, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, उछिट्टे नाच्ने कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने) को परिचय दिन ।<br>• वनगाड कुपिण्डेमा प्रचलित ठारी भाका गीतको परिचय र महत्त्व |
| ३ | **स्थानीय पेसा,** | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, दुदु (दुनु), अदुवा, प्याज, बेसार, गन्जी, बदाम, धनिया खेतीमा सहयोग गर्न | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैँसीपालन, बँगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय दिन |

| | | | |
|---|---|---|---|
| | **व्यवसाय र प्रविधि** | • स्थानीय स्तरमा उत्पादित वस्तुहरू (परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, खुर्पेटो, खाप, मदुस, कोर्को, ओखल, मुसल आदि) को परिचय दिन<br>• परम्परागत कृषि औजारहरू (हलो, जुवा, फरुवा, लिर्को, कुटो, कोदाली, डल्लेटो, मइ, आँसी, खुर्पेटो, बरियो, दाम्लो, खुकुरी आदि) को चिनारी दिन र कृषि कार्यमा प्रयोग तथा महत्त्व बताउन | • आलु, टमाटर, केरा, अदुवा, बेसार, धनिया, गोलभेडा, लसुन, प्याज, चिचिन्डो, काको, लौको, च्याउँ, खुर्सानी आदिको सामान्य परिचय दिन र महत्त्व बताउन<br>• स्थानीय जडिबुटी-टिमुर, हर्रो, बर्रो, कुरिल्लो, गुर्जो, घोडेटाप्रे, अमला, लालीगुराँस, मुसलिरी, बटुलेटी, अथरजालो, झिँगामारो, बोजो, चोत्रा आदिको परिचय दिन र महत्त्व बताउन |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • समाज र राष्ट्रको असल मानिसहरूले गरेका असल कार्यहरूको चर्चा एवम् अनुसरण गर्न<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको पहिचान, अभ्यास र प्रस्तुतिकरण गर्न<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्न<br>• घरपरिवार र समाजमा उत्सव र चाडपर्वहरू मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास गर्न ।<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको अनुशरण गरी अभ्यास गर्न<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरूलाई आफ्नो जीवनमा अनुशरण गर्न<br>• योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम ) को परिचय दिई र अभ्यास गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्त्वहरू नष्ट नहुने गरी फलफूलहरू र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सो को अभ्यास गर्न | • समाज र राष्ट्रको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको अभ्यास प्रस्तुत गर्न<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुसी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास प्रस्तुत गर्न<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत श्रवण र नृत्यहरूको अवलोकन, सिर्जना र प्रस्तुतिकरण गर्न<br>• जीवन र जगत्का हरेक कुराहरूभित्र केही न केही असल कुरा हुने तथ्यको परिचय, बोध र अभ्यास प्रस्तुत गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास प्रस्तुत गर्न<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरूलाई आफ्नो जीवनमा अनुशरण गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्न<br>• योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम,) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग र सम्मान गर्ने बानीका विकास र अभ्यास प्रस्तुत गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्त्वहरू नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा तयार पार्ने र खाने तरिकाको परिचय दिन र अभ्यास गर्न |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • आफ्नो वडाभित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको परिचय दिन र महत्त्व बताउन<br>• आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरू -टिमुर, काउलो, आक्चेकाफल, बाँदरेकेरा, अमला, कुरिल्लो, तेजपत्ता, बिलाउनी, घोडटाप्रे, हात पसारो, स्याँली, दुधे मसुरे, गुर्जो, भाँगेचुक, बाँको, ट्याम्नो, जामुनो, बोजो, पदमचाल्नो, भला, असुरो, आकाशवेली, चुत्रा, तीते, पारिजात, खोटेसल्ला, सिल्पु, रगतजरी, हर्रो, वर्रो, तुलसी, गोलाइँची, अलाइँची आदिको पहिचान गर्न<br>• करेसाबारी निर्माणमा सहभागी हुन<br>• विद्यालयमा बालबगैँचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण र विकासको परिचय दिन | • आफ्नो वडाभित्रका सामुदायिक वनमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्त्व पहिचान गर्न<br>• घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैँचाको निर्माण कार्यमा सहयोग गर्न<br>• आफ्नो वडा क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न<br>• वातावरण संरक्षणको परिचय दिन<br>• आफ्नो वडा क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरू र न्यूनीकरणका उपायहरू बताउन र ती उपायहरू अवलम्बन गर्न<br>• पानीको संरक्षण गर्ने उपायहरू बताउन<br>• वातावरण प्रदूषणको असर पहिचान गरी प्रदूषण न्यूनीकरणका उपाय बताउन |

| | | | |
|---|---|---|---|
| | | • आफ्नो वडा क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकताअनुसार प्रयोग गर्न<br>• वातावरण प्रदूषणको असर पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न | |
| ६ | **समाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक विसङ्गतिको रूपमा रहेका जातीय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू बताउन<br>• प्राकृतिक बिपद् र मानव सिर्जित बिपद्को पहिचान गर्न ।<br>• चाडपर्वको समयमा हुने जोखिम (चङ्गा, पिङ, पटाका, खाना व्यवहार, आदि) पहिचान गर्न<br>• हावाहुरी, चट्याङ्ग, र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरूको पहिचान गर्न<br>• आफू र आफूभन्दा साना बालबालिकालाई बिपद्बाट सुरक्षा गर्ने उपायहरूको पहिचान गर्न<br>• सामाजिक सञ्जालको चुनौतिहरूको परिचय दिन<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • सामाजिक विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत, घरेलु हिंसा र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू बताउन<br>• प्राकृतिक बिपद् र मानव सिंजित बिपद्को प्रभाव वा असरहरू बताउन ।<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरू जस्तै चङ्गा, पिङ, रङ, पटाका, झैंझगडा, भागदौड आदिबाट हुने जोखिमवाट सावधान हुन<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरू बताउन<br>• वन्य जन्तुबाट बच्ने र वन्यजन्तुबाट हुने क्षति न्यूनिकरण गर्ने उपायहरूको पहिचान गर्न<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, भूकम्प पहिरोवाट बच्नको लगि पुर्व तयारी वा सावधानी अपनाउन<br>• विभिन्न बिपद्बाट आफूभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा गर्न ।<br>• सामाजिक सञ्जालबाट पर्न जाने नकारात्मक असरहरूको बारेमा बताउन<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न |

## (ग) कक्षा ६ देखि कक्षा ८ सम्म

| **क्र. स.** | | **कक्षागत सिकाइ उपलब्धि** | | |
|---|---|---|---|---|
| | **क्षेत्र/एकाइ** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको सामान्य ऐतिहासिक परिचय दिन<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो नगरटोल, विद्यालय, वडा कार्यालयहरू र मुख्य बाटाहरू उल्लेख गर्न<br>• वडाका निर्वाचित जनप्रतिनिधिहरू तथा तिनको जिम्मेवारी वताउन<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरू बताउन<br>• नगरपालिकाभित्रको जनसङ्ख्याको उमेरगत अवस्थाको विश्लेषण लेखेर प्रस्तुत गर्न | • वनगाड कुपिण्डे नगरपालिकाको प्रशासनिक संरचना बताउन<br>• सल्यान जिल्लाको नक्सा वनाइ आफ्नो नगरपालिकाका मुख्य स्थानहरू मुख्य सडक तथा बाटाहरू धार्मिक तथा पर्यटकीय स्थल, नदी, खोलानाला र तालहरू भर्न<br>• नगरपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्थाको प्रस्तुति गर्न<br>• नगरपालिकाले प्रवाह गर्ने मुख्यमुख्य सेवा तथा सुविधाहरू र सेवासुविधालाई प्रभावकारी बनाउने उपायहरू बताउन | • वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक, राजनितिक तथा प्रशासनिक संरचना र अवस्था बताउन<br>• कर्णाली प्रदेशको नक्सामा सल्यान जिल्लाअन्तर्गत पर्ने वनगाड कुपिण्डे नगरपालिकाका मुख्य स्थानहरू मुख्य सडक र बाटाहरू धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालको अवस्थिति चित्रण गर्न ।<br>• नगरसभाको गठन, काम कर्तव्य र अधिकारको जानकारी दिन<br>• नगर सभा (व्यवस्थापिका), कार्यपालिका र न्यायिक समितिको भुमिका बताउन<br>• नगर सभाले ऐन, नियम निर्माण गर्ने प्रक्रिया बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | • वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरूको बारेमा बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाको क्षेत्रभित्र बग्ने नदी खोलाको परिचय दिन र नामाकरण बताउन | • नगरपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरू बताउन | • नगरपालिकाले हालसम्म जारी गरेका ऐन कानूनहरू बताउन<br>• नगरपालिकाभित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरूको परिचय दिन<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रको वातावरणीय एवम् पर्यावरणीय स्वच्छता कायम राख्न जैविक विविधता संरक्षणका उपाय बताउन |
| २ | **हाम्रा मौलिक, कला संस्कृति र सम्पदाहरू** | • वनगाड कुपिण्डे नगरपालिकाका प्रकृतिक सम्पदाहरू (नदी, खोला, गार, दह, पहाड, वन आदि) ले पुऱ्याएको योगदानको चर्चा गर्न<br>• वनगाड कुपिण्डे क्षेत्रको कला, संस्कृति, र साहित्यको सामान्य परिचय दिन ।<br>• बाल साहित्य (बाल कविता, बाल गीत कथा, चित्रहरू, मूर्ती र भित्ते पत्रिका) का साथै बालबालिकाको विकासका लागि वनगाड कुपिण्डेमा भए गरेका कार्यहरू उल्लेख गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकामा मनाउने चाडपर्व र मेलाको परिचय र महत्व उल्लेख गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाका धार्मिक र ऐतिहासिक सम्पदाहरू : कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदुम पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), क्रम शाहीको भग्न दरबार (खैरागार) को परिचय बताउन<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो नगरटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने नगरटोलका मानिसहरूको पहिचान र योगदानको चर्चा गर्न<br>• वनगाड कुपिण्डेम प्रचलित हटारुका कथाको परिचय दिन<br>• वनगारका कुपिण्डेमा प्रचलित कर्खाको परिचय दिन<br>• सरिङ्गे नाचको परिचय र महत्व भन्न | • वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरू- (तारपरे लेक, बल्ल जुऱ्या लेक, दया लेक, निगालचुला लेक, कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), क्रम शाहीको भग्न दरबार (खैरागार) को परिचय र महत्व बताउन<br>• वनगाड कुपिण्डेका प्रमुख जातजाति- ब्राम्ह्ण, क्षेत्री, मगर, दशनामी, दलित, बादी, गाइन आदिले मनाउने चाडपर्व, लगाउने वेशभूषा र गरगहना (कम्पनी माला, चौवानी माला, ठुम्रे माला, चाप्की (पोते)), बुलाकी, ढुङग्री, पातेसुन, टीकुली, फूली) बोल्ने भाषाका साथै उनीहरूको बीचको आपसी सम्बन्धको बारेमा परिचय दिन<br>• वनगार कुपिण्डेका लोक चलन (अरिमो परिमो, पैँचो, पाथी हाल्ने, कटुवाल प्रथा, खलो उठाउने, न्वागी खाने, छेलो हान्ने, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने आदि) को बारे बताउन<br>• बाह्र भदौको परिचय र महत्व बताउन | • वनगाड कुपिण्डे नगरपालिकाको विभिन्न जातजाति बीचमा सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका बताउन<br>• वनगाड कुपिण्डे नगरपालिका पर्यटकीय स्थलहरू- तारपरे लेक, बल्ल जुऱ्या लेक दया लेक, निगालचुला लेक, देवस्थल कृष्ण मन्दिर, तारुपरे सिद्ध गुफा, गर्चे छहरे बाजेको गुफा, सिद्ध गुफा मैदु, सिद्ध गुफा माचखर्क, मैदुम पोखरी, पानसेरा बाजेको मन्दिर, कुपिण्डे दह, कैलु बराहको मन्दिर (कुपिण्डे दह, सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर चौर, कल जैसी मन्दिर बामे, देउती बज्यै बालुवा सङ्ग्रही, भोटे राजाको भग्न दरबार, (मैदु) क्रम शाहीको भग्न दरबार (खैरागार) मन्दिरको), तारपरे मेला, स्यानीपीपली मेला, मैदु मेला, च्युरा मेला, ढोरपीपल मेला, दहको मेला, कृष्ण जनमाष्टिमी मेला आदिको परिचय र महत्व आदिका विशेषता, संरक्षण र सम्बर्द्धनको बारेमा बताउन<br>• वनगाड कुपिण्डेका धार्मिक र ऐतिहासिक सम्पदाहरू: कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), क्रम शाहीको भग्न दरबार (खैरागार) परिचय र महत्व बताउन विशेषता, संरक्षण र सम्बर्द्धनको बारेमा बताउन<br>• नगरस्तरीय मेयर कप खेलकूद प्रतियोगिता र त्यसको महत्व बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | • घियाँ संक्रान्तिको परिचय महत्त्व र मनाउने तरिका र दुध पूजाको परिचय र महत्त्व उल्लेख गर्न | • आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डे नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा गर्न<br>• वनगाड कुपिण्डेमा प्रचलित हिउँपा नाच र गीतको परिचय दिन<br>• वनगाड कुपिण्डेमा प्रचलित झ्यारी गीतको परिचय दिन<br>• वनगाड कुपिण्डे नगरपालिकामा प्रचलित लरे नाचको महत्त्व र परिचय दिन<br>• वनगार कुपिण्डेमा लोपोन्मुख सैरेली गीतको परिचय दिन, लोप हुदै जानुका कारण भन्न र प्रवर्धनका उपाय बताउन | • वनगाड कुपिण्डेका मेलाको परिचय, महत्त्व र संरक्षणको आवश्यकता भन्न<br>• वनगाड कुपिण्डेमा बजाइने लोक बाजाका परिचय, महत्त्व र संरक्षणको आवश्यकता बताउन<br>• वनगाड कुपिण्डेमा प्रचलित कलशाको धमारीको परिचय र महत्त्व भन्न<br>• वनगार कुपिण्डेमा प्रचलित वन्गारी गीत र नाच एवम् सोरठी नाच र गीतको परिचय र महत्त्व बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकामा प्रचलित लोक कथाको संरक्षण गर्न<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डे नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा गर्न |
| ३ | **स्थानीय पेसा, व्यवसाय र प्रविधि** | • हाम्रा स्थानीय परम्परागत पशु तथा पन्छीपालन ( भैँसीपालन/कुखुरापालन/गाईपालन) गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>• अन्नबालीहरूको खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न<br>• तरकारी बालीको खेती गर्ने तरिका बताउन र खेती कार्यमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्रीहरू : कुचो, दमालो, जाबो, सराल, बल्छी, सुपो र परालको गुन्द्री बनाउने तरिका बताउन र निर्माण गर्न<br>• व्यावसायिक कृषिको परिचय दिन, कृषि पकेट क्षेत्र र यसको महत्त्व बताउन<br>• बाखा पालनको तरिका बोध गरी सहयोग गर्न<br>• पेसा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका बताउन<br>• अनलाइन व्यापारको बारेमा परिचय दिन<br>• स्थानीय स्तरमा प्रचलनमा रहेको सिलाइ कटाइ र गर्वा बुन्ने पेसाको परिचय दिन | • बाखापालन / भेडापालन/मौरीपालनको महत्त्व र पालन गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>• दलहन बाली (केराउ, मास, गहत, भटमास, सोस्टा, मसुरो आदि) को खेती गर्ने तरिका बताउन र उक्त खेती गर्ने कार्यमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, मुढा, मान्द्रो, ढरिया, बाबियोको डोरी आदि) निर्माण गर्ने तरिका बताउन र निर्माण गर्न ।<br>• तरकारी र फलफूल खेतीको परिचय दिन र खेती गर्ने तरिकाको अभ्यास गर्ने ।<br>• होटल व्यवसाय तथा होमस्टे सञ्चालन तथा जलयात्राको सम्भाव्यता पहिचान गर्न ।<br>• अनलाइन व्यापारको बारे परिचय र महत्त्व बताउन<br>• स्थानीयस्तरमा प्रचलनमा रहेको सिलाइ कटाइ र गर्वा बुन्ने पेसाको परिचय र महत्त्व बताउन | • गाईपालन/बँगुरपालन/माछापालन/ बाखापालन /कुखुरापालनको महत्त्व र पालन गर्ने तरिका वताउन र सहयोग गर्न<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिन्डी ,काँक्रा, सिमी, मुला आदि) खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु, प्याज, आलु आदि) खेती गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्री :(स्याँकु, डोको, डालो, छाँचुर, जाल, पासा, मान्द्रो, सुपो, चकटी, चौखी, गुन्द्री आदि) बनाउने तरिका बताउन र निर्माण गर्न<br>• हस्त निर्मित सामग्रीहरूको प्रदर्शनी गर्न<br>• स्थानीयस्तरमा प्रचलनमा रहेको सिलाइ कटाइ र गर्वा बुन्ने पेसाको महत्त्व र बुन्ने सिपको अनुकरण र प्रवर्धन गर्न<br>• अनलाइन व्यापार र सरकारले कृषकलाई गर्ने सहयोग सम्बन्धी जानकारी हासिल गर्न<br>• अनलाइन व्यापारको सामान्य प्रयोग गर्न |

| | | | | |
|---|---|---|---|---|
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य तथा उद्देश्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्न<br>• गीत, सङ्गीत र नृत्यहरूमा सक्रिय रूपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्न<br>• स्थानीयस्तरमा  उत्सव र चाडपर्वहरू मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको बोध र अभ्यास गर्न<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै  खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको जानकारी र अनुसरण गर्न ।<br>• श्रम, सिप र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास र अनुशरण गर्न<br>• योग र ध्यान (व्यायाम,  उद्गीथ प्रणायाम) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग र सम्मान गर्ने बानीको विकास  र सो को अभ्यास गर्न<br>• पौष्टिक तत्त्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरू पकाउने र खाने तरिकाको जानकारीका साथै सोको अभ्यास गर्न<br>• समाजका हरेक व्यक्तिले आफ्नो कर्तव्य निवार्ह गरी समाजमा शान्ति र सद्भाव कायम गर्न | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी सोका आधारमा निश्चित लक्ष्यका साथ असल नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>• गीत, सङ्गीत र नृत्यहरूमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण गर्न<br>• खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको बोध गरी सोको प्रयोग गर्न<br>• अरूमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र  कलाको अभ्यास गर्न<br>• श्रम, सिप र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास गर्न<br>• विभिन्न स्थानीय परिकारहरू पकाउने  र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा  कार्यान्वयन गर्न<br>• योग र ध्यान (प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङ्गासन आदि ) लाई  स्वस्थ र खुसी हुनका लागि अभ्यास गर्न<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरूको बोध गरी अभ्यास  गर्न<br>• घरपरिवार र समाजका जेष्ठनागरिक लगायत असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास गन<br>• पानी लगायत पेय पदार्थ र फलफूल खाने उपयुक्त समय र तरिकाको बारेमा बोध गरी अभ्यास गर्न<br>• घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास गरी जीवनमा  सोको कार्यान्वयन गर्ने<br>• राज्यले तोकेको कर निश्चित समयमा तिर्ने बानीको महत्त्व बताउन | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास,  अनुसरण गर्न<br>• गीत, सङ्गीत र नृत्यहरूको सिर्जना र अभ्यास गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्महरूको मूल मर्मका बारेमा सङ्क्षिप्त परिचय र  आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरू बताउन<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवम प्रस्तुतिकरण गर्न<br>• जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरूको प्रयोग र अभ्यास गर्न<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरूको जीवनमा निरन्तर अभ्यास र  अनुशरण गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र  कलाको अभ्यास गर्न ।<br>• श्रम, सिप  र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न<br>• योग र ध्यान (उद्गीथ, कपालभाती प्रणायाम) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग गर्न<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिपको विकास एवम् अभ्यास र  अनुसरण गर्न<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्त्व र उपादेयताको बारेमा जानकारी दिन ।<br>• तरकारी र अन्य खाने कुरा मिसाएर खाँदा वा तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको  जानकारी र अभ्यास गर्न<br>• घरपरिवार, विद्यालय र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा  कार्यान्वयन गर्न  ।<br>• राज्यबाट निर्धारित विभिन्न करहरू  समय मै भुक्तानी गरी असल नागरिकको भमिका निवाह गने बानीको महत्त्व उपादेयता बताउन |
| ५ | **हाम्रो वातावरण र** | • वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत पर्ने वनहरू र उक्त वनमा पाइने वन्यजन्तुहरूको पहिचान गर्न नगरपालिका क्षेत्रमा वृक्षारोपण कार्यमा सहयोग गर्न<br>• हरित घर तथा विद्यालयको परिचय दिन | • वनगाड कुपिण्डे नगरपालिकामा पर्ने वनहरूको परिचय दिन र महत्त्व बताउन<br>• वनस्पति तथा वन्यजन्तु अपराधका कारणहरू बताउन | • वनगाड कुपिण्डे नगरपालिकामा भएका  वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि |

| | | | | |
|---|---|---|---|---|
| | **हरित विद्यालय** | • विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित सागपात लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरूको खेती कार्यमा सहभागी हुन<br>• हरियाली प्रवर्धनको उपाय बताउन<br>• घरायसी उपयोग भएको पानीको उचित व्यवस्थापन र प्रयोग गर्ने विधि बताउन<br>• दिगो विकासको अवधारणा बताउन ।<br>• नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरू पहिचान गर्न<br>• नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षणका तरिकाहरू बताउन<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रको वातावरणीय एवम् पर्यावरणीय स्वच्छता कायम राख्न गरिने उपायहरूको पहिचान गरी सोको कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको भूमिका बताउन<br>• लालीगुराँसको परिचय दिन | • वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रणका उपायहरू बताउन र यस सम्बन्धी कानुनी प्रावधान बताउन<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्त्व बताउन<br>• घर र विद्यालयमा करेसाबारी र बगैंचाको निर्माण, उत्पादन र बजारीकरण गर्ने कार्यमा सहयोग गर्न<br>• स्थानीय मौसममा आधारित सागपात लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूको खेती गर्न<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध वर्णन गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयासहरू पहिचान गर्न<br>• जैविक विविधता संरक्षणका उपायहरू बताउन र सोको कार्यान्वयनका लागि भूमिका निर्वाहमा सहयोग गर्न<br>• समुदायमा वातावरणीय हिसावले व्याप्त रहेको सङ्कटासन्नताको पहिचान र त्यसको न्यूनीकरण गर्ने उपायहरू बताउन र सोको कार्यान्वयनका लागि भूमिका निर्वाह गर्न<br>• लालीगुराँस संरक्षणको महत्त्व वताउन | विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका वर्णन गर्न<br>• खाली जग्गा, वनक्षेत्र, घर र विद्यालयमा वृक्षारोपण गर्न<br>• जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट हुने फाइदा पहिचान गर्न<br>• घरायसी उपयोग भइसकेको पानी तथा कुहिने फोहोरबाट कम्पोष्ट मल बनाइ करेसाबारीमा प्रयोग गर्न<br>• दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू बताउन<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू वर्णन गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध व्याख्या गर्न<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरू पहिचान गर्न र आकासे पानी सङ्कलनमा सहयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न<br>• नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र नगरपालिकाको भूमिका वर्णन गर्न<br>• नगरपालिकाभित्र वा छिमेकी पालिका स्थित हरित तथा दिगो विकासका लक्ष्य प्राप्ति उन्मुख गतिविधि अङ्गालेका विद्यालयहरूको अवलोकन भ्रमण गरी आफ्नो विद्यालयमा अनुसरण गर्न<br>• लालीगुराँस संरक्षणका उपाय वताउन |
| ६ | **समाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका बालश्रम, बालविवाह, भूतप्रेत र बोक्सीजस्ता अन्धविश्वासका कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू बताउन<br>• बिपद् पूर्व अपाइने सजगताको जानकारी दिन<br>• विभिन्न प्रकारका महामारीहरू -कोभिड, बर्ड फ्लू, डेङ्गु, झाडापखाला, टाइफाइड, हात्तीपाइले आदिको जानकारी दिन | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरू बताउन र सोको अभ्यास गर्न<br>• भूकम्पको परिचय सहित भूकम्पबाट सुरक्षित घरको लागि पूर्वतयारी (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) अपनाउन | • जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविवाह आदिको न्यूनिकरणको उपायको पहिचान गरी सोको कार्यान्वयन गर्न<br>• विद्यालयलाई बिपद्बाट सुरक्षा गर्न<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारी र विद्यार्थीको भूमिका (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) को जानकारी हासिल गरी सोको कार्यान्वयन गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | • अपाङ्गता भएका व्यक्तिहरूलाई बिपद्बाट हुने जोखिमको पहिचान गर्न<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई बिपद्बाट हुने जोखिमबाट सुरक्षित राख्नका लागि विद्यार्थीको भूमिका बताउन र सोको प्रस्तुतिकरण गर्न<br>• आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्न<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरूलाई पनि बचाउने उपायहरू बताउन<br>• वनगाड र सङ्ग्रही खोला जस्ता अन्य खोला नालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गनुपर्ने कार्यहरू बताउन<br>• उल्लिखित घटना, दुर्घटना न्यूनिकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न । | • भूकम्पको जोखिमको हिसावले घर र विद्यालयमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान गर्न<br>• भूकम्पबाट सुरक्षित रहनका लागि विद्याथीको भूमिका बताउन र प्रदर्शन गर्न<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्वजनिक सवारीबाट हुने जोखिमको पहिचान गर्न<br>• सडक दुर्घटनाबाट सावधान हुन<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू गर्न<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन<br>• नगरपालिका स्तरमा बिपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरू बताउन<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न । | • भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न<br>• सुरक्षित विद्यालयको लागि विद्याथीको भूमिकाको जानकारी र सोको कार्यान्वयन गर्न<br>• विश्वका प्रमुख महामारीहरू- प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९ आदिको जानकारी दिन<br>• महामारीहरूबाट विश्व समुदायमा भएका सिकाइको बारेमा बताउन<br>• किशोरीहरूमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी र सोको कार्यान्वयनमा सहयोग गर्न<br>• बिपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन र अपनाउन<br>• बिपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत) बताउन र प्रदर्शन गर्न<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न |

# ४. कक्षागत विषयवस्तु, क्षेत्र र क्रम

## (क) कक्षा १ देखि कक्षा ३ सम्म

| क्र.स. | | कक्षागत विषयवस्तु | | |
|---|---|---|---|---|
| | **क्षेत्र/थिम** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
| १ | **वनगाड कुपिण्डेको परिचय** | • आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको नाम<br>• आफ्नो विद्यालयको नाम<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान<br>• वनगार कुपिण्डे नगरपालिकाको नगरप्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्साको अवलोकन र सोको बारेमा छलफल | • वनगाड कुपिण्डे नगरपालिकाको नाम, नगरकार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल र आफ्नो वडाका जनप्रतिनिधिहरूको नाम<br>• आफू बस्ने वडाभित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको ठाउँको नाम र वडामा रहेका विद्यालयहरूको नाम<br>• स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने वस्तुहरूको नाम<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरूको गाउँटोल समेतको पहिचान | • वनगाड कुपिण्डे नगरपालिकाको परिचय सहित नगरप्रमुख, उपप्रमुख र वडाध्यक्षका मुख्य कामहरूको चर्चा<br>• वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक अवस्थिति र हावापानी (वर्षा र हिउँद) को चर्चा<br>• वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरू<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरूको सामान्य परिचय<br>• हाम्रो गाउपालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरूको परिचय<br>• कर्णाली प्रदेशको नक्सामा वनगाड कुपिण्डे नगरपालिकाको पहिचान |
| २ | **हाम्रा मौलिक, कला संस्कृति र सम्पदाहरू** | • वनगाड कुपिण्डे नगरपालिकाको सेरोफेरोमा रहेका बजार र यहाँका पर्यटकीय क्षेत्रहरूहरू को नाम<br>• हाम्रा धार्मिक सम्पदा ( मन्दिर, थान, चर्च, भवन आदि) को पहिचान<br>• वनगाड कुपिण्डेमा रहेका विभिन्न जातजातिहरूको नाम<br>• वनगाड कुपिण्डेमा मनाइने विभिन्न चाडपर्वहरूको पहिचान<br>• वनगाड कुपिण्डेमा नाचिने लोक नाचहरू पहिचान<br>• वनगाड कुपिण्डेका प्रचलित लोकवाजाहरूको पहिचान र चिनारी<br>• वनगार कुपिण्डेमा प्रचलित लोक कथाको श्रवण र सो अनुसारको प्रतिक्रिया<br>• वनगार कुपिण्डेमा प्रचलित बाल गीतको श्रवण र अनुकरण | • हाम्रो वडामा रहेका पर्यटकीय एवम् साँस्कृतिक स्थलहरूको पहिचान<br>• हाम्रो वडामा विभिन्न जातजातिले नाचिने नाचहरूको परिचय<br>• हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरूको पहिचान<br>• हाम्रो वडामा रहेका विभिन्न जातजातिहरूले मनाउने प्रमुख चाडपर्वहरूमा गरिने प्रमुख क्रियाकलापहरू<br>• हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडाः हन्नो, खट्कुरो, अम्खोरा, ताउलो, कलश, पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, ताप्के, माना, पाथी, ठेकी, गाबु मदानी, सनासो, चिम्टा, भुत्या, भिर आदि) को पहिचान र प्रयोग गर्ने तरिका<br>• वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख ठाउँहरू र वजारहरूको सङ्क्षिप्त परिचय | • वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरू : कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा ( माचखर्क,) मैदुम पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर ( कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), क्रम शाहीको भग्न दरबार (खैरागार) आदि सहित वनगाड कुपिण्डेको परिचय<br>• हाम्रो वनगड कुपिण्डे नगरपालिकाभित्र नाचिने विभिन्न लोक नाचहरू (देउसी भैलो, वनगारी, तीज, लहरे/ पैसेरी, खाडो नाच, सरिङ्गे नाच, हिउँपा नाच, झ्याउरे नाच आदि) को परिचय<br>• हाम्रो भान्साका परिकार (आँटो, ढिँडो, सिन्की, बरी, पिरालु, गाभा, लटे पाप्रो, चाना, खाँदेको अचार, लारु, अर्सा, सेलरोटी, दाल भात, कुराउनी, सातु, खाजा, खिर, खिर्चो, भुव्रा रोटो, सातु आदि) को महत्त्व र विशेषता |

| | | | | |
|---|---|---|---|---|
| | | | • वनगाड कुपिण्डेका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी, माझी, बादी, गाइन आदि ) को परिचय<br>• स्थानीय लोक बाजाहरू (दमा, नगरा, मादल, टेम्को, बाँसुरी, मुरली, सनइ, मुरचुङ्गा, झ्याली, पैचना, नरसिंङ्गा, छिल्लर, पञ्चेबाजा, नौमति बाजा आदि) को परिचय र महत्त्व<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथाको श्रवण र अनुसरण<br>• वनगाड कुपिण्डेमा प्रचलित बालगीतको श्रवण र अनुसरण | • हाम्रा स्थानीय सामग्री (डोको, डालो, पायो, सुपो, डोइलो, भकारी, खाप, खिच्य, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, झिर, अदान, कैंची, खाप, खुर्प्याटो, कराइ) को परिचय र उपयोगिता<br>• वनगाड कुपिण्डेका लोक कथाको सङ्कलन<br>• वनगार कुपिण्डेमा प्रचलित बाल गीत गाउँन |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • परिवारका सदस्यहरूले गर्ने पेसा र व्यवसायको नाम<br>• स्थानीय अन्नबालीहरू : धान, मकै, गहुँ, जौ, कोदो आदिको पहिचान<br>• स्थानीय दलहन बालीहरु : केराउ, मसुरो, मास, भटमास, सोस्टा, चना आदिको पहिचान<br>• स्थानीय तरकारी खेतीहरु : साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिन्डो, सिमी, भिन्डी, बोडी, इस्कुस, मुला, गाजर, सलगम आदिको पहिचान<br>• हाम्रा स्थानीय फलफूल : केरा, सुन्तला, कागती, आँप, तिजु, गुहेली, पलम, नास्पाती, ओखर, मेल, आरु, आरुबखडा, काफल, चोत्रा, कटहर, ऐँसेलु आदि) को पहिचान | • छिमेकीपरिवारका सदस्यहरूले गर्ने मुख्य पेसा व्यवसायको नाम<br>• स्थानीय रूपमा लगााइने बेमौसमी बालीनाली (काक्रो, मकै, बोडी, रायो साग, टमाटर, मुला, भिन्डी, आलु) को पहिचान ।<br>• स्थानीय अन्नबाली (वनगारी जरन, लरे मास, कागुनु, धान, मकै, गहुँ, जौ, कोदो, जनालो, फापर आदि) परिचय<br>• हाम्रा तरकारीहरू : साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिन्डो, सिमी, भिन्डी, बोडी, मेथी, रामचना (बकुल्ला सिमी) मुला, गाजर, सलगम, पिरालु, कटहर, इस्कुस आदिको पहिचान<br>• हाम्रा स्थानीय फलफूलहरु : केरा, सुन्तला, कागती, नास्पाती, स्याउ, ओखर, तिजु, पलम, गुहेली मेल, आरु, आरुबखडा, काफल, चोत्रा, ऐँसेलु आदिको पहिचान<br>• हाम्रा स्थानीय उत्पादन बिक्री गर्ने बजारहरूको पहिचान | • वनगाड कुपिण्डे नगरपालिकाका मानिसले गर्ने पेसा, व्यवसायको सामान्य परिचय<br>• मसलाजन्य बालीहरु :मेथी, टिमुर, प्याज, लसुन, धनिया, वेसार, अदुवा, पुदिना, तेजपात) को परिचय<br>• स्थानीय नगदेबाली : तोरी, मसुरो, अर्सी, तिल, मास, गहत, सोस्टा, कला (मटर) माटे, भटमास आदिको परिचय<br>• स्थानीय बेमौसमी बालीहरू : काक्रो, बोडी, रायो साग, सिमे साग, निउरो, डउरे, पिरालु, तोरीको साग, चिचिन्ना, लौका, घिरौला, केराउ टमाटर, च्याउ, पटाउका, मुला, भिन्डी आदिको परिचय<br>• परम्परागत स्थानीय प्रविधि (जाँतो, ढिक्की, कोल, घट्ट, ओखल) को परिचय<br>• फलफूल र कन्दमुलहरू -तरुल, वन तरुल, गन्जी (सखरखण्ड), अमिलो, काफल, पलम, आँप, केरा, सुन्तला, कागती) को परिचय ।<br>• परम्परागत र आधुनिक प्रविधि (हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी र स्वभावहरू<br>• आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी स्वभावहरूमध्ये असल आनीबानी र स्वभावहरूको पहिचान | • नाता सम्बन्धका मानिसहरूको आनीबानीहरू<br>• असल र चरित्रवान् हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरूको वर्णन र अभ्यास<br>• वनगाड कुपिण्डेमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास प्रस्तुति | • साथी र समुदायका मानिसहरूको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको बखान र अभ्यास<br>• स्थानीयस्तमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना, प्रस्तुतिकरण |

| | | | | |
|---|---|---|---|---|
| | | • आफूलाई मन पर्ने साथीहरूमा भएका स्वभावहरूको विवरण<br>• असल एवम् मन पर्ने मानिसहरूका आनीबानी, स्वभाव र व्यवहारलाई आफ्नो जीवनमा प्रयोग<br>• स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरूमा गरिने क्रियाकलापहरू<br>• आफूभन्दा सानालाई माया र ठूलालाई आदर सम्मान गर्ने बानीको अभ्यास<br>• योग, प्राणायाम र आसनहरू (प्रणव ध्यान, भस्त्रिका प्राणायाम, शशकासन) को अभ्यास ।<br>• अल्पपोषक (जङ्कफूड/मृतप्राय खाना) खानाको परिचय र खानामा छ प्रकारका स्वाद (गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नुनिलो) भएका मौलिक खानाहरूको पहिचान र प्रयोग<br>• उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन | • घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरू मनाउदा गर्न हुने र गर्न नहुने कुराहरूको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुति<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुशरण गर्न<br>• आसन, ध्यान र प्राणायामहरू (हाँस्यासन तालीवादन) को अभ्यास प्रस्तुति<br>• मान्यजनप्रति आदर र सम्मानभाव एवम् सानाहरुप्रति माया र सद्भाव<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुति<br>• अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुति<br>• अल्पपोषक (जङ्कफूड /मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने मौलिक खानाका फाइदाहरू | • आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरू मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास<br>• आफू खुसी हुनका लागि अरूलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास<br>• ध्यान, प्राणायम र आसन (ध्रुवासन, सिंहासन, मयुरासन) को परिचय र अभ्यास<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास<br>• अल्पपोषक (जङ्कफूड/मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने मौलिक खानाका फाइदाहरूको बारेमा जानकारी र सोको अनुशरण |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा तथा पानीमा पाइने जीव जनावरहरूको नाम<br>• घर तथा टोल वरपर भएका बिरुवाहरूको पहिचान<br>• विद्यालयको बालबगैंचामा भएका बिरुवाहरूको पहिचान<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाहमा सहयोग<br>• आफ्नो वरपर भएका पानीका स्रोतहरूको नाम<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहयोग<br>• वातावरणीय प्रदूषणको जानकारी | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको पहिचान<br>• स्थानीय रुपमा पाइने औषधीजन्य बोटबिरुवाहरूको पहिचान<br>• करेसाबारी निर्माणमा सहभागी<br>• विद्यालयमा बालबगैंचा र वृक्षारोपणमा सहभागी<br>• वातावरणको परिचय<br>• नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय र उपयोग पहिचान एवम् आवश्यकता अनुसार प्रयोग<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापनमा सहयोग | • नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको परिचय र महत्त्व<br>• स्थानीय बोटबिरूवाहरूको परिचय<br>• स्थानीय बोटविरूवाको महत्त्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्त्व<br>• घर र विद्यालयमा बालबगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>• घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग ।<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापनमा सहभागी<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र सोको अभ्यास<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागी |
| ६ | **समाजिक चुनौति र** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनको परिचय र यसबाट हुने हानीहरूको जानकारी | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागु औषध सेवनबाट हुने | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवन, छोराछोरी |

| | | | | |
|---|---|---|---|---|
| | **बिपद् व्यवस्थापन** | • स्थानीय स्तरमा भइरहेका र हुन सक्ने बिपद्हरू जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (खोला, ताल, खाल्डो) आदिबाट हुने विपदहरूको चित्रात्मक पहिचान<br>• विद्यालय र घरमा आउँदा जाँदा बाटोमा हुने जोखिमहरू जस्तै बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान एवम् सावधानी<br>• कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरू जस्तै चोटपटक, करेन्ट, पहिरो खस्ने, ढुङ्गा खस्ने, आगलागी, आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरूको जानकारी र सोको अनुसरण<br>• डढेलोको कारण र असरहरु<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | हानी र यसबाट बच्ने उपायहरूको बारेमा जानकारी<br>• हावाहुरी, चट्याङ्ग, बाढी, आगलागी, पहिरो, सर्पदंश र जङ्गली जनावरको आक्रमण आदिबाट हुने बिपद्को पहिचान र परिचय<br>• घरभित्र हुने जोखिमहरू-छत, भऱ्याङ, बरन्डा, हातहतियार आदिको परिचय<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरू जानकारी र अनुशरण<br>• कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढी, पहिरो र जङ्गली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरूको जानकारी<br>• डढेलो नियन्त्रणका उपायहरु<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | बीचको भेदभावबाट हुने हानी र यसबाट बच्ने उपायहरूको बारेमा चर्चा<br>• बिपद्को परिचय<br>• बिपद्को किसिम (प्राकृतिक र मानव सिर्जित)।<br>• विद्यालयभित्र जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरन्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरूको पहिचान<br>• विद्यालयभित्र हुने जोखिमबाट सावधानी<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी<br>• डढेलो नियन्त्रणका उपायहरु र सोको कार्यान्वयनमा विद्यार्थीको भूमिका<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न |

## (ख) कक्षा ४ देखि कक्षा ५ सम्म

| **क्र.स.** | | **कक्षागत विषयवस्तु** | |
|---|---|---|---|
| | **क्षेत्र/एकाइ** | **कक्षा ४** | **कक्षा ५** |
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड मुपिण्डे नगरपालिकाको नामाकरण, यसको भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफलको चर्चा<br>• स्थानीय न्यायपालिकाले सम्पादन गर्ने कार्यहरू<br>• आफ्नो वडाभित्र बसोवास गर्ने जातजातिहरूको सूची सहितको जनसङ्ख्या विवरण<br>• हाम्रो वडाबाट प्रवाह हुने मुख्यमुख्य कामहरू र प्रदान गरिने सेवाहरू<br>• वनगाड कुपिण्डे नगरपालिकाको क्षेत्रभित्र बग्ने नदी खोलाको परिचय र नामाकरण | • वनगार कुपिण्डे नगरपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ सहित)<br>• वनगाड कुपिण्डेका केही महत्त्वपूर्ण स्थलहरू (कुपिण्डे दह, देवस्थल राधा कृष्ण मन्दिर, पानसेराको विजैसी मन्दिर, राइराको वर्मा मन्दिर, तारुपारे सिद्ध गुफा, निगालचुला सिद्ध गुफा, छहरे गुफा, निगालचुला लेक, खामे लेक, तारुपारे लेक, मालिका लेक, दैया लेक, साहुको लेक, मुर्चुला लेक आदि) को चिनारी र नामाकरण<br>• हाम्रो नगरपालिकाको जातजातिगत जनसङ्ख्या विवरण<br>• नगरपालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरू<br>• नगरपालिकाको मुख्य मुख्य काम, कर्तव्य र अधिकार<br>• वनगाड कुपिण्डेका विभिन्न ठाउँहरूमा विद्युत र सञ्चार सेवाको अवस्था |
| २ | **हाम्रा मौलिक,** | • हाम्रो प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गार, खोला, ताल, पोखरीको परिचय र महत्व | • मानव निर्मित सम्पदाको महत्त्व र विशेषता<br>• प्राकृतिक सम्पदाको महत्त्व र विशेषता |

| | | | |
|---|---|---|---|
| | **कला संस्कृति र सम्पदाहरू** | • मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, नहर, धारा, कुवा आदिको परिचय र महत्त्व<br>• वनगाड कुपिण्डेका मेला, जात्रा, चाडपर्व (दसैं, तिहार, तीज, माघे संक्रान्ति, चैते दसैं, असारे संक्रान्ति, हरेलो, पुस पन्ध्र, भो फाल्ने, क्रिसमस डे आदि) र स्थानीय लोकगीत (तीज गीत, भजन, ठाडी भाका, वनगारी गीत, फाग गीत, सैरेली गीत, हिउँपा, कर्खा आदि) को परिचय<br>• आफ्नो वडामा असल काम गर्ने प्रेरणादायी व्यक्तिहरूको परिचय<br>• वनगार कुपिण्डेमा प्रचलित लोक कथाको श्रवण र सङकलन<br>• वनगार कुपिण्डेमा प्रचलित गाउँखाने कथाको सङ्कलन | • सम्पदाको संरक्षणमा हाम्रो भूमिका<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्र रहेका विभिन्न धार्मिक र सांस्कृतिक स्थल (मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठी, भवन) आदिको सूची र अवस्थिति<br>• वनगाड कुपिण्डेमा क्याम्पस लगायत विभिन्न माध्यमिक विद्यालय र त्यहाँ अध्यापन हुने विषयहरूको जानकारी<br>• वनगाड कुपिण्डे नगरपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा उखान टुक्का, लोकमन्त्रको जानकारी र सङ्कलन<br>• वनगाड कुपिण्डे नगरपालिकाका असल मानिसहरूको सूची<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्रका लोक चलनहरू (अरिमो परिमो, पैँचो, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, उछिट्टे नाच्ने कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने आदि) को परिचय<br>• वनगार कुपिण्डेमा प्रचलित ठारी भाकाको परिचय र महत्त्व |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो घर । समुदाय गरिने लसुन, अदुवा, प्याज, बेसार, गन्जी (सखरखण्ड), बदाम, धनिया खेतीमा सहयोग<br>• स्थानीय स्तरमा उत्पादित वस्तुहरू (परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, नेती, खाप, कोर्को, ओखल, स्याँकु डालो, ढकिया, थुन आदि) को परिचय<br>• परम्परागत कृषि औजारहरू (हलो, ज्वाली, फरुवा, मइ, लिर्को, कुटो, कोदाली, बन्चरो, आँसी, खुकुरी आदि) को चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्त्व | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैँसीपालन, बँगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदि) को परिचय<br>• आलु, टमाटर, केरा, अदुवा, बेसार, धनिया, गोलभैँडा, लसुन, च्याउखेती आदिको सामान्य परिचय र महत्त्व<br>• मौरी पालनको परिचय र महत्त्व |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • समाज र राष्ट्रका असल मानिसहरूले गरेका असल कार्यहरूको चर्चा एवम् अनुसरण<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको पहिचान, अभ्यास र प्रस्तुतिकरण<br>• आफूलाई मन पर्ने स्थानीय गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र अभ्यास<br>• गाउँटोल र समाजमा उत्सव र चाडपर्वहरू मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास ।<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय दिई अभ्यास<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरूलाई आफ्नो जीवनमा अनुशरण ।<br>• योग र ध्यान (प्रणव ध्यान, अनुलोम-विलोम प्रणायाम, भस्त्रिका प्राणायाम आदि) को परिचय र अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको अभ्यास | • समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको अभ्यास<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुसी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास<br>• आफूलाई मन पर्ने स्थानीय गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण<br>• जीवन र जगत्का हरेक कुराहरूभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरूलाई आफ्नो जीवनमा अनुशरण<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास ।<br>• योग र ध्यान (प्रणव ध्यान, अनुलोम विलोम, भस्त्रिका प्राणायाम) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग |

| | | | |
|---|---|---|---|
| | | • शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वत्हरू नष्ट नहुने गरी फलफूलहरू र तरकारी खाने तरिकाको जानकारी र सोको अभ्यास | • परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्त्वहरू नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिकाको परिचय |
| ५ | **वातावरण संरक्षण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको परिचय र महत्त्व<br>• आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरू (जडिबुटी) टिमुर, हर्रो, बर्रो, कुरिल्लो, गुर्जो, घोडेटाप्रे, अमला, लालीगुराँस, मुसलिरी, बटुलेटी, अथरजालो, भिंगामारो, बोजो, चोत्रा) को पहिचान, परिचय र महत्त्व<br>• नगरपालिका क्षेत्रमा पाइने लालीगुराँस संरक्षण्मा सहभागी ।<br>• करेसाबारी निर्माणमा सहभागी<br>• विद्यालयमा बाल बगैँचा र वृक्षारोपणमा सहभागी ।<br>• वातावरण र विकासको परिचय<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय, उपयोग र प्रयोग<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापनमा सहयोग | • वनगाड कुपिण्डे नगरपालिका क्षेत्रका सामुदायिक वनमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्त्वको पहिचान<br>• घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैँचाको निर्माण कार्यमा सहयोग<br>• नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान ।<br>• वातावरण संरक्षणको परिचय<br>• नगरपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरू र न्यूनीकरणका उपायहरू पहिचान र अवलम्बन ।<br>• पानीको संरक्षण गर्ने उपायहरू<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरूको खोजी र अवलम्बन<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने लालीगुराँसको संरक्षणको आवश्यकता |
| ६ | **समाजिक विसङ्गति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू<br>• प्राकृतिक बिपद् र मानव सिर्जित बिपद्को पहिचान<br>• चाडपर्वको समयमा हुने जोखिम (चङ्गा, पिङ, पटाका, खाना व्यवहार, आदि) को पहिचान<br>• हावाहुरी, चट्याङ्ग, र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरूको पहिचान<br>• आफू र आफूभन्दा साना बालबालिकालाई बिपद्बाट सुरक्षा गर्ने उपायहरूको पहिचान<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू<br>• प्राकृतिक बिपद् र मानव सिंजित बिपद्को प्रभाव वा असरहरू<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरू जस्तै चङ्गा, पिङ, रङ, पटाका, खाना झैँझगडा, भागदौड आदिबाट हुने जोखिमवाट सावधान<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरू<br>• वन्य जन्तुबाट बच्ने र वन्य जन्तुबाट हुने क्षति न्यूनिकरण गर्ने उपायहरूको पहिचान<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, भूकम्प पहिरोवाट बच्नको लगि पूर्व तयारी वा सावधानी<br>• विभिन्न बिपद्बाट आफूभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा ।<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न |

## (ग) कक्षा ६ देखि कक्षा ८ सम्म

| क्र. स. | | कक्षागत विषयवस्तु | | |
|---|---|---|---|---|
| | क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | **वनगार कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको सामान्य ऐतिहासिक परिचय<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो गाउँटोल, विद्यालय, वडा कार्यालयहरू र मुख्य बाटाहरू<br>• वडाका निर्वाचित जनप्रतिनिधिहरू तथा तिनको जिम्मेवारी<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरू<br>• नगरपालिकाभित्रको जनसङ्ख्याको उमेरगत अवस्थाको विश्लेषण<br>• वनगाड कुपिण्डे नगरपालिकालाई वनगार खोला, सिरपार खोला, सोरा खोला, सङ्ग्रही खोला, कुपिण्डे खोला, रजाइ खोला, चोर गार खोला, चनेरी खोला, भेरी नदी, खेतगार खोला, छहरा खोला, सुनौली खोला आदिले पुऱ्याएको योगदानको चर्चा<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरू | • वनगार कुपिण्डे नगरपालिकाको प्रशासनिक संरचना<br>• सल्यान जिल्लाको नक्सामा आफ्नो नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक तथा बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, नदी, खोलानाला र तालहरूको रेखाङ्कन<br>• नगरपालिकाको शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्था<br>• नगरपालिकाले प्रवाह गर्ने मुख्य मुख्य सेवा तथा सुविधाहरू र सेवासुविधालाई प्रभावकारी बनाउने उपायहरू<br>• नगरपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरू | • वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक, राजनितिक तथा प्रशासनिक संरचना र अवस्था<br>• कर्णाली प्रदेशको नक्सामा सल्यान जिल्लाअन्तर्गत पर्ने वनगाड कुपिण्डे नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक र बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालको चित्रण<br>• नगरसभाको गठन र काम कर्तव्य र अधिकारको जानकारी<br>• नगर सभा (व्यवस्थापिका), नगर कार्यपालिका र न्यायिक समितिको भूमिका<br>• नगरसभाले ऐन, नियम निर्माण गर्ने प्रक्रिया<br>• नगरपालिकाले हालसम्म जारी गरेका ऐन कानुनहरूको सूची<br>• नगरपालिकाभित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरूको परिचय<br>• वनगार कुपिण्डे नगरपालिका क्षेत्रको वातावरणीय एवम् पर्यावरणीय स्वच्छता कायम राख्न जैविक विविधता संरक्षणका उपायहरू |
| २ | **हाम्रा मौलिक, कला संस्कृति र सम्पदाहरू** | • वनगाड कुपिण्डे नगरपालिकाका प्रकृतिक सम्पदाहरू (नदी, खोला, गार, दह, पहाड, वन आदि) ले पुऱ्याएको योगदानको चर्चा<br>• वनगाड कुपिण्डेको कला, संस्कृति र साहित्यको सामान्य परिचय<br>• बाल साहित्य (बाल कविता, कथा, चित्रहरू र भित्ते पत्रिका) का साथै बालबालिकाको विकासका लागि वनगाड कुपिण्डेमा भए गरेका कार्यहरू<br>• वनगाड कुपिण्डे नगरपालिकामा मनाउने चाडपर्व, मेलाको परिचिय र महत्त्व<br>• वनगाड कुपिण्डेका धार्मिक सम्पदा र ऐतिहासिक सम्पदाहरु : कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु | • वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरू- ( तारपरे लेक, बल्ल जुऱ्या लेक दया लेक, निगालचुला लेक, कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), क्रम शाहीको भग्न दरबार (खैरागार) के परिचय र महत्त्व<br>• वनगाड कुपिण्डे प्रमुख जातजाति- ब्राम्ह्ण, क्षेत्री, मगर, दशनामी, दलित अल्पसङ्ख्यक आदिले मनाउने चाडपर्व, लगाउने वेषभूषा र | • वनगाड कुपिण्ड नगरपालिकाको विभिन्न जातजाति बीचमा सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका<br>• वनगाड कुपिण्डे नगरपालिका पर्यटकीय स्थलहरू आदिका विशेषता, संरक्षण र सम्बर्धनको चर्चा<br>• वनगाड कुपिण्डेका धार्मिक र दरबार स्थलहरू (कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), |

| | | | | |
|---|---|---|---|---|
| | | बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), कम शाहीको भग्न दरबार (खैरागार) आदिको परिचय ।<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँटोलका मानिसहरूको पहिचान र योगदानको चर्चा<br>• हटारुका कथाको परिचय<br>• वनगाड कुपिण्डेमा प्रचलित कर्खाको परिचिय दिन<br>• सरिङ् नाचको परिचय र महत्त्व<br>• घियाँ संक्रान्तिको परिचय महत्त्व र मनाउने तरिका<br>• दुध पूजाको परिचय र महत्त्व | गरगहना (कम्पनी माला, चौवानी माला, ठुम्रै माला, चाप्की (पोते)), बुलाकी, ढुङ्ग्री, पातेसुन, टीकुली, फूली), बोल्ने भाषाका साथै उनीहरूको बीचको आपसी सम्बन्धको परिचय<br>• वनगार कुपिण्डेका लोक चलन (अरिमो परिमो, पैँचो, पाथी हाल्ने, कटुवाल प्रथा, खलो उठाउने, न्वागी खाने, छेलो हान्ने, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने आदि) को जानकारी<br>• बाह्र भदौको परियच र महत्व<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, नगरपालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डे नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा<br>• वनगाड कुपिण्डे नगरपालिकामा प्रचलित हिउँपा नाच र गीत, झारी गीत र लरे नाचको परिचय र महत्त्व<br>• सैरेली गीतको परिचय र लोप हुनको कारण । | कम शाहीको भग्न दरबार (खैरागार), आदि) को विशेषता, संरक्षण र सम्बर्धनको चर्चा<br>• नगरपालिका स्तरीय मेयर कप खेलकुद प्रतियोगिता र त्यसको महत्त्वको जानकारी<br>• वनगाड कुपिण्डका मेलाको परिचय, महत्त्व र संरक्षणको आवश्यकता<br>• वनगाड कुपिण्डेमा बजाइने लोक बाजाको परिचय र महत्त्व<br>• वनगाड कुपिण्डेमा प्रचलित कलशाको धमारीको परिचय र महत्त्व<br>• वनगाड कुपिण्डेमा प्रचलित वन्यारी गीत र नाच एवम् सोरठी नाच र गीतको परिचय र महत्त्व<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथाको संरक्षण<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डे नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • हाम्रा स्थानीय परम्परागत पशु तथा पन्छीपालन (भैँसीपालन/कुखुरापालन/गाईपालन) गर्ने तरिकाको जानकारी र उक्त कार्यमा सहयोग<br>• अन्नबालीहरूको खेती गर्ने तरिकाको जानकारी र उक्त खेतीमा सहयोग<br>• तरकारी बालीको खेती गर्ने तरिकाको जानकारी र उक्त खेतीमा सहयोग<br>• हस्त निर्मित सामग्रीहरू सुपो, जावो, सुकुल, मान्द्रो र परालको गुन्द्री बनाउने तरीकाको जानकारी र बताउन र निर्माण<br>• व्यावसायिक कृषिको परिचय दिन, कृषि पकेट क्षेत्र र यसको महत्त्व।<br>• मौरीपालनको तरिका बोध गरी सहयोग गर्न<br>• पेसा र व्यवसायको प्रवर्धनमा नगरपालिकाको भूमिका | • बाखापालन/भेडापालन/मौरीपालनको महत्त्व र पालन गर्ने तरिकाको जानकारी र उक्त कार्यमा सहयोग गर्न<br>• दलहन बाली (केराउ, मास, गहत, भटमास, सोस्टा, मसुरो, चना, केराउ आदि)को खेती गर्ने तरिकाको जानकारी र उक्त खेतीमा सहयोग<br>• हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, बाबियोको डोरी आदि) निर्माण गर्ने तरिकाको अभ्यास र निर्माण<br>• होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता पहिचान | • गाईपालन/बँगुरपालन/माछापालन/कुखुरापालनको महत्त्व र पालन गर्ने तरिकाको जानकारी र उक्त कार्यमा सहयोग<br>• बेमौसमी तरकारीहरू (टमाटर, लौका, करेला, भिन्डी,काँक्रा, सिमी, मुला आदि) खेती गर्ने तरिकाको जानकारी र उक्त खेतीमा सहयोग<br>• नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु, प्याज, आलु, केराउ, चना आदि) खेती गर्ने तरिकाको जानकारी र उक्त खेतीमा सहयोग<br>• हस्त निर्मित सामग्री : स्याँकु, डोको, छाचुर, नाम्लो, गुन्द्री आदि) बनाउने तरिकाको जानकारी र सोको निर्माण<br>• हस्त निर्मित सामग्रीहरूको प्रदर्शनी ।<br>• अनलाईन व्यापार र सरकारले कृषकलाई गर्ने सहयोग सम्बन्धी जानकारी |

| | | | | |
|---|---|---|---|---|
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास<br>• गीत, सङ्गीत र नृत्यहरूमा सक्रिय रूपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास<br>• स्थानीयस्तरमा उत्सव र चाडपर्वहरू मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको बोध र अभ्यास<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र बानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको जानकारी र अनुसरण<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>• योग र ध्यान (व्यायाम, उद्गीथ प्रणायम) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास<br>• पौष्टिक तत्त्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरू पकाउने र खाने तरिकाको जानकारीका साथै सोको अभ्यास | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी सोका आधारमा निश्चित लक्ष्यका साथ असल नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास<br>• गीत, सङ्गीत र नृत्यहरूमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास<br>• खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको बोध गरी सोको प्रयोग गर्न<br>• अरूमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास ।<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>• विभिन्न स्थानीय परिकारहरू पकाउने र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा कार्यान्वयन<br>• योग र ध्यान ( प्रणव ध्यान, अनुलोमविलोम, सर्वाङ्गासन, आदि ) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरूको बोध गरी अभ्यास<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास<br>• पानी लगायत पेय पदार्थ र फलफूल खाने उपयुक्त समय र तरिकाको बोध र सोको अभ्यास | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास र अनुसरण<br>• गीत, सङ्गीत र नृत्यहरूको सिर्जना र अभ्यास गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्महरूको मूल मर्मका बारेमा सङ्क्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवम प्रस्तुतिकरण<br>• जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरूको प्रयोग र अभ्यास<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरूको जीवनमा निरन्तर अभ्यास र अनुशरण<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास गर्न<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न<br>• योग र ध्यान -उद्गीथ, कपालभाती प्रणायाम) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी<br>• तरकारी र अन्य खानेकुरा मिसाएर खाँदा वा तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास<br>• घरपरिवार, विद्यालय र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा कार्यान्वयन |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत पर्ने सामुदायिक वनहरू र उक्त वनमा पाइने वनस्पति र जरिवुटिहरूको पहिचान<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरू पहिचान<br>• नगरपालिका क्षेत्रमा वृक्षरोपण कार्यमा सहयोग गर्न<br>• हरित घर तथा विद्यालयको परिचय | • वनगाड कुपिण्डे नगरपालिकामा पर्ने सामुदायिक वनहरूको परिचय र महत्त्व<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रणका उपायहरू र यस सम्बन्धी कानुनी प्रावधानको चर्चा | • वनगाड कुपिण्डे नगरपालिकामा भएका सामुदायिक वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका<br>• खाली जग्गा, वनक्षेत्र, घर र विद्यालयमा वृक्षारोपण |

| | | | | |
|---|---|---|---|---|
| | | • विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरूको खेती कार्यमा सहयोग<br>• हरियाली प्रवर्धनको परिचय<br>• हरियाली प्रवर्धनको महत्त्व, तरिका बताउन र उक्त कार्यमा सहयोग<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरू खोजी र अवलम्बन<br>• नगरपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू पहिचान गरी लक्ष्य पूरा गर्ने उपायहरू खोजी<br>• नपगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरू पहिचान<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति र रूखहरूको उपयोगिता<br>• लालीगुराँसको परिचय दिँदै वनगाड कुपिण्डे नगरपालिकाभित्र लाली गुराँस फूल्ने ठाउँ पहिचान गर्न | • हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्त्व ।<br>• घर र विद्यालयमा करेसाबारी र बगैँचाको निर्माण, उत्पादन र बजारीकरण गर्ने कार्यमा सहयोग<br>• स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूको खेती<br>• घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयासहरू<br>• वनगाड कुपिण्डे पालिका क्षेत्रमा पाइने साना वनस्पति र रूखहरूको महत्व<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्र फूल्ने लालीगुराँसको संरक्षणको आवश्यकता र महत्त्व | • जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र आर्थिक फाइदाको पहिचान<br>• दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरू<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध ।<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरू पहिचान र आकासे पानी सङ्कलनमा सहयोग<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास<br>• नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र नगरपालिकाको भूमिका<br>• वनगाड कुपिण्डेपालिका क्षेत्रमा पाइने लालीगुराँसको संरक्षणका उपायहरू |
| ६ | **समाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका बालश्रम, बालविवाह, भूतप्रेत र बोक्सीजस्ता अन्धविश्वासका कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू<br>• बिपद् पूर्व अपाइने सजगताको जानकारी ।<br>• विभिन्न प्रकारका महामारीहरू -कोभिड, बर्ड फ्लू, डेङ्गु, झाडापखाला, टाइफाइड, हात्तीपाइले आदिको जानकारी<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई बिपद्बाट हुने जोखिमको पहिचान<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई बिपद्बाट हुने जोखिमबाट सुरक्षित राख्नका लागि विद्यार्थीको भूमिका र सोको प्रस्तुतिकरण<br>• आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरू<br>• भूकम्पको परिचय सहित भूकम्पबाट सुरक्षित घरको लागि पूर्वतयारी (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा)<br>• भूकम्पको जोखिमको हिसावले घर र विद्यालयमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान<br>• भूकम्पबाट सुरक्षित स्थान लागि विद्याथीको भूमिका<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्वजनिक सवारीबाट हुने जोखिमको पहिचान<br>• सडक दुर्घटनाबाट सावधान | • जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविवाह आदिको न्यूनिकरणको उपायको पहिचान र कार्यान्वयन<br>• विद्यालयलाई बिपद्बाट सुरक्षा<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारी र विद्यार्थीको भूमिका (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) को जानकारी र सोको कार्यान्वयन<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन<br>• सुरक्षित विद्यालयको लागि विद्याथीको भूमिकाको जानकारी र सोको कार्यान्वयन<br>• विश्वका प्रमुख महामारीहरू- प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९ आदिको जानकारी<br>• महामारीहरूबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी |

| | | | | |
|---|---|---|---|---|
| | | आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरूलाई पनि बचाउने उपायहरू<br>• वनगाड र सङ्ग्रही खोला जस्ता अन्य खोला नालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गनुपर्ने कार्यहरू<br>• उल्लिखित घटना, दुर्घटना न्यूनिकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत | • कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका<br>• नगरपालिका स्तरमा बिपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरू<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत | • किशोरीहरूमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान र सोको कार्यान्वयन<br>• बिपद्को सामूहिक प्रतिकार्यका उपायहरू<br>• बिपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका ( जुरेस, स्काउट, इको क्लव लगायत)<br>• बालविवाह न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रम<br>• उपयुक्तताका आधारमा माथि उल्लेखित मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत |

## ५. विषयवस्तुको विस्तृतीकरण, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि

### कक्षा १

| क्र.स. | क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डेको परिचय** | • आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम बताउन<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको नाम बताउन<br>• आफ्नो विद्यालयको नाम बताउन<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाको नगरप्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सा अवलोकन गरी सोको बारेमा | • आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम<br>• आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको चिनारी<br>• आफ्नो विद्यालयको नाम र ठेगाना<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान<br>• वनगाड कुपिण्डे नगरपालिकाको नगरप्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्साको अवलोकन | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप | • वास्तविक व्यक्ति वा चित्र एवम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट कुनै व्यक्तिको परिवारका सदस्यहरूका साथै ऊ बस्ने नगरपालिका र गाउँबस्तीको नाम एवम् वडाको बारेमा छलफल गर्ने<br>• तत्पश्चात् विद्यार्थीहरूलाई आफ्नो परिवारका सदस्यहरू र ऊ बस्ने नगरपालिका र गाउँबस्ती एवम् वडा नम्बर भन्नका लागि उपयुक्त वातावरणको सिर्जना गर्ने<br>• सर्वप्रथम विद्यार्थीहरूले देखेको नदी, खोला र बाटोको नाम भन्न लगाउने<br>• तपाईंले देखेको नदी, खोला र बाटोमध्ये कुन कुन तपाईंको गाउँबस्ती र त्यसको वरिपरी रहेका छन् छलफल गरी भन्न लगाउने<br>• उल्लिखित नदी, खोलानाला र बाटो नभएको भए के हुन्थ्यो होला भन्दै उनीहरूलाई कल्पना गर्न लगाउने र तिनीहरूको उपयोगिताको बारेमा भन्न प्रेरित गर्ने<br>• आफ्नो विद्यालयको नाम के हो भनेर सोध्ने र विद्यार्थीहरूलाई आफ्नो विद्यालयको नाम, विद्यालय रहेको स्थान र वडासमेत भन्न प्रेरित गर्ने<br>• विद्यार्थीलाई कुनै सामान र वस्तु चाहियो भने कहाँ गएर किनेर ल्याउनुहुन्छ भनेर सोध्ने ।<br>• गाउँबस्ती नजिकै रहेको बजारको नाम के हो र त्यहाँ गएर तपाईंहरू के के सामान खरिद गर्नुहुन्छ भनेर सोध्ने ।<br>• विद्यार्थीहरूको पूर्व ज्ञानलाई आधार बनाइ उनीहरूका विचारहरूलाई समेत समेटेर जनप्रतिनिधिको परिचय दिने<br>• जनप्रतिनिधि अन्तर्गत विद्यार्थीहरूले बसोवास गर्ने नगरपालिकाको नगरप्रमुख, उपप्रमुख र आफ्नो वडाको वडाध्यक्षको नाम बताउन लगाउने<br>• कक्षामा बताउन सकेनन् भने आफ्ना अभिभावकलाई सोधेर आउनका लागि अवसर दिने | • विद्यार्थीहरूलाई उनीहरूको परिवारका सदस्यको नाम सोधेर<br>• विद्यार्थीलाई उनीहरू बस्ने गाउँबस्तीको नाम सोधेर<br>• विद्यार्थीहरूलाई उनीहरू बस्ने वडा नम्बर भन्न लगाएर<br>• विद्यार्थीहरूलाई उनीहरूको गाउँबस्ती र त्यसको वरिपरी भएका बाटो, खोलानाला र नदी नाम भन्न लगाएर<br>• स्थानीय बजार र त्यहाँ पाइने सामानको नाम भन्न लगाएर<br>• विद्यार्थीहरूलाई उनीहरूका जनप्रतिनिधिमध्ये नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, सम्वन्धित विद्यालयको प्रधानाध्यापकको नाम सोधेर<br>• विद्यार्थीहरूलाई वनगाड कुपिण्डे | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जिज्ञाशा राख्न र छलफल गर्न | | | • सर्वप्रथम त विद्यार्थीहरूलाई नक्सा हेर्ने तरिकाको बारेमा सहजीकरण गर्ने ।<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सा देखाउदै त्यहाँ भएका वडा, गाउँबस्ती, खोलानाला, नदी, जङ्गल आदिको बारेमा विभिन्न प्रश्नहरू सोध्नुको साथै विद्यार्थीहरूलाई प्रश्न सोध्नका लागि अभिप्रेरित गर्ने | नगरपालिकाको नक्सा देखाएर उनीहरूको बस्ती, वडा र विद्यालय कहाँ पर्दछ भनी सोधेर | |
| २ | **हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू** | • वनगार कुपिण्डेको सेरोफेरोमा रहेका स्थानीय बजार र यहाँका पर्यटकीय क्षेत्रहरूको नाम भन्न<br>• हाम्रा धार्मिक सम्पदा (मन्दिर, थान, चर्च, भवन आदि) को पहिचान गर्न<br>• वनगाड कुपिण्डेमा रहेका विभिन्न जातजातिहरूको नाम बताउन<br>• वनगाड कुपिण्डेमा मनाइने विभिन्न चाडपर्वहरूको पहिचान गर्न<br>• वनगाड कुपिण्डेमा नाचिने लोक नाचहरू पहिचान गर्न<br>• वनगाड कुपिण्डेका प्रचलित लोकबाजाहरू चिनेर तिनको नाम भन्न। | • वनगाड कपिण्डेको सेरोफेरोमा रहेका स्थानीय बजार र यहाँका पर्यटकीय क्षेत्रहरूको नाम<br>• हाम्रा धार्मिक सम्पदा (मन्दिर, थान, चर्च, भवन आदि) को पहिचान<br>• वनगाड कुपिण्डेमा रहेका विभिन्न जातजातिहरूको नाम<br>• वनगाड कुपिण्डेमा मनाइने विभिन्न चाडपर्वहरूकोको पहिचान<br>• वनगाड कुपिण्डेमा नाचिने नाचहरूको पहिचान<br>• वनगाड कुपिण्डेका प्रचलित लोकबाजाहरूको चिनारी | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अनुकरण सिप<br>• पहिचान सिप<br>• दृश्य साक्षरता सिप<br>• अवलोकन सिप<br>• सुनाइ सिप<br>• बोलाइ सिप | • विद्यार्थीसँग भएको पूर्व ज्ञानलाई समेट्दै चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट वनगाड कुपिण्डेको सेरोफेरोमा रहेका स्थानीय बजार (सल्लीबजार, बालुवा सङ्ग्रही बजार, सुनौली, नाथे खोला, च्युरा, गर्चे, ढोर पीपल, जैतपानी, रैकर आदि) र यहाँका पर्यटकीय क्षेत्रहरू ( कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), क्रम शाहीको भग्न दरबार (खैरागार), निगालचुला लेक, खामे लेक, तारपरे लेक, मालिका लेक, दैया लेक, साहूको लेक, मुर्चुला ल आदि) को नाम भन्न र अवस्थिति बताउनका लागि छलफल र सहजीकरण गर्ने<br>• आवश्यकता अनुसार नजिकको पर्यटकीय स्थलमा अवलोकन भ्रमणको पनि व्यवस्था गर्ने<br>• विद्यार्थीहरूले भनेका र चित्र एवम् श्रव्य दृश्य सामग्रीका माध्यमबाट देखाइएका धार्मिक सम्पदाहरू (मन्दिर, थान, चर्च भवन आदि) को चिनारी दिदै सहजीकरण गर्ने<br>• विद्यार्थीको पूर्वज्ञानको आधारमा उनीहरूको जातजाति सोधेर वनगाडमा रहेका विभिन्न जातजातीहरूको बारेमा सहजीकरण गर्ने<br>• हाम्रा विभिन्न चाडपर्व मनाएका तस्बिर र चित्रहरू देखाएर यो कुन चाडपर्वसँग सम्बन्धित तस्बिर हो भनेर छलफल गर्ने<br>• तपाईंको कुन चाड प्रमुख चाड हो र त्यो चाड मनाउँदा के के गर्नुहुन्छ भनेर सोध्ने । आफ्नो गाउँटोलमा विभिन्न जातजातिले मनाउने चाडपर्वहरू (दसैं, तिहार, तीज, माघे संक्रान्ती, होली, क्रिसमस डे, असारे सक्रान्ति, हरलो, पुस पन्ध्र, बाह्र भदौ आदि को बारेमा छलफल र सहजीकरण गर्दै चाडपर्वहरूको नाम भन्न लगाउने | • विभिन्न पर्यटकीय स्थलका परिचय र अवस्थितिको बारेमा सोधेर<br>• फाटो देखाउदै यो कुन पर्यटकीय स्थल हो भन्ने सोधेर<br>• धार्मिक स्थलहरूको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• आफ्ना गाउँटोलमा विभिन्न जातजातिले मनाउने चाडपर्वहरूको नाम भन्न लगाएर<br>• विद्यार्थीहरूलाई आफ्नो गाउँबस्तीमा नाचिने नाचहरूको नाम भन्न लगाएर<br>• तस्बिर देखाउदै यो कुन नाच हो भनी सोधेर<br>• वनगाड कुपिण्डेमा प्रचलित लोकबाजाहरूको नाम सोधेर<br>• बाजाको तस्बिर र नामको बीचमा जोडा मिलाउन लगाएर | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • वनगाड कुपिण्डेमा प्रचलित लोक कथा सुनेर प्रतिक्रिया<br>• वनगाड कुपिण्डेमा प्रचलित बाल गीत सुनेर आदर्श अनुकरण गायन | • वनगाड कुपिण्डेमा प्रचलित लोक कथाको पहिचान<br>• वनगाड कुपिण्डेमा प्रचलित बाल गीत सुनेर आदर्श अनुकरण गायन | | • कुनै नाचको तस्बिर देखाएर यो कुन नाच हो र हाम्रो गाउँटोलमा कुन जातिले यो नाच नाच्ने गर्दछन् भनेर विद्यार्थीहरूसँग सोधपुछ र छलफल गर्दै वनगाड कपिण्डेमा नाचिने नाचहरू (देउसी, भैलो, वनगारी, तीज, खाँडो, लहरे, सरिङ्गे, हिउँपा, झाप्रे, सोरठी आदि) को सूची बनाइ सहजीकरण गर्ने<br>• वनगाड कुपिण्डेमा प्रचलित लोकबाजाहरू- मादल, बाँसुरी, पञ्चेबाजा, सारङ्गी, नेवर, मुर्चङ्गा, झ्याली) को नमुना र तस्बिर देखाएर कक्षाको आरम्भ गर्ने<br>• विद्यार्थीहरूलाई यस्ता बाजाहरू ककसले देख्नु भएको छ ? ककसलाई बजाउन आउँछ ? भनेर सोधपुछ गर्ने ।<br>• बाजाका आवाजहरू सुनाएर यो कुन बाजाको आवाज हो भनेर प्रश्नोत्तर गर्ने<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथाका नमुना सुनाएर कक्षा आरम्भ गर्ने<br>• विद्यार्थीहरूलाई लोक कथा को को सुन्न भएको छ ? ककसलाई भन्न आउँछ ? भनेर सोधपुछ गर्ने<br>• वनगाड कुपिण्डेमा प्रचलित बाल गीतका नमुना गाएर कक्षा आरम्भ गर्ने<br>• विद्यार्थीहरूलाई यस्ता गीत को को सुन्न भएको छ ? ककसलाई गाउँन आउँछ ? भनेर सोधपुछ गर्ने र आदर्श अनुकरण एवम् गायन गर्न लगाउने | • बाजाका रेकर्ड गरिएका आवाजहरू सुनाउदै यो कुन बाजाको आवाज हो भन्ने प्रश्न सोधेर<br>• गाउँघरमा प्रचलित लोक गीत गाउन लगाएर<br>• लोक कथा भन्न लगाएर<br>• बाल गीत गाउन लगाएर | |
| ३ | **हाम्रो पेसा, व्यवसाय र प्रविधि** | • परिवारका सदस्यहरूले गर्ने पेसा र व्यवसायको नाम बताउन | हाम्रा पेसा र व्यवसायहरू | • सञ्चार सिप<br>• अवलोकन सिप<br>• पहिचान | • विद्यार्थीहरूलाई उनीहरूका परिवारका सदस्यहरूले गर्ने पेसा तथा व्यवसायहरू बताउन लगाउने ।<br>• वनगाड कुपिण्डे नगरपालिकाका मानिसले गर्ने विभिन्न पेसा तथा व्यवसायहरूको बारेमा चित्र तथा भिडियोद्धारा देखाउने र पेसा र व्यवसायको परिचय दिने | • परिवारका सदस्यले गर्ने पेसा र व्यवसायको नाम बताउन लगाएर | २७ |
| | | • अन्नबालीहरू : वन्गारी जरन, धान, मकै, कोदो, गहुँ, जौं आदिको पहिचान गर्न | हाम्रा अन्नबालीहरू | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• पहिचान | • वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा खेती गरिने विभिन्न अन्नबालीहरू (धान, मकै, गहुँ, कोदो, कागुनु, जनालो, जौं आदि) चित्र वा भिडियोद्धारा देखाउने र तिनीहरूको नाम पहिचान गर्न लगाउने<br>• ती अन्नबालीहरू मध्ये आफ्नो घर तथा छिमेकमा कुन कुन अन्नबालीहरूको खेती गरिएको छ ? बताउन लगाउने<br>• विद्यार्थीहरूलाई अन्नबाली खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती अन्नबालीहरूको चिनारी गराउने | • अन्नबालीहरूको नाम बताउन लगाएर<br>• अन्नबालीहरू र तिनीहरूको चित्रबीच जोडा मिलाउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • दलहन बाली- केराउ, चना, मसुरो, मास आदिको पहिचान गर्न | हाम्रा दलहन बालीहरू | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• पहिचान | • दलहन बालीहरू (केराउ, चना, मसुरो, मास, सिमी आदि) का बोट र गेडागुडीका नमुना देखाएर तिनीहरूको नाम बताउन लगाउने<br>• चित्र वा भिडियोद्वारा दलहन बालीको बोट र गेडागुडी देखाउने<br>• ती दलहन बालीहरू मध्ये आफ्नो घरमा उत्पादन गरिने दलहनबालीहरू पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरूलाई दलहन बाली खेती गरिएको ठाउँमा भ्रमणमा लैजाने र दलहन बालीको चिनारी गराउने | • दलहन बालीहरूको नाम बताउन लगाएर<br>• दलहन बाली र तिनको चित्रको जोडा मिलाउन लगाएर | |
| | | • हाम्रा स्थानीय तरकारी खेतीको पहिचान गर्न | हाम्रो स्थानीय तरकारी खेती | • सञ्चार सिप<br>• सिकाइ सिप | • विद्यार्थीहरूलाई घरमा खाने गरिएका तरकारीहरूको नाम बताउन लगाउने<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा खेती गरिने विभिन्न तरकारीहरू (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिन्डो, सिमी, भिन्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, घिरौला, चिचिन्ना, पिरालु, आलु, केराउ आदि) को चित्र वा भिडियो देखाउने र ती मध्ये कुन कुन तरकारीहरू खाने गरिएको छ भन्ने बारेमा बताउन लगाउने<br>• विद्यार्थीहरूलाई विद्यालय नजिकै तरकारी खेती गरिएको स्थानमा लैजाने र तरकारीहरूको जानकारी दिने | • तरकारीको नाम बताउन लगाएर<br>• विभिन्न तरकारीहरूको चित्र र तिनीहरूको नामबीच जोडा मिलाउन लगाएर | |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी र स्वभावहरू बताउन<br>• आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी स्वभावहरूमध्ये असल आनीबानी र स्वभावहरूको पहिचान गर्न<br>• आफूलाई मन पर्ने साथीहरूमा भएका | • आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी र स्वभावहरू<br>• आफू र आफ्ना परिवारका सदस्यहरूका असल आनीबानी र स्वभावहरू पहिचान<br>• आफूलाई मन पर्ने साथीहरूमा भएका स्वभावहरूको विवरण । | • सञ्चार सिप सिकाइ सिप<br>• पहिचान सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• अभ्यास सीप | • घरपरिवारका विभिन्न मानिसहरूमा भएका विभिन्न आनीबानी र स्वभावहरूको बारेमा विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउने र शिक्षकले टिप्दै जाने<br>• घरपरिवारका मानिसहरूसँग भएका उल्लिखित आनीबानी र स्वभावहरूमध्ये कुन कुन असल र कुन कुन खराव हुन भनेर छलफल गर्ने<br>• विद्यार्थीहरूलाई असल आनीबानी र स्वभाव मन पर्छ कि खराव आनीबानी र स्वभाव मन पर्छ भनेर सोध्ने सोध्ने ।<br>• मन पर्ने र मन नपर्ने कुराहरू सबैलाई आनी बानी भनिन्छ भनेर चित्र र भिडियो क्लिपहरू देखाएर प्रष्ट पार्ने<br>• यस क्रममा विद्यार्थीहरूले भनेका कुराहरूलाई समेत ध्यान दिएर सुन्ने | • घरपरिवारका मानिसहरूका मन पर्ने र मन नपर्ने आनीबानीहरू सोधेर ।<br>• घरपरिवारका कुनै मानिस मन पर्नु र कुनै मानिस मन नपर्नुको कारण सोधेर<br>• चित्र र भिडियो देखाउदै उनीहरूले देखेको कुरा सोधेर | २८ |
| | | | | | • सबै विद्यार्थीहरूलाई आफूलाई मन पर्ने एक एक जना साथीको नाम सम्झन लगाउने ।<br>• सबैलाई पालैपालो मन परेको साथीको नाम र मन पर्नुको कारण बारे भन्न लगाउने | • मन पर्ने साथीको नाम र मन पर्नुको कारण सोधेर ।<br>• अरूलाई मन पर्ने हुनका लागि के के | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्वभावहरूको विवरण बताउन<br>• आफूलाई मन पर्ने मानिसहरूका आनीबानी, स्वभाव र व्यवहार वताउन र आफूले पनि अभ्यास गर्न | • आफूलाई मन पर्ने मानिसहरूका आनीबानी, स्वभाव र व्यवहार र आफूले पनि अभ्यास गर्न | | • अरूलाई मन पर्ने आनीबानी भएका मानिसहरूलाई असल मानिस भन्छन् भन्ने कुरा गर्दै त्यससँग सम्बन्धित व्यक्तिका जीवनी, कथा र चित्र र भिडियो प्रदर्शन गर्ने | गर्नु पर्दोरहेछ भन्ने कुरा सोधेर | |
| | | | | | • विद्यार्थीहरूले दिएको जवाफहरूको आधारमा असल एवम् मन पर्ने मानिसहरूका आनीबानीहरूको सूची बनाउन लगाउने<br>• विद्यार्थीहरूको सक्रिय सहभागिताका आधारमा असल आनीबानीले हुने फाइदाहरूको चर्चा गर्ने<br>• विद्यार्थीहरूलाई कुन कुन असल बानी गरिरहेका छौ र बाँकी कुन कुन बानी आज देखि गर्ने भनेर विद्यार्थीहरूबाट प्रतिबद्धता पनि लिने<br>• उनीहरूको आनी बानीको बारेमा अभिभावकसँग समेत भलाकुसारी गर्ने | • असल आनीबानीहरू भन्न लगाएर ।<br>• भर्खर मात्र प्रयोग गर्न थालेका असल बानीहरू बताउन लगाएर<br>• अभिभावकसँग विद्यार्थीहरूको आनीबानीको बारेमा सोधेर | |
| | | • स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास गर्न<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरूमा | • मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरूमा गरिने | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• प्रयोग सीप<br>• अभ्यास सिप<br>• प्रस्तुति सीप | • विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने<br>• विद्यार्थीहरूले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने<br>• मोबाइल, दुरदर्शन, ध्वनी विस्तारक, सुसाङ्ख्य आदिको प्रयोग गरेर विभिन्न बाल गीत र सङ्गीत बजाउने<br>• विद्यार्थीहरूलाई बजाइएका गीत र सङ्गीतहरू ध्यान दिएर सुन्नका लागि अनुरोध गर्ने<br>• उनीहरूलाई जवाफ दिएको आधारमा मन परेको गीत र सङ्गीतलाई दोहोऱ्याएर सुनाउने<br>• विद्यार्थीहरूलाई उनीहरूले मन पराएको गीत र सङ्गीतमा नृत्य गर्नका लागि प्रेरित गर्ने | • मन परेका गीतहरू भन्न लगाएर<br>• मन परेका गीत गाउन लगाएर<br>• उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर<br>• उनीहरूले गरेका क्रियाकलापहरूको अवलोकन गरेर | |
| | | गरिने क्रियाकलापहरू बताउन<br>• योग, प्राणायाम र आसनहरू (प्रणव ध्यान, भस्त्रिका प्राणायाम, शशकासन) को अभ्यास गर्न | क्रियाकलापहरू ।<br>• योग, प्राणायाम र आसनहरू (प्रणव ध्यान, भस्त्रिका प्राणायाम, शशकासन) को अभ्यास<br>• अल्पपोषक ( जङकफुड/मृतप्रा | • अवलोकन सिप<br>• पहिचान सिप<br>• अभ्यास सिप | • आफूलाई मन पर्ने उत्सव र चाडपर्वहरूको नाम भन्न लगाउने<br>• घर परिवार र छरछिमेकमा मनाइने महोत्सव र चाडर्वहरूमा गर्ने क्रियाकलापहरूको बारेमा बताउन लगाउने<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा गरिने क्रियाकलापहरूमध्ये मन पर्ने क्रियाकलापहरूको नाम भन्न लगाउने<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा गरिने आफूलाई मन पर्ने क्रियाकलापहरूको कारण बताउन लगाउने | • विद्यार्थीलाई मन पर्ने उत्सव र चाडपर्वको नाम सोधेर<br>• त्यस्ता उत्सव र चाडपर्वमा हुने मन पर्ने क्रियाकलाप नाम मन पर्नुका कारण सोधेर | |
| | | • अल्पपोषक ( जङकफुड/मृतप्राय खाना) को परिचय | य खाना) को परिचय र खानामा छ प्रकारका स्वाद | • सञ्चार सीप,<br>• प्रयोग सीप, | • विद्यार्थीहरूलाई श्वास लिने र श्वास फ्याक्ने (भस्त्रिका प्राणायम) र प्रणव ध्यान र शसकासन सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | र खानामा छ प्रकारका स्वाद ( गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नुनिलो) भएका मौलिक खानाहरूको पहिचान र प्रयोग<br>• उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन गर्न | (गुलियो, अमिलो, पिरो, टर्रो, तीतो र नुनिलो) भएका मौलिक खानाहरूको पहिचान र प्रयोग<br>• उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा र अभ्यास | • प्रदर्शन सीप,<br>• वैयक्तिक जिम्मेवारी सिप<br>• वातावरण प्रतिको सजगता सिप | • तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न प्रेरित गर्ने<br>• विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको नाम र महत्त्वको बारेमा बताउने<br>• विद्यार्थीहरूलाई बजारमा तयारी अवस्थामा प्याक गरेर राखिएका विभिन्न थरि खानेकुराहरूको नाम भन्न लगाइ उनीहरूले भनेको आधारमा सूची तयार पार्ने<br>• ती खानेकुराहरू धेरै पहिले बनाएको हुँदा र त्यसलाई कुहिन नदिन र स्वादिलो बनाउनका लागि विभिन्न अखाद्य वस्तु र रसायनहरू राखिएको विषयमा छलफल गर्ने<br>• यस्ता खानेकुराहरूलाई मृतप्रायः खानेकुरा अर्थात अल्पपोषक (जङ्कफुड) भनिन्छ भनेर विचार आदान प्रदान गर्ने<br>• कुनै पनि रसायनको प्रयोग नगरी घरमै उत्पादन गरेर तयार गरिने खानेकुराहरूलाई जैविक (आर्गानिक) खानेकुरा भनिन्छ भन्ने कुरा उल्लेख गर्दै त्यस्ता खानेकुरारूको नाम र महत्त्वको बारेमा छलफल गर्ने<br>• खानामा सकेसम्म एउटै किसिमको स्वादमात्र नभइ ६ किसिमको स्वादहरू (अमीलो, गुलियो, पिरो, टर्रो, तीतो र नुनिलो) भएको खानेकुरा मिलाएर खाँदा शरीर स्वस्थ हुने विषयमा छलफल गर्ने | • अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरूको नाम र महत्व बताउन लगाएर<br>• अल्पपोषक (जङ्कफुड) का विभिन्न नामहरू सोधेर ।<br>• अल्पपोषक (जङ्कफुड) का फाइदा र वेफाइदाहरू सोधेर<br>• जैविक (अर्गानिक) खानेकुराको भनेको के हो भनी सोधेर<br>• जैविक (अर्गानिक) खानेकुराको महत्त्वको बारेमा सोधेर<br>• शरीर स्वस्थ राख्नका लागि आवश्यक पर्ने खानाका ६ वटा स्वादहरूको नाम सोधेर | |
| | | | | • सञ्चार सिप,<br>• प्रयोग सिप,<br>• स्वीकार्य सीप<br>• स्व व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूको नाम भन्न लगाउने<br>• ती वस्तुहरूको निर्माण कसले गरेको हो भन्दै उत्पादनलाई श्रमसँग जोड्ने<br>• कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने चिज र वस्तुहरू हामीले खान र प्रयोग गर्न नपाउने कुराहरूलाई छलफलमा ल्याउने<br>• छलफललाई जीवन्त बनाउनका लागि आवश्यकता अनुसार कथा, चित्र र भिडियो क्लीपहरूको प्रयोग र प्रदर्शन गर्ने ।<br>• हामी जिउनका लागि कसैको श्रमले भूमिका खेलिरहेको हुँदा त्यस्तो श्रमलाई सम्मान गर्नुपर्ने कुराको छलफलमा गर्ने | • हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूका नाम भन्न लगाएर<br>• यी वस्तुहरू बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर<br>• श्रमलाई सम्मान गर्नु पर्ने कारण सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू | • सञ्चार सिप<br>• अवलोकन सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीहरूलाई घरमा पालिएका जनावरहरूको नाम भन्न लगाउने<br>• घरमा पालिएका बाहेक अन्य स्थानीयस्तरमा पालिएका जनावहरू भन्न लगाउने<br>• स्थानीयस्तरमा (विभिन्न प्रयोजनले पालन गरिएका) पालन गरिएका जनावहरूको अवलोकन गराउने<br>• चित्र/श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीयस्तरमा पालन गरिएका जनावरहरूको परिचय गराउने | • घरमा पालन गरेका जनावरहरूको नाम सोधेर<br>• स्थानीयस्तरमा पालन गरिएका जनावरहरूको नाम बताउन लगाएर | २७ |
| | | • घर तथा टोल वरपर भएका बिरुवाहरूको पहिचान गर्न<br>• विद्यालयको बालबगैंचामा भएका बिरुवाहरू चिन्न | • घर तथा टोल वरपर भएका बिरुवाहरूको नाम र चिनारी<br>• विद्यालयको बगैंचामा भएका बोटबिरुवाहरूको नाम र चिनारी | • सञ्चार सिप<br>• सिकाइ सिप | • घर वरपर भएका, घरको बगैंचामा भएका बिरुवाको नाम बताउन लगाउने<br>• विद्यालयको बगैंचा तथा विद्यालय वरपर भएका बिरुवाहरूको अवलोकन गराइ तिनीहरूको नाम पहिचान गर्न लगाउने<br>• घर वरपर समुदायस्तरमा भएका बिरुवाको अवलोकन गर्न लगाई तिनीहरूको नाम पहिचान गर्न लगाउने<br>• शिक्षकले आफ्नो घर वरपर, विद्यालय वरपर भएका बिरुवाहरूको चित्र/भिडियो देखाइ तिनीहरूको पहिचान गर्न लगाउने | • घरमा भएका बिरुवाहरूको नाम बताउन लगाएर<br>• विद्यालयको बगैंचा तथा विद्यालय वरपर भएका बिरुवाहरूको नाम भन्न लगाएर<br>• आफ्नो घर वरपर भएका बिरुवाहरूको नाम बताउन लगाएर | |
| | | • घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाहमा सहयोग गर्न | • घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग<br>• फूलबारी तथा बोटबिरुवाहरू को हेरचाह | • सहयोग सिप<br>• सञ्चार सिप<br>• सिकाइ सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • घरको बगैंचा वा खेतवारीको छेउछाउमा वृक्षारोपण गर्ने सम्बन्धमा विद्यार्थीहरूलाई प्रश्न सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षारोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा बताउने र यस सम्बन्धमा उनीहरूको अनुभव सुनाउन लगाउने ।<br>• विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने (बेर्नहरू वृक्षरोपण गर्ने ठाउँमा पुऱ्याउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरूको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने<br>• वृक्षारोपण सम्बन्धी भिडियो देखाउने र वृक्षरोपनप्रति सकारात्मक सोचको विकास गर्नका लागि आवश्यक छलफल र अन्तरक्रिया गर्ने | • वृक्षारोपण सम्बन्धी अनुभव बताउन लगाएर<br>• वृक्षारोपणमा सहयोग गरेको अवलोकन गरेर<br>• विद्यालयमा बिरुवाहरूको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर | |
| | | • आफ्नो वरपर भएका पानीका स्रोतहरूको नाम बताउन | • स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम । | • सञ्चार सिप<br>• पहिचान सिप | • आफ्नो घर वरपर भएका पानीका स्रोतहरू पहिचान गरी अवस्था र अनुभवको बारेमा भन्न लगाउने<br>• चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरूको जानकारी दिने | • स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • अभिव्यक्ति सिप | • समुदायस्तरमा भएका पानीका स्रोतहरूको अवलोकन गराइ पहिचान गर्न लगाउने<br>• पानीका प्राकृतिक स्रोतहरूको समेत जानकारी गराउने (कुवाको पानी, मूलको पानी, वर्षाको पानी आदि) | | |
| | | • व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहयोग गर्न | • व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइ | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• स्व व्यवस्थापन सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप | • कक्षाकोठामा विद्यार्थीहरूलाई उभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको एकले अर्कोलाई अवलोकन गर्न लगाउने<br>• विद्यार्थीहरूमध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरूलाई कक्षा कोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरू सुनाउन लगाउने<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरूको जानकारी गराउने । जस्तै : नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि ।<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यहरूको प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई ती कार्यमा सरिक गराउने । जस्तै : साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि ।<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरसफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने | • व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• फोहरमैला व्यवस्थापनमा सहभागी भए नभएको कुरा अभिभावकलाई सोधेर<br>• व्यक्तिगत सरसफाइमा ध्यान दिए नदिएको अवलोकन गरेर | |
| ६ | **सामाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरूको बारेमा बताउन | • सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनको परिचय र यसबाट हुने हानीहरू | • सिकाइ सिप<br>• सञ्चार सीप<br>• स्व-व्यवस्थापन सिप | • चित्र एवाम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान र लागुऔषध सेवनको बारेमा परिचय दिँदै यसबाट हुने हानिहरूको बारेमा सहजीकरण गर्ने<br>• चित्र एवम् श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने<br>• आफ्नो घरपरिवारमा यसप्रकारका पदार्थहरूको सेवनलाई निषेध गर्नका लागि आवश्यक पहल गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने | • धुमपान, मध्यपान र लागुऔषध सेवनबाट हुने हानिको बारेमा सोधेर<br>• यसप्रकारका पदार्थको सेवनबाट विद्यार्थीहरूलाई बच्ने उपायहरूको बारेमा सोधेर | २५ |
| | | • स्थानीय स्तरमा भइरहेका र हुन सक्ने बिपद्हरू जस्तै सडक दुर्घटना, करेन्ट | • स्थानीय स्तरमा भइरहेका र हुन सक्ने बिपद्हरू जस्तै सडक दुर्घटना, करेन्ट | • सिकाइ सिप<br>• सञ्चार सिप | • चित्र एवम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट बिपद्हरूको पहिचान गर्न लगाउने ।<br>• चित्र एवम् श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने | • बिपद्का चित्र र नामको जोडा मिलाउन लगाएर<br>• बिपद्को सामना गरेका विद्यार्थीहरूलाई | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | लाग्ने, आगलागी, डुबान (नदी, खोला, ताल, खाल्डो) आदिबाट हुने बिपद्हरूको चित्रात्मक पहिचान गर्न | लाग्ने, आगलागी, डुबान (नदी, खोला,, ताल, खाल्डो) आदिबाट हुने बिपद्को पहिचान | • सहयोग सिप | • आफ्नो वरिपरि घट्न सक्ने बिपद्हरूको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने ।<br>• शिक्षकले विगतका घटनाहरूको अनुभव सुनाउने र सो सम्बन्धी छलफल गराइ बिपद्को परिचय दिने<br>• छलफल र अनुभवको माध्यमबाट विभिन्न प्रकारका बिपदहरू जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (इनार, नहर, नदी। पोखरी, नाला, ताल, खाल्डो, ट्याङ्की, स्वीमिङ्ग पुल) आदिको बारेमा अनुभव आदानप्रदान सहित छलफल गर्ने | अनुभव सुनाउन लगाएर<br>• विभिन्न प्रकारका बिपद्हरूको नाम सोधेर | |
| | | • विद्यालय र घरमा आउँदाजाँदा बाटोमा हुने जोखिमहरू जस्तै बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान गरी सावधानी अपनाउन | • विद्यालय र घरमा आउँदा जाँदा बाटोमा हुने जोखिमहरू जस्तै बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान र सावधानी | •सिकाइ सिप<br>•सञ्चार सिप<br>•स्वव्यवस्थापन सिप | • विद्यालय र घरमा आउँदा जाँदा हुने बाटोमा हुने विभिन्न जोखिमहरूलाई चित्रको माध्यमबाट देखाउने र तिनीहरू के हुन् भन्न लगाउने<br>• जोखिमयुक्त स्थानहरूको अवलोकन गराउने र ती स्थानहरू किन जोखिमयुक्त भए ? छलफल गराउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवस्था देखाउने र यस्तै अवस्था आयो भने तिमीहरू के गर्छौ ? छलफल गराउने<br>• चित्र, श्रव्यदृश्य सामग्री एवम् कथाको माध्यमबाट उक्त घटनाहरूबाट सुरक्षित रहने उपाय र सावधानीहरू बताउने | • चित्रको माध्यमबाट जोखिम पहिचानको सम्बन्धमा प्रश्न सोधेर<br>• जोखिमबाट बच्ने उपायहरू भन्न लगाएर<br>• दुर्घटनाबाट बचेका विद्यार्थीहरूलाई अनुभव सुनाउन लगाएर | |
| | | • कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरूको परिचय र सो बाट बच्नका लागि सामान्य उपायहरू बताउन र सोको अनुसरण गर्न<br>• डढेलोका कारण र असरहरु बताउन<br>• उपयुक्तताका आधारमा कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने दुर्घटनाहरूको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरूको जानकारी र अनुसरण<br>• डढेलोका कारण र असरहरु<br>• उपयुक्तताका आधारमा कृत्रिम घटना अभ्यास (Simulation) | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अनुकरण सिप | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरू जस्तै चोटपटक, करेन्ट, पहिरो झर्ने, ढुङ्गा खस्ने, आगलागी, आदिको चिनारी गराउने<br>• उक्त बिपद्हरूबाट हुने असरको बारेमा कथा सुनाउने वा छलफल गराउने<br>• उक्त बिपद्हरू हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी विषयमा छलफल गराउने<br>• शिक्षकले कथाको माध्यमबाट कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने बिपद्हरूबाट बच्ने उपायहरू बताउने<br>• डढेलो लागेका विभिन्न घटना र दृश्यहरु समेत देखाउदै त्यो किन हुन्छ र त्यसले के गर्दछ भन्ने बारेमा छलफल गर्दै डढेलोका कारण र असरहरुको बारेमा सहजीकरण गर्ने<br>• उल्लिखित प्रकोप र बिपद्हरूबाट बच्नका लागि उपयुक्तताको आधारमा कृत्रिम घटना अभ्यास गराउने<br>नोट : कुनै एउटा बिपद्को बारेमा माथिको प्रकृया सकेपछि अर्कोमा जाने) | • चित्र देखाउदै चित्रमा भएका कुराहरूको बारेमा सोधेर<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दूर्घटना र बिपद्हरूको बारेमा सोधेर<br>• कृत्रिम घटना अभ्यास गराइ रूजुसूची भरेर<br>• कृत्रिम घटना अभ्यासको अवलोकन र मूल्याङ्कन गरेर | |

## कक्षा २

| क्र.स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको नाम, नगरकार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल र आफ्नो वडाका जनप्रतिनिधिहरूको नाम) बताउन<br>• आफू बस्ने वडाभित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको ठाउँको नाम र वडामा रहेका विद्यालयहरूको नाम बताउन<br>• स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने वस्तुहरूको नाम भन्न<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरूको गाउँटोल समेत पहिचान गर्न | • वनगाड कुपिण्डे नगरपालिकाको नाम, नगरकार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल र आफ्नो वडाका जनप्रतिनिधिहरू ।<br>• आफू बस्ने वडाभित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको ठाउँको नाम र वडामा रहेका विद्यालयहरूको नाम<br>• स्थानीय बजार एवम् हाटबजार र त्यहाँ पाइने पाइने वस्तुहरू<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरूको गाउँटोलहरू | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• पहिचान सिप<br>• स्वव्यवस्थापन सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप | • विद्यार्थीहरूलाई आफू बस्ने वडा नम्बरको स्मरण गराउँदै आफ्नो वडाका जनप्रतिनिधिहरूको नाम सम्झेर भन्न अभिप्रेरित गर्ने । सम्झन नसकेको वा थाहा नभएको अवस्थामा अभिभावकहरूलाई सोधेर अर्को दिन भन्नका लागि अभिप्रेरित गर्ने<br>• तत्पश्चात् आफू बसेको वडाभित्र अरू कुन-कुन गाउँवस्तीहरू पर्दछन् भनेर छलफल गर्ने वडाभित्रका गाउँहरूको नामाकरण कसरी भयो भन्न लगाउने<br>• तत्पश्चात आफ्नो वडामा रहेका विद्यालयहरूको नामको बारेमा छलफल गर्ने<br>• विद्यार्थीहरूबाटै सही जवाफको खोजी गर्ने र सही जवाफ आउन नसकेमा एक दिनको समय दिएर अर्को दिन भन्नका लागि अभिप्रेरित गर्ने<br>• प्राप्त प्रतिक्रियाहरूका लागि धन्यवाद दिँदै तपाईंको वडामा रहेका सामान किनमेल गर्ने बजारहरू र त्यहाँ गएर खरिद गरिने सामानहरूको सूची बनाउनुहोस् भनेर समूहमा काम दिएर प्रस्तुत गर्न लगाउने<br>• कहिल्यै तपाईं एक्लै गएर पनि त्यो बजारमा तपाईंलाई आवश्यक पर्ने सामान किन्नु भएको छ भनी सोध्ने<br>• वनगाड कुपिण्डे नगरपालिकाको वडा नम्बर र गाउँबस्ती उल्लेख गरिएको नक्सा विद्यार्थीहरूलाई अवलोकनका लागि अवसर दिने<br>• उक्त नक्सामा आफ्नो आफ्नो साथीको र आफन्तहरूको गाउँटोल र बस्ती पहिचान गर्न लगाउने, आफूले पहिचान गर्न नसकेमा साथीहरूको सहयोगले पहिचान गर्न प्रेरित गर्ने | • विद्यार्थीहरूलाई उनीहरू बसोवास गर्ने वडा नम्बर र गाउँको नाम सोधेर<br>• आफ्नो वडामा रहेका गाउँबस्तीहरूको नाम भन्न लगाएर ।<br>• आफ्नो वडाको वडा कार्यालयको ठेगाना सोधेर<br>• आफ्नो वडामा रहेका विद्यालयहरूको नाम सोधेर<br>• स्थानीय बजार एवम् हाटबजारको नाम र त्यहाँ पाइने वस्तु वा सामानहरूको नाम सोधेर<br>• वनगाड कुपिण्डेको नक्सा हेरेर आफ्नो र आफ्नो साथीको वडा एवम् टोलका नाम भन्न लगाएर | २५ |
| २ | **हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू** | • हाम्रो वडामा रहेका पर्यटकीय एवम् सांकृतिक स्थलहरूको पहिचान गर्न<br>• हाम्रो वडामा विभिन्न जातजातिले नाचिने | • हाम्रो वडामा रहेका पर्यटकीय एवम् सांस्कृतिक स्थलहरूको पहिचान<br>• हाम्रो वडामा विभिन्न | • तुलना गर्ने सिप<br>• अनुकरण सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप | • विद्यार्थीहरूलाई उनीहरूको वडामा भएका विभिन्न पर्यटकीय एवम् सांस्कृतिक स्थलहरूको नाम भन्न लगाउने र उनीहरूले भनेका धार्मिक स्थलहरूको सूची टिप्दै जाने<br>• चित्र एवम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट त्यस्ता केही पर्यटकीय एवम् सांस्कृतिक स्थलहरू प्रदर्शन गरेर यो कुन धार्मिक स्थल हो भनेर विद्यार्थीहरूलाई सोध्ने । | • आफ्नो वडामा भएका सांस्कृतिक स्थलहरूको नाम भन्न लगाएर<br>• तस्विर देखाउँदै यो कुन पर्यटकीय स्थल हो भनी सोधेर | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नाचहरूको परिचय दिन<br>• हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरूको पहिचान गर्न<br>• हाम्रो वडामा रहेका विभिन्न जातजातिहरूले मनाउने प्रमुख चाडपर्वहरूमा गरिने प्रमुख क्रियाकलापहरू भन्न<br>• हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुलो) र परम्परागत भाँडा (हुन्नो, खट्कुरो, अम्खोरा, ताउलो, कलश, पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, माना, पाथी, ठेकी, गाबु, चिम्टा, अदान, सनासो, मदानी आदि) को पहिचान गर्न र प्रयोग गर्ने तरिका बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख ठाउँहरू र वजारहरूको सङ्क्षिप्त परिचय भन्न<br>• वनगाड कुपिण्डेका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी, | जातजातिले नाचिने नाचहरू को परिचय<br>• हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरूको पहिचान ।<br>• हाम्रो वडामा रहेका विभिन्न जातजातिहरूले मनाउने प्रमुख चाडपर्वहरूमा गरिने प्रमुख क्रियाकलापहरू<br>• हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुलो) र परम्परागत भाँडा (हुन्नो, खट्कुलो, अम्खोरा, ताउलो, कलश पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, माना, पाथी, ठेकी, गाबु, मदानी, चिम्टा, अदान, सनासो, आदि)को पहिचान र प्रयोग<br>• वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख ठाउँहरू र वजारहरूको सङ्क्षिप्त परिचय<br>• वनगाड कुपिण्डेका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, | • पहिचानको सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप<br>• आत्म सम्मान सि<br>• वातावरण प्रतिको सजगता सिप<br>• सहकार्य सिप | • विद्यार्थीहरूले भनेका र चित्र एवम् श्रव्य दृश्य सामग्रीका माध्यमबाट देखाइएका पर्यटकीय एवम् सांस्कृतिक स्थलहरूको सूची बनाएर हाम्रो वडामा भएका त्यस्ता स्थलहरू भनेर परिचय गराउने ।<br>• कुनै नाचको तस्विर देखाएर यो कुन नाच हो र हाम्रो वडामा कुन जातिले यो नाच नाच्ने गर्दछन् भनेर विद्यार्थीहरूसँग सोधपुछ र छलफल गर्दै हाम्रो वडामा नाचिने यस्ता नाचहरूका नामको सूची बनाउन लगाउने<br>• आफू रहेको वडामा बसोवास गरेका विभिन्न जातजाति र भाषाभाषीको विवरण विद्यार्थीहरूबाटै सोधपुछ गरी सङ्कलन गर्ने<br>• दसैँमा टीकाजमरा लगाउँदै गरेको तस्विर देखाएर यो कुन चाड मनाउँदै गरेको तस्विर हो भनी सोध्ने ।<br>• विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रियाहरूका आधारमा आफ्नो वडामा यस्तै कुन कुन चाडहरू कुन कुन जातिहरूले मनाउने गर्दछन् भनेर छलफल गर्ने<br>• विद्यार्थी र शिक्षकको बीचमा भएको छलफलको आधारमा आफ्नो वडाभित्र विभिन्न जातजातिले मनाउने चाडपर्वका बारेमा सूची तयार पार्ने<br>• हाम्रा स्थानीय चुलो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुलो) र परम्परागत भाँडाः हुन्नो, खट्कुलो, अम्खोरा, ताउलो, कलश पन्यु, डाडु, कराइ, ताप्के, करुवा, गाग्री, ताप्के, माना, पाथी, ठेकी, गाबु, मदानी आदिको चित्र प्रदर्शन गरी चिन्न अभिप्रेरित गर्ने र उक्त सामग्रीहरूको प्रयोग बारे छलफल गर्ने<br>• तस्बिर, चित्र र अन्य श्रव्यदृश्य सामग्रीको माध्यमबाट वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख स्थान र बजारहरूको सङ्क्षिप्त इतिहासको बारेमा छलफल र सहजीकरण गर्ने । यससम्बन्धमा स्थानीय जानकार व्यक्तिलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• विद्यार्थीहरुलाई आआफ्नो जातजातिगत विवरणका साथै आफ्नो गाउँटोलमा भएका जातजातिका मानिसहरुको विवरण भन्न लगाउने ।<br>• उनीहरुले भनेको आधारमा वनगाड कुपिण्डेमा बसोबास गर्ने विभिन्न जातजातिको सूची तयार गर्ने क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिने | • विद्यार्थीहरूलाई आफ्नो वडामा नाचिने नाचहरूको नाम भन्न लगाएर<br>• तस्विरवा भिडियो देखाउँदै यो कुन नाच हो भनी सोधेर<br>• आफ्नो वडामा मनाइने विभिन्न चाडपर्वको नाम भन्न लगाएर<br>• जातजाति र उनीहरूले मनाउने चाडको जोडा मिलाउने प्रश्न सोधेर<br>• विभिन्न स्थानीय चुलो र भाडको नाम र तिनीहरूको कामको बारेमा जोडा मिलाउन लगाएर ।<br>• वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख स्थानहरूको नाम र ऐतिहासिक महत्वको बारेमा सोधेर<br>• वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख बजारहरूको नाम सोधेर<br>• वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख बजारहरूको इतिहास सोधेर<br>• वनगाड कुपिण्डेमा वसोवास गर्ने जातजातिको सूची बनाउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | माझी, बादी, गाइन आदि ) को परिचय दिन<br>• स्थानीय लोक बाजाहरू : दमा, नगरा, मादल, टेम्को, बाँसुरी, मुरली, सनइ, मुरचुङ्गा, झ्याली, पैचना, नरसिंङ्गा, छिल्लर, पञ्चेबाजा, नौमति बाजा आदिको परिचय र महत्त्व बताउन<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथा सुनेर प्रतिक्रया दिन<br>• वनगाड कुपिण्डेमा प्रचलित बालगीत सुनेर अनुकरण र सङ्कलन गर्न । | दलित, दशनामी, माझी, बादी, गाइन आदि ) को परिचय<br>• स्थानीय लोक बाजाहरू : दमा, नगरा, मादल, टेम्को, बाँसुरी, मुरली, सनइ, मुरचुङ्गा, झ्याली, पैचना, नरसिंङ्गा, छिल्लर, पञ्चेबाजा, नौमति बाजा आदिको परिचय र महत्त्व<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथाको श्रवण र आवश्यक प्रतिक्रया<br>• वनगाड कुपिण्डेमा प्रचलित बालगीतको श्रवण, अनुकरण र सङ्कलन | | • सूची तयार गर्ने क्रममा बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी, माझी, बादी, गाइन आदिको परिचय सहितको विवरण प्रस्तुत गर्ने<br>• विद्यार्थीहरुलाई उनीहरूले देखेको आधारमा लोकबाजाका नामहरु भन्न लगाउने र उनीहरुले भनेको आधारमा नाम टिप्दै जाने ।<br>• कतिपय लोकबाजाका नामहरु तस्बिर वा छोटो भिडियो देखाएर फोटो वा भिडियोमा देखेको लोक बाजाहरूको नामको बारेमा छलफल गर्दै नाम टिप्दै जाने ।<br>• विद्यार्थीहरूलाई उनीहरुले घरमा आफन्तहरुबाट सुनेका विभिन्न कथाहरु भन्नका लागि उत्प्रेरित गर्ने<br>• विद्यार्थीहरुले भनेका कथाहरु भनेको लोककथाहरू हुन भन्ने कुराको उल्लेख गर्दै वनगाड कुपिण्डेमा प्रचलित लोक कथाहरुको बारेमा सहजीकरण गर्ने ।<br>• बालकथा सङ्कलन गर्नका लागि विद्यार्थीहरूलाई परियोजना कार्यको दिने<br>• शिक्षकले कुनै एउटा बालगीत गाउँदै विद्यार्थीहरूछ भन्दै बालगीतको प्रसङ्गलाई कक्षाकोठामा उठान गर्ने<br>• विद्यार्थीहरुलाई त्यस्तै अन्य बालगीतहरु भन्नका लागि प्रेरित गर्ने<br>• गाउँटोल र घरमा भएका मान्यजनहरुबाट बालगीतहरु सङ्कलन गरेर ल्याउनका लागि विद्यार्थीहरुलाई परियोजना कार्य गर्नका लागि अवसर प्रदान गर्ने | • स्थानीय लोकबाजाको नाम भन्न लगाएर<br>• स्थानीय लोकबाजा फोटो र लोकबाजाको नामको बिचमा जोडा मिलाउन लगाएर<br>• लोक कथाको नामाकरण बारे प्रश्न सोधेर<br>• लोककथाको बारेमा दिएको परियोजना कार्यको मूल्याङ्कन गरेर<br>• बालगीत गाउन लगाएर बालगीतको बारेमा दिएको परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| **३** | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • छिमेकी परिवारका सदस्यहरूले गर्ने मुख्य पेसा व्यवसायको नाम बताउन | • छिमेकी परिवारका सदस्यहरूले गर्ने मुख्य पेसा व्यवसाय | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• पहिचान सिप<br>• बर्गिकरण सिप<br>• अभिव्यक्ति सिप | • विभिन्न पेसा र व्यवसाय झल्किने चित्र वा भिडियो देखाइ पेसा र व्यवसायको जानकारी गराउने<br>• विद्यार्थीहरूलाई उनीहरूको छिमेकी घरका सदस्यहरूले गर्ने पेसा र व्यवसाय बताउन लगाउने<br>• छिमेकी परिवारका सदस्यहरूले गर्ने मुख्य मुख्य पेसा र व्यवसायको नाम बताउन लगाउने र शिक्षकले आवश्यक सहयोग गर्ने | छिमेकी परिवारका सदस्यले गर्ने पेसा व्यवसाय बताउन लगाएर | २६ |
| | | • स्थानीय रूपमा लगाइने बेमौसमी बालीनाली (काक्रो, बोडी, रायो साग, टमाटर, मुला सिमी, भिन्डी, आलु आदि) को पहिचान गर्न | • स्थानीय रूपमा लगाइने बेमौसमी बालीनालीको पहिचान र सामान्य परिचय । | • सञ्चार सिप<br>• पहिचान सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• दृश्य साक्षरता सिप | • चित्र वा भिडियोको माध्यमबाट विभिन्न बेमौसमी बालीनालीको जानकारी दिने<br>• उल्लिखित विभिन्न बेमौसमी बालीनाली मध्ये आफ्नो घर वा समुदायमा खेती गरिने बेमौसमी बालीनाली पहिचान गर्न लगाउने<br>• वनगाड कुपिण्डे नगरपालिकाका विभिन्न स्थानमा खेती गरिने बेमौसमी बालीनालीहरू (काक्रो, बोडी, रायो | • बेमौसमी बालीनालीहरूको नाम बताउन लगाएर<br>• बेमौसमी बालीनालीको चित्र | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | साग, टमाटर, मुला, भिन्डी, आलु आदि) को जानकारी दिने<br>• विद्यार्थीहरूलाई बेमौसमी बाली खेती गरिएको ठाउँमा भ्रमण गराउने र अवलोकन गरिएका बालीनालीको पहिचान गर्न लगाउने | देखाउदै सोधपुछ गरेर | |
| | | • स्थानीय अन्नबाली (धान, वन्गारी जरन, मकै, गहुँ, जौ, कोदो, जनालो, माटे, कागुनु, फापर आदि) परिचय दिन | • हाम्रा स्थानीय अन्नबालीहरू | • सञ्चार सिप<br>• सिकाइ सिप | • वनगाड कुपिण्डे नगरपालिकामा खेती गरिने विभिन्न अन्नबालीहरू : धान, वन्गारी जरन, मकै, गहुँ, जौं, कोदो, जनालो, कागुनु, फापर आदि) चित्र वा भिडियोद्वारा देखाउने र तिनीहरूको परिचय दिन लगाउने<br>• ती अन्नबालीहरू मध्ये आफ्नो घर तथा छिमेकमा कुन कुन अन्नबालीहरूको खेती गरिएको छ ? बताउन लगाउने ।<br>• विद्यार्थीहरूलाई अन्नबाली खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती अन्नबालीहरूको परिचय दिने । | • अन्न बालीहरूको परिचय बताउन लगाएर<br>• अन्नबालीहरू र तिनीहरूको चित्र बीच जोडा मिलाउन लगाएर | |
| | | • स्थानीय तरकारीहरू (आलु, साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिन्डो, सिमी, भिन्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, इस्कुस आदि) को परिचय दिन | • हाम्रा स्थानीय तरकारीहरू | • सञ्चार सिप<br>• सूचना साक्षरता<br>• सिकाइ सिप | • विद्यार्थीहरूलाई घरमा खाने गरिएका तरकारीहरूको नाम बताउन लगाउने र तिनको महत्त्व बताउन लगाउने ।<br>• वनगाड कुपिण्डे नगरपालिकामा खेती गरिने विभिन्न तरकारीहरू (साग, बन्दा, काउली, टमाटर, गोलभेँडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिन्डो, सिमी, भिन्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, इस्कुस आदि) को चित्र वा भिडियो देखाउने र ती मध्ये कुन कुन तरकारीहरू खाने गरिएको छ ? बताउन लगाउने र तिनको परिचय दिन लगाउने<br>• विद्यार्थीहरूलाई विद्यालय नजिकै तरकारी खेती गरिएको स्थानमा लैजाने र तरकारीहरूको परिचय दिने | • तरकारीको नाम बताउन लगाएर<br>• तरकारीको परिचय दिन लगाएर<br>• विभिन्न तरकारीहरूको चित्र र तिनीहरूको नाम बीच जोडा मिलाउन लगाएर | |
| | | • स्थानीय फलफूलहरू (केरा, सुन्तला, कागती, ओखर, मेल, आरुबखडा, काफल, चोत्रा, आँप, नास्पाती, पलम, गुहेली, एँसेलु आदि) को परिचय दिन | • हाम्रा स्थानीय फलफूलहरू | • | • सर्वप्रथम विद्यार्थीहरूलाई हाम्रा गाउँघरमा उत्पादन हुने फलफूलहरूको नाम भन्नका लागि व्यक्तिगत रूपमा उत्प्रेरित गर्ने<br>• उनीहरूले भनेका र प्रस्तुत गरेका आधारमा केरा, सुन्तला, कागती, ओखर, मेल, आरु, आरुबखडा, काफल, चोत्रा, काफल, पलम, नास्पाती, गुहेली, एँसेलु आदिको नाम टिप्दै जाने<br>• माथि उल्लेख गरिएका फलफूलहरूको बारेमा परिचय दिने कार्यमा विद्यार्थीहरूले जानेका आधारमा क्रमश: सहजीकरण गर्दै जाने । आवश्यकता अनुसार वास्तविक | • स्थानीय फलफूलहरूको नाम भन्न लगाएर<br>• फलफूलको चित्र र नामको बीचमा जोडा मिलाउन लगाएर<br>• फलफूलहरूको नाम र फल्ने समय वा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | फलफूल र फलफूल उत्पादन हुने स्थलको समेत अवलोकन गराउने | मौसम बताउन लगाएर | |
| | | • हाम्रा स्थानीय उत्पादन बिक्री गर्ने बजारको नाम बताउन | • हाम्रा स्थानीय उत्पादनहरू बिक्री गर्ने बजार | • सिकाइ सिप<br>• सञ्चार सिप | • घरमा उत्पादन गरिएका वस्तुहरू बिक्री गर्ने स्थान बताउन लगाउने<br>• चित्र वा भिडियो वा भ्रमण गराएर उत्पादन गरिएका वस्तुको विक्री गर्ने ठाउँको बारेमा जानकारी दिने<br>• आफ्नो घर वा समुदायमा उत्पादन गरिएका वस्तुको विक्री कहाँ कहाँ गरिन्छ ? बताउन लगाउने | • घर तथा समुदायमा उत्पादन भएका वस्तुको विक्री गर्ने स्थान बताउन लगाएर<br>• उत्पादित वस्तुको विक्री गर्ने ठाउँ चिन्न लगाएर | |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • नाता सम्बन्धका मानिसहरूको आनीबानी बताउन<br>• असल र चरित्रवान् हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरूको वर्णन र अभ्यास गर्न | • नाता सम्बन्धका मानिसहरूको आनीवानी र स्वभावहरू<br>• असल र चरित्रवान् हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरू | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• अभ्यास सिप<br>• अवलोकन सिप<br>• अभिव्यक्ति सिप | • विद्यार्थीलाई नाता सम्बन्धका मानिसहरूको नाम र नाता सम्बन्ध भन्न लगाउने<br>• तिनीहरूमध्ये कसलाई बढी मन पराउनु हुन्छ र त्यसको कारण के हो भनेर सोध्ने<br>• साथी र चिनेका मानिसहरूका मन परेका र मन नपरेका आनीबानीहरूको सूची बनाउने | • नाता सम्बन्धका व्यक्तिहरूका नाम, नाता एवम् मन पर्ने बानी सोधेर<br>• कुनै पनि व्यक्ति मन पर्नु र मन नपर्नुको कारण सोधेर | २८ |
| | | | | | • हरेक विद्यार्थीलाई मानिसका मन पर्ने र मन नपर्ने आनीबानी सम्झन लगाउने<br>• हरेकलाई पालैपालो मानिसका मन पर्ने बानी र मन नपर्ने बानी बताउन लगाउने<br>• हरेकलाई कुनै बानी मन पर्नु र कुनै बानी मन नपर्नुको कारण पालैपालो भन्न लगाउने<br>• अरूलाई मन पर्ने आनीबानी र स्वभाव भएका मानिसहरूलाई असल र चरित्रवान् मानिस भनिन्छ भन्ने कुरा गर्दै असल मानिसहरूका जीवनी, कथा र चित्र र भिडियो प्रदर्शन गर्ने<br>• विद्यार्थीहरूलाई कुन कुन असल बानी गरिरहेका छौ र बाँकी कुन-कुन आनीबानी अबदेखि गर्ने भनेर विद्यार्थीहरूबाट प्रतिबद्धता समेत लिने<br>• उनीहरूको स्वभाव र आनीबानीको बारेमा अभिभावकसँग समेत भलाकुसारी गर्ने | • मन पर्ने आनीबानी बताउन लगाएर<br>• मन पर्नुको कारण सोधेर<br>• कस्तो मानिसलाई असल र चरित्रवान् भनिन्छ भन्ने सोधेर ।<br>• हिजोआज देखि अपनाएका असल बानीहरू बताउन लगाएर<br>• अभिभावकसँग विद्यार्थीहरूको आनीबानीको बारेमा सोधेर | |
| | | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्न | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• अभ्यास सिप<br>• प्रस्तुति सीप<br>• छनौट सीप, | • विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने ।<br>• विद्यार्थीहरूले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने र धन्यवाद दिने । | • जानेका वा मन पराएका गीतहरू भन्न लगाएर<br>• उनीहरूले मन पराउने गीत गाउन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्व-व्यवस्थापन सीप<br>• प्रयोग सीप | • मोबाइल, दुरदर्शन, ध्वनी बिस्तारक, सुसाङ्ख्य आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्ने ।<br>• गीत, सङ्गीत र नृत्यको प्रदर्शनसँगै विद्यार्थीहरूलाई पनि नक्कल र अभ्यास गर्न लगाउने । | एवम् उक्त गीत र सङ्गीतमा नाच्न लगाएर | |
| | | • घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरू मनाउँदा गर्न हुने र गर्न नहुने कुराहरूको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न | • घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्व मनाउँदा गर्न हुने र गर्न नहुने कामहरू | | • घर परिवार र गाउँटोलमा मनाइने उत्सव र चाडपर्वहरूको नाम भन्न लगाउने ।<br>• त्यस्ता उत्सव र चाडर्वहरूमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापहरूको बारेमा भन्न लगाउने ।<br>• त्यस्ता उत्सव र चाडपर्वमा हुने गरेका क्रियाकलापहरूमध्ये मन पर्नु र मन नपर्नुका कारणहरू भन्न लगाउने ।<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरूको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्ने । | • घरपरिवार र गाउँटोलमा मनाइने उत्सव र चाड पर्वको नाम सोधेर ।<br>• उत्सव र चाड पर्वका मनपर्ने कुरा भन्न र गर्न लगाएर<br>• विद्यार्थीको बारेमा अभिभावकलाई सोधेर | |
| | | • आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुसरण गर्न | • आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुसरण | | • विद्यार्थीहरूलाई अरूको जे आनीबानी र कुराले खुसी बनाउछ त्यो आनीबानी र कुरा भन्न लगाउने र त्यस्ता आनीबानी र कुराहरूको सूची बनाउने<br>• आफूलाई जे आनीबानी र कुराले खुसी बनाउँछ त्यो कुरा आफूले पनि अरूलाई पनि दिन सक्नु पर्दछ भन्दै विचार आदान प्रदान गर्न लगाउने<br>• खुसी हुँदै अरूका मन पर्ने कुराहरू आफूले समेत प्रयोग गरी आफू खुसी हुने र अरूलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धता समेत लिने | • मानिसका राम्रा आनीबानीहरू भन्न लगाएर<br>• राम्रा आनीबानी प्रयोग गर्न सके नसकेको बारेमा सोधेर एवम् अनुगमन गरेर<br>• व्यवहारहरूको अवलोकन गरेर | |
| | | • आसन र प्राणायामहरू (प्रणव ध्यान, भस्त्रिका प्राणायाम, सिंहासन, गरुडासन) को अभ्यास प्रस्तुत गर्न | • हाम्रा आसन र प्राणायामहरू | • प्रदर्शन सीप,<br>• सञ्चार सीप,<br>• विश्लेषण सीप,<br>• तार्किक सीप,<br>• प्रयोग सीप,<br>• स्वीकार्य सीप<br>• सहयोग सीप,<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप, | • विद्यार्थीहरूलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायाम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथ प्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने<br>• विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको नाम र महत्त्वको बारेमा बताउने | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर<br>• उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर | |
| | | • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न | • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्ति | | • विद्यार्थीहरूसँग हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूको उत्पादनलाई श्रमसँग जोड्ने किसिमले छलफल र विचार आदानप्रदान गर्ने | • हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूका नाम भन्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने चिजहरू हामीले खान र प्रयोग गर्न नपाउने वास्तविकतालाई उठान गर्दै उत्पादन र श्रमलाई सम्मान गर्ने बारेमा बताउने<br>• छलफललाई जीवन्त बनाउन आवश्यकता अनुसार कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने | • यी वस्तुहरू बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर ।<br>• आफूले गर्ने काम बताउन लगाएर | |
| | | • अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न | • अशक्त, ज्येष्ठ नागरिकप्रति सहयोग गर्ने बानीको अभ्यास | | • विद्यार्थीहरूले घरपरिवार र अन्यत्र देखेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा सोधपुछ गर्ने<br>• ती जेष्ठ नागरिक र अशक्त मानिसहरूसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने<br>• हामीले सहयोग गऱ्यौं भने भोली हामीलाई पनि समस्या पर्दा अरूले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने | • जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा प्रश्न सोधेर<br>• उनीहरूलाई सहयोग गर्नुपर्ने कारण सोधेर<br>• यस्तै अन्य प्रश्नहरू सोधेर | |
| | | • अल्पोषक (जङ्कफूड/मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरू बताउन | • अल्पोषक (जङ्कफूड/मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरूको जानकारी | | • अल्पोषक (जङ्कफूड/मृतप्राय खाना) खानाबाट अर्थात बजारमा पाइने तयारी खानाका बेफाइदा र घरमा बनाइने खानाहरूका फाइदाहरूका बारेमा विद्यार्थीहरूका समेत अनुभव र भोगाइहरूलाई समेटेर छलफल गर्ने<br>• आवश्यकता अनुसार यससम्बन्धी तस्बिर र भिडियोहरू प्रस्तुत गर्ने<br>• स्वास्थ्य सम्बन्धी काम गर्ने कर्मचारीलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • अल्पोषक (जङ्कफूड/मृतप्राय खाना) खानाबाट बेफाइदाहरूको बारेमा प्रश्न सोधेर<br>• घरमा बनाउने खानाका फाइदाहरूका बारेमा प्रश्नहरू सोधेर | |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको पहिचान गर्न | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको परिचय र महत्त्व | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• स्व-व्यवस्थापन सिप<br>• वातावरणप्रति को सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीहरूलाई स्थानीयस्तरमा देखेका वन्यजन्तु तथा चराहरूको नाम बताउन लगाउने<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा भएका वन्यजन्तु तथा चराहरूको बारेमा अवलोकन/चित्र/भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने<br>• विद्यार्थीको समूहमा एवम् अभिभावकसँग समेत छलफल गरी नगरपालिकाभित्रका वनमा रहेका वन्यजन्तु तथा चराहरूको सूची बनाइ प्रस्तुत गर्न विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा भएका वन्यजन्तु तथा चराहरूको नाम सोधेर<br>• वन्यजन्तु तथा चराहरूको सूची बनाउन लगाएर । | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय स्तरमा पाइने औषधिजन्य वनस्पतिहरू पहिचान गर्न ।<br>• करेसाबारी निर्माणमा सहभागी हुन ।<br>• विद्यालयमा बाल बगैँचा र वृक्षारोपणमा सहभागी हुन<br>• घर तथा विद्यालयमा भएका बोटविरुवा जोगाउने कार्यमा सहभागी हुन | • स्थानीय स्तरमा पाइने औषधिजन्य वनस्पतिहरूको पहिचान<br>• करेसाबारी निर्माणमा सहभागी<br>• विद्यालयमा बाल बगैँचा र वृक्षारोपणमा सहभागी<br>• घर तथा विद्यालयमा भएका बोटविरुवा जोगाउने कार्यमा सहभागिता | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्व-व्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • आफू बस्ने वडाका वनहरूको पहिचान गराउने<br>• स्थानीयस्तरमा पाइने औषधिजन्य वनस्पतिहरूको बारेमा चित्र, भिडियो, अवलोकनद्धारा पहिचान गराउने र तिनीहरूको उपयोगका बारे छलफल गराउने<br>• श्रव्यदृश्य वा चित्र वा अन्य सामग्रीको माध्यमबाट करेसाबारीमा परिचय दिने र यसको महत्त्व बताउने<br>• विद्यालयको करेसाबारी निर्माणमा विद्यार्थीहरूलाई सहभागी बनाउने<br>• विद्यार्थीहरूलाई विद्यालयमा बालबगैँचा निर्माणमा सहभागी गराउने<br>• विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षरोपणमा विद्यार्थीहरूलाई सहभगी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरूको बारेमा जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका वस्तुहरूको पहिचान गर्न लगाउने<br>• घर तथा विद्यालयमा भएका बोटाविरुवाहरूको महत्त्वको बारेमा जानकारी गराउदै विद्यार्थीहरुलाई घर र विद्यालयमा भएका बोटविरुवालाई जोगाउनु पर्ने कुरामा विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने ।<br>• बोटविरुवा जोगाउने कार्यमा विद्यार्थीहरु व्यवहारिक किसिमले सक्रिय भए नभएको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने । | • वडाका वनमा भएका औषधिजन्य वनस्पतिहरूको नाम सोधेर<br>• करेसाबारी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• विद्यालयको बालबगैँचा निर्माणमा सहयोग गरे नगरेको अवलोकन गरेर<br>• विद्यालयको वृक्षारोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• बोटविरुवाको संरक्षण कार्यमा विद्यार्थीहरुको व्यवहार अवलोकन गरेर | |
| | | • वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न | • वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय, उपयोग र आवश्यकता अनुसार प्रयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप | • वनगाड कुपिण्डनगरपालिका क्षेत्रभित्र रहेका पानीका स्रोतहरू पहिचान गर्न लगाउने<br>• भिडियोद्वारा पानीका स्रोतहरूको जानकारी दिने<br>• वनगाड कुपिण्डनगरपालिकाभित्र भएका पानीका स्रोतहरूको अवलोकन गराइ तिनीहरूको परिचय ( प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी)<br>• वनगाड कुपिण्डनगरपालिकाभित्र भएका पानीका स्रोतहरूको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरूलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• उपलब्ध पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने | • वनगाड कुपिण्डनगरपालिका भित्र भएका पानीका स्रोतहरू र उपयोग बताउन लगाएर ।<br>• पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• पानीको मितव्ययी किसिमले विभिन्न कार्यमा प्रयोग बारे अवलोकन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न | • वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• स्व-व्यवस्थापन सिप<br>• वातावरणप्रति को सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • घर, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण आदिको कारणले स्थानीयस्तरमा देखापरेका प्रदूषण ( जल, जमिन, ध्वनि, हावा) को अवस्थामा छलफल गराउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने/निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरहरूलाई सामान्यतया ठोस (कुहिने र नकुहिने), तरल र ग्याँस (हावा) गरी तीन समूहमा वर्गीकरण गर्न सकिने कुरा बताउने<br>• उल्लिखित विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरहरूलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा बताउने र व्यवस्थापनमा सहभागी गराउने | • स्थानीय स्तरमा वातावरण प्रदूषणको अवस्था बताउन लगाएर<br>• फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको बताउन लगाएर<br>• फाहोरमैलाको उचित तरिकाले विसर्जन, व्यवस्थापन गरे नगरेको अवलोकन गरेर | |
| ६ | **सामाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरूको बारेमा बताउन | • सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनको परिचय र यसबाट हुने हानीहरूको चर्चा | • सिकाइ सिप<br>• सञ्चार सीप<br>• स्व-व्यवस्थापन सिप | • चित्र एवम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान र लागुऔषध सेवनबाट हुने हानीहरूको बारेमा सहजीकरण गर्ने<br>• चित्र एवम् श्रव्यदृश्य सामग्रीमा भैरहेको घटनाहरूको व्याख्या गर्न लगाउने<br>• आफू र आफ्नो घरपरिवारमा यसप्रकारका पदार्थहरूको सेवनलाई निषेध गर्नका लागि आवश्यक उपायहरूको बारेमा सहजीकरण गरी व्यवहारमा समेत लागू गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने | • धुमपान, मध्यपान र लागुऔषध सेवनबाट हुने हानीको बारेमा सोधेर<br>• यस प्रकारका पदार्थको सेवनबाट विद्यार्थीहरूलाई बच्ने उपायहरूको बारेमा सोधेर | २५ |
| | | • हावाहुरी, चट्याङ्ग, बाढी, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदिबाट हुने बिपद्को पहिचान गरी परिचय दिन | • हावाहुरी, चट्याङ्ग, बाढी, आगलागी, पहिरो, सर्पदंशर जङगली जनावरको आक्रमण आदिबाट हुने बिपद्को पहिचान र परिचय | • सिकाइ सिप<br>• पहिचान सिप<br>• सञ्चार सिप<br>• अवलोकन सीप | • चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्रीका माध्यमबाट बिपद्हरू ( हावाहुरी, चट्याङ्ग, बाढी, आगलागी, पहिरो, सर्पदंश र जङगली जनावरको आक्रमण आदि) को पहिचान र परिचय गराउने<br>• चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्रीका माध्यमबाट भैरहेको घटना पालैपालो व्याख्या गर्न लगाउने र आवश्यक्ता अनुसार शिक्षकले थप सहयोग गर्ने ।<br>• शिक्षकले स्थानीय स्तरमा घट्ने बिपद्हरूको केही उदाहरण दिने र बाँकी विद्यार्थीलाई भन्न लगाउने र एक-आपसमा छलफल गर्न लगाउने | • बिपद्को चित्र र नामको जोडा मिलाउन लगाएर<br>• दुर्घटनाबाट बचेका विद्यार्थीहरूलाई अनुभव सुनाउन लगाएर | |
| | | • घरभित्र हुने जोखिमहरू (छत, भऱ्याङ, बरन्डा, | • घरभित्र हुने जोखिमहरू (छत, भऱ्याङ, बरन्डा, | • सिकाइ सिप<br>• सञ्चार सिप | • चित्रको माध्यमबाट त्यहाँ के भइरहेको छ ? चित्रमा के देखियो ?आदि जस्ता प्रश्नहरू सोधेर जोखिमहरू परिचय दिन अभिप्रेरित गर्ने | • चित्रको माध्यमबाट जोखिम पहिचान गराई उक्त | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | हातहतियार आदिको पहिचान र त्यस्ता जोखिमहरूबाट बच्ने उपायहरू बताउन र अनुसरण गर्न | हातहतियार आदिको पहिचान र त्यस्ता जोखिमहरूबाट बच्ने उपायहरू | • स्व-व्यवस्थापन सिप<br>• प्रयोग सीप | • घरभित्र जोखिम हुनसक्ने विभिन्न अवस्था वा स्थानको बारेमा छलफल गराउने<br>• चित्रमा भएको जस्तै अवस्था भयो भने तपाईंहरू के गर्नुहुन्छ भन्ने विषयमा छलफल गराउने<br>• ती स्थानहरूमा सुरक्षित रहनका लागि गरिने पूर्वसावधानीहरूको बारेमा छलफल गराउने<br>• घरमा हुँदा विभिन्न जोखिमरूबाट बच्ने उपाएहरू छलफल गराउने र शिक्षकले आवश्यकता अनुसार सहयोग गर्ने | जोखिमबाट बच्ने उपाय भन्न लगाएर | |
| | | • कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढी पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरू बताउन<br>• डढेलो नियन्त्रणका उपायहरु बताउन<br>• उपयुक्तताको आधारमा माथिका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • कक्षा कोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढी पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरू<br>• डढेलो नियन्त्रणका उपायहरु<br>• उपयुक्तताको आधारमा माथिका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप<br>• प्रयोग सिप<br>• अभिनय सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न बिपद्हरू (वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढी पहिरो र जङगली जनावरको आक्रमण) को चिनारी गराउने<br>• ति बिपद्हरूबाट हुने असरको बारेमा कथा सुनाउने वा छलफल गराउने<br>• उक्त बिपद्हरू हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी छलफल गराउने<br>• डढेलोले मानिस, जीवजन्तु र वातावरणलाई पुऱ्याउने असरको चर्चा गर्दै यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीहरूलाई वास्तविक घटना, फोटो र भिडियो मार्फत सहजीकरण गर्ने<br>• विद्यार्थीहरुलाई डढेलो नियन्त्रणमा अन्तरमनबाटै सरीक हुन अभिप्रेरित गर्ने<br>• शिक्षकले कथा वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने बिपद्हरूबाट बच्ने उपायहरू बताउने ती बिपद्हरूबाट बच्नका लागि कृत्रिम घटना अभ्यास गराउने ।<br>नोट :कुनै एउटा बिपद्को बारेमा माथिको प्रकृया सकेपछि अर्कोमा जाने | • विभिन्न बिपद्हरूको नाम र तिनीहरूबाट बच्ने उपायहरू बताउन लगाएर<br>• डढेलो नियन्त्रणका उपायहरु बताउन लगाएर<br>• डढेला नियन्त्रणमा सरीक भए नभएको अवलोकन गरेर<br>• डढेलो लगायतका विभिन्न विपद् र प्रकोपबाट जोगिनका लागि कृत्रिम घटना अभ्यासमा विद्यार्थीहरुले निर्वाह गरेको भूमिकाको अवलोकन र मूल्याङ्कन गरेर | |

## कक्षा ३

| क्र.स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको परिचय सहित नगर प्रमुख, उपप्रमुख र वडाध्यक्षका मुख्य कामहरू उल्लेख गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक अवस्थिति र हावापानी (वर्षा र हिउँद) को उल्लेख गर्न<br>• वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरू बताउन<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरूको सामान्य परिचय दिन<br>• हाम्रो नगरपालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरूको परिचय दिन<br>• कर्णाली प्रदेशको नक्सामा वनगाड कुपिण्डे पालिकाको पहिचान बताउन | • वनगाड कुपिण्डे नगरालिकाको परिचय (नगर प्रमुख, उपाप्रमुख र वडाध्यक्षका मुख्य कामहरू )<br>• वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक अवस्थिति र हावापानी (वर्षा र हिउँद)<br>• वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरू<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरूको सामान्य परिचय<br>• हाम्रो नगरपालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरू<br>• कर्णाली प्रदेशको नक्सामा वनगाड कुपिण्ड नगरपालिकाको पहिचान | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• पहिचान सिप<br>• स्वव्यवस्थापन सिप<br>• अवलोकन सिप<br>• व्यक्तिगत जिम्मेवारी बहन गर्ने सिप | • नक्सा वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट विद्यार्थीको पूर्वज्ञानलाई समेत उपयोग गर्दै वडा सङ्ख्या, जनसङ्ख्या, जातजाति, प्रमुख स्थलहरू सहित वनगाड कुपिण्डे नगरपालिकाको परिचय दिने<br>• वनगाड कुपिण्डे नगरपालिकाका नगर प्रमुख, उपप्रमुख र वडाध्यक्षले गर्ने प्रमुख कामको सम्बन्धमा कानुनको समेत आधार लिएर छलफल गर्ने<br>• यससम्बन्धमा नगरपालिकामा कार्यरत जानकार र आधिकारिक व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गर्ने<br>• भौगोलिक अवस्थिति र हावापानी (वर्षा र हिउँद) का बारेमा विद्यार्थीहरूको पूर्वज्ञान र अनुभवको आधारमा छलफललाई अघि बढाउने<br>• हिउँदमा हुने हावापानी र वर्षामा हुने हावापानीलाई चित्र र भिडियोको माध्यमबाट वनगाड कुपिण्डे नगरपीलिकाको भौगोलिक अवस्थितिको परिचय सहित वनगाड कुपिण्डेमा कुन कुन महिना हिउँद र कुन कुन महिना वर्षा याम हुन्छ ? त्यति बेला हावापानी कस्तो हुन्छ र त्यसबाट सुरक्षित रहन के गर्नुपर्छ भन्ने बारेमा विद्यार्थी र शिक्षकले छलफल गरी निष्कर्षमा पुग्ने<br>• वडा कार्यालयले बालबालिकाका निम्ति गर्ने मुख्य काम के हो भनेर छलफल गर्ने । यसका लागि स्रोतव्यक्तिका रूपमा नगरपालिकाकै बालबालिकासम्बन्धी काम गर्ने आधिकारिक व्यक्तिलाई अनुरोध गर्ने<br>• आफू बसिरहेको वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरूको नाम, ठेगाना र कतिसम्म अध्ययन अध्यापन हुन्छ भन्ने बारेमा तस्बिरसमेत प्रस्तुत गरेर सहजीकरण गर्ने । आवश्यकता अनुसार सम्बन्धित संस्थाको भ्रमण समेत गर्ने<br>• विद्यार्थीहरूको अनुभवको आधारमा वनगाड कुपिण्डेभित्र रहेका मुख्य बजार र प्रमुख सडकहरूको बारेमा छलफल गर्ने<br>• कर्णाली प्रदेशको नक्सामा वनगाड कुपिण्डेको अवस्थितिलाई पहिचान गर्न विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने । | • वनगाड कुपिण्डे नगरपालिकाको वडा सङ्ख्या, जनसङ्ख्या, जातजाति र प्रमुख स्थलहरूको बारेमा प्रश्न सोधेर<br>• नगर प्रमुख, उपाप्रमुख र वडाध्यक्षको कामको बारेमा सोधेर<br>• वनगाड कुपिण्डेमा कुन कुन महिना हिउँद र कुन कुन महिना वर्षा हुन्छ भन्ने सोधेर<br>• वनगाड कुपिण्डेमा वर्षा र हिउँदमा हुने हावापानीको बारेमा सोधेर ।<br>• वर्षा र हिउँदको प्रतिकूल मौसमबाट सुरक्षित रहने उपाय सोधेर<br>• बालबालिकाका निम्ति वडाले गर्ने कामहरू सोधेर<br>• आफ्नो वडामा भएका शैक्षिक संस्थाहरूको तस्बिर देखाएर शैक्षिक संस्थाको नाम सोधेर<br>• वनगाड कुपिण्डे नगरपालिकामा रहेका | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • प्रमुख बजार र सडकको नाम सोधेर ।<br>• कर्णाली प्रदेशको नक्सा देखाउदै वनगाड कुपिण्डे नगरपालिकाको अवस्थिति सोधेर | |
| २ | **हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू** | • वनगाड कुपिण्डेमा भएका पर्यटकीय स्थलहरू सहित वनगाड कुपिण्डको परिचय दिन<br>• वनगाड कुपिण्डेका जातजाति :बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी एवम् अल्पसंख्यक आदिको परिचय र विशेषता वताउन<br>• हाम्रो वनगाड कुपिण्डे नगरपालिकाभित्र नाचिने विभिन्न नाचहरू (देउसी भैलो, वनगारी, तीज, लहरे, खाडो नाँच, सरिङ्गे नाँच, हिउँपा भ्याउरे नाच आदि) को परिचय दिन<br>• हाम्रो भान्साका परिकार, (आँटो, | • वनगाड कुपिण्डमा भएका पर्यटकीय स्थलहरू सहित वनगाड कुपिण्डेको परिचय<br>• वनगाड कुपिण्डेका जातजाति (बाहुन, क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी एवम् अल्पसंख्यक ) को परिचय र विशेषता<br>• हाम्रो वनगाड कुपिण्ड नगरपालिकाभित्र नाचिने विभिन्न नाचहरू (देउसी भैलो, वनगारी, तीज, लहरे, खाडो नाँच, सरिङ्गे नाँच, हिउँपा नाच, भ्याउरे नाच आदि) को परिचय | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अनुकरण सिप<br>• पहिचानको सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरताको सिप<br>• व्यक्तिगत जिम्मेवारी बहन गर्ने सिप | • विद्यार्थीहरूलाई आफ्नो पालिकामा भएका विभिन्न पर्यटकीय स्थलहरू ( कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा ( माचखर्क,) मैदु पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), कम शाहीको भग्न दरबार (खैरागार) को नाम र परिचय भन्न लगाउने र उनीहरूले भनेका आधारमा सूची टिप्दै जाने<br>• चित्र एवम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट वनगाड कुपिण्डेका केही पर्यटकीय स्थलहरू प्रदर्शन गरेर यो कुन स्थल हो भनी विद्यार्थीहरूलाई सोध्ने<br>• विद्यार्थीहरूले भनेका र चित्र एवम् श्रव्य दृश्य सामग्रीका माध्यमबाट देखाइएका पर्यटकीय स्थलहरूको सूची बनाएर वनगाड कुपिण्डे नगरपालिका भएका पर्यटकीय स्थलहरू भनेर परिचय गराउने<br>• वनगार कुपिण्डे नगरपालिकामा बसोवास गर्ने विभिन्न जातजाति : बाहुन, क्षेत्री, ठकुरी, मगर, दशनामी, दलित, अल्पसंख्यक आदिको बारेमा विद्यार्थीहरूको पूर्वज्ञान र अनुभवका आधारमा छलफल गर्दै जातजातिको परिचय दिने, सूची बनाउने र जातजातिगत विशेषता बताउने ।<br>• कुनै नाचको तस्बिर देखाएर यो कुन नाच हो र हाम्रो पालिकामा कुन जातिले यो नाच नाच्ने गर्दछन् भनेर विद्यार्थीहरूसँग सोधपुछ र छलफल गर्ने<br>• वनगाड कुपिण्ड नगरपालिकामा नाचिने नाचहरू (देउसी भैलो, वनगारी, तीज, लहरे, खाडो नाँच, सरिङ्गे नाँच, हिउँपा नाच, झ्याउरे नाच आदि ) का नामको सूची बनाउन लगाउने र यी नाचहरू कतिबेला नाचिन्छ र कुन जातिले नाच्दछन् भनी सामान्य परिचय दिने | • आफ्नो नगरपालिकामा भएका पर्यटकीय स्थलहरूको नाम भन्न लगाएर<br>• तस्बिर देखाउदै यो कुन पर्यटकीय स्थल हो र यो कहाँ पर्छ भनी सोधेर<br>• विद्यार्थीहरूलाई वनगाड कुपिण्ड नगरपालिकामा बसोवास गर्ने विभिन्न जातजातिको सूती बनाउन लगाएर<br>• नगरपालिकामा बसोवास गर्ने जातजातिगत विशेषता सोधेर<br>• नगरपालिकाका अल्पसङ्ख्यक जातजातिको विवरण सोधेर<br>• नगरपालिकाभित्र नाचिने नाचहरूको नाम भन्न लगाएर ।<br>• तस्बिर देखाउदै यो कुन नाच हो र कति बेला कुन जातिले नाच्छन भनी सोधेर | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ढिँडो, गुन्द्रुक, बरी, पिरालु, गाभा, लटे पाप्रो, चाना, खाँदेको अचार, लारु, अर्सा, सेलरोटी, दाल भात, खिर, कुराउनी, खिर्चो, भुव्या रोटो, च्यात्र्या रोटो, सातु आदि) को महत्त्व र विशेषता बताउन<br>• हाम्रा स्थानीय सामग्री (डोको, डालो, सुपो, डोइलो, भकारी, खाप, खिच्य, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पन्यौ, कराइ, चौठो, भुत्या, खिच्या, थुन, ढकिया आदि) को परिचय र उपयोगिता बारे बताउन ।<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक कथा परिचय<br>• वनगाड कुपिण्डेमा प्रचलित बालगीत परिचय | • हाम्रो भान्साका परिकार (आँटो, ढिँडो, गुन्द्रुक, बरी, पिरालु, गाभा, लटे पाप्रो, चाना, खाँदेको अचार, लारु, अर्सा, सेलरोटी, दाल भात, खिर, कुराउनी, खिर्चो, भुव्या रोटो, च्यात्र्या रोटो, सातु आदि) को महत्त्व र विशेषता<br>• हाम्रा स्थानीय सामग्री (डोको, डालो, सुपो, डोइलो, भकारी, खाप, खिच्य, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पन्यौ, कराइ, चौठो, भुत्या, खिच्या,थुन, ढकिया आदि) को परिचय र उपयोगिता<br>• लोक कथाको परिचय<br>• बालगीतको परिचय | | • सहजकर्ताका रूपमा स्थानीय जानकार व्यक्तिलाई प्रयोग गर्न सकिने<br>• विद्यार्थीहरूको पूर्व ज्ञान र अनुभवको आधारमा हाम्रो भान्साका परिकारहरू :आँटो, ढिँडो, गुन्द्रुक, बरी, पिरालु, गाभा, लटे पाप्रो, चाना, खाँदेको अचार, लारु, अर्सा, सेलरोटी, दाल, भात, खिर, सातु, कुराउनी, खिर्चो, भुव्या रोटो आदिको महत्त्व र विशेषता र तयार गर्ने तरिकाको बारेमा सहजीकरण गर्ने र आवश्यकतानुसार यस सम्बन्धी जानकार व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिने ।<br>• वास्तविक वस्तु वा चित्रको माध्यमबाट हाम्रा स्थानीय सामग्री (डोको, डालो, सुपो, डोइलो, भकारी, खाप, खिच्य, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ चौठो, भुत्या थुन, ढकिया आदि) को परिचय गराइ उक्त सामग्रीहरूको प्रयोग र उपयोगिताको बारेमा सहजीकरण गर्ने<br>• वस्तुको नाम र यसले गर्ने कामको बारेमा विद्यार्थीहरूको बीचमा छलफल र अन्तरक्रिया गर्ने<br>• उल्लिखित स्थानीय सामग्रीहरूमध्ये आफ्नो घरमा भएका सामग्रीहरूको विद्यार्थीहरूलाई नाम भन्न लगाउने र ती बाहेक अन्य स्थानीय सामग्रीहरू पनि घरमा भए पनि सोको पनि नाम र परिचय दिन विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने<br>• विद्यार्थीहरुलाई लोक कथा सुन्नु भएको छ भनेर सोधपुछ गर्दै उनीहरुलाई सुनेको लोक कथा भन्न अभिप्ररित गर्ने<br>• लोक कथाको भनेको के हो भन्ने बारेमा विद्यार्थीहरुका समेत विचार लिएर लोककथाको सामान्य परिचय दिने<br>• शिक्षक र विद्यार्थीले समूहमा स्थानीय स्तरमा प्रचलित कुनै बालगीत गाउने र तत्पश्चात् बालगीतको सामान्य परिचय दिने<br>• विद्यार्थीहरुलाई गाउँटोलमा गएर स्थानीय तहमा भएका बालगीतहरुको सङ्कलन गर्नका लागि परियोजना कार्य दिने | • स्थानीय परिकारको तस्बिर हेरी नाम भन्न लगाएर<br>• परिकारको स्वाद र बनाउने तरिकाको बारेमा सोधेर<br>• विभिन्न स्थानीय परिकारहरूको सूची बनाउन लगाएर<br>• गाउँटोलमा पाइने स्थानीय सामग्रीको नाम र कामको बारेमा जोडा मिलाउन लगाएर<br>• कुनै स्थानीय सामग्रीको चित्र देखाउदै सोको नाम भन्न लगाएर ।<br>• यस्तै अन्य प्रश्नहरू सोधेर<br>• विभिन्न स्थानीय सामग्रीको सूची बनाउन लगाएर<br>• लोक कथा भन्न लगाएर<br>• लोककथा र बालगीतहरु सङ्कलन गरेको मूल्याङ्कन गरेर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| **३** | | • वनगाड कुपिण्डे नगरपालिकाका | • वनगाड कुपिण्ड नगरपालिकाका मानिसले गर्ने | • सञ्चार सिप<br>• सिकाइ सिप | • विद्यार्थीहरूलाई आफूले चिनेका र आफ्नो समुदायका मानिसले गर्ने पेसा व्यवसायको नाम बताउन लगाउने । | • वनगाड कुपिण्डे नगरपालिकाका मानिसले गर्ने पेसा र | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | मानिसले गर्ने पेसा, व्यवसायको सामान्य परिचय दिन | पेसा र व्यवसायहरू | | • वनगाड कुपिण्डे नगरपालिकामा बसोबास गर्ने मानिसले गर्ने विभिन्न पेसा व्यवसायहरूको चित्र वा भिडियाद्वारा प्रदर्शन गर्ने र ती पेसा व्यवसायहरूको परिचय दिने | व्यवसायहरू बताउन लगाएर | |
| | | • हाम्रा मसलाजन्य बाली (मेथी, टिमुर, प्याज, लसुन, धनिया, वेसार, अदुवा, पुदिना, तेजपात, सम्पु) को परिचय दिन | • हाम्रो पालिकामा हुने मसलाजन्य बालीहरू | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप | • विद्यार्थीहरूलाई आफ्नो घर तथा समुदायका मानिसले गर्ने मसलाजन्य बालीहरूको नाम बताउन लगाउने<br>• चित्र वा भिडियोद्वारा नगरपालिकाकाका मानिसले खेती गर्ने मसलाजन्य बालीनालीहरू (मेथी, टिमुर, प्याज, लसुन, धनिया, बेसार, अदुवा, पुदिना, तेजपात, सम्पू आदि) को परिचय दिने<br>• मसलाजन्य बालीनालीको खेती गरिएको ठाउँमा विद्यार्थीहरूलाई भ्रमण गराउने र अवलोकन गरिएका मसलाजन्य बालीनालीहरूको परिचय दिने | • मसलाजन्य बालीनालीको नाम बताउन लगाएर<br>• मसलाजन्य बालीनालीको नाम र तिनको चित्रको जोडा मिलाउन लगाएर | |
| | | • नगदे बालीहरू ( तोरी, मसुरो, अर्सी, तिल, मास, गहत, भटमास, माटे, केराउ आदि) को परिचय दिन | • हाम्रा नगदेबालीहरू | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप | • श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट वनगाड कुपिण्डे नगरपालिकामा खेती गरिने नगदेबालीहरू (तोरी, मसुरो, अर्सी, तिल, मास, गहत, माटे, भटमास आदि) को प्रदर्शन गर्ने<br>• उल्लिखित नगदे बालीहरू मध्ये आफ्नो घर तथा समुदायमा खेती गरिने नगदे बाली बताउन लगाउने<br>• विद्यालय नजिकै खेती गरिएका नगदे बालीहरूको अवलोकन गर्नको लागि भ्रमण गराउने र नगदे बालीहरूको परिचय दिने | • नगदे बालीहरूको नाम बताउन लगाएर<br>• नगदे बालीको चित्र र नाम बिच जोडा मिलाउन लगाएर | |
| | | • बेमौसमी तरकारीहरू (काक्रो, बोडी, रायो साग, सिमे साग, आलु टमाटर, मुला, भिन्डी आदि) को परिचय दिन | • हाम्रा बेमौसमी बालीहरू । | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप | • श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट वनगाड कुपिण्डे नगरपालिकामा खेती गरिन बेमौसमी तरकारीहरू (काक्रो, बोडी, रायो साग, सिमे साग, आलु टमाटर, मुला, भिन्डी आदि) को तस्बिर वा वास्तविक बाली देखाउने र तिनको परिचय दिने<br>• उल्लिखित बालीहरू मध्ये आफ्नो घर तथा समुदायमा खेती गरिने बेमौसमी तरकारीहरू बताउन लगाउने<br>• विद्यालय नजिकै खेती गरिएका बेमौसमी तरकारीको अवलोकन गराउने र जानकारी दिन लगाउने | • बेमौसमी तरकारीको नाम बताउन लगाएर<br>• बेमौसमी तरकारीको परिचय दिन लगाएर<br>• बेमौसमी तरकारीको चित्र र नामबिच जोडा मिलाउन लगाएर | |
| | | • परम्परागत स्थानीय प्रविधि (जाँतो, ढिक्की, कोल, घट्ट, ओखल आदि) को परिचय दिन | • हाम्रा परम्परागत स्थानीय प्रविधि र आधुनिक प्रविधिहरू | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• समस्या समाधान तथा निर्णय सिप<br>• तार्किक सिप | • विभिन्न परम्परागत स्थानीय प्रविधिहरू (जाँतो, ढिकी, कोल, घट्ट, ओखल आदिको प्रदर्शन गर्ने र ती प्रविधिहरूको परिचय दिने<br>• ती प्रविधिहरू मध्ये विद्यार्थीहरूलाई आआफ्नो घरमा भएका प्रविधिहरू बताउन लगाउने र तिनीहरूले के कसरी कार्य गर्दछन् ? बताउन लगाउने | • परम्परागत स्थानीय प्रविधिहरूको नाम र तिनले गर्ने काम बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • परम्परागत र आधुनिक प्रविधि (हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना गर्न | | | • परम्परागत प्रविधिको सट्टामा आजभोली प्रयोग गरिने आधुनिक प्रविधिहरू हलोको सट्टा ट्याक्टर, ढिकीजाँतोको सट्टा मिलको प्रयोग भएको बताउन लगाउने र शिक्षकले थप जानकारी दिने<br>• परम्परागत र आधुनिक प्रविधिबीच तुलना गर्न लगाउने र थप पृष्ठपोषण दिने | • पराम्परागत र आधुनिक प्रविधिबीच तुलना गर्न लगाएर | |
| | | • स्थानीय फलफूल र कन्दमूलः तरुल, गन्जी (सखरखण्ड), वन तरुल, गिठा, अमिलो, सुन्तला, काफल, नास्पति, पलम आदि को परिचय दिन | • हाम्रा स्थानीय फलफुलहरू । | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप | • वनगाड कुपिण्ड नगरपालिकामा खेती गरिने स्थानीय फलफूल र कन्दमूलः तरुल, गन्जी (सखरखण्ड), वन तरुल, गिठा, अमिलो, सुन्तला, काफल, नास्पति, पलम आदि तस्बिर वा वास्तविक बाली देखाउने र तिनको परिचय दिने<br>• उल्लिखित फलफूलहरूमध्ये आफ्नो घर तथा समुदायमा खेती गरिने उपलब्ध हुने वा उत्पादन गरिने फलफुलहरू बताउन लगाउने<br>• विद्यालय नजिकै खेती गरिएका फलफूलहरूको अवलोकन गराउने र जानकारी दिन लगाउने | • स्थानीय फलफूलको नाम बताउन लगाएर<br>• स्थानीय फलफूलको परिचय दिन लगाएर ।<br>• स्थानीय फलफूलको चित्र र नाम बीच जोडा मिलाउन लगाएर | • |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • साथी र समुदायका मानिसहरूको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको बखान र अभ्यास प्रस्तुत गर्न | • साथी र समुदायका मानिसहरूको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको विकास र अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीलाई नाता सम्बन्धका मानिसहरूको नाम र नाता सम्बन्ध भन्न लगाउने<br>• तिनीहरूमध्ये कसलाई बढी मन पराउनु हुन्छ र त्यसको कारण के हो भनेर सोध्ने<br>• नातासम्बन्धको हिसावले असल स्वभाव एवम् आचरणको हिसावले अब्बल मानिसहरूलाई आदर र सम्मान गर्नु पर्ने सन्दर्भलाई चित्रात्मक एवम् भिडियोको माध्यमबाट विषयवस्तु प्रस्तुत गर्नुका साथै कुनै एउटा विद्यार्थीको परिवारलाई उदाहरणको रूपमा प्रस्तुत गरेर सहजीकरण गर्ने | • नाता सम्बन्धका मानिसहरूका नाम, नाता एवम् मन पर्ने र मन नपर्ने आनीबानी सोधेर<br>• कुनै पनि मानिस मन पर्नु र नपर्नुको कारण सोधेर<br>• सम्मान र आदर ककसलाई गर्ने भन्ने विषयमा प्रशन सोधे | २८ |
| | | • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्न | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास<br>• हाम्रा उत्सव र चाडपर्व मनाउँदा गर्न हुने र गर्न नहुने कामहरू | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• प्रयोग सीप<br>• अभ्यास सिप<br>• प्रस्तुति सीप | • विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने<br>• विद्यार्थीहरूले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने र धन्यवाद दिने<br>• मोवाइल, दुरदर्शन, ध्वनिविस्तारक, सुसाङ्ख्य आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्ने<br>• गीत, सङ्गीत र नृत्यको प्रदर्शनसँगै विद्यार्थीहरूलाई पनि नक्कल र अभ्यास गर्न लगाउने | • जानेका वा मन पराएका गीतहरू गाउन लगाएर<br>• उनीहरूले मन पराउने गीत गाउन एवम् उक्त गीत र सङ्गीतमा नाच्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरू मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास प्रस्तुत गर्न | | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• प्रयोग सीप<br>• अभ्यास सिप<br>• प्रस्तुति सीप | • घर परिवार र गाउँटोलमा मनाइने उत्सव र चाडपर्वहरूको नाम भन्न लगाउने<br>• त्यस्ता उत्सव र चाडर्वहरूमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापहरूको बारेमा बताउन लगाउने<br>• त्यस्ता उत्सव र चाडपर्वमा हुने गरेका क्रियाकलापहरूमध्ये मन पर्नु र मन नपर्नुका कारणहरू भन्न लगाउने<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरूको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्ने | • उत्सव र चाडपर्वको नाम सोधेर<br>• त्यस्ता उत्सव र चाडपर्वमा उनीहरूलाई मन पर्ने क्रियाकलाप भन्न लगाएर<br>• विद्यार्थीको बारेमा अभिभावकलाई सोधेर | |
| | | • आफू खुसी हुनका लागि अरूलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्न | • आफू खुसी हुनका लागि अरूलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास | • सञ्चार सीप,<br>• छनौट सीप,<br>• स्वव्यवस्थापन सीप,<br>• प्रयोग सीप | • विद्यार्थीहरूलाई अरूको जे आनीबानी र कुराले खुसी बनाउँछ त्यो आनीबानी र कुरा भन्न लगाउने र त्यस्ता आनीबानी र कुराहरूको सूची बनाउने<br>• आफूलाई जे आनीबानी र कुराले खुसी बनाउँछ त्यो कुरा आफूले पनि अरूलाई पनि दिन सक्नु पर्दछ भन्दै विचार आदान प्रदान गर्न लगाउने<br>• खुसी हुँदै अरूका मन पर्ने कुराहरू आफूले समेत प्रयोग गरी आफू खुसी हुने र अरूलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धता समेत लिने | • मानिसका राम्रा आनबानीहरू भन्न लगाएर<br>• राम्रा आनीबानी प्रयोग गर्न सके नसकेको बारेमा सोधेर एवम् अनुगमन गरेर ।<br>• व्यवहारहरूको अवलोकन गरेर | |
| | | • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न | • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्ति । | • सञ्चार सीप,<br>• विश्लेषण सीप,<br>• तार्किक सीप,<br>• प्रयोग सीप,<br>• स्वीकार्य सीप<br>• सहानुभूति सिप | • विद्यार्थीहरूसँग हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूको उत्पादनलाई श्रमसँग जोड्ने किसिमले छलफल र विचार आदानप्रदान गर्ने<br>• कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने चिजहरू हामीले खान र प्रयोग गर्न नपाउने वास्तविकतालाई उठान गर्दै उत्पादन र श्रमलाई सम्मान गर्ने बारेमा बताउने<br>• छलफललाई जीवन्त बनाउन आवश्यकता अनुसार कथा, चित्र र भिडियो आदिको प्रयोग र प्रदर्शन गर्ने । | • हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरूका नाम भन्न लगाएर<br>• यी वस्तुहरू कसले बनाउछ भने सोधेर<br>• आफूले गर्ने काम बताउन लगाएर | |
| | | • ध्यान, प्राणायाम र आसन (प्रणव ध्यान, भस्त्रिका प्राणायाम, सिंहासन, ध्रुवासन, मयुरासन) को परिचय र अभ्यास प्रस्तुत गर्न | • आसन, ध्यान र प्राणायमहरू (प्रणव ध्यान, भस्त्रिका प्राणायाम, सिंहासन, ध्रुवासन, मयुरासन) को परिचय र अभ्यास | • सञ्चार सीप,<br>• प्रयोग सीप,<br>• प्रदर्शन सीप, | • विद्यार्थीहरूलाई प्रणव ध्यान, भस्त्रिका प्राणायाम, सिंहासन, ध्रुवासन, मयुरासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामु गरेर देखाउने<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायाम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथ प्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने<br>• विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको नाम र महत्त्वको बारेमा बताउने | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर<br>• उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न<br>• अल्पपोषक ( जङ्कफूड) (मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरूको बारेमा बताउन र सोको अनुशरण गर्न | • घरपरिवार र समाजका, अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रतिको सहयोग र सम्मान<br>• अल्पपोषक ( जङ्कफूड) (मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरूको जानकारी | • सञ्चार सीप,<br>• सहयोग सीप,<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप, | • विद्यार्थीहरूले घरपरिवार र अन्यत्र देखेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा सोधपुछ गर्ने ।<br>• ती जेष्ठनागरिक र अशक्त मानिसहरूसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने<br>• हामी पनि त्यो अवस्थामा हुन सक्छौं कि सक्दैनौं भनेर पनि सोधपुछ गर्ने<br>• हामीले सहयोग गर्‍यौं भने भोली हामीलाई पनि समस्या पर्दा अरूले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने | • विद्यार्थीहरूलाई जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर<br>• उनीहरूलाई सहयोग गर्नुपर्ने कारण सोधेर<br>• उनीहरूलाई विद्यार्थीले गरेको सहयोग बारे भन्न लगाएर | |
| | | | | • सञ्चार सीप,<br>• सहयोग सीप,<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप, | • अल्पपोषक (जङ्कफुड) खानाले हुने हानी र घरमा बनाइने खानाका फाइदाको बारेमा चित्र, फोटो, भिडियो आदिको माध्यमबाट सहजीकरण गर्ने<br>• विद्यार्थीका अनुभवहरूलाई समेत प्रस्तुतिका लागि अवसर प्रदान गर्ने<br>• स्थानीय स्तरमा उपलब्ध हुने जानकारी वा स्वास्थ्यका कर्मचारीलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • अल्पपोषक (जङ्कफुड) खानाबाट हुने हानीको बारेमा प्रश्न सोधेर<br>• घरमा तयार गरिने खानका फाइदाका बारेमा प्रश्न सोधेर | |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको परिचय र महत्व बताउन | • वनगाड कुपिण्डे नगरपालिका भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको परिचय र महत्व । | • सञ्चार सिप<br>• दृश्य साक्षरता | • आफूले देखेका वन्यजन्तु तथा चराहरूको नाम बताउन लगाउने<br>• वन्यजन्तु र चराहरूको चित्र देखाउदै उक्त वन्यजन्तु र चराहरूको बासस्थान, उपयुक्त हुने मौसम, खानेकुरा आदिको बारेमा समेत छलफल र सहजीकरण गर्ने ।<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्रका वन क्षेत्रमा हुने वन्यजन्तु तथा चराहरूको बारेमा अवलोकन/ चित्र/ भिडियो सामग्रीको माध्यमबाट पहिचान, परिचय र महत्वको बारेमा आवश्यक छलफल र सहजीकरण गर्ने | • वन्यजन्तु तथा चराहरूको परिचय दिन लगाएर<br>• वन्यजन्तु तथा चराहरूको तस्बिर र नामको बीचमा जोडा मिलाउन लगाएर<br>• स्थानीयस्तरमा भएका वन्यजन्तु तथा चराहरूको महत्व बताउन लगाएर । | २७ |
| | | • स्थानीय बोटबिरूवाहरूको परिचय दिन<br>• स्थानीय बोटबिरुवाको महत्व | • स्थानीय बोटबिरूवाहरूको परिचय<br>• स्थानीय बोटबिरुवाको | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरूको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण)<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरूको अवलोकन गराउने र तिनीहरूको सूची तयार गरी परिचय दिने/दिन लगाउने | • घर तथा विद्यालय वरपर भएका बोटबिरुवाहरूको नाम सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तथा उपयोग बताउन<br>• विद्यालयमा बगैँचाको आवश्यकता र महत्त्व बताउन<br>• घर र विद्यालयमा बालबगैँचाको निर्माणमा सहयोग र हेरचाह गर्न | महत्त्व तथा उपयोग<br>• विद्यालयमा बगैँचाको आवश्यकता र महत्त्व<br>• घर र विद्यालयमा बालबगैँचाको निर्माणमा सहयोग र हेरचाह | • वातावरणप्रति को सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • विद्यालयमा बालबगैँचा निर्माणको महत्त्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि)<br>• विद्यालयमा बालबगैँचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैँचा निर्माणमा सहभागी गराउने<br>• सम्भव भए सम्म घरमा बगैँचा निमाण गर्ने परियोजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने | • अवलोकन गरेका बोटबिरुवाहरूको नाम भन्न लगाएर<br>• विद्यालयको बगैँचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घरमा बगैँचा निर्माण गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर | |
| | | • घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न | • घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका र सदुपयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>प्रयोग सिप | • आफ्नो घर तथा घर वरपर भएका पानीका स्रोतहरू पहिचान गर्न लगाउने<br>• चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरूको जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरूको अवलोकन गराइ तिनीहरूको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, खोला, गार आदि)<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरूको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरूलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नु पर्ने कुराको जानकारी दिने | • स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको उपयोग बताउन लगाएर<br>• घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• पानीलाई आवश्यकतानुसार विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर | |
| | | • फोहोरमैला व्यवस्थापनको परिचय दिन ।<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी हुन<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न | • व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास ।<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन ( | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• स्व व्यवस्थापन सिप<br>• वातावरणप्रति को सजगता र सम्मान सिप | • व्यक्ति, घर परिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरूको रूपमा सरसफाइलाई परिचित गराउने<br>• सरसफाइ गर्दा प्रयोग गरिने व्यक्तिगत सामग्रीको हिफाजत गर्ने कुराको बारेमा छलफल गर्ने र नमुना अभ्यास गराउने<br>• घर, विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गर्न गर्ने कार्यहरू नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा बताउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोरहरू ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरहरूलाई व्यवस्थापन गर्नको लागि | • सरसफाइको परिचय दिन लगाएर<br>• व्यक्तिगत सामग्रीको हिफाजत गर्ने तरिका सोधेर<br>• व्यक्तिग सरसफाइको अवलोकन गरेर<br>• फोहोरमैला व्यवस्थापन गर्दा गर्नुपर्ने कुराहरू बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता हुन<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागिता हुन | कुहिने, नकुहिने र तरल)<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागिता | • वैयक्तिक जिम्मेवारी सिप | सही ठाउँमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरू अपनाउनुपर्ने कुराहरूमा छलफल गराउने<br>• घर, कक्षा कोठा, कक्षा कोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायस्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरू नलाग्ने जस्ता फाइदाहरू हुने कुरा बताउने र छलफल गराउने<br>• घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायहरूमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने र आफूले पनि सरसफाइमा सहभागी हुने<br>• घर वरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरू श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने | • फोहोरहरूलाई ठोस (कुहिने र नकुहिने) र तरलमा वर्गीकरण गर्न लगाएर<br>• फोहोरमैला व्यवस्थापनमा सहभागिताको अवलोकन गरेर<br>• घर वरपरको वातावरण सफा गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर<br>• विद्यालयको वातावरण सफा राख्ने कार्यमा सहभागिताको अवलोकन गरेर | |
| ६ | **सामाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवन, छोराछोरी बीचको भेदभावबाट हुने हानी र यसबाट बच्ने उपायहरूको बारेमा बताउन | • सामाजिक विकृति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवन, छोराछोरी बीचको भेदभावबाट हुने हानी र यसबाट बच्ने उपायहरू | • सिकाइ सिप<br>• सञ्चार सीप<br>• स्व-व्यवस्थापन सिप | • चित्र एवम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान र लागुऔषध सेवन र छोराछोरी बीचको भेदभावबाट हुने हानीहरूको बारेमा सहजीकरण गर्ने<br>• आफू र आफ्नो घरपरिवारमा यसप्रकारका विकृति र विसङगति हुन नदिनका लागि आवश्यक उपायहरूको बारेमा सहजीकरण गरी व्यवहारमा समेत लागू गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने<br>• आवश्यकता अनुसार अभिभावकलाई समेत यससम्बन्धी सहजीकरण गर्ने | • धुमपान, मध्यपान र लागुऔषध सेवन र छोराछोरीको बीचमा हुने भेदभावबाट हुने हानीको बारेमा सोधेर<br>• यस प्रकारका विसङ्गतिबाट बच्ने उपाय सोधेर | २५ |
| | | • बिपद्को परिचय दिन<br>• बिपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) बताउन<br>• विद्यालयभित्रको वस्तुबाट हुने जोखिमहरू जस्तै : | • बिपद्को परिचय<br>• बिपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अवलोकन सीप | • चित्र र पोष्टरका माध्यमबाट बिपद् पहिचान गर्न लगाउने ।<br>• चित्रमा भइरहेको घटना व्याख्या गर्न लगाइ बिपद्को परिचय दिने<br>• विद्याथीलाई हाम्रो वरपर घट्ने विभिन्न बिपद्हरूको बारेमा छलफल गर्न लगाई शिक्षकले पनि विभिन्न बिपद्हरूको बारेमा आफ्नो अनुभव सुनाउने<br>• अनुभव साटासाट गर्दा आएका बिपद्को सूची बनाउन लगाउने र प्राकृतिक र मानव सिर्जित बिपद् छुट्याउन लगाउने | • हाम्रो वरपर हुने बिपद्हरूको सूची बनाइ प्राकृतिक र मानव सिर्जित बिपद्हरू छुट्याउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छत, बिजुली, भऱ्याङ, चिप्लेटी, पिङ, गेट, झ्याल, ढोका, खेल साम्रगी, फर्निचर, शौचालय आदिबाट हुने जोखिमहरूको पहिचान गर्न<br>• विद्यालयभित्र हुने जोखिमबाट सावधानी अपनाउन<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन<br>• डढेलो नियन्त्रणका उपायहरु बताउन र सो कार्यमा विद्यार्थीको भूमिका निर्वाह गर्न<br>• उपयुक्तताको आधारमा माथि उल्लेख गरिएका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | | | • प्राकृतिक र मानव सिर्जित बिपद्का बारेमा विद्याथीलाई छलफल गर्न लगाउने र शिक्षकले सहयोग गर्ने | | |
| | | | • विद्यालयभित्रको वस्तुबाट हुने जोखिमहरू जस्तै छत, बिजुली, भऱ्याङ, चिप्लेटी, पिङ, गेट, झ्याल, ढोका, खेल साम्रगी, फर्निचर, शौचालय आदिको पहिचान र सावधानी | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्वव्यवस्थापन सिप<br>• प्रयोग सीप | • जोखिमका बारेमा चर्चा गर्दै विद्यालयभित्र हुनसक्ने विभिन्न जोखिमहरूको छलफल<br>• विद्यालय परिसर भ्रमण वा अवलोकन गरी विभिन्न जोखिमयुक्त स्थानहरू पहिचान गराउने र ती स्थानहरू जोखिमयुक्त हुनुको कारणबारे छलफल गर्ने/गराउने<br>• विद्यालयमा हुने सम्भाव्य जोखिमहरूको सूची बनाउन लगाउने<br>• विद्यालयमा हुने विभिन्न जोखिमहरूबाट बच्ने उपाय र अपनाउने सावधानीको विषयमा छलफल गर्न गराउने कार्यमा शिक्षकले सहजीकरण गर्ने | • विद्यालयमा हुने विभिन्न जोखिमहरूबाट बच्ने उपायहरूको तालिका बनाउन लगाएर | |
| | | | • भुकम्प र रोगको महामारी जस्तै कोभिड, झाडा पखाला, टाइफाइड आदिबाट सुरक्षा<br>• डढेलो नियन्त्रणका उपायहरु बताउन र सो कार्यमा विद्यार्थीको भूमिका निर्वाह<br>• उपयुक्तताको आधारमा माथि उल्लेख गरिएका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्वव्यवस्थापन सिप<br>• प्रयोग सिप<br>• वैयक्तिक जिम्मेवारी बोधको सिप<br>• वातावरण प्रतिको सजगता सिप<br>• अभिनय सिप | • श्रव्यदृश्य सामग्रीको माध्यमले भूकम्पको चिनारी गराउने र यससम्बन्धी अनुभव समेत आदानप्रदान गर्ने गराउने<br>• चित्रको माध्यमले भूकम्पबाट बच्ने उपायहरू बताउने र छलफल गराउने<br>• भूकम्पबाट हुने क्षति कम गर्नका लागि कृतिम घटना अभ्यास गराउने<br>• चित्र र श्रव्यदृश्य सामग्रीको माध्यमले महामारीको जानकारी दिने<br>• चित्र र श्रव्यदृश्य सामग्रीको माध्यमले विभिन्न महामारीबाट बच्ने उपायहरू बताउने<br>• महामारीका समयमा त्यसबाट बच्ने उपायहरू समूहमा छलफल गर्ने गराउने कार्यमा शिक्षकले सहजीकरण गर्ने<br>• वषेनी डढेलोले पुऱ्याउने क्षतिको बारेमा विद्यार्थीहरुसँग छलफल गर्दै डढेलोलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा अन्तरक्रियात्मक किसिमबाट सहजीकरण गर्ने<br>• विद्यार्थीहरुलाई डढेलोको कारण होइन कि डढेलो नियन्त्रणको साधन बन्नका लागि अभिप्रेरित गर्ने<br>• उनीहरुले डढेलो नियन्त्रणका लागि गरेका प्रयास र कार्यहरुका लागि धन्यवाद दिदै त्यस्ता कार्य गर्नका लागि अभिप्रेरित गर्ने । | • भूकम्पबाट बच्ने उपायहरू बताउन लगाएर<br>• विभिन्न महामारीबाट सुरक्षित हुने उपायहरू बताउन लगाएर<br>• डढेलोबाट वर्षेनी हुने क्षतिको विवरण सोधेर<br>• डढेलो नियन्त्रणका उपायहरु बताउन लगाएर<br>• डढेलो नियन्त्रणमा सहभागी भए नभएको अवलोकन र मूल्याङ्कन गरेर | |

## कक्षा ४

| क्र.स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको नामाकरण, यसको भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल बताउन<br>• स्थानीय तहको वडा मेलमिलाप समिति र न्यायिक समितिले सम्पादन गर्ने कार्यहरू बताउन<br>• आफ्नो वडाभित्र बसोवास गर्ने जातजातिहरूको सूची सहित जनसङ्ख्या बताउन<br>• हाम्रो वडाबाट प्रवाह हुने मुख्य मुख्य कामहरू र प्रदान गरिने सेवाहरू बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाको क्षेत्रभित्र बग्ने भेरी नदी लगायत विभिन्न खोलानालाहरुको परिचय दिन र नामाकरण बारे बताउन | • वनगाड कुपिण्ड नगरपालिकाको नामाकरण, यसको भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल<br>• स्थानीय तहको वडा मेलमिलाप समिति र न्यायिक समितिले सम्पादन गर्ने कार्यहरू<br>• आफ्नो वडाभित्र बसोवास गर्ने जातजातिगत विवरण र जनसङ्ख्या ।<br>• हाम्रो वडाबाट प्रवाह हुने मुख्य काम र प्रदान गरिने सेवाहरू<br>• वनगाड कुपिण्डे नगरपालिकाको क्षेत्रभित्र बग्ने भेरी नदी लगायत विभिन्न खोलानालाहरुको परिचय र नामाकरण | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• पहिचान सिप<br>• दृश्य साक्षता सिप | • वनगाड कुपिण्डे नगरपालिकाको नाम वनगाड कुपिण्डे रहनुका कारण बारे छलफल गर्ने र विभिन्न किम्बदन्ती, भनाइ र तथ्यका आधारमा नामाकरणको पुष्टि गर्ने । यसका लागि विद्यार्थीहरूका भनाइलाई समेत सम्मान गर्ने<br>• वनगाड कुपिण्ड नगरपालिकाको नक्सा देखाएर तपाईंको गाउँबस्ती कहाँनेर पर्दछ र तपाईंहरूको आफन्त र मन पर्ने साथीहरूको गाउँबस्ती कहाँ पर्दछ भनेर सङ्केत गर्दै भन्न लगाउने<br>• तत्पश्चात् वनगाड कुपिण्डे नगरपालिकाको नक्सा देखाउँदै शिक्षकले यस नगरपालिकाको अवस्थिति र यसका सिमानामा भएका जिल्ला र पालिकाहरूको नाम बताउने ।<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सा देखाउदै यसको क्षेत्रफल बताउने<br>• स्थानीय तहको वडा मेलमिलाप समिति र न्यायिक समितिले सम्पादन गर्ने कार्यहरूका बारेमा कक्षामा छलफल गर्ने । यस सम्बन्धमा नगरपालिकाका सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• विद्यार्थीहरूलाई आफ्नो विद्यालय अवस्थित रहेको वडाको अवस्थिति, यसको सिमानाका वडा र बस्तीहरू, जातजाती एवम् जनसङ्ख्या समेतको बारेमा विद्यार्थीहरूलाई सहजीकरण गर्ने ।<br>• नगरपालिकाको वडा कार्यालयबाट सम्पादन हुने काम र प्रदान गरिने सेवाको प्रक्रियाको बारेमा छलफल गर्दै सूचीको माध्यमबाट प्रस्तुत गर्ने<br>• यस सम्बन्धी सहजीकरणका लागि वडा कार्यालयबाट जिम्मेवार पदाधिकारीलाई आमन्त्रण गर्ने ।<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्र बग्ने भेरी नदी, वनगाड खोला, संग्रही खोला, बागे खोला, कुपिण्डे खोला, भलाखर्क खोला, भदाले खोला, दुरुम खोला, स्वारा खोला, खेतगारा खोला, घट्टे खोला, धारापानी खोला, छहरा आदिका परिचय र नामाकरणका बारे विद्यार्थीहरुलाई समुहमा विभाजन गरी छलफल गर्ने गारउने<br>• विद्यार्थीहरुले समूहमा गरेको प्रस्तुतिका निम्ति धन्यवाद दिदै आवश्यकता अनुसार थप स्पष्टताका लागि सहजीकरण गर्ने<br>• अझै थप जानकारीका लागि विद्यार्थीहरुलाई प्रत्यक्ष अवलोकनका लागि परियोजना कायएका लागि अवसर दिने । | • वनगाड कुपिण्डेको नामाकरण बारे प्रश्न सोधेर<br>• वनगाड कुपिण्डे नगरपालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने स्थानहरू सोधेर<br>• आफू बसेको गाउँको नामाकरण बारे प्रश्न सोधेर<br>• वनगाड कुपिण्डे नगरपालिकाको कुल क्षेत्रफल सोधेर<br>• स्थानीय न्यायपालिकाले गर्ने कामहरू सोधेर<br>• तपाईंको वडामा बस्ने प्रमुख जातजाति कुन कुन हुन् भनी सोधेर<br>• वडा कार्यालयबाट सम्पादन हुने काम र प्रवाह हुने सेवाको बारेमा सोधेर<br>• भेरी नदी र विभिन्न खोलानालाहरुको परिचय, अवस्थिति र नामाकरणका बारेमा सोधेर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू** | • हाम्रो प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गार, खोला, ताल, पोखरीको परिचय र महत्त्व बताउन<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, नहर, धारा, कुवा, आदिको परिचय र महत्त्व बताउन<br>• वनगाड कुपिण्डेका मेला, जात्रा, चाडपर्वहरू: र स्थानीय लोकगीतको परिचय दिन<br>• आफ्नो वडामा असल काम गर्ने प्रेरणादायी व्यक्तिहरूको परिचय दिन | • हाम्रो प्राकृतिक सम्पदा (जमिन, वनजङगल, गाड, खोला, ताल, पोखरीको परिचय र महत्त्व<br>• मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, नहर, कुवा आदिको परिचय र महत्त्व<br>• वनगाड कुपिण्डेका मेला, जात्रा, चाडपर्वहरू: र स्थानीय लोकगीतको परिचय ।<br>• आफ्नो वडामा असल काम गर्ने प्रेरणादायी | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप<br>• स्वीकार्य सिप<br>• पहिचान सिप | • हामीलाई जमिन, वनजङ्गल, खोलानाला, तालपोखरी, नदीले के दिन्छ भनेर विद्यार्थीहरूलाई सोध्ने र उनीहरूले भनेका आधारमा जमिन, वनजङ्गल, खोलानाला, तालपोखरी र नदीको महत्त्व र फाइदाको बारेमा सूची बनाउने<br>• सामुदायिक वनको संरक्षणको महत्वको बारेमा वन उपभोक्ता समितिका पदाधिकारीलाई नै आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• यसरी नै मानव निर्मित सम्पदा (मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, कुलो, चौतारा, धारा, कुवा आदि) को परिचय र महत्त्वका बारेमा विद्यार्थीहरूको अनुभव र पूर्वज्ञानको आधारमा छलफल गर्ने<br>• यसरी छलफलबाट आएका बुँदाहरूलाई समेटेर मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, कुलो, चौतारा, धारा, कुवा, आदिको महत्त्वको बारेमा विद्यार्थीहरूको समूह बनाइ सूची तयार गर्न लगाउने ।<br>• वनगाड कुपिण्डेका विभिन्न चाडपर्वहरू जस्तै- दसैं, तिहार, तीज, माघे संक्रान्ति, चैते दसैं, असारे संक्रान्ति, जनै पूर्णिमा, घियाँत्यार, शिवरात्री, कृष्ण जन्माष्टमी, होली, हरेलो, भो फाल्ने, क्रिसमस डे, पुन्या खाजा खाने, नयाँ वर्ष, आमाको मुख हेर्ने, बुबाको मुख हेर्ने, पुस पन्ध, बार भदौ, कुसे औँसी आदिको बारेमा विद्यार्थीहरुसँग भएको पूर्व जानकारीलाई समेत उपयोग गर्दै सहजीकरण गर्ने<br>• माथि उल्लिखित मेला र चाडपर्वहरुको परिचय दिने क्रममा उक्त चाडपर्वहरू मनाउँदा लगाउने पहिरन, चाडपर्व मनाउने जातजाति, चाडपर्वमा गरिने क्रियाकलाप आदिलाई अनुभव, छाँया (फोटो) र भिडियोहरूको माध्यमबाट सहजीकरण गर्ने<br>• आवश्यकता अनुसार सम्बन्धित चाडपर्वका जानकार व्यक्तिहरूलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• स्थानीय लोकगीतहरू जस्तै -तीज गीत, भजन, ठारी भाका, वन्गारी, सैरेली, फाग, हिउँपा, तेर्छि भाका, चुट्कीला, कलशाको धमारी, जङ्गबहादुको कर्खा, नवल सिं वानियाँको कर्खा, बाल गीत, भ्कारी, सोरठी, भ्काप्रे गीत, खेती, लोक मन्त्र, घाउटा, भात बाध्ने आदिको परिचय दिने क्रममा तस्बिर र भिडियो देखाइ सहजीकरण गर्ने<br>• आवश्यकता अनुसार सम्बन्धित लोकगीतका जानकार व्यक्तिहरूलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• विद्यार्थीलाई आफूले सुनेका वनगारी गीत गाउन लगाउने ।<br>• कस्ता कस्ता गाउँखाने कथा सुन्नु भएको छ भनेर विद्यार्थीसँग छलफल गर्ने | • जमिन, वनजङ्गल, गार, खोला, ताल, पोखरी आदिबाट मानिसलाई हुने फाइदा सोधेर<br>• मानव निर्मित सम्पदाको महत्त्वको बारेमा प्रश्न सोधेर<br>• मन्दिर र विद्यालयले मानिसलाई दिने फाइदाको बारेमा सोधेर<br>• मानिसले चाडपर्व किन मनाउछ भन्ने सोधेर<br>• चाडपर्वको सूची बनाउन लगाएर ।<br>• चाडपर्वको तस्बिर र नामको बीचमा जोडा मिलाउन लगाएर<br>• लोकभाकाको गीत सुनाउदै यो लोकगीतको नाम के हो भनी सोधेर<br>• लोकगीत गाउन लगाएर ।<br>• आफ्नो गाउँबस्ती र वडामा भएका असल मानिसहरूको नाम सोधेर । | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • लोक कथा सुनेर महत्त्व बताउन<br>• गाउँखाने कथा सङ्कलन गरी सुनाउन | व्यक्तिहरूको परिचय ।<br>• लोक कथाको सुनेर महत्त्व बताउन<br>• गाउँखाने कथा सङ्कलन गरी सुनाउन | | • विद्यार्थीलाई आफूले सुनेका गाउँखाने कथा भन्न लगाउने ।<br>• अभिभावकको सहयोगले विद्यार्थीहरूलाई आफ्नो गाउँबस्ती र वडामा असल काम गरेर सबैले मन पराउने र सम्मान गर्ने व्यक्तिको नाम सङ्कलन गर्न लगाई कक्षामा छलफल गर्ने<br>• विद्यार्थीहरूले गरेको यो कार्यका निम्ति उनीहरूलाई धन्यवाद दिँदै विद्यार्थीहरूले दिएको सूचीको आधारमा विद्यालय रहेको वडामा असल काम गर्ने व्यक्तिहरूको सूची बनाइ परिचय दिने<br>• कस्ता कस्ता लोक कथा सुन्नु भएको छ भनेर विद्यार्थीसँग छलफल गर्ने<br>• विद्यार्थीलाई आफूले सुनेका लोक कथा भन्न लगाउने<br>• त्यस कथाको महत्त्व बुझाउन शिक्षकले सहजीकरण गरिदिने<br>• कस्ता कस्ता गाउँखाने कथा सुन्नु भएको छ भनेर विद्यार्थीसँग छलफल गर्ने | • लोक कथा भन्न लगाउने ।<br>• गाउँखाने कथा सोध्न लगाउने<br>• गाउँखाने कथा भन्न लगाउने<br>• गाउँ खााने कथा, लोक कथा आदिको सङ्कलन गर्न लगाएर । | |
| ३ | **हाम्रो पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन,अदुवा, प्याज, बेसार, गन्जी ( सखरखण्ड), बदाम, धनिया मकै, धान, कोदो खेतीमा सहयोग गर्न | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, मकै, धान, गहुँ, प्याज, बेसार, सखरखण्ड, बदाम, धनिया खेतीमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहयोग सिप<br>• सहकार्य सिप | • विद्यार्थीहरूलाई आफ्नो घर, समुदाय वा विद्यालयमा खेती गरिने वस्तुहरूको नाम बताउन लगाउने<br>• नगरपालिकाभित्रका विभिन्न स्थानमा सबै भन्दा धेरै खेती गरिने बालीनालीहरू जस्तै : लसुन, प्याज, बेसार, गन्जी (सखरखण्ड), बदाम, मकै, कोदो, धान, गहुँ आदिको जानकारी चित्र, भिडियोद्वारा देखाउने<br>• विद्यार्थीहरूलाई उक्त खेती गरिएको ठाउँमा भ्रमण गराउने र खेती गर्ने तरिकाको जानकारी दिन लगाउने ।<br>• आफ्नो घर, समुदाय वा विद्यालयमा खेती गरिने लसुन, बेसार, गन्जी (सखरखण्ड), बदाम, धान, मकै, गहुँ, अदुवा खेतीमा सहयोग गर्न लगाउने<br>• कुनै खेतीको बीउ रोपेको कति दिनमा बिरुवा उम्रिन्छ र बिरुवा उम्रेको कति दिनमा खान योग्य हुन्छ भन्ने कुराको अभिलेखन गर्न परियोजना कार्य दिने । | • आफ्नो घरमा खेती गरिने बालीनालीको जानकारी दिन लगाएर<br>• उक्त बालीनालीको खेती कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | २१ |
| | | • स्थानीय स्तरमा उत्पादित वस्तुहरू : परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, खाप, कोर्को, स्याकु, ढकिया | • हाम्रा स्थानीय स्तरमा उत्पादित वस्तुहरूको परिचय | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• सहयोग सिप<br>• सहकार्य सिप | • विद्यार्थीहरूलाई आफ्नोआफ्नो घर तथा समुदायस्तरमा उत्पादन हुने वस्तुहरूको जानकारी दिन लगाउने<br>• वास्तविक वस्तु वा चित्र वा भिडियोको माध्यमबाट नगरपालिका क्षेत्रमा उत्पादन हुने हस्तनिर्मित सामग्रीहरू : परालको गुन्द्री, चकटी, डोको, सुपो, हँसिया, बाबियोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, खाप, ढकिया कोर्को, स्याकु, ओखल, मुसल आदिको को परिचय दिने<br>• उल्लिखित वस्तुहरूको प्रयोग के के कार्यका लागि गरिन्छ ? बताउन लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण दिने | • आफ्नो घर तथा समुदायमा उत्पादन हुने वस्तुहरूको नाम बताउन लगाएर<br>• ती वस्तुहरूको परिचय दिन लगाएर<br>• पालिकाअन्तर्गत उत्पादित | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ओखल, मुसल आदिको परिचय दिन | | | • विद्यार्थीहरूलाई उल्लिखित वस्तुहरू उत्पादन हुने स्थानमा भ्रमण गराउने वा उत्पादन गर्ने व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गरी सहजीकरण गर्न अनुरोध गर्ने<br>• उल्लिखित कुनै एउटा वस्तुको निर्माण गर्ने तरिकाको अवलोकन गरी प्रतिवेदन तयार गर्ने परियोजना कार्य दिने | वस्तुहरूको परिचय दिन लगाएर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| | | • परम्परागत कृषि औजारहरू: हलो, जुवा, फरुवा, लिर्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्त्व बताउन | • हाम्रा परम्परागत कृषि औजारहरूको चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्त्व | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप | • आफ्नो घर वा समुदायमा परम्परागत रूपमा कृषिमा प्रयोग गरिने औजारहरूको बारेमा जानकारी दिन लगाउने<br>• वनगाड कुपिण्डे नगरपालिका अन्तर्गतका विभिन्न गाउँबस्तीमा प्रयोग गरिने परम्परागत कृषि औजारहरू : हलो, जुवा, फरुवा, लिर्को, कुटो, कोदाली, बन्चरो, खुकुरी आदिको परिचय, प्रयोग र महत्त्व बताउने<br>• विद्यार्थीहरूलाई भ्रमण गराइ उल्लिखित औजारको परिचय, काम र महत्त्व बताउन लगाउने<br>• सम्बन्धित विषय वा क्षेत्रको स्थानीय जानकारलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • परम्परागत औजारहरू सम्बन्धी विभिन्न प्रश्नहरू सोधेर<br>• परम्परागत औजार र तिनको कार्य वा महत्त्व बीच जोडा मिलाउन लगाएर | |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • समाज र राष्ट्रका असल मानिसहरूले गरेका असल कार्यहरूको चर्चा एवम् अनुसरण गर्न<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको पहिचान, अभ्यास र प्रस्तुतिकरण गर्न | • समाज र राष्ट्रका असल मानिसहरूले गरेका असल कार्यहरूको चर्चा एवम् अनुसरण<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको पहिचान, अभ्यास र प्रस्तुतिकरण | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• अभ्यास सिप<br>• प्रयोग सीप<br>• प्रस्तुति सिप<br>• छनौट सिप,<br>• स्वव्यवस्थापन सिप,<br>• प्रदर्शन सिप,<br>• स्वीकार्य सिप<br>• सहयोग सिप, | • व्यक्तिगत हित र स्वार्थ भन्दा समाज र राष्ट्रको हितलाई माथि राखी काम गर्ने असल मानवहरूको पाठ्यपुस्तकमा समावेश गरिएका जीवनीहरूको अध्ययन गरी उनीहरूले गरेका असल कामको चर्चा गर्ने । आवश्यकता अनुसार पाठ्यपुस्तकका अतिरिक्त जीवनी, युटुव, भिडियो, मोबाइल एप्स र अन्य प्रेरक प्रसङ्ग र व्यक्तित्वहरूको समेत चर्चा र प्रयोग गर्ने<br>• उनीहरूले गरेका असल कामको कारण हामीलाई भएको फाइदाको बारेमा छलफल गर्ने<br>• विद्यार्थीसँग सहकार्य गर्दै विभिन्न स्रोत र माध्यमहरूको प्रयोग गर्दै समाजको असल नागरिक हुन आवश्यक पर्ने असल सिप र स्वभावको सूची बनाउने र सोको चर्चा गर्ने<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरू : बोलेको कुरा पूरा गर्ने, झुटो नबोल्ने अरूको दुख र पीडामा सहयोग गर्ने, समाजको कामको लागि मरिमेट्ने, राम्रो आचरण भएको, उसको आनीबानीको अनुशरण गरेमा अरू समेत असल हुने आदि जस्ता स्वभावहरूको चर्चा गर्ने<br>• त्यस्ता आचरण र स्वभावहरू आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने | • समाज र राष्ट्रका लागि कस्ता मानिस असल हुन् भन्ने सोधेर ।<br>• केही त्यस्ता मानिसहरूको नाम लिएर उनीहरूले गरेका काम सोधेर ।<br>• उनीहरूले गरेका के के काम तपाईं गर्न सक्नु हुन्छ भन्ने सोधेर<br>• समाजका असल नागरिकको हुनु पर्ने स्वभावहरूको सूची बनाउन लगाएर ।<br>• विद्यार्थीहरूमा भएका असल स्वभावको अवलोकन गरेर | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्न<br>• गाउँटोल र समाजमा उत्सव र चाडपर्वहरू मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय दिई अभ्यास गर्न<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरूलाई आफ्नो जीवनमा अनुशरण गर्न | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र अभ्यास<br>• गाउँटोल र समाजमा उत्सव र चाडपर्वहरू मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास ।<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान, प्रसंशा र जीवनमा अनुशरण । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• अभ्यास सिप<br>• प्रयोग सीप<br>• प्रस्तुति सिप<br>• छनौट सिप,<br>• स्वव्यवस्थापन सिप,<br>• प्रदर्शन सिप,<br>• स्वीकार्य सिप<br>• सहयोग सिप, | • विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने<br>• मोबाइल, दुरदर्शन, ध्वनी विस्तारक, सुसाङ्ख्य आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्दै प्रेरित गर्ने<br>• गाउँटोल र समाजमा मनाइने उत्सव र चाडपर्वहरूमा हुने गरेका राम्रा एवम् मन पर्ने र नराम्रा एवम् मन नपर्ने क्रियाकलापहरूको बारेमा बताउन लगाउने<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका राम्रा क्रियाकलापहरूको अनुसरण गर्ने सम्बन्धमा छलफल गर्ने ।<br>• राम्रा क्रियाकलापहरूलाई समेटेर उत्सव एवम् चाडपर्वहरू मनाउँदा ध्यान दिनु पर्ने कुराहरूको बारेमा विद्यार्थीहरूलाई सचेत र सावधान हुनका लागि अभिप्ररित गर्ने<br>• विभिन्न दृष्टान्तहरू प्रस्तुत गरेर अरूलाई खुसी बनाउन सकियो भने अन्तत त्यसले आफूलाई पनि खुसी हुन सहयोग गर्ने कुराका बारेमा छलफल गर्ने<br>• घरपरिवारका सदस्य, साथी लगायत अन्य मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिलाई किटान गरी राम्रा कुरा भन्न लगाउने<br>• उसँग भएका नराम्रा कुराहरू पनि पनि भन्न लगाउने<br>• राम्रा कुरा सम्झिदा र नराम्रा कुरा सम्झिदा कस्तो भयो भनेर सोध्दै फरक अनुभूति बताउनका लागि अवसर दिने<br>• विद्यार्थीहरूका अनुभूतिहरूलाई समेट्दै राम्रा कुराहरूलाई पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुसी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने<br>• हरेक बिहान बिउझदा राम्रा कुराहरू सम्झदै बिउझने र सोको टिपोट गरेर ल्याउन भन्ने | • विद्यार्थीहरूलाई उनीहरूले जानेका वा मन पराएका गीतहरू भन्न र गाउन लगाएर ।<br>• मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर<br>• गीत र सङ्गीत सिर्जना गर्न लगाएर<br>• उत्सव र चाडपर्वमा उनीहरूलाई मन पर्ने र मन नपर्ने कुरा सोधेर<br>• उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनु पर्ने कुराहरू सोधेर<br>• खुसी कसरी हुन सकिन्छ भनेर विभिन्न प्रश्नहरू सोधेर<br>• कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर ।<br>• राम्रा कुरा र नराम्रा कुरा सम्झिदाका अनुभूतिहरू बताउन लगाएर<br>• हरेक बिहान परिकल्पना गरेका राम्रा कुरा लेखेको निरीक्षण गरेर | |
| | | • योग र ध्यान ( प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम | • योग र ध्यान ( प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम | • सञ्चार सिप<br>• सिकाइ सिप | • विद्यार्थीहरूलाई प्रणव ध्यान, भस्त्रिका, अनुलोम-विलोम प्रणायाम, बक्रासन, शलभासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गराएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्राणायाम, बक्रासन, शलभासन) को परिचय दिइ र अभ्यास गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरू नष्ट नहुने गरी फलफूलहरू र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सोको अभ्यास गर्न | प्रणायाम, बक्रासन, शलभासन) को परिचय र अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको अभ्यास<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरू नष्ट नहुने गरी फलफूलहरू र तरकारी खाने तरिकाको परिचय र अभ्यास | • अनुकरण सिप<br>• अभ्यास सिप<br>• प्रयोग सीप<br>• प्रस्तुति सिप<br>• छनौट सिप,<br>• स्वव्यवस्थापन सिप,<br>• प्रदर्शन सिप,<br>• स्वीकार्य सिप<br>• सहयोग सिप, | • तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथ प्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने<br>• विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्वको बारेमा बताउने ।<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो आदिको प्रयोग र प्रदर्शन गर्ने<br>• जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरू दिएर स्पष्ट पार्ने ।<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरूसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने<br>• हामीले अहिले सहयोग गऱ्यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरू नष्ट नहुने गरी फलफूलहरू र तरकारी खाने तरिकाको बारे भिडियो, चित्र, पाठ्यवस्तु आदिको अध्ययन गरी छलफल गर्ने<br>• पौष्टिक तत्व नष्ट नहुने गरी फलफूल र तरकारी खाने तरिका र विधिलाई आफ्नो जीवनमा पनि अभ्यास गर्ने र परिवारका अन्य सदस्यहरूलाई समेत यसको बारेमा जानकारी दिने | • उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर<br>• अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरूको तरिका र महत्व सोधेर<br>• विद्यार्थीहरूले देखे भेटेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर<br>• जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोग बारे भन्न लगाएर<br>• पौष्टिक तत्व नष्ट नहुने गरी फलफूल र तरकारी खाने तरिका सोधेर | |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • नगरपालिका भित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको परिचय दिन र महत्त्व बताउन | गाउँ नगरपालिकाभित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको परिचय र महत्त्व | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप<br>वातावरणप्रतिको सजगता सिप | • विद्यार्थीहरूलाई स्थानीयस्तरमा देखेका वन्यजन्तु तथा चराहरूको नाम बताउन लगाउने<br>• गाउँभित्रका वनमा भएका वन्यजन्तु तथा चराहरूको बारेमा अवलोकन/चित्र/छाँया चित्र प्रदर्शन आदिको माध्यमबाट परिचय दिने<br>• नगरपालिकाभित्रका वनमा रहेका वन्यजन्तु तथा चराहरूको महत्त्व सम्बन्धमा छलफल गराउने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने | • नगरपालिकाभित्रका वनमा भएका वन्यजन्तु तथा चराहरूको नाम सोधेर<br>• वनमा भएका वन्यजन्तु तथा चराहरूको महत्व सोधेर | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरूको पहिचान गर्न<br>• नगरपालिका क्षेत्रमा पाइने फूलहरूको पहिचान गर्न<br>• करेसाबारी निर्माणमा सहभागी हुन<br>• विद्यालयमा बाल बगैँचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण र विकासको परिचय दिन | • आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरूको पहिचान<br>• नगरपालिका क्षेत्रमा पाइने फूलहरूको पहिचान<br>• करेसाबारी निर्माणमा सहभागी<br>• विद्यालयमा बाल बगैँचा र वृक्षारोपणमा सहभागी<br>• वातावरण र विकासको परिचय | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • आफू बस्ने वडा वा छिमेकी वडाका वनहरूको पहिचान गराउने<br>• उक्त वडामा भएका वनहरूमा पाइने औषधिजन्य वनस्पतिहरू ( टिमुर, काउलो, काफल, बादरेकेरा, अमला, कुरिल्लो, तेजपत्ता, घोडटाप्रे, गुर्जो, भाँगेचुक, बाँको, जामुनो, बोजो, टिमुर, अदुवा आदिको बारेमा प्रत्यक्ष एवम् चित्र र भिडियो अवलोकनद्धारा पहिचान गराउने र तिनीहरूको उपयोगमा छलफल गराउने<br>• प्रत्यक्ष अवलोकन तथा चित्र एवम् भिडियोको अवलोकनको माध्यमबाट नगरपालिकाका फूलहरूको पहिचान गराउने र प्रयोग र उपयोगिताको बारेमा विचार आदान प्रदान गर्ने<br>• श्रव्यदृश्य वा चित्र वा अन्य सामग्रीको माध्यमबाट करेसाबारीमा परिचय दिने र यसको महत्व बताउने<br>• विद्यालयको करेसाबारी निर्माणमा विद्यार्थीहरूलाई सहभागी बनाउने<br>• विद्यार्थीहरूलाई विद्यालयमा बालबगैँचा निर्माणमा सहभागी गराउने<br>• विद्यालयभित्र तथा विद्यालय वरपर वृक्षरोपणमा विद्यार्थीहरूलाई सहभगी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरूको बारेमा जानकारी दिने ।<br>• घर तथा विद्यालय वरपर भएका वस्तुहरूको पहिचान गर्न लगाउने<br>• वरपर भएका सजीव र निर्जीव वस्तुहरूको समग्रतालाई वातावरणको रूपमा परिचय गराउने ।<br>• पर्यावरण सन्तुलनमा नखल्बल्याइ उपलब्ध वस्तुहरूको सही सदुपयोग, वृक्षरोपण, उपयोग, सामाजिक, आर्थिक, सांस्कृतिक भौतिक, प्राविधिक विकास गर्नुपर्ने पक्षमा छलफल गराउने र वातावरण र विकासबीच अन्योन्याश्रित सम्बन्ध रहेको जानकारी दिने | • आफ्नो वा छिमेकी वडाका वनमा भएका औषधिजन्य वनस्पतिहरूको नाम सोधेर<br>• पालिकामा पाइने फूलहरू र तिनको उपयोगिताको बारेमा सोधेर<br>• करेसाबारी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• विद्यालयको बालबगैँचा निर्माणमा सहयोग गरे नगरेको अवलोकन गरेर<br>• विद्यालयको वृक्षरोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• वातावरण र विकासको परिचय दिन लगाएर | |
| | | • नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न | • नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय, उपयोग र आवश्यकतानुसार प्रयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• पहिचान सिप<br>• वातावरण प्रतिको | • न्गारपालिकाभित्र भएका पानीका स्रोतहरू पहिचान गर्न लगाउने<br>• भिडियोद्वारा पानीका स्रोतहरूको जानकारी दिने<br>• नगरपालिकाभित्र भएका पानीका स्रोतहरूको अवलोकन गराइ तिनीहरूको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी) ।<br>• न्गारपालिकाभित्र भएका पानीका स्रोतहरूको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरूलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• उपलब्ध पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने | • नगरपालिकाभित्र भएका पानीका स्रोतहरू र उपयोग बताउन लगाएर ।<br>• पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• पानीलाई मितव्ययी किसिमबाट घर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सजगता सिप | | प्रयोग गरे नगरेको अवलोकन गरेर | |
| | | • वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न | • वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • घर, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण आदिको कारणले स्थानीयस्तरमा देखापरेका प्रदूषण (जल, जमिन, ध्वनि, हावा) को अवस्थामा छलफल गराउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने/निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरहरूलाई सामान्यतया ठोस (कुहिने र नकुहिने), तरल र ग्याँस (हावा) गरी तीन समूहमा वर्गीकरण गर्न सकिने कुरा बताउने<br>• यी विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरहरूलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा बताउने र व्यवस्थापनमा सहभागी गराउने | • स्थानीयस्तरमा वातावरण प्रदूषणको अवस्था बताउन लगाएर<br>• फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको बताउन लगाएर<br>• फाहोरमैलाको विसर्जन, व्यवस्थापनको अवलोकन गरेर | |
| ६ | **सामाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू बताउन | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप | • सामाजिक विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असरहरूको बारेमा चित्र र भिडियोको माध्यमबाट छलफल गर्ने<br>• उल्लिखित सामाजिक विसङ्गतिका असरहरूको उल्लेख गर्दै उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरूको बारेमा सहजीकरण गर्ने<br>• यस्ता सामाजिक विसङ्गतिहरू कसैको पनि घरपरिवारमा हुनुहुँदैन भन्ने बारेमा सबैलाई चेतना सम्प्रेषण गर्ने गराउने | • जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसासम्बन्धी विभिन्न प्रश्नहरू सोधेर<br>• उल्लिखित सामाजिक विसङ्गतिबाट बच्ने उपायहरू सोधेर | २० |
| | | • प्राकृतिक बिपद् र मानव सिर्जित बिपद्को पहिचान गर्न | • प्राकृतिक बिपद् र मानव सिर्जित बिपद्को पहिचान | • प्रयोग सिप<br>• संचार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप | • विगत एक वर्षभित्र विद्यालय वरिपरि घटेका विभिन्न घटनाहरूको सूची तयार गर्न लगाउने<br>• विद्यार्थीहरूको समूह विभाजन गरी सूचीकृत घटनाहरूमध्ये कुनकुन बिपद् हुन छुट्याउन लगाउने<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी प्राकृतिक र मानव सिर्जित बिपद्को परिचय दिने<br>• बिपद् सम्बन्धी स्थानीय जानकारलाई समेत आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • प्राकृतिक र मानव सिर्जित बिपद्को सूची बनाउन लगाएर | |
| | | • चाडपर्वको समयमा हुने | • चाडपर्वको समयमा जोखिम (चङ्गा, पीङ, | • प्रयोग सिप | • समुदायमा मनाइने विभिन्न चाडहरू मनाउँदा बालबालिकाले गर्ने मुख्य क्रियाकलापहरूको सूची बनाइ प्रस्तुतीकरण गर्न लगाउने | • चाडपर्वको बेला चङ्गा उडाउँदा, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जोखिम (चङ्गा, पिङ, पटाका, खाना व्यवहार, आदि) को पहिचान गर्न | पटाका, खाना व्यवहार, आदि) को पहिचान | • रचनात्मक सोचाइ<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• वैयक्तिक जिम्मेवारी | • ती क्रियाकलापहरूमध्ये कुन कुन जोखिमयूक्त छन भन्ने सम्बन्धमा बुँदागत टिपोट गरी छलफल गराउने<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटनाको प्रदर्शन एवम् व्याख्या गरी शिक्षकले चाडपर्वको समयमा हुने जोखिमहरूको दृष्टान्त दिएर पहिचान गर्ने गराउने<br>• विद्याथीलाई समूहमा विभाजन गरी चाडपर्वको बेलामा चङ्गा उडाउँदा, पिङ खेल्दा, पटाका पट्काउँदा र खाना खाँदा हुने जोखिमहरू छलफल गरी बुँदागत रूपमा प्रस्तुतीकरण गर्न लगाउने | पिङ खेल्दा, पटाका पट्काउदा एवम् खाना खाँदा हुने सक्ने जोखिम के के हुन सक्छन् भन्ने बारे विभिन्न प्रश्नहरू सोधेर | |
| | | • हावाहुरी, चट्याङ्ग, र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरूको पहिचान गर्न<br>• आफू र आफूभन्दा साना बालबालिकालाई बिपद्बाट सुरक्षा गर्ने उपायहरूको पहिचान गर्न<br>• सामाजिक सञ्जालबाट निम्तिएका चुनौतिहरुको परिचय दिन<br>• उपयुक्तताको आधारमा माथि उल्लेख गरिएका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • हावाहुरी, चट्याङ्ग र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरूको पहिचान ।<br>• आफू र आफूभन्दा साना बालबालिकालाई बिपद्बाट सुरक्षा गर्ने उपायहरूको पहिचान<br>• सामाजिक सञ्जालबाट निम्तिएका चुनौतिहरुको परिचय<br>• कृत्रिम घटना अभ्यास (Simulation) | • सिकाइ सिप<br>• जिम्मेवारी एवम् प्रतिवद्धता<br>• सक्रियता पूर्वक सुन्ने<br>• सामाजिक एवं नागरिक जिम्मेवारी | • कथा, पोस्टर, भिडियो , समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी हावाहुरी, चट्याङ्ग र भूकम्पको परिचय दिने ।<br>• विद्यार्थीलाई समूहमा हावाहुरी, चट्याङ्ग र भूकम्प जस्ता बिपद्हरू किन घट्छन् भन्ने बारेमा छलफल गराइ कारणहरू टिपोट गर्न लगाउने<br>• विगत एक वर्षमा हावाहुरी, चट्याङ्ग र भूकम्पबाट भएको क्षति समूहमा छलफल गरी बुँदागत रूपमा टिपोट गर्न लगाउने ।<br>• बिपद्बाट जोगिनका लागि समुदायले गरेका राम्रा प्रयासहरूको उदाहरण समाचार वा कथा वा भिडियोको माध्यमबाट प्रस्तुतीकरण गरी हावाहुरी, चट्याङ्ग र भूकम्पबाट हुने क्षति न्यूनिकरणका लागि गरिने पूर्व तयारी टिपोट गरी प्रस्तुत गर्न लगाउने<br>• उल्लिखित बिपद्हरूबाट आफू र आफूभन्दा साना बालबालिकाको संरक्षण कसरी गर्न सकिन्छ भन्ने उपायहरूको बारेमा छलफल गर्ने गराउने ।<br>• अहिले इन्टरनेटको कारण सामाजिक सञ्जालको कारणले देखापरेका समस्या र चुनौतिहरुको बारेमा विद्यार्थीहरुको विचारलाई समेत आधारमा छलफल र सहजीकरण गर्ने<br>• मोवाइल, इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गर्दा के गर्ने र के नगर्ने भन्ने विषयमा विद्यार्थहिरुसँग स्पष्ट रुपमा छलफल गर्ने<br>• माथि उल्लेख गरिएकामध्ये केही घटना, प्रकोप, विपद् र सामाजिक चुनौतिका बारेमा विद्यार्थीहरुको सहभागितामा कृत्रिम घटना अभ्यास (Simulation) गराउने | • हावाहुरीबाट आफूभन्दा साना बालबालिकालाई कसरी बचाउन सकिन्छ भन्ने सोधेर<br>• आफू र आफूभन्दा साना बालबालिकाहरूलाई बिपद्बाट कसरी सुरक्षा गर्न सकिन्छ भन्ने बारेमा प्रश्नहरू सोधेर<br>• इन्टरनेट र सामाजिक सञ्जालका चुनौतिहरुको बारेमा सोधेर<br>• इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गर्दा गर्न हुने र गर्न नहुने कुरा सोधेर<br>• कृत्रिम घटना अभ्यासको अवलोकन गरेर | |

## कक्षा ५

| क्र. स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ सहित) पत्ता लगाउन<br>• वनगाड कुपिण्डेका केही महत्वपूर्ण स्थलहरूको पहिचान र नामाकरण बारे बताउन<br>• हाम्रो नगरपालिकाको जातजातिगत जनसङ्ख्या बताउन<br>• पालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरू देखाउन<br>• वनगाड कुपिण्ड नगरपालिकाको मुख्य मुख्य काम, कर्तव्य र अधिकारबारे बताउन<br>• वनगाड कुपिण्डेका विभिन्न ठाउँहरूमा विद्युत् र सञ्चार सेवाको अवस्था बताउन | • वनगाड कुपिण्डे नगरपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ)।<br>• वनगाड कुपिण्डेका केही महत्वपूर्ण स्थानहरूको पहिचान र नामाकरण<br>• हाम्रो नगरपालिकाको जातजातिगत जनसङ्ख्या<br>• पालिकाको नक्सामा आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरू<br>• वनगाड कुपिण्डे नगरपालिकाको मुख्य मुख्य काम, कर्तव्य र अधिकारबारे बताउन<br>• वनगाड कुपिण्डेका विभिन्न ठाउँहरूमा विद्युत् र सञ्चार सेवाको अवस्था | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• स्वव्यवस्थापन सिप<br>• नक्सा बनाउने सिप | • वनगाड कुपिण्डे नगरपालिकाको विभिन्न स्थानको समुद्र सतहदेखि को उचाइ र अक्षांश एवम् देशान्तरको अवस्थाको बारेमा बताउने<br>• वनगाड कुपिण्डेका केही महत्वपूर्ण स्थानहरू (बाँमे, घाँजरीपीपल, मैदु, देलस्थल, कुपिण्डे, आँपचौर, ढोरपीपल, सल्लीबजार, च्युरा, खैरागार, कुपिण्डे, निगालचुला, जैतपानी, बल्याजुर, तारुपरे, रैकर, गर्चे, माचखर्क, दारिमचौर, बालुवा सङ्ग्रही, बाँफकोट, आदि) को पहिचान र नामाकरणबारे प्रचलित भनाइ र किंवदन्तीका आधारमा सहजीकरण गर्ने यससम्बन्धमा स्थानीय जानकारलाई समेत आमन्त्रण गर्न सकिने र विद्यार्थीहरूलाई समेत यस्ता कुरा पत्ता लगाउन प्रेरित गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिकामा कुन कुन जातिका मानिसहरूको बसोवास रहेको छ भनेर छलफल चलाउदै विद्यार्थीहरूकै प्रतिक्रियाका आधारमा बसोवास गर्ने जातजातिको सूची बनाउने<br>• विभिन्न जातजातिहरू कति बसोवास गरिरहका छन् भन्ने सम्बन्धमा नगरपालिकाको जातजातिगत जनसङ्ख्याको चार्ट प्रस्तुत गर्ने<br>• पालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरू रेखाङ्कन गर्नका लागि विद्यार्थीहरूलाई सहजीकरण गर्ने<br>• विद्यार्थीहरूले बनाएको नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने र प्रस्तुतिका लागि उनीहरूलाई अवसर प्रदान गर्ने<br>• नगरपालिकाका मुख्यमुख्य काम, कर्तव्य र अधिकारको सूची बनाइ कक्षामा प्रस्तुत गर्ने। यस सम्बन्धमा सकेसम्म नगरपालिकामै काम गर्ने पदाधिकारीलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• वनगाड कुपिण्डेका विभिन्न ठाउँहरूमा विद्युत् र सञ्चार सेवाको विस्तारको अवस्था बारे जानकारी गराउने र सेवा पुग्न बाँकी स्थानहरूको पहिचान गरी त्यस्ता स्थानहरूमा सेवा पुग्न नसक्नुका कारण पत्ता लगाउनका लागि आवश्यक छलफल र अन्तरक्रिया गर्ने | • वनगाड कुपिण्डे नगरपालिकाको विभिन्न स्थानहरूको उचाइ, अक्षांश र देशान्तर सोधेर<br>• नगरपालिकामा रहेका विभिन्न स्थानहरूको नामाकरणबारे प्रश्न सोधेर<br>• नगरपालिकामा कुन कुन जातिको बाहुल्यता रहेको छ भन्ने सोधेर<br>• वनगाड कुपिण्डेको नक्सामा विद्यार्थीहरूलाई आफ्नो टोल, विद्यालय र वडा कार्यालय देखाउन लगाएर<br>• नगरपालिकाका काम कर्तव्य र अधिकार मध्ये कुनै तीनओटा भन्न लगाएर<br>• वनगाड कुपिण्डे नगरपालिकाका सञ्चार र विद्युत् सेवा पुगेका र नपुगेका स्थानहरूको बारेमा सोधेर | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • सञ्चार र विद्युत् सेवा पुग्न बाँकी स्थानहरूमा कहिले सम्म सेवा विस्तार गर्ने कार्यक्रम रहेको छ भन्ने सम्बन्धमा नगरपालिकाका पदाधिकारीहरूसँग प्रत्यक्ष भेटघाट र छलफल गरी जानकारी आदानप्रदान गर्ने | | |
| २ | **हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू** | • मानव निर्मित सम्पदाको महत्व र विशेषता बताउन ।<br>• प्राकृतिक सम्पदाको महत्त्व र विशेषता बताउन<br>• सम्पदाको संरक्षणमा हाम्रो भूमिका उल्लेख गर्न<br>• वनगाड कुपिण्ड नगरपालिकाभित्र रहेका विभिन्न धार्मिक र सांस्कृतिक स्थल (मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, गुठी) आदिको अवस्थिति पत्ता लगाइ सूची बनाउन<br>• वनगाड कुपिण्डेका क्याम्पस लगायत विभिन्न माध्यमिक विद्यालय र त्यहाँ अध्यापन हुने विषयहरूको बारेमा बताउन<br>• वनगाड कुपिण्डे नगरपालिका का परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथा, उखान टुक्का, लोकमन्त्र आदिको | • मानव निर्मित सम्पदाको महत्व र विशेषता<br>• प्राकृतिक सम्पदाको महत्व र विशेषता<br>• सम्पदाको संरक्षणमा हाम्रो भूमिका<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्र रहेका विभिन्न धार्मिक र सांस्कृतिक स्थल (मठमन्दिर, चर्च, गुफा, कुल देवताका थान, भवन गुठी) आदिको अवस्थिति र जानकारी<br>• वनगाड कुपिण्डेका क्याम्पस लगायत विभिन्न माध्यमिक विद्यालय र त्यहाँ अध्यापन हुने विषयहरू<br>• वनगाड कुपिण्डे नगरपालिका का परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप | • विद्यार्थीहरूलाई मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको बारेमा विभिन्न दृष्टान्तहरू दिएर प्रष्ट पार्ने यसरी प्रष्ट पार्ने क्रममा दुवै सम्पदाको महत्त्व र विशेषताहरूको बारेमा पनि चर्चा र छलफल गर्ने<br>• मानव सम्पदा महत्त्वपूर्ण कि प्राकृतिक सम्पदा महत्त्वपूर्ण भनेर कक्षामा वादविवाद प्रतियोगिता सञ्चालन गर्ने<br>• सम्पदाहरूको महत्त्व के छ र यिनीहरूको संरक्षण किन गर्नुपर्दछ भन्ने सम्बन्धमा विभिन्न चित्र र भिडियो मार्फत् सहजीकरण गर्ने<br>• वनगाड कुपिण्ड नगरपालिकाकाभित्र रहेका विभिन्न धार्मिक र सांस्कृतिक स्थल : मठमन्दिर, गुफा, कुल देवताका थान, गुठी, भवन, मस्जिद आदिको बारेमा विद्यार्थीहरूसँग छलफल गरी अवस्थितिको सम्बन्धमा सूचना सङ्कलन गर्ने<br>• त्यस्ता धार्मिक र सांस्कृतिक स्थलहरूमा को को कहाँ कहाँ कोसँग जानु भएको छ र त्यहाँ गएपछि कस्तो अनुभूति भयो भनेर प्रश्न सोधेर छलफललाई सहज बनाउने<br>• विद्यालय नजिक भएका त्यस्ता स्थलहरूमा अवलोकन भ्रमणका लागि विद्यालयले आवश्यक व्यवस्था मिलाउने<br>• सकेसम्म विद्यालयमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरूलाई आमन्त्रण गरी सहजीकरणका लागि आमन्त्रण गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिकामा रहेको क्याम्पस लगायत अन्य माध्यमिक विद्यालयहरूको सूची बनाइ अवस्थितिको बारेमा जानकारी दिने<br>• ती शैक्षिक संस्थाहरूमा अध्यापन हुने मुख्य मुख्य विषयहरूको बारेमा विद्यार्थीहरूलाई जानकारी दिने र अवसर मिलाइ अवलोकन भ्रमणको समेत व्यवस्था मिलाउने<br>• वनगाड कुपिण्डे नगरपालिकाका परम्परागत स्थानीय लोकगीत, लोक नृत्य, गाउँ खाने कथाको बारेमा सहजीकरण गर्ने । यस क्रममा लोकसंस्कृतिका स्थानीय जानकारहरूलाई समेत विद्यालयमा आमन्त्रण गरी सहजीकरण गर्नका लागि अनुरोध गर्ने<br>• वनगाड कुपिण्डेका विभिन्न चाडपर्व र मेलाजात्राको अवसरमा नाचिने विभिन्न नाँचको छोटो भिडियो/तस्बिर देखाएर नाचको नामका बारे सोध्ने, उक्त नाचहरूको | • मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• सम्पदा हाम्रा सम्पत्ति किन हुन भन्ने बारेमा प्रश्न सोधेर<br>• विभिन्न मन्दिर, गुफा र कुलदेवताका थान आदिको परिचय र महत्वका बारेमा प्रश्नहरू सोधेर ।<br>• वनगाड कुपिण्डेका क्याम्पस र माध्यमिक विद्यालयहरूको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• वनगाड कुपिण्डेमा मनाइने विभिन्न चाडपर्व, धार्मिक स्थल सम्बन्धी प्रश्नहरू सोधेर<br>• विभिन्न लोक संस्कृति र लोकनृत्य र लोकगीतहरूको संरक्षण सम्बन्धी विभिन्न प्रश्न सोधेर<br>• वनगाड कुपिण्डे नगरपालिकाको | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बारेमा जानकारी सङ्कलन गरी बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाका असल मानिसहरूको सूची तयार गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकामा प्रचलित लोक चलनको परिचय<br>• वनगाड कुपिण्डेमा प्रचलित ठारी भाको परिचय र महत्त्व | कथाको बारेमा जानकारी सङ्कलन<br>• वनगाड कुपिण्डे नगरपालिकाका असल मानिसहरूको सूची<br>• सिलुकका बारे जानकारी र सङ्कलन<br>• वनगाड कुपिण्डेमा प्रचलित ठारी भाकाको परिचय र महत्त्व | | इतिहास, यसको महत्त्व र संरक्षणको आवश्यकताको बारेमा सहजीकरण गर्ने<br>• विद्यार्थीहरूकै सहयोगले वनगाड कुपिण्डे नगरपालिकाका निम्ति उल्लेख्य कार्य गर्ने असल मानिसहरूको सूची बनाइ उनीहरूले गरेका कामको बारेमा समेत सहजीकरण गर्ने<br>• वनगाड कुपिण्डेका असल मानिसका खोजी कार्यका लागि विद्यार्थीहरुलाई परियोजना कार्य गर्ने अवसर प्रदान गर्ने ।<br>• वनगाड कुपिण्डेमा प्रचलित लोक चलनहरू : अरिमो परिमो, पैँचो, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, उछिट्टे नाच्ने कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने आदिको सूची बनाइ लोक चलनको सामान्य परिचिय दिने<br>• ठारी भाकाका अडियो र भिडियो क्लीप सुनाएर एवम् देखाएर विद्यार्थीहरूलाई यो गीतको नाम के हो भनी सोध्ने<br>• विद्यार्थीहरुलाई समेत ठारी भाका गाउनका लागि अवसर प्रदान गर्ने ।<br>• ठारी भाकाको महत्त्व र सङ्कलनका बारेमा विद्यार्थीहरुलाई परियोजना कार्य गर्ने अवसर प्रदान गर्ने । | समग्र विकासको निम्ति उल्लेख्य काम गर्ने विभिन्न मानिसहरूको बारेमा विद्यार्थीहरूसँग प्रश्नहरू सोधेर<br>• असल मानिसको खोजीका लागि दिइएको परियोजना कार्यको मूल्याङ्कन गरेर<br>• ठारी भाकाको महत्त्व सोधेर<br>• ठारीका भाका महत्त्व र सङ्कलन कार्यका लागि दिइएको परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाख्रापालन, कुखुरापालन, भैँसीपालन, बँगुरपालन, खरायोपालन, कालिजपालन, परेवापालन आदिको परिचय दिन<br>• आलु, टमाटर, केराउ, अदुवा, बेसार, धनिया, गोलभँडा, लसुन, च्याउ, साग, मुला आदिको सामान्य | • हाम्रा स्थानीय परम्परागत पशु तथा पन्छी पालन पेसा र व्यवसायहरू<br>• आलु, टमाटर, केराउ, मुला, साग, च्याउखेती, आदिको सामान्य परिचय र उत्पादनमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• सहयोग सिप<br>• प्रस्तुतीकरण सिप<br>• सहकार्य सिप | • विद्यार्थीहरूलाई आआफ्नो घर तथा समुदायमा पशु तथा पन्छीपालन मध्ये कुन कुन पालन गरिएको छ ? कसरी पालन गरिएको छ ? उत्पादन के के भएको छ ? विक्री के के गरिन्छ ? आदिका बारेमा छलफल गरी बताउन लगाउने<br>• चित्र वा भिडियो मार्फत् नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा पालन गरिने गाईपालन, भेडापालन, बाख्रापालन, कुखुरापालन, भैँसीपालन, बँगुरपालन, खरायो पालन, कालिजपालन, परेवापालन आदिको परिचय दिने<br>• विद्यार्थीहरूलाई उल्लिखित पालन गरिएका विभिन्न स्थानहरू मध्ये पशुपालन गरिएको कुनै एक स्थान र पन्छीपालन गरिएको कुनै एक स्थानमा शैक्षिक भ्रमण गराइ पालन गर्ने तरिका, महत्त्व आदिको जानकारी दिने र विद्यार्थीहरूलाई आवश्यक विवरण टिपोट गरी कक्षामा प्रस्तुत गर्न परियोजना कार्य दिने | • आफ्नो घर तथा समुदायमा पालन गरिएका पशुपालन वा पन्छीपालनको परिचय दिन लगाएर<br>• पालनको महत्त्व बताउन लगाएर<br>• परियोजना कार्य प्रस्तुत गर्न लगाएर | २१ |
| | | | | | • घर तथा विद्यालयमा खेती गरिने तरकारीहरूको विवरण दिन लगाउने र तिनीहरूको महत्त्व बताउन लगाउने | • घर तथा विद्यालयमा खेती गरिने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिचय दिन र महत्त्व बताउन<br>• मौरीपालनको परिचय दिन र महत्व बताउन | • मौरीपालनको परिचय दिन र महत्त्व | | • श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा गरिने तरकारी खेतीहरू (आलु, टमाटर, केराउ, अदुवा, बेसार, धनिया, गोलभेँडा, लसुन, च्याउ, मुला साग) को परिचय दिने<br>• विद्यालय नजिक रहेको तरकारी खेती गरिएको स्थानमा विद्यार्थीहरूलाई भ्रमण गराइ आवश्यक जानकारी लिन लगाउने र कक्षामा प्रस्तुत गर्ने गरी परियोजना कार्य दिने<br>• मौरीपालन कसरी गरिन्छ भन्ने बारेमा विद्यार्थीहरूलाई उनीहरूको अनुभवका आधारमा भन्न प्रेरित गर्ने<br>• मौरीपालन गरिरहेका किसानलाई कक्षामा आमन्त्रण गरी मौरीपालनको बारेमा सहजीकरण गर्न अनुरोध गर्ने ।<br>• मौरीपालन व्यवसायको अवलोकनका लागि विद्यार्थीहरूलाई अवसर दिने | तरकारीहरूको परिचय दिन लगाएर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर ।<br>• मौरीपालनसँग सम्बन्धित विभिन्न प्रश्नहरू सोधेर | |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको अभ्यास प्रस्तुत गर्न<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुसी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास प्रस्तुत गर्न | • समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको अभ्यास प्रस्तुतिकरण<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुसी र सुखी हुने स्वभावको अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• अभ्यास सिप<br>• प्रतिबद्धता सिप | • व्यक्तिगत हित र स्वार्थ भन्दा समाज र राष्ट्रको हितलाई माथि राखी  काम गर्ने असल मानवहरूको जीवनीहरूको अध्ययन गरी उनीहरूले गरेका  असल कामको चर्चा गर्ने<br>• विद्यार्थीसँग सहकार्य गर्दै विभिन्न स्रोत र माध्यमहरूको प्रयोग गर्दै समाजको असल नागरिक हुन आवश्यक पर्ने असल सिप र स्वभावको  सूची बनाइ सोको चर्चा गर्ने<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरू (बोलेको कुरा पूरा गर्ने, झुटो नबोल्ने अरूको दुःख र पीडामा सहयोग गर्ने, समाजको कामको लागि मरिमेट्ने, राम्रो आचरण भएको, उसको आनीबानीको अनुशरण गरेमा अरू समेत असल हुने आदि) चर्चा गर्ने<br>• त्यस्ता आचरण र स्वभावहरू आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरूलाई अभिप्रेरित  गर्ने<br>• आफू मात्र बोल्ने र अरूलाई बोल्न नदिने एवम् अरूका कुरा नसुन्ने स्वभावका मानिसलाई अरूले मन पराउँदैनन् भन्ने कुराको विभिन्न दृष्टान्त दिएर छलफल गर्ने<br>• उल्लिखित कुराको विपरित थोरै बोल्ने र त्यसमा पनि मीठो बोल्ने र विस्तारै बोल्ने मानिसलाई सबैले मन पराउँछन् साथै यो स्वभाव नै धेरै किसिमका द्वन्द्वको समाधान र खुसीको आगमनको माध्यम हो भनी उदाहरणहरू दिएर चर्चा गर्न | • समाज र राष्ट्रका लागि कस्ता मानिस असल हुन् भन्ने सोधेर<br>• केही त्यस्ता मानिसहरूको नाम लिएर उनीहरूले गरेका काम सोधेर ।<br>• उनीहरूले गरेका के के काम तपाईं गर्न सक्नु हुन्छ भन्ने सोधेर<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने मानिसलाई अरूले किन मन पराउँछन् भन्ने सोधेर<br>• अरूका कुरा ध्यान दिएर सुन्दा हुने फाइदा सोधेर | २३ |
| | | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, | • सञ्चार सीप | • विद्यार्थीहरूलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने | • जानेका वा मन परेका गीतहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अवलोकन, सिर्जना र प्रस्तुतिकरण गर्न<br>• जीवन र जगत्का हरेक कुराहरूभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास प्रस्तुत गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास प्रस्तुत गर्न<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरूलाई आफ्नो जीवनमा अनुशरण गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न | अवलोकन, सिर्जना र अभ्यास<br>• जीवन र जगत्का हरेक सन्दर्भहरूभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरूलाई आफ्नो जीवनमा अनुशरण श्रम र<br>• सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास | • सिकाइ सीप<br>• प्रयोग सीप<br>• अभ्यास सिप<br>• प्रस्तुति सीप | • मोवाइल, दुरदर्शन, ध्वनी विस्तार, सुसाङ्ख्य आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरू प्रदशन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्ने<br>• दुनियाँमा भएका कुनै पनि चिजहरू आफैमा पूर्ण रूपमा खराब हुँदैनन् तिनीहरू हाम्रो सोचको कारणले खराब भएका हुन् भन्दै तिनीहरूभित्र पनि असल चिजहरू हुन्छन् भन्दै बिग्रेको घडीले दिनमा दुईपटक ठीक समय दिएको लगायतका दृष्टान्तहरूको चर्चा गर्ने<br>• कतिपय मन दुखाउने विषय, व्यक्ति र घटनाभित्र पनि रहेका सकारात्मक कुराहरूको खोजी र विश्लेषण गर्दै विद्यार्थीहरूमा सकारात्मक हुने क्षमताको विकास र अभ्यास गराउने<br>• आफूलाई जे आनीबानी र स्वभावले खुसी बनाउँछ त्यो आनीबानी र स्वभाव आफूले पनि अरूलाई गर्न सक्नुपर्दछ भन्दै विद्यार्थीहरूको जोडी बनाइ आनीबानी प्रस्तुत गर्न लगाउने<br>• अरूका मन पर्ने कुराहरू आफूले समेत प्रयोग गरी आफू खुसी हुने र अरूलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धता समेत लिने<br>• यो संसारका जे जति वस्तुहरू उत्पादन र निर्माण भएका छन् र जे जति आविष्कार र सिर्जना भएको छ त्यसमा अल्छीको होइन कि उर्जाशील र सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने बारेमा छलफल गर्ने<br>• मानिस जिउनका लागि कसैको श्रमले महत्त्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने<br>• श्रमको सम्मान र आफूले पनि परिवार, गाउँटोल र विद्यालयमा सोको प्रयोग र अभ्यास गरेका तस्बिर र अन्य अभिलेखहरू प्रस्तुत गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने | भन्न र गाउन लगाएर<br>• मन परेको गीत र सङ्गीतमा नाच्न लगाएर<br>• गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर<br>• मानिस कति बेला खुसी र कतिबेला दुखी हुन्छ भन्ने सोधेर<br>• मान्छे खुसी हुनका लागि के गर्नु पर्छ भन्ने कुरा भन्न वा लेख्न लगाएर ।<br>• आफूलाई खुसी तुल्याउने अरूको आनीबानी के के हुन भन्ने सोधेर<br>• व्यक्तिका राम्रा आनीबानीहरू सोधेर<br>• आनीबानीको अवलोकन गरेर<br>• नयाँ वस्तुको आविष्कार र सिर्जना कसरी हुन्छ भन्ने सोधेर<br>• विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका फोटोहरू हेरेर | |
| | | • आसन र प्राणायाम ( प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम, बक्रासन, नटराजासन) लाई | • आसन र प्राणायाम ( प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम, बक्रासन, नटराजासन) लाई | • सञ्चार सीप,<br>• प्रयोग सीप, | • विद्यार्थीहरूलाई प्रणव ध्यान, भस्त्रिका, अनुलोम विलोम, बक्रासन, नटराजासन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामु गरेर देखाउने । | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास प्रस्तुत गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरू नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिकाको परिचय र अभ्यास प्रस्तुत गर्न | स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरू नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा तयार पार्ने र खाने तरिकाको परिचय र अभ्यास | • प्रदर्शन सीप,<br>• स्वीकार्य सीप<br>• सहयोग सीप, सहानुभूति सीप, समानुभूति सीप, | • तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथ प्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने<br>• विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्वको बारेमा बताउने<br>• हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरू दिएर स्पष्ट पार्ने<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरूसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने<br>• हामीले अहिले सहयोग गऱ्यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रूपमा उपयोग गर्ने<br>• जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्यको व्यवस्था गर्ने<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरू नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिकाको सम्बन्धमा सहजीकरण गर्ने<br>• सहजीकरणको क्रममा स्थानीय विज्ञ एवम् चित्र र छोटो भिडियो तथा युटुवको समेत प्रयोग गर्न सकिने | • अभ्यासहरूको अवलोकन गरेर<br>• अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरूको परिचय र महत्व सोधेर<br>• जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर<br>• जेष्ठ नागरिक र अशक्तहरूलाई सहयोग गर्नुपर्ने कारण सोधेर<br>• जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई गरेको सहयोग बारे भन्न लगाएर वा परियोजना कार्यको अभिलेख हेरेर<br>• पौष्टिक तत्वहरू नष्ट नहुने गरी खानेकुरा तयार पार्ने तरिका सोधेर | |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिका क्षेत्रका सामुदायिक वनमा पाइने औषधीजन्य वनस्पतिहरूको उपयोग र महत्व पहिचान गर्न<br>• घर तथा विद्यालयमा स्थानीय औषधीजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग गर्न | • वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने औषधीजन्य वनस्पतिहरूको उपयोग र महत्व<br>• विद्यालय तथा घरमा स्थानीय औषधीजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • प्रत्यक्ष अवलोकन तथा तस्बिर, भिडियो मार्फत् स्थानीय औषधीजन्य जडिबुटीहरू- टिमुर, हर्रो, बर्रो, कुरिल्लो, गुर्जो, घोडेटाप्रे, अमला, लालीगुराँस, मुसलिरी, बटुलेटी, अथरजालो, भिँगामारो, बोजो, चोत्रा आदिको को परिचय र महत्वका बारेमा छलफल र सहजीकरण गर्ने । यस सम्बन्धी सहजीकरणका लागि स्थानीय जानकारहरूलाई समेत आमन्त्रण गर्न सकिने<br>• ती औषधीजन्य वनस्पतिहरूको महत्व तथा उपयोग के के कामका लागि प्रयोग गरिन्छ होला ? भन्ने प्रश्नमा छलफल गराउने<br>• ती वनस्पतिहरूको प्रयोग सम्बन्धमा चित्रसहित प्रस्तुति गर्ने | • औषधीजन्य वनस्पतिहरूको परिचय दिन लगाएर<br>• औषधीजन्य वनस्पतिहरूको उपयोग बताउन लगाएर<br>• घरमा औषधीजन्य वनस्पति तथा फलफूल रोपन गरे | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न<br><br>• वातावरण संरक्षणको परिचय दिन<br><br>• नगरपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरू र न्यूनीकरणका उपायहरू बताउन र ती उपायहरू अवलम्बन गर्न<br>• पानीको संरक्षण गर्ने उपायहरू बताउन | • नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका<br><br>• वातावरण संरक्षणको परिचय<br><br>• नगरपालिका क्षेत्रमा जलस्रोतको प्रदूषण : कारण, असरहरू र न्यूनीकरणका उपायहरू<br>• पानीको संरक्षण गर्ने उपायहरू<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरू (कम उपयोग, पुन प्रयोग र पुनचक्रण) | • स्व-व्यवस्थापन सिप<br>• सहकार्य र सहयोग सिप | • घर तथा विद्यालयमा ती औषधीजन्य वनस्पति तथा फलफूलको उत्पादन गर्नको लागि बगैँचा बनाउन सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा औषधीजन्य वनस्पति तथा फलफूल उत्पादन गर्न सकिने तरिकासहित श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र छलफल गर्ने<br>• विद्यालयको बगैँचामा औषधीजन्य वनस्पति र फलफूल रोप्न विद्यार्थीहरूलाई सहभागी गराउने<br>• अभिभावकको सहयोगमा घरमा सम्भव भए सम्म औषधीजन्य वनस्पति र फलफूल बगैँचा तयार गर्न लगाउने र यस कार्यमा अभिभावकहरूबीच अन्तर्किया कार्यक्रम सञ्चालन गर्ने<br>• नगरपालिका क्षेत्रभित्रका वनमा पाइने वनस्पति र जीवजन्तुको संरक्षण गर्नुको महत्त्व सम्बन्धमा छलफल गराउने<br>• उक्त क्षेत्रभित्रका वनस्पति र जीवजन्तुहरूको संरक्षणको लागि विद्यार्थी, समुदाय, विद्यालयको भूमिका सम्बन्धमा छलफल गराउने<br>• वातावरण (सजीव र निर्जीव वस्तुहरू) को संरक्षण भनेको के होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने र वातावरण संरक्षणको उदाहरणसहित प्रष्ट पार्ने (जीवजन्तुको संरक्षण, वनस्पतिको संरक्षण, वनसम्पदान, जलसम्पदाको संरक्षण)<br>• जलप्रदूषण भनेको के हो होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने<br>• घर, विद्यालय, नगरपालिका क्षेत्रभित्रका विभिन्न स्रोत तथा स्थानमा भएको पानी र त्यसमा देखिएको प्रदूषणको बारेमा अवलोकन, चित्र तथा भिडियोको माध्यमबाट प्रष्ट पार्ने<br>• उक्त क्षेत्र तथा विभिन्न स्थानमा जलप्रदूषण हुनुका कारणहरूमा छलफल गराउने<br>• नगरपालिका क्षेत्रभित्र देखिएको पानी प्रदूषणबाट देखिएको असरहरू (बोटबिरूवा, मानिस तथा अन्य जनावर, वातावरण आदिमा) र त्यसको असरमा छलफल गराउने<br>• पानीको संरक्षण गर्ने उपायहरू (आकाशे पानी सङ्कलन, सकपिट, वृक्षारोपण आदि) मा छलफल गराउने | नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर<br>• विद्यालयमा औषधीजन्य वनस्पति तथा फलफूल रोपनमा सहभागी भए नभएको अवलोकन गरेर<br><br>• नगरपालिका क्षेत्रभित्रका वनस्पति तथा जीवजन्तुको संरक्षणको महत्व बताउन लगाएर<br>• उक्त कार्यको लागि विद्याथी, विद्यालय र समुदायको भूमिका व्यक्त गर्न लगाएर<br>• वातावरण संरक्षणको परिचय बताउन लगाएर<br>• जल प्रदूषणको परिचय सोधेर<br>• जल प्रदूषण हुने कारणहरू बताउन लगाएर<br>• जल प्रदूषणबाट देखिएका असरहरू बताउन लगाएर<br>• जल प्रदूषणलाई न्यूनीकरण गर्ने उपायहरू सोधेर<br>• पानीको संरक्षणका उपायहरू सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **सामाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू अपनाउन | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप | • सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असरहरूको बारेमा चित्र र छोटो भिडियो को माध्यमबाट छलफल सञ्चालन गर्ने<br>• उल्लिखित सामाजिक विसङ्गतिका असरहरूको उल्लेख गर्दै उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरूको बारेमा सहजीकरण गर्ने<br>• यस्ता सामाजिक विसङ्गतिहरू कसैको पनि घरपरिवारमा हुनुहुँदैन भन्ने बारेमा सबैलाई चेतना सम्प्रेषण गर्ने गराउने ।<br>• यस्ता सामाजिक विकृति र विसङ्गतिबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि एउटा विद्यार्थीको भूमिका के हुन सक्छ भन्ने बारेमा सहजीकरण गर्ने | • जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसासम्बन्धी विभिन्न प्रश्नहरू सोधेर<br>• उल्लिखित सामाजिक विकृतिबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि विद्यार्थीको भूमिका सोधेर | २० |
| | | • प्राकृतिक बिपद् र मानव सिर्जित बिपद्को प्रभाव वा असरहरू बताउन<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरू जस्तै चङ्गा, पिङ, रङ, पटाका, खाना झैँझगडा, भागदौड आदिबाट हुने जोखिमवाट सावधान हुन<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरू बताउन<br>• वन्य जन्तुबाट बच्ने र वन्य जन्तुबाट हुने क्षति न्यूनिकरण गर्ने उपायहरूको पहिचान गर्न<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, भुकम्प पहिरोवाट बच्नको लागि पूर्व तयारी | • प्राकृतिक बिपद् र मानव सिर्जित बिपद्को प्रभाव वा असरहरू<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरू जस्तै चङ्गा, पिङ, रङ पटाका, खाना झैँझगडा, भागदौड, आदिबाट हुने जोखिमवाट सजगता<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरू बताउन ।<br>• वन्य जन्तुबाट बच्ने र वन्य जन्तुबाट हुने क्षति न्युनिकरण गर्ने उपायहरूको पहिचान<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, भूकम्प, पहिरो आदिबाट | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप<br>• रचनात्मक सोचाइ<br>• वैयक्तिक जिम्मेवारी<br>• सिकाइ सिप<br>• जिम्मेवारी एवं प्रतिवद्धता<br>• सक्रियता पूर्वक सुन्ने<br>• सामाजिक एवम् नागरिक जिम्मेवारी सिप | • कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना आदि प्रदर्शन गरी वा व्याख्या गरी प्राकृतिक र मानव सिर्जित बिपद्को परिचय दिने<br>• विद्याथीलाई समूहमा प्राकृतिक र मानव सिर्जित बिपद्बाट पर्ने असर र प्रभावका बारेमा छलफल गराउने<br>• ती असरहरूबाट बच्ने उपायहरूका बारेमा छलफल तथा प्रस्तुतीकरण गर्न शिक्षकले सहयोग गर्ने<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरू जस्तै चङ्गा, पिङ, रङ, पटका, अखाद्य वस्तुको प्रयोग, झैँझगडा, भागदौड, नकारात्मक व्यवहार आदिबाट हुने जोखिमहरूको पहिचान गर्ने<br>• कथा, पोस्टर, भिडियो , समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी शिक्षकले चाडपर्वको समयमा उल्लिखित क्रियाकलापमा सहभागी हुन सक्ने जोखिमबाट बच्न सावधानी अपनाउन विद्यार्थीलाई सहजीकरण गर्ने ।<br>• विद्यार्थीलाई समूहमा विभाजन गरी चाडपर्वको बेलामा चङ्गा उडाउँदा, पिङ खेल्दा, पटका पट्काउँदा र खाना खाँदा गर्नुपर्ने सावधानीहरू छलफल गरी बुँदागत रूपमा प्रस्तुतीकरण गर्न लगाउने<br>• सडक दुर्घटनाको अवस्था बढ्दो भएको कुरा छलफलमा ल्याएर यो किन हुन्छ र यसबाट कसरी बच्न सकिन्छ भन्ने बारेमा ट्राफिकको क्षेत्रमा काम गर्ने पदाधिकारीलाई ल्याएर समेत सहजीकरण गर्ने गराउने<br>• समय समयमा वन्य जन्तुले पुऱ्याएका विभिन्न क्षतिहरूको बारेमा विद्यार्थीहरूसँग अनुभव र विचार आदान प्रदान गरी क्षतिको सूची बनाउने | • प्राकृतिक र मानव सिर्जित बिपद्को असर वा प्रभावको सूची बनाउन लगाएर<br>• चाडपर्वको बेला गरिने तल उल्लेखित कार्य गर्दा अपनाउनुपर्ने २/२ वटा सावधानी भन्न लगाएर<br>• चङ्गा उडाउँदा<br>• पिङ खेल्दा<br>• पटाका पट्काउदा खाना खाँदा<br>• विद्यालयभित्रबाट हुने जोखिमहरू भन्न लगाएर<br>• सडक दुर्घटनाका कारण र बच्ने उपाय सोधेर<br>• वन्य जन्तुबाट भएको क्षतिबारे सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गर्न एवम् सावधानी अपनाउन<br>• विभिन्न बिपद्बाट आफुभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा गर्न<br>• सामाजिक सञ्जालबाट पर्न जाने नकारात्मक असरहरु बताउन<br>• उपयुक्तताका आधारमा माथि उल्लेख गरिएमध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रदर्शन गर्न | बच्नको लागि पूर्व तयारी वा सावधानी<br>• विभिन्न बिपदहरूबाट आफूभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा<br>• कृत्रिम घटना अभ्यास (Simulation) .<br>• उपयुक्तताका आधारमा माथि उल्लेख गरिएमध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रदर्शन | | • कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी हावाहुरी, चट्याङ्ग, पहिरो, भूकम्प आदिको परिचय दिने<br>• विद्यार्थीलाई समूहमा हावाहुरी, चट्याङ्ग, भुकम्प, पहिरो जस्ता बिपद्हरू किन घट्छन् भन्ने बारेमा छलफल गराइ कारणहरू टिपोट गर्न लगाउने<br>• विगत एक वर्षमा हावाहुरी, चट्याङ्ग र भूकम्पबाट भएको क्षति समूहमा छलफल गरी बुँदागत रूपमा टिपोट गर्न लगाउने<br>• समुदायले गरेका राम्रा प्रयासहरूको समाचार वा कथा वा भिडियो को माध्यमबाट प्रस्तुतीकरण गरी हावाहुरी, चट्याङ्ग र भूकम्पबाट हुने क्षति न्यूनिकरणका लागि गरिने पूर्व तयारी वा सावधानीका लागि गरिने कार्यहरू टिपोट गरी प्रस्तुतीकरण गर्न लगाउने ।<br>• सामाजिक सञ्जालको दुरुपयोगबाट हुने नकारात्मक असरहरुको बारेमा विद्यार्थीहरुको पूर्व जानकारीलाई आधार बनाइ सहजीकरण गर्ने ।<br>• सामाजिक सञ्जालको नकारात्मक असरहरु उल्लेख गर्दा मानिसहरुले भोगेका विभिन्न दृष्टान्तहरुलाई सहजीकरणको सिलसिलामा प्रयोग गर्न सकिने ।<br>• माथि उल्लेख गरिएको केही विपद, सामाजिक चुनौति आदिमध्ये केहीको उपयुक्तताको आधारमा कृत्रिम घटना अभ्यास  गर्ने गराउने | • वन्य जन्तुको क्षतिलाई न्यूनिकरण गर्न गरिएको र गर्नुपर्ने उपायहरूको बारेमा सोधेर<br>• हावाहुरीबाट आफूभन्दा साना बालबालिकालाई कसरी बचाउन सकिन्छ भन्ने बारेमा सोधेर<br>• भूकम्पको क्षति न्यूनिकरणका लागि गरिने तीनओटा पूर्व तयारीहरू सोधेर<br>• सामाजिक सञ्जालका नकारात्मक असरहरु सोधेर<br>• कृत्रिम घटना अभ्यासको अवलोकन र मूल्याङ्कन गरेर | |

## कक्षा ६

| क्र. स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको ऐतिहासिक परिचय दिन<br>• वनगाड कुपिण्ड नगरपालिकाको नक्सामा आफ्नो गाउँटोल, विद्यालय, वडा कार्यालयहरू र | • वनगाड कुपिण्ड नगरपालिकाको ऐतिहासिक परिचय<br>• वनगाड कुपिण्डे नगरपाालिकाको नक्सामा हाम्रो गाउँटोल, विद्यालय, वडा कार्यालयहरू र मुख्य बाटाहरू । | • सञ्चार सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• नक्सा बनाउने सिप | • नक्सा एवम् भिडियो  मार्फत् वनगाड कुपिण्डे नगरपालिकाको सामान्य ऐतिहासिक परिचयको बारेमा सहजीकरण गर्ने ।<br>• वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो गाउँटोल, विद्यालय, वडा कार्यालयहरू र मुख्य बाटाहरू भर्न लगाउने कार्यमा सहजीकरण गर्ने<br>• उनीहरूले भरेका स्थानहरूको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने<br>• उनीहरू आफैंलाई आफ्नो वनगाड कुपिण्डे नगरपालिकाको नक्सा बनाउन लगाइ विभिन्न स्थानहरू देखाउन अभिप्रेरित गर्ने ।<br>• उनीहरूले बनाएको नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | • पालिकाको नक्सामा आफ्नो विद्यालय र वडा कार्यालयहरू भर्न लगाएर<br>• उनीहरूले बनाएको नक्साका सम्वन्धमा प्रश्नहरू सोधेर | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मुख्य बाटाहरू उल्लेख गर्न | | | | | |
| | | • वडाका निर्वाचित जनप्रतिनिधिहरू तथा तिनको जिम्मेवारी वताउन<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरू बताउन | • वडाका निर्वाचित जनप्रतिनिधिहरू र तिनको जिम्मेवारी<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरू | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्वव्यवस्थापन सिप<br>• अवलोकन सिप<br>• प्रश्नोत्तर सिप | • वडाका जनप्रतिनिधिहरू र उनीहरूको भूमिका एवम् जिम्मेवारीका बारेमा छलफल र सहजीकरण गर्ने<br>• जनप्रतिनिधिहरूले तोके अनुसारको जिम्मेवारी पूरा गरे नगरेको बारेमा विद्यार्थीहरूलाई समूहमा छलफल गर्न लगाइ प्रस्तुत गर्न लगाउने<br>• जनप्रतिनिधिहरू र उनीहरूले वडाबाट नागरिकलाई प्रदान गर्ने सेवाका बारेमा जानकारी गराउँदै वडा कार्यालयको सेवालाई प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने उपायहरूको बारेमा छलफल गर्ने<br>• वडाका कुनै जनप्रतिनिधिलाई आमन्त्रण गरी उनीहरूले गर्ने र गरेका कामको बारेमा बताउन लगाउने | • वडा र वडाका जनप्रतिनिधिहरूको भूमिका र जिम्मेवारी बताउन लगाएर<br>• वडाको कामलाई प्रभावकारी बनाउनका लागि आवश्यक सुझाव लिखित रूपमा पेस गर्न भनेर | |
| | | • नगरपालिकाभित्रको जनसङ्ख्याको उमेरगत अवस्थाको विश्लेषण लेखेर प्रस्तुत गर्न<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरूको बारेमा बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकाको क्षेत्रभित्र बग्ने नदी र खोलाहरुले पुऱ्याएको योगदानको चर्चा गर्न | • नगरपालिकाभित्रको जनसङ्ख्याको उमेरगत विश्लेषण<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा, महिलाका लागि तय गरेका कार्यक्रमहरू ।<br>• वनगाड कुपिण्डे नगरपालिकाको क्षेत्रभित्र बग्ने नदी र खोलाहरुले पुऱ्याएको योगदानको चर्चा | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप | • वनगाड कुपिण्डे नगरपालिकाको उमेरगत जनसङ्ख्यालाई चार्ट मार्फत् प्रस्तुत गरी विद्यार्थीहरूलाई सहजीकरण गर्ने<br>• वडा कार्यालयले हामी नागरिकका लागि के कस्ता काम गर्दछ भन्ने कुराको बारेमा विद्यार्थीहरूसँग भएको पूर्वज्ञानका आधारमा छलफल गर्ने<br>• वडाले शिक्षा, युवा, महिला तथा बालबालिकाको क्षेत्रमा सञ्चालन गर्ने कामको बारेमा चार्ट र अन्य श्रव्यदृश्य सामग्री मार्फत् सहजीकरण गर्ने । यसका लागि वडाका जनप्रतिनिधि एवम् वडा कार्यालयका आधिकारिक कर्मचारीलाई आमन्त्रण गर्न सकिने<br>• वनगाड कुपिण्डेमा बग्ने नदी, खोलाको सूची बनाइ नामाकरणका बारेमा शिक्षकले सहजीकरण गरिदिने | • पालिकाको उमेरगत जनसङ्ख्याका बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• वडाले गर्ने विभिन्न कामको बारेमा प्रश्नहरू सोधेर ।<br>• विभिन्न खोलाको नाम सोधेर | |
| २ | **हाम्रा मौलिक कला, सँस्कृति र सम्पदाहरू** | • वनगाड कुपिण्डे नगरपालिकाका प्रकृतिक सम्पदाहरू (नदी, खोला, गार, दह, पहाड, वन आदि) ले पुऱ्याएको योगदानको चर्चा गर्न | • वनगाड कुपिण्डे नगरपालिकाका प्रकृतिक सम्पदाहरू (नदी, खोला, गार, दह, पहाड, वन आदि) ले पुऱ्याएको योगदानको चर्चा | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अनुकरण सिप<br>अवलोकन सिप | • वनगाड कुपिण्डे नगरपालिकालाई सम्पदा (नदी, खोला, गार, दह, पहाड, वन आदि) ले पुऱ्याएको योगदानको यहाँका बासिन्दाको निम्ति के कस्ता योगदान गरेको छ भन्ने सम्बन्धमा विद्यार्थीहरूलाई सोधपुछ गर्दै कक्षाको आरम्भ गर्ने<br>• विद्यार्थीहरूबाट प्राप्त विचारहरूलाई सम्मान गर्दै उल्लिखित गार र खोलाहरूले वनगाड कुपिण्डे बासीको जीवनलाई सहज र समुन्नत बनाउन पुऱ्याएको योगदानको बारेमा सहजीकरण गर्ने | • वनगाड कुपिण्डेका प्राकृतिक सम्पदाले वनगाड कुपिण्डे बासीका निम्ति गरेको योगदानबारे प्रश्न सोधेर<br>• वनगाड कुपिण्डेका प्राकृतिक सम्पदाको | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • यहाँको प्राकृतिक सम्पदालाई राम्रोसँग उपयोग गर्न सकेमा नगरपालिका र यहाँका नागरिकका निम्ति अन्य के कस्ता सुविधा र समुन्नतिका ढोकाहरू खुल्न सक्छन् भन्ने बारेमा छलफलमा सहभागी हुन विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने | अझै सदुपयोग गर्न सकेमा वनगाड कुपिण्डे बासीको निम्ति हुने थप फाइदाको बारेमा सोधेर | |
| | | • वनगाड कुपिण्डेमा कला, संस्कृति र साहित्यको सामान्य परिचय दिन<br>• बाल साहित्य (बाल कविता, कथा, चित्रहरू र भित्ते पत्रिका) का साथै बालबालिकाको विकासका लागि वनगाड कुपिण्डेमा भए गरेका कार्यहरू उल्लेख गर्न<br>• वनगाड कुपिण्डे नगरपालिकाका धार्मिक र ऐतिहासिक सम्पदाहरू<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँटोलका मानिसहरूको पहिचान र योगदानको चर्चा गर्न | • वनगाड कुपिण्डेमा कला, संस्कृति र साहित्यको सामान्य परिचय ।<br>• बाल साहित्य (बाल कविता, कथा, चित्रहरू र भित्ते पत्रिका) का साथै बालबालिकाको विकासका लागि<br>• वनगाड कुपिण्डे नगरपालिकाका धार्मिक र ऐतिहासिक सम्पदाहरू<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँटोलका मानिसहरूको पहिचान र योगदानको चर्चा | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचानको सिप<br>• अवलोकन सिप<br>• प्रतिवेदन सिप<br>• दृश्य साक्षरता सिप | • वनगाड कुपिण्डेमा कला, संस्कृति र साहित्यको क्षेत्रमा भए गरेका कार्यहरू तथा सर्जकहरूको सामान्य परिचय दिने<br>• बाल साहित्य अन्तर्गत बाल कविता, कथा, चित्रहरू र भित्ते पत्रिकाको प्रयोग र प्रचलनको सम्बन्धमा सहजीकरण गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिका मा बालसाहत्यिको क्षेत्रमा चिनिएका बाल साहित्यकारहरू उपस्थित भएर आफ्नो साहित्य प्रस्तुत गर्नका लागि विद्यालयले साहित्यिक कार्यक्रमको आयोजना गर्न सक्ने ।<br>• बालबालिकाको विकासका लागि वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा भए गरेका कार्यहरूको समीक्षा गर्ने र यस्ता कार्यमा योगदान गर्ने संघसंस्था र व्यक्तिहरूको बारेमा समेत सूची तयार गरी छलफल गर्ने<br>• तस्बिर वा छोटो भिडियो देखाएर विद्यार्थीलाई वनगाड कुपिण्डे नगरपालिकाका धार्मिक र ऐतिहासिक सम्पदाहरू: कृष्ण मन्दिर (देवस्थल), सिद्ध गुफा (तारपेर), छहरे बाजेको गुफा (गर्चे), सिद्ध गुफा (मैदु), सिद्ध गुफा (माचखर्क,) मैदुम पोखरी, पानसेरा बाजेको मन्दिर, कुन्नीको न्व भोटेको पुल, कैलु बराहको मन्दिर (कुपिण्डे दह) सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर (चौर), कैलु जैसी मन्दिर (बामे), देउती बज्यै (बालुवा सङ्ग्रही), भोटे राजाको भग्न दरबार (मैदु), क्रम शाहीको भग्न दरबार (खैरागार) को परिचय र महत्वको बारेमा छफफल र सहजीकरण गर्ने<br>• उपयुक्तताको आधारमा त्यस्ता क्षेत्रहरुको अवलोकन भ्रमण र परियोजना कार्यका लागि अवसर प्रदान गर्ने<br>• आफ्नो गाउँटोलमा राम्रो काम गर्ने गाउँटोलका समाजसेवी, खेलाडी, साहित्यकार, कलाकार, राजनीतिकर्मी, शैक्षिक व्यक्तित्व आदिको सर्वेक्षण र पहिचान गर्ने<br>• उनीहरूले गरेका योगदानहरूको सर्वेक्षण गरी कक्षामा विश्लेषण गर्ने<br>• यस्ता व्यक्तिहरूको तथ्याङ्क सङ्कलन कार्यमा विद्यार्थीहरूलाई नै बढी मात्रामा परिचालन गर्ने ।<br>• विद्यार्थीहरूलाई पनि उल्लिखित मानिसहरूले जस्तै गाउँटोल, समाज र मुलुकको विकास लागि काम गर्नुपर्छ भनेर अभिप्ररित गर्ने | • वनगाड कुपिण्डको कला, संस्कृति र साहित्यको सन्दर्भमा विभिन्न प्रश्नहरू सोधेर<br>• बालभित्ते पत्रिका र बालसाहित्यका बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• बालबालिकाको विकासका लागि वनगाड कुपिण्डेमा भएगरेका कार्यहरू सोधेर<br>• नगरपालिकाका धार्मिक एवम् ऐतिहासिक सम्पदा बारे सोधेर<br>• गाउँटोल र समाजको विकासका लागि काम गर्ने गाउँटोलका मानिसहरूको सूची बनाउन लगाएर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • हटारुका कथाको परिचय दिन<br>• वनगाड कुपिण्डेमा प्रचलित कर्खाको परिचय दिन<br>• सरिङ्गे नाचको परिचय र महत्त्व | • हटारुका कथाको परिचय<br>• वनगाड कुपिण्डेमा प्रचलित कर्खाको परिचय<br>• सरिङ्गे नाचको परिचय र महत्त्व | | • असल मानिसहरूको खोजी र पहिचानका लागि विद्यार्थीहरूलाई परियोजना कार्य गर्नका लागि अवसर प्रदान गर्ने<br>• वनगाड कुपिण्डेमा प्रचलित हटारुका कथा, कर्खाका साथै यहाँ प्रचलनमा रहेको सरिङ्गे नाचको परिचय र महत्त्वको बारेमा वास्तविक अवस्था, फोटो, भिडियो क्लीप आदिको अध्ययन र अवलोकनका माध्यमबाट छलफल र सहजीकरण गर्ने ।<br>• हटारुका कथा र कर्खाका लागि स्थानीय बुढापाका एवम् जानकार व्यक्तिलाई कक्षाका बोलाई सहजीकरणका लागि अनुरोध गर्ने<br>• विद्यार्थीहरुलाई सरिङ्गे नाचको प्रत्यक्ष अवलोकन एवम् स्थानीय जानकारसँग भेटघाट समेत गरी सहजीकरणलाई प्रभावकारी बनाउने | • हटारुका कथाको परिचय र उदाहरण सोधेर<br>• कर्खाका परिचय र उदाहरण साधेर<br>• सरिङ्गे नाचका बारेमा सोधेर | |
| | | • घियाँ संक्रान्तिको परिचय महत्त्व र मनाउने तरिका र दुध पूजाको परिचय र महत्त्व उल्लेख गर्न | • घियाँत्यारको परिचय महत्त्व र मनाउने तरिका र दुध पूजाको परिचय महत्त्व | • अवलोकन सिप<br>• स्वीकार्य सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप | • विद्यार्थीहरूको पूर्वज्ञानको आधारमा उनीहरूलाई घियाँ सङ्क्रान्ति र दुध पूजाको महत्त्व र मनाउने/ गर्ने तरिकाको बारेमा भन्न लगाउने<br>• विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रियाहरूलाई सम्बोधन गर्दै घियाँ सङ्क्रान्ति र दुध पूजा महत्त्व र मनाउने/गर्ने तरिकाको बारेमा सहजीकरण गरी आवश्यकता अनुसार थप पुष्टि गर्ने<br>• सहजीकरण प्रयोजनका लागि यससम्बन्धी स्थानीय जानकार व्यक्तिलाई आमन्त्रण गर्ने | • घियाँ सक्रान्ति र दुध पूजा मनाउँदा/गर्दा गरिने क्रियाकलाप र यी पर्वको महत्त्वको बारे विभिन्न प्रश्नहरू सोधेर | |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • अन्नबालीहरूको खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न | • अन्नबालीहरूको खेती गर्ने तरिकाको जानकारी र उक्त खेतीमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा खेती गरिएका अन्नबालीहरूको बारेमा जानकारी दिन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा खेती गरिने अन्नबालीहरू (धान, मकै, धान, कोदो, गहुँ, जौ) को परिचय र खेती गर्ने तरिका बताउने<br>• विद्यार्थीहरूलाई विद्यालयको नजिकै अन्नबालीको खेती गरिएको स्थानमा भ्रमण गराउने र उक्त खेतीको जानकारी दिन लगाउने ।<br>• भ्रमणको क्रममा अवलोकन गरिएका पक्षहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने<br>• उक्त अन्नबालीहरू मध्ये घर वा विद्यालयमा खेती गरिने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने र यस कार्यमा भएको अनुभव आदानप्रदान गर्न लगाउने | • घर वा समुदायमा खेती गरिने अन्न बालीको परिचय दिन लगाएर<br>• उक्त बालीको खेती गर्ने तरिका बताउन लगाएर<br>• अन्नबालीको खेती कार्यमा सहभागी भएको अवलोकन र अभिभावकको प्रतिक्रिया लिएर | २१ |
| | | • तरकारी बालीको खेती गर्ने तरिका बताउन र खेती कार्यमा सहयोग गर्न | • तरकारी बालीको खेती गर्ने तरिकाको जानकारी र खेती कार्यमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा खेती गरिएका तरकारी बालीहरूको बारेमा जानकारी दिन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा खेती गरिने तरकारी बालीहरू (आलु, साग, बन्दा, काउली, टमाटर, गोलभैँडा, खुर्सानी) को परिचय र खेती गर्ने तरिका बताउने | • आफ्नो घर वा समुदायमा खेती गरिने तरकारी बालीको परिचय दिन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई विद्यालयको नजिकै तरकारी खेती गरिएको स्थानमा भ्रमण गराउने र उक्त खेतीको जानकारी दिन लगाउने ।<br>• भ्रमणको क्रममा अवलोकन गरिएका पक्षहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने<br>• उक्त तरकारी बालीहरू मध्ये घर वा विद्यालयमा खेती गरिने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने र यस कार्यमा भएको अनुभव आदानप्रदान गर्न लगाउने | • उक्त बालीको खेती गर्ने तरिका बताउन लगाएर<br>• तरकारी बालीको खेती कार्यमा सहभागी भएको अवलोकन गरेर<br>• अभिभावकको प्रतिक्रिया लिएर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| | | • हस्त निर्मित सामग्रीहरू -कुचो, दमालो, सुपो, डोको, डालो, मान्द्रो र परालको गुन्द्री बनाउने तरिका बताउन र निर्माण गर्न | • हस्त निर्मित सामग्रीहरू -सुपो, डोको, डालो, मान्द्रो र परालको गुन्द्री बनाउने तरिकाको अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा हस्त निर्मित सामग्रीहरू के के रहेछन् ? तिनको प्रयोग के के कामको लागि गरिने रहेछ ? बताउन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा निर्माण गरिने सामग्रीहरू (सुपो जावो, डोको, मान्द्रो र परालको गुन्द्री) को जानकारी दिने<br>• शिक्षक आफैँ वा - कुचो, दमालो, सुपो, जावो, डोको, मान्द्रो र परालको गुन्द्री बनाउन जान्ने व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गरेर उक्त सामग्री निर्माण गर्न चाहिने कच्चा पदार्थहरूको व्यवस्थापन गरी निर्माण गर्न लगाउने र विद्यार्थीहरूलाई समेत सो कार्यमा सहभागी गराउने | • आफ्नो घर वा समुदायमा निर्माण गरिने हस्तनिर्मित सामग्रीहरूको परिचय र निर्माण गर्ने तरिका बताउन लगाएर<br>• हस्त निर्मित सामग्री निर्माणको अवलोकन गरेर | |
| | | • व्यावसायिक कृषिको परिचय दिन, कृषि पकेट क्षेत्र र यसको महत्त्व बताउन<br>• मौरी पालनको तरिका बोध गरी सहयोग गर्न<br>• पेसा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका बताउन | • व्यावसायिक कृषिको परिचय दिन, कृषि पकेट क्षेत्र र यसको महत्त्व ।<br>• मौरी पालनको तरिकाको जानकारी र पालनमा सहयोग<br>• पेसा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• समालोचनात्मक सोचाइ सिप<br>• अवलोकन सिप<br>• अभिव्यक्ति सिप | • विद्यार्थीहरूलाई व्यवसायिक कृषि, कृषि पकेट क्षेत्र, कृषि व्यवसायको आवश्यकता सम्बन्धमा आआफ्नो अनुभव बताउन लगाउने<br>• शिक्षकले श्रव्यदृश्य सामग्रीको माध्यमबाट उल्लिखित विषयवस्तुको परिचय, महत्त्व र आवश्यकता बताउने ।<br>• घर वा विद्यालयको सक्रियतामा विद्यार्थीहरूलाई कृषि कार्यका लागि अभ्यास गराउने<br>• मौरी पालनको बारेमा तस्बिर, भिडियो र प्रत्यक्ष अवलोकनको माध्यमबाट सहजीकरण गर्ने र यसका लागि स्थानीय कृषि विज्ञलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• कुनै पनि पेसा र व्यवसयाको प्रवर्धनमा पालिकाको भूमिकाको सम्बन्धमा छलफल र सहजीकरण गर्ने । यसका लागि पालिकाकै सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गरेर विभिन्न पेसा र | • व्यवसायिक कृषि, कृषि पकेट क्षेत्र, कृषि व्यवसायको बारेमा विभिन्न प्रश्न सोधेर<br>• मौरी पालनका बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• कृषि कार्यमा सहभागी भएको अवलोकन गरेर<br>• पेसा र व्यवसायको प्रवर्धनमा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | व्यवसायको प्रवर्धनमा पालिकाले खेलेको र खेल्न सक्ने भूमिकाको बारेमा जानकारी लिने | पालिकाको भूमिका सोधेर | |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्न | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङ्कन सिप,<br>• पहिचान सिप,<br>• छनौट सिप | • शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सवलता र सम्भावनाको बारेमा विद्यार्थी स्वयम्सँग पनि छलफल आदान प्रदान गरी विद्यार्थीहरूलाई समेत उनीहरूको रुचि, प्रतिभा र क्षमता स्वमूल्याङ्कन सहजीकरण गर्ने<br>• विभिन्न स्रोत र माध्यमहरूको प्रयोगबाट आफू स्वयम्को स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको सूची बनाइ चर्चा गर्ने<br>• समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरू : अरूको दुःख र पीडामा सहयोग गर्ने, अरूका कुरा ध्यान दिएर सुन्ने, आफ्नो भन्दा अरूको लागि मरिमेट्ने, समाज र राष्ट्रको हितलाई सर्वोपरी ठान्ने आदि जस्ता स्वभावहरूको चर्चा गर्ने | • विद्यार्थीहरूले उनीहरूका रुचि, प्रतिभा र क्षमताका बारेमा सोधेर<br>• समाज र राष्ट्रका जिम्मेवार नागरिकमा हुनुपर्ने कुराहरू सोधेर<br>• उनीहरूले गरेका र गर्न सक्ने असल नागरिकका स्वभावको बारेमा सोधेर | २३ |
| | | • गीत, सङ्गीत र नृत्यहरूमा सक्रिय रूपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्न<br>• स्थानीयस्तरमा उत्सव र चाडपर्वहरू मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको बोध र अभ्यास गर्न<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र बानीका साथै खुसी र सन्तुलित जीवनका विविध | • गीत, सङ्गीत र नृत्यहरूमा सक्रियताका साथै सिर्जना गर्ने सिप र कलाको अभ्यास<br>• स्थानीयस्तरमा उत्सव र चाडपर्वहरू मनाउँदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र बानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको जानकारी र अनुसरण श्रम र सिर्जनाको सम्मान र अभ्यास | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• प्रयोग सीप<br>• प्रस्तुति सीप | • विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने<br>• मोबाइल, दुरदर्शन, ध्वनी विस्तारक, सुसाङ्ख्या आदिको प्रयोग गरेर विभिन्न बालगीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्ने<br>• विद्यार्थीहरूसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनी गरिब, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने<br>• उत्सव एवम् चाडपर्व मनाउँदा स्थानीय स्तरका माथि उल्लिखित सबैको सम्मान हुनुपर्ने कुरालाई विशेष ध्यान दिनु पर्ने कुरालाई छलफलमा ल्याउने<br>• स्थानीय स्तरमा मनाइने उत्सव र चाडपर्वहरूमा सामाजिक सद्भाव बढाउने किसिमका क्रियाकलापहरूको बारेमा छलफल गरी सूची बनाउने<br>• सामाजिक सद्भावलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि विद्यार्थीलाई प्रतिबद्ध बनाउने<br>• दुनियाँमा भएका कुनै पनि चिजहरू आफैमा पूर्ण रूपमा खराव नभइ तिनीहरू हाम्रो सोचको कारणले खराब भएका हुन् भन्दै तिनीहरूभित्र पनि असल चिजहरू हुन्छन् भन्ने कुरालाई विभिन्न उदाहरण दिएर स्पष्ट पार्ने | गीतहरू गाउन लगाएर<br>• मन पर्ने गीत र सङ्गीतमा नाच्न लगाएर<br>• गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर<br>• सामाजिक सद्भावको अर्थ सोधेर<br>• उत्सव र चाडपर्व मनाउँदा ध्यान दिनु पर्ने कुराहरू सोधेर<br>• प्रतिबद्धता कार्यान्वयनको अवलोकन गरेर एवम् अभिभावकसँग सोधेर<br>• विभिन्न घटनाहरूको राम्रा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पक्षहरूको जानकारी र अनुसरण<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास | गर्ने बानीको विकास | | • कतिपय मन दुखाउने विषय, व्यक्ति र घटनाभित्र पनि सकारात्मक कुराहरूको खोजी र विश्लेषण गर्दै विद्यार्थीहरूमा सकारात्मक हुने क्षमताको विकास र अभ्यास गराउने ।<br>• सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको बारेमा विद्यार्थीहरूको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• हामी जिउनका लागि कसैको श्रमले महत्त्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नपर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लिप आदिको प्रयोग र प्रदर्शन गर्ने<br>• श्रमको सम्मान एवम् परिवार, गाउँटोल र विद्यालयमा विभिन्न किसिमका शारीरिक काम गरेका तस्बिर र अन्य अभिलेखहरू प्रस्तुत गर्न विद्यार्थीहरूलाई प्रेरित गर्ने | पक्ष बताउन लगाएर<br>• मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा सोधेर<br>• सन्तुलित जीवनका विविध पक्षको बारेमा सोधेर<br>• श्रमलाई सम्मान गर्नु पर्ने कारण सोधेर<br>• विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका तस्बिरहरू हेरेर | |
| | | • योग र ध्यान ( प्रणव ध्यान, उद्गीथ प्राणायाम, उर्ध्वताडासन, कोणासन) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास गर्न<br>• पौष्टिक तत्त्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरू पकाउने र खाने तरिकाको जानकारीका साथै सोको अभ्यास गर्न | • योग र ध्यान ( प्रणव ध्यान, उद्गीथ प्रणायाम, उर्ध्वताडासन, कोणासन) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास<br>• परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास<br>• पौष्टिक तत्त्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरू पकाउने र खाने तरिकाको बोध र सोको अभ्यास | • सञ्चार सीप,<br>• प्रदर्शन सीप,<br>• प्रयोग सिप,<br>• तार्किक सिप,<br>• समय व्यवस्थापन सिप<br>• स्व व्यवस्थापन सिप<br>• वैयक्तिक जिम्मेवारी बोध सिप<br>स्वीकार्य सिप आदि । | • विद्यार्थीहरूलाई ( प्रणव ध्यान, उद्गीथ एवम् उर्ध्वताडासन र कोणासन सिकाउनका लागि शिक्षकले सबैको सामू गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनहरूको अभ्यास गर्न लगाइ आफूले पथ प्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने<br>• कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गराउने<br>• हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरू दिएर स्पष्ट पार्ने ।<br>• अन्य श्रव्य दृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरूले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने<br>• हामीले अहिले सहयोग गऱ्यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने<br>• पौष्टिक तत्त्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरू पकाउने र खाने तरिकाको बारेमा तस्बिर एवम् भिडियो समेत अवलोकन गर्दै सहजीकरण गर्ने<br>• विद्यार्थीहरूलाई परियोजना कार्य मार्फत् अभ्यास गर्न लगायत पौष्टिक तत्त्व नष्ट नहुने गरी विभिन्न स्थानीय परिकारहरू पकाउने तरिका सिकाउने र परिवारका सदस्यहरूलाई पनि सिकाउन अभिप्रेरित गर्ने | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गरेको अवलोकन गरेर<br>• ध्यान, प्रणायाम र आसनहरूको परिचय र महत्व सोधेर<br>• कुनै पनि ध्यान, प्राणायाम र आसनको अभ्यास गर्न लगाएर<br>• जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको बारेमा भन्न लगाएर<br>• जेष्ठ नागरिक र अशक्तहरूलाई सहयोग गर्नुपर्ने कारण सोधेर<br>• पौष्टिक तत्त्व नष्ट नहुने गरी खाना | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तयार पार्ने तरिका सोधेर | |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत पर्ने सामुदायिक वनहरू र उक्त वनमा पाइने वस्तुहरूको पहिचान गर्न<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरू पहिचान गर्न<br>• जडीबुटी खेती र सङ्कलन एवम् विभिन्न स्थानीय जातका जडिबुटीरूको नर्सरी निर्माण र बिक्री वितरण आदि गर्न<br>• नगरपालिका क्षेत्रमा वृक्षरोपण कार्यमा सहयोग गर्न | • वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा भएका वनहरू र उक्त वनमा पाइने वस्तुहरूको पहिचान<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरूको पहिचान<br>• जडीबुटी खेती र सङ्कलन एवम् विभिन्न स्थानीय जातका जडिबुटीरूको नर्सरी निर्माण र बिक्री वितरण, आदि<br>• नगरपालिका क्षेत्रमा वृक्षारोपण कार्यमा सहयोग । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • वनगाड कुपिण्डे नगरपालिका अन्तर्गतका वनहरूको पहिचान गराउने र अवलोकन गराउने<br>• अवलोकन वा उक्त वन सम्बन्धी तयार गरेको भिडियो अवलोकन गराएर उक्त वनहरूमा पाइने वस्तुहरू पहिचान गर्न लगाउने<br>• वनबाट के के आर्थिक क्रियाकलाप गर्न सकिन्छ ? छलफल गराउने । यस्ता आर्थिक क्रियाकलापअन्तर्गत वनबाट काठ, जडीबुटी, घाँसपात, चट्टान, खनिज आदि प्राप्त गर्न सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटीहरू पहिचान गर्न लगाउने, पहिचान गराउने र जडीबुटी खेती गर्ने तरिका बताउने<br>• जडीबुटी खेती गर्नको लागि आवश्यक नर्सरी निर्माण गर्न सकिने कुरा बताउने र नर्सरी तयार गर्ने विधि बताउने<br>• विद्यालयमा गरिएको नर्सरीबाट उत्पादित बेर्नाहरू विक्रीवितरण गर्ने, गर्न लगाउने<br>• पालिकाका विभिन्न क्षेत्रमा वृक्षरोपण गर्ने कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी बनाउने । | • नगरपालिकामा भएका वनहरूको नाम सोधेर<br>• वनहरूमा पाइने वस्तुहरूको नाम सोधेर<br>• वनले आर्थिक क्रियाकलापमा गर्ने सहयोग सोधेर<br>• घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटीहरू भन्न लगाएर<br>• नर्सरीमा उत्पादित बेर्ना घर तथा विद्यालयमा रोपन गरे नगरेको अवलोकन गरेर | २१ |
| | | • हरित घर तथा विद्यालयको परिचय दिन<br>• हरियाली प्रवर्धनको परिचय दिन<br>• हरियाली प्रवर्धनको महत्त्व, तरिका बताउन र उक्त कार्यमा सहभागी हुन | • हरित घर तथा विद्यालयको अवधारणा/परिचय<br>• हरियाली प्रवर्धनको परिचय महत्त्व, तरिका र सहभागिता<br>• | • सिकाइ सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • हरित घर, हरित विद्यालय भनेको के होला ? विचार प्रस्तुत गर्न लगाउने<br>• घर वरपरको खाली जग्गा वा अन्य ठाउँमा आवश्यक बिरुवाहरू रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रूपमा हरित घरको परिचय दिने<br>• ऊर्जाको वचत र सही सदुपयोग गर्ने, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने<br>• हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्धनको परिचय दिने<br>• हरियाली प्रवर्धन गर्दा हुने महत्त्व, हरियाली प्रवर्धन गर्ने तरिका बताउने । यस सम्बन्धमा श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र यस कार्यमा सहभागी हुन प्रेरित गर्ने | • हरित घर तथा विद्यालयको परिचय दिन लगाएर<br>• हरित घर तथा विद्यालय अन्तर्गत पर्ने पक्षहरू बताउन लगाएर ।<br>• हरियाली प्रवर्धनको परिचय, यसको महत्त्व र तरिका बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू बताउन<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी शुद्धीकरणका स्थानीय उपायहरू खोजी गर्न र अवलम्बन गर्न | • घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने प्रदूषण न्यूनीकरणका उपायहरू (जल, वायु, ध्वनि, जमीन)<br>• नगरपालिका क्षेत्रमा खानेपानीको स्रोत र पानीको वितरण प्रक्रिया<br>पानी शुद्धीकरणका स्थानीय उपायहरू | • सिकाइ सिप<br>• स्व-व्यवस्थापन सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • स्थानीय क्षेत्रमा हुने प्रदूषणका प्रकार पहिचान गर्न लगाउने (हावा, पानी, जमिन, ध्वनि आदि)<br>• उक्त प्रदूषण हुने कारण र असरमा छलफल गराउने<br>• जल, वायु, ध्वनि, जमिनको प्रदूषणलाई न्यूनीकरण गर्ने उपायहरूमा छलफल गराउने (फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानुनी प्रावधान, सचेतना आदि)<br>• नगरपालिका क्षेत्रमा भएका खानेपानीका स्रोतहरूको पहिचान गर्न लगाउने<br>• घर तथा विद्यालयमा आउने खाने पानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने<br>• घर तथा विद्यालयमा प्रयोग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने<br>• यस्ता विधिहरू अन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी दिने र प्रयोगात्मक रूपमा प्रदर्शन गर्ने | • स्थानीय क्षेत्रमा भएका प्रदूषणहरू पहिचान गर्न लगाएर<br>• प्रदूषणका कारण, असर र न्यूनीकरणका उपायहरू सोधेर<br>• फोहोरमैला व्यवस्थापनको अवलोकन गरेर<br>• पानीको वितरण प्रक्रिया, शुद्धीकरण प्रक्रियाको जानकारी दिन लगाएर | |
| | | • नगरपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू पहिचान गरी लक्ष्य पूरा गर्ने उपायहरू खोजी गर्न<br>• नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरू पहिचान गर्न<br>• नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति र रुखहरूको उपयोगिता बताउन<br>• लालीगुराँसको उपयोगिता बताउन | • नगरपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू<br>• नगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरू<br>• नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति र रुखहरूको उपयोगिता<br>• लालीगुराँसको उपयोगिता | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • दिगो विकास भनेको के होला ? विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरूको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने<br>• नगरका दिगो विकासका लक्ष्यहरूको जानकारी गराउने र दिगो विकासको लक्ष्य पूरा गर्न सकिने लक्ष्यहरू पहिचान गराउने<br>• दिगो विकास र वातावरण संरक्षण बीचको अन्तरसम्बन्धमा छलफल गराउने<br>• वातावरण संरक्षण गर्ने तरिकाहरू श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शनन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति रुखहरूको पहिचान र परिचय सहित उक्त ठूला वनस्पतिहरूको उपयोगिताका बारेमा विद्यार्थीहरूका पूर्व अनुभवको आधारमा छलफल सञ्चालन गर्ने<br>• विद्यार्थीहरूले भनेका विचारहरूको सम्मान गर्दै उक्त ठूला वनस्पतिहरूको उपयोगिताको बारेमा सहजीकरण गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने लालीगुराँसको पहिचान र परिचय सहित उक्त लालीगुराँसको उपयोगिताका बारेमा विद्यार्थीहरूका पूर्व अनुभवको आधारमा छलफल सञ्चालन गर्ने<br>• विद्यार्थीहरूले भनेका विचारहरूको सम्मान गर्दै उक्त लालीगुराँको उपयोगिताको बारेमा सहजीकरण गर्ने | • दिगो विकासको परिचय सोधेर<br>• दिगो विकासका लक्ष्यहरू सोधेर<br>• नगरपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासको लक्ष्यहरू बताउन लगाएर<br>• वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध सोधेर<br>• ठूला वस्नपतिहरूको उपयोगिता सोधेर<br>• लालीगुराँसका बारे सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौतिको रूपमा रहेका बालश्रम, बालविबाह, भूतप्रेत र बोक्सी जस्ता अन्धविश्वासका कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू अपनाउन | • सामाजिक चुनौतिका रूपमा रहेका बालश्रम, बालविबाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असर र उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरू । | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप<br>• व्यक्तिगत जिम्मेवारी सिप | • सामाजिक चुनौतिका रूपमा रहेका बालश्रम, बालविवाह, अन्धविश्वास, भूतप्रेत, बोक्सीका कारण समाजमा परेका असरहरूको बारेमा चित्र र भिडियो क्लिपको माध्यमबाट छलफल सञ्चालन गर्ने<br>• उल्लिखित सामाजिक चुनौतिका असरहरूको उल्लेख गर्दै उक्त असरहरूलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरूको बारेमा सहजीकरण गर्ने<br>• यस्ता सामाजिक चुनौति एवम् विसङ्गतिहरू कसैको पनि घरपरिवार र समाजमा हुनुहुदैन भन्ने बारेमा सबैलाई चेतना सम्प्रेषण गर्ने गराउने<br>• यस्ता सामाजिक चुनौति, विकृति र विसङ्गतिबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि एउटा विद्यार्थीको भूमिका के हुन सक्छ भन्ने बारेमा सहजीकरण गर्ने | • बालश्रम, बालविबाह, भूतप्रेत, बोक्सी जस्ता अन्धविश्वासका बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• उल्लिखित सामाजिक चुनौतिबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि विद्यार्थीको भूमिका सोधेर | २० |
| | | • बिपद् पूर्व अनपाइने सजगताको जानकारी दिन<br>विभिन्न प्रकारका महामारीहरू - कोभिड, बर्ड फ्लू, डेङ्गु, झाडापखाला, टाइफाइड, हात्तीपाइले आदिको जानकारी दिन | • महामारीको परिचय<br>• महामारीका प्रकारहरू (कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला), टाइफाइड, हात्तीपाइले ) | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप | • समूहमा महामारीको परिचय खोजी गर्न लगाउने र भिडियो वा समाचारको माध्यमले शिक्षकले प्रष्ट्याइ दिने<br>• विगत वर्षमा भएका महामारीहरूको सूची बनाउने लगाइ प्रस्तुत गर्न लगाउने<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु,, झाडापखाला, टाइफाइड, हात्तीपाइलेको कारण विषयमा अन्तरक्रिया गराउने<br>• विगत एक वर्षमा कोभिड, बर्ड फ्लू, डेङ्गु, टाइफाइड, हात्तीपाइले र झाडापखालाबाट भएको असररप्रभाव वा क्षति समूहमा छलफल गरी टिपोट गर्न लगाउने<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु, टाइफाइड, हात्तीपाइले र झाडापखालाबाट बच्न गर्नुपर्ने व्यक्तिगत व्यवहारको सूची बनाउन लगाउने<br>• विभिन्न महामारीबाट सुरक्षित रहनका लागि सातओटै चरण पूरा गरी साबुन पानीले हात धुने अभ्यास गराउने | • तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्न सकिने :<br>• कोभिडको कारण र बच्ने उपायहरू सोधेर<br>• तपाइँको वरिपरि बर्ड फ्लू भएको जानकारी भएमा आफ्नो परिवारको सुरक्षाका लागि तपाईं के गर्नुहुन्छ भन्ने सोधेर | |
| | | • अपाङ्गता भएका व्यक्तिहरूलाई बिपद्बाट हुने जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन र सोको प्रस्तुतिकरण गर्न | • अपाङ्गता भएका व्यक्तिहरूलाई बिपद्बाट हुने जोखिम पहिचान<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई बिपद्बाट हुने जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका | • प्रयोग सिप<br>• रचनात्मक सोचाइ<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• वैयक्तिक जिम्मेवारी | • बिपद्मा अपाङ्गता भएका व्यक्तिको विषेश संरक्षण चाहिने कुरा शिक्षकले प्रष्ट्याउने<br>• बिपद्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई हुन सक्ने जोखिमहरू समूहमा छलफल गराउने<br>• बिपद्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्ने उपायहरू कथा वा भिडियोको माध्यमबाट छलफल गराउने<br>• बिपद्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्न समूहमा छलफल गराई बुँदागत प्रस्तुतीकरण गर्न लगाउने | • बिपद्को समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्न सकिने उपायहरूको बारेमा बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • आगो, हिटर, डढेलो, भूक्षय, बाढी पहिरो, असिना पानी, हावाहुरी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्न<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरूलाई पनि बचाउने उपायहरू बताउन<br>• वनगाड र बालुवा सङ्ग्रही जस्ता अन्य खोला नालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गनुपर्ने कार्यहरू लेख्न<br>• उल्लिखित घटना, दुर्घटना न्यूनिकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• उपयुक्तताका आधारमा माथि उल्लेख गरेका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न । | • डढेलो, आगलागी, भूक्षय,बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विषालु च्याउ लगायत विषजन्य पदार्थ आदिबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी<br>• सडक दुर्घटनाबाट आफू बच्ने र अरूलाई पनि बचाउने उपायहरू बताउन<br>• वनगाड र बालुवा सङ्ग्रही जस्ता अन्य खोला नालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गनुपर्ने कार्यहरू<br>• उल्लिखित घटना, दुर्घटना न्यूनिकरणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका<br>• उपयुक्तताका आधारमा माथि उल्लेख गरेका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation)। | • सिकाइ सिप<br>• जिम्मेवारी एवं प्रतिवद्धता<br>• सक्रियता पूर्वक सुन्ने<br>• वैयक्तिक जिम्मेबारी<br>• सामाजिक एवं नागरिक जिम्मेवारी | • डढेलो, आगलागी, भूक्षय, बाढी, सर्पदंश, जङ्गली जनावरको आक्रमण, विषालु च्याउ लगायत विषजन्य पदार्थ आदिबाट हुने दुर्घटनाका कारण सहित जानकारी गराउने<br>• सहरी क्षेत्रमा बढिरहेको सडक दूर्घटनाबाट आफू बच्ने र अरूलाई पनि बचाउने उपायहरूको बारेमा सहजीकरण गर्ने<br>• ट्राफिक प्रहरीलाई समेत विद्यालयमा आमन्त्रण गरी विद्यार्थीहरूलाई सहजीकरणका लागि अनुरोध गर्ने<br>• वनगाड, बालुवा सङ्ग्रही, सुनौली, रजाइ जस्ता अन्य खोलाबाट हुने कटान तथा डुवानलाई न्यूनिकरण गर्नका लागि गरिएका र गर्नु पर्ने कार्यहरूको बारेमा स्थलगत अवलोकनका माध्यमबाट सहजीकरण गर्ने<br>• उल्लिखित दुर्घटनाहरूबाट विगत एक वर्षमा आफ्नो वरिपरि भएको क्षति समूहमा छलफल गराउने र सबभन्दा वढी जोखिममा हुने वर्ग पहिचान गर्न लगाउने<br>• समाचार वा कथा वा भिडियोको माध्यमबाट उल्लिखित दुर्घटनाहरूको रोकथामका लागि गरिने पूर्वतयारी प्रस्तुतीकरण छलफल गराउने<br>• उल्लिखित दुर्घटनाहरूको न्यूनिकरणका लागि विद्यार्थीको भूमिका समूहमा छलफल गराउने र शिक्षकले सहयोग गर्ने<br>• उल्लिखित दुर्घटनाहरू न्यूनिकरणका लागि विद्यालय समुदायको भूमिका छलफल गराउने<br>• माथि उल्लेख गरिएका सामाजिक चुनौति र विपद् एवम् दुर्घटनाबाट बच्नका लागि विद्यार्थीहरुलाई कृत्रिम घटना अभ्यास (Simulation) सरीक गराउने । | • बाढी, डढेलो, आगलागी हुन नदिन विद्यालयले गर्ने सक्ने तीनओटा सावधानीका बारेमा सोधेर<br>• भूक्षय न्यूनिकरणका लागि समुदायले गर्ने तीनओटा कार्यहरू सोधेर<br>• सडक दूर्घटनाका कारण र बच्ने उपायहरू सोधेर<br>• विद्यार्थीहरुलाई कृत्रिम घटना अभ्यास (Simulation) मा सरीक भएको अवलोकन एवम् मूल्याङ्कन गरेर | |

## कक्षा ७

| क्र. स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको प्रशासनिक संरचना बताउन<br>• सल्यान जिल्लाको नक्सा वनाइ आफ्नो नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक तथा बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, नदी, खोलानाला र तालहरू भर्न | • वनगाड कुपिण्डे नगरपालिकाको प्रशासनिक संरचना<br>• सल्यान जिल्लाको नक्सामा आफ्नो नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक तथा बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, नदी, खोलानाला र तालहरू रेखाङ्कन | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• नक्सा बनाउने सिप<br>• अवलोकन सिप<br>• प्रस्तुतिकरण सिप<br>• दृश्य साक्षरता सिप | • वनगाड कुपिण्डे नगरपालिकाको प्रसासनिक संरचनाको बारेमा विद्यार्थीहरूलाई तस्बिर र भिडियो मार्फत् प्रस्तुत गर्ने<br>• यसका लागि नगरपालिका कार्यालयको अवलोकन गर्नका लागि विद्यार्थीहरूलाई अवसर उपलब्ध गराउने<br>• सल्यान जिल्लाको नक्सा बनाइ त्यस अन्तर्गत रहेको वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक तथा बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, नदी, खोलानाला र तालहरू आदि भर्न लगाउने<br>• उनीहरूले बनाएका नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने<br>• उनीहरूले बनाएको नक्सा प्रस्तुत गर्न लगाउने<br>• प्रस्तुतिकरणको समेत अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | • विद्यार्थीले बनाएको नक्साको अवलोकन गरेर<br>• उनीहरूले बनाएको नक्सामा भरेका विवरणको सम्बन्धमा प्रश्नहरू सोधेर | २० |
| | | • वनगाड कुपिण्डे नगरपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्थाको प्रस्तुति गर्न | • वनगाड कुपिण्डे नगरपालिकाको समग्र शैक्षिक अवस्था र प्राविधिक शिक्षाको वर्तमान अवस्थाको जानकारी | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अवलोकन सिप<br>• प्रश्नोत्तर सिप<br>• प्रस्तुतिकरण सिप | • वनगाड कुपिण्डे नगरपालिकाको समग्र शैक्षिक अवस्थाको बारेमा कुल विद्यालयहरूको सङ्ख्या, कक्षागत विद्यार्थीहरूको विवरण, विद्यालय नजाने बालबालिकाहरूको विवरण, विद्यार्थीहरूको जातिगत विवरण, अपाङ्गता भएका विद्यार्थीहरूको विवरण आदिलाई चार्टको माध्यमबाट प्रस्तुत गरी सहजीकरण गर्ने<br>• विद्यालय आउन नसकेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि तपाईंहरूको के भूमिका हुन सक्छ भनी समूहमा छलफल गरी प्रस्तुतिका लागि अवसर दिने<br>• वनगाड कुपिण्डे नगरपालिकामा प्राविधिक शिक्षा अध्ययन अध्यापन गरिने विद्यालयहरू, सञ्चालन भएको प्राविधिक शिक्षाको प्रकार र वनगाड कुपिण्डेमा प्राविधिक शिक्षाको भविष्य आदिका बारेमा सहजीकरण गर्ने । सम्बन्धित विद्यालयमा गएर अवलोकन पनि गर्ने र सहजीकरणका लागि स्थानीय विज्ञलाई समेत आमन्त्रण गर्न सकिने | • नगरपालिका का विद्यालय र विद्यार्थीहरूको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• विद्यालयमा भर्ना नभएका बाल बालिकालाई भर्ना गर्न तपाईंको भूमिका के हुन सक्छ भनी सोधेर<br>• नगरपालिकाको प्राविधिक शिक्षाको बारेमा विभिन्न प्रश्नहरू सोधेर | |
| | | • वनगाड कुपिण्डे नगरपालिकाले प्रवाह गर्ने मुख्य मुख्य सेवा, सुविधाहरू र सेवासुविधालाई | • वनगाड कुपिण्डे नगरपालिकाले प्रवाह गर्ने मुख्य मुख्य सेवा, सुविधाहरू र सेवासुविधालाई | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• प्रश्नोत्तर सिप | • वनगाड कुपिण्डे नगरपालिकाबाट प्रदान गरिने विभिन्न सेवा र सुविधाहरूको बारेमा विद्यार्थीहरूलाई सहजीकरण गर्ने<br>• यसलाई अझै प्रभावकारी बनाउनका लागि नगरपालिकाका जनप्रतिनिधि वा कर्मचारी आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • नगरपालिकाले प्रदान गर्ने सेवाको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• नगरपालिकाको सेवा सुविधालाई | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रभावकारी बनाउने उपायहरू बताउन | प्रभावकारी बनाउने उपायहरू | | • नगरपालिकाले प्रवाह गर्ने सेवा र सुविधालाई अझै प्रभावकारी बनाउने उपायहरूको बारेमा पनि सहजकर्तासँग छलफल गर्ने | अझै प्रभावकारी बनाउने उपायहरू सोधेर | |
| | | • वनगाड कुपिण्डे नगरपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरू बताउन | • वनगाड कुपिण्डे नगरपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरू | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• तुलना गर्ने सिप | • वनगाड कुपिण्डे नगरपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा तथा  महिलाका लागि तय गरिएका कार्यक्रमहरूको बारेमा चार्ट बनाइ प्रस्तुत गर्ने<br>• नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा र महिला तथा बालबालिका शाखाको प्रमुखहरूलाई आमन्त्रण गरी यससम्बन्धमा पालिकाले तय गरेका कार्यक्रमको प्रस्तुतिका लागि अवसर प्रदान गर्ने<br>• नगरपालिकाले शिक्षा, बालबालिका, युवा तथा महिलाका निम्ति गतवर्ष र चालु वर्ष गर्नुपर्ने काम र गरेका कामको बीचको खाडल  पहिचान गर्न लगाई विद्यार्थीहरूलाई पालिकाबाट आएका प्रस्तोतासँग प्रश्नोत्तर गर्न प्रेरित गर्ने | • वनगाड कुपिण्डे नगरपालिकाले शिक्षा, बालबालिका, युवा तथा महिलाका लागि सञ्चालन गर्नुपर्ने र गरेका कार्यक्रमहरूको बारेमा विभिन्न प्रश्नहरू सोधेर | |
| २ | **हाम्रा मौलिक कला, सम्पदा र संस्कृति** | • वनगाड कुपिण्डका पर्यटकीय स्थलहरूको परिचय र महत्त्व बताउन | • वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरूको परिचय र महत्त्व | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप<br>• तुलना सिप | • विद्यार्थीहरूलाई वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरू (तारपेर, निगालचुला, जैतपानी, कुपिण्डे दह, देवस्थल, छहरे गुफा, सल्ली बजार, दया लेक आदि) को आफूले अवलोकन गरेका सम्पदाहरूको बारेमा भन्न अभिप्रेरित गर्ने<br>• विद्यार्थीहरूका पूर्व ज्ञान र अनुभवहरूलाई सम्मान गर्दै उल्लिखित सम्पदाहरूको बारेमा तस्बिर र भिडियो सहित परिचय र महत्त्वका बारेमा छलफल र सहजीकरण गर्ने<br>• उपलब्ध भएसम्म उल्लिखित सम्पदाका विज्ञ, र जानकारसँग भेटघाट गरी विद्यार्थीहरूलाई सही कुराको सम्प्रेषण गराउने<br>• उल्लिखित सम्पदाहरूको प्रत्यक्ष अवलोकनका लागि विद्यार्थीहरूको निम्ति विद्यालयले अवसर प्रदान गर्ने गरी कार्यक्रम बनाउने | • वनगाड कुपिण्डेका विभिन्न पर्यटकीय स्थलहरूको परिचय र महत्त्वको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरूको सूची बनाउन लगाएर<br>• पर्यटकीय स्थल र तस्बिरको बीचमा जोडा मिलाउन लगाएर | २१ |
| | | ● वनगाड कुपिण्डेका प्रमुख जातजातिहरू (ब्राह्मण, क्षेत्री, मगर, दशनामी, दलित अल्पसङ्ख्यक आदि) ले मनाउने | • वनगाड कुपिण्डेका प्रमुख जातजातिहरू ( ब्राह्मण, क्षेत्री, मगर, दशनामी, दलित | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचानको सिप<br>• अवलोकन सिप | ● विद्यार्थीहरूलाई उनीहरूको पूर्व जानकारीका आधारमा वनगाड कुपिण्डेका प्रमुख जातजातिहरू (ब्राह्मण, क्षेत्री, मगर, दशनामी, दलित अल्पसङ्ख्यक आदि) ले मनाउने चाडपर्व, लगाउने वेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरूको बीचको आपसी सम्बन्धको बारेमा  सोधपुछ गर्दै छलफलको माध्यमबाट कक्षाको आरम्भ गर्ने | • वनगाड कुपिण्डेमा बस्ने विभिन्न जातजातिले मनाउने चाडपर्व र लगाउने पहिरन र गरगहनाका बारेमा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चाडपर्व, लगाउने वेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरूको बीचको आपसी सम्बन्धको बारेमा परिचय दिन | अल्पसङ्ख्यक आदि) ले मनाउने चाडपर्व, लगाउने वेषभूषा र गरगहना, बोल्ने भाषाका साथै उनीहरूको बीचको आपसी सम्बन्धको बारेमा परिचय । | • अवलोकन सिप<br>• दृश्य साक्षरता सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप | • विद्यार्थीहरूबाट प्राप्त जवाफहरूको आधारमा उल्लिखित विषयमा वनगाड कुपिण्डेका विभिन्न जातजाति मनाउने चाडपर्व र लगाउने पहिरन र गरगहनाको बारेमा सूची बनाइ कक्षामा प्रस्तुत गर्ने<br>• विभिन्न जातजातिले लगाएका पहिरन र गरगहनाहरू झल्किने गरी तस्बिर, चित्र र भिडियोहरूको अवलोकन गर्ने गराउने<br>• यससम्बन्धी स्थानीय जानकार व्यक्तिलाई समेत सहजीकरणका लागि आमन्त्रण गर्न सकिने | विभिन्न प्रश्नहरू सोधेर<br>• पहिरन तथा गहनाको चित्र र नामको जोडा मिलाउन भनेर<br>• बाह्र भदौको परिचय र महत्व सोधेर | |
| | | • बाह्र भदौको परियच र महत्त्व बताउन<br>• वनगाड कुपिण्डेका लोक चलन (अरिमो परिमो, पैंचो, पाथी हाल्ने, कटुवाल प्रथा, खलो उठाउने, न्वागी खाने, छेलो हान्ने, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने आदि) को बारे बताउन<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डे नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, | • बाह्र भदौको परिचय र महत्त्व<br>• वनगार कुपिण्डेका लोक चलन ( अरिमो परिमो, पैंचो, पाथी हाल्ने, कटुवाल प्रथा, खलो उठाउने, न्वागी खाने, छेलो हान्ने, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने आदि) को बारे बताउन<br>• आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डेका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, | • अवलोकन सिप<br>• पहिचान सिप<br>• विश्लेषण सिप | • बाह्र भदौ परिचय र महत्त्व बारे शिक्षकले सहजीकरण गरिदिने<br>• बाह्र भदौ सम्बन्धी स्थानीय जानकार व्यक्तिलाई समेत सहजीकरणका लागि आमन्त्रण गर्न सकिने<br>• विद्यार्थीहरुसँग भएको अनुभव र पूर्वज्ञानलाई सम्बोधन गर्दै वनगाड कुपिण्डेका लोक चलनहरु- अरिमो परिमो, पैंचो, पाथी हाल्ने, कटुवाल प्रथा, खलो उठाउने, न्वागी खाने, छेलो हान्ने, नुन पट्काउने, चुरा फोरर माया पत्ता लगाउने, जारी तिर्ने, हाट जाने, ठगान राख्ने, साइमासा लगाउने, कक्कर खाने, नदी तर्ने, पानी पात ल्याउने, दुध पूजा गर्ने आदि) को बारेमा छलफल गर्दै सहजीकरण गर्ने<br>• उल्लिखित चालचलनको प्रत्यक्ष एवम् फोटो, भिडियो आदिको अवलोकन गर्नका लागि विद्यार्थीहरुलाई अवसर दिने<br>• यस सम्बन्धी स्थानीय जानकार व्यक्तिलाई समेत आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• विद्यार्थीहरुलाई वनगाड कुपिण्डेका लोकचलनका बारेमा परियोजना कार्य दिएर व्यावहारिक र प्रयोगात्मक हिसावले थप सिकाइका लागि अवसर प्रदान गर्ने ।<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा र पालिकामा राम्रो काम गर्ने बनगाड कुपिण्डेका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको सर्वेक्षण र पहिचान गरी सूची बनाउन लगाउने<br>• मानिसहरुले निस्वार्थपूर्वक गरेका कामहरु र तीकाम गर्ने व्यक्तिहरुको पहिचानका लागि परियोजना कार्य गर्न विद्यार्थीहरुलाई अवसर प्रदान गर्ने ।<br>• उनीहरूले गरेका योगदानहरूको सर्वेक्षण गरी कक्षामा विश्लेषण गर्ने | • वनगाड कुपिण्डेका लोक चलनका सूची बनाउन लगाएर<br>• लोक चलनको नाम र त्यसअन्तर्गत गरिने कामको बीचमा जोडा मिलाउन लगाएर<br>• वनगाड कुपिण्डेको लोकचलनको विषयमा दिइएको परियोजना कार्यको मूल्याङ्कन गरेर<br>• वडा र पालिकाको हित र उन्नतिका लागि काम गर्ने वडाका मानिसहरू र तिनले गरेको कामको सूची बनाउन लगाएर<br>• पालिकाका मानिसहरुले गरेका काम र नामको बीचमा जोडा मिलाउन लगाएर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा गर्न<br>• वनगाड कुपिण्डेमा प्रचलित हिउँपा नाच र यससँग सम्बन्धित गीत, लरे नाच र झ्यारी गीतको परिचय दिन र महत्त्व बताउन<br>• वनगाड कुपिण्डेमा लोपोन्मुख सैरेली गीतको परिचय दिन र लोप हुनुको कारण बताउन | सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा<br>• वनगाड कुपिण्डेमा प्रचलित हिउँपा नाच र यससँग सम्बन्धित गीत, लरे नाच र झ्यारी गीतको परिचय दिन र महत्त्व<br>• वनगार कुपिण्डेमा लोपोन्मुख सैरेली गीतको परिचय र लोप हुनुको कारण | | • विद्यार्थीहरूलाई पनि उल्लिखित मानिसहरूले जस्तै गाउँटोल, समाज र मुलुकको विकास लागि काम गर्नुपर्छ भनेर अभिप्ररित गर्ने<br>• हिउँपा नाच, लरे नाच र झ्यारी गीतको बारेमा कोकोलाई के के जानकारी छ भन्ने विषयमा विद्यार्थीहरुलाई समूहमा प्रश्न सोधेर विद्यार्थीहरुसँग भएको पुर्व जानकारीलाई प्रस्तुत गर्न अभिप्रेरित गर्ने<br>• फोटो, छोटो भिडियो आदिको अवलोकन गराउदै उक्त नाच र गीतहरुको बारेमा छोटो परिचय दिने<br>• यस सम्बन्धी सहजीकरणका लागि स्थानीय जानकारलाई आमन्त्रण गर्न सकिने<br>• बनगाड कुपिण्डेमा लोपोन्मुख अवस्थामा पुगेको सैरेली गीतको लागि छोटो भिडियो अवलोकन गराउने र यससँगै विद्यार्थहिरुका पूर्व अनुभव र जानकारीलाई समेत छलफलमा ल्याउने ।<br>• सैरेली नाचको प्रत्यक्ष अवलोकनका लागि विद्यार्थीहरुलाई अवसर प्रदान गर्ने ।<br>• सैरेली नाचका स्थानीय जानकारहरुलाई कक्षामा आमन्त्रण गरी सहजीकरणका लागि अवसर प्रदान गर्ने । | • हिउँपा नाचमा लगाउने पोशाक सोधेर<br>• झ्यारी गीत गाउने अवसरको बारेमा सोधेर<br>• झ्यारी गीत महत्त्व सोधेर<br>• लरे नाच नाच्ने अवसर बारे सोधेर<br>• सैरेली गीत बारे सोधेर ।<br>• विभिन्न नाच र गीत सम्बन्धी भिडियो देखाउदै तिनीहरुको पहिचान, परिचय र महत्त्व सोधेर | |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • स्थानीय तहमा बाखापालन / भेडापालन/ मौरीपालनको महत्त्व र पालन गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न | • बाखापालन/भेडापालनको महत्त्व र पालनमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आफ्नो घर वा समुदायमा पालन गरिएका बाखापालन / भेडापालन/ मौरीपालन व्यवसायको बारेमा जानकारी दिन लगाउने<br>• बाखा, मौरी तथा भेडापालन गर्नुको महत्त्व बताउन लगाउने<br>• शिक्षकले बाखा, मौरी तथा भेडापालन सम्बन्धमा तयार पारिएको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र विद्यार्थीलाई अवलोकन गर्न लगाउने । यसकै आधारमा यी पालनहरूको महत्त्व बताउन लगाउने<br>• विद्यार्थीहरूलाई विद्यालय नजिकैको बाखा, मौरी तथा भेडा पालन गरिएको स्थानमा भ्रमण गराउने र उक्त पालन गर्ने तरिकाको जानकारी दिन लगाउने<br>• बाखा, मौरी तथा भेडापालन मध्ये कुनै एक कार्यमा सहयोग गर्न लगाउने<br>• उक्तपालन गर्दा गरिएका सम्पूर्ण गतिविधिहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने | • बाखा, मौरी तथा भेडापालन गर्ने तरिका बताउन लगाएर<br>• उक्त पालनको महत्त्व बताउन लगाएर<br>• उक्त कार्य सम्बन्धी दिइएको परियोजना कार्यको प्रतिवेदनको मूल्याङ्कन गरेर | २१ |
| | | • दलहन बाली (केराउ, मास, गहत, भटमास, | • दलहन बालीको परिचय, महत्व र | • सञ्चार सिप<br>• सिकाइ सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा खेती गरिएका दलहनबालीहरूको नाम भन्न लगाउने | • आफ्नो घर वा समुदायमा खेती | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सोस्टा, मसुरो, चना आदि)को खेती गर्ने तरिका बताउन र उक्त खेती गर्ने कार्यमा सहयोग गर्न | खेती गर्ने कार्यमा सहयोग | • प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट विभिन्न स्थानमा खेती गरिने दलहनबालीहरू: केराउ, मास, गहत, भटमास, सोस्टा, मसुरो आदिको परिचय र खेती गर्ने तरिका बताउने<br>• विद्यार्थीहरूलाई विद्यालयको नजिकै दलहनबालीको खेती गरिएको स्थानमा भ्रमण गराउने र उक्त खेतीको जानकारी दिन लगाउने<br>• उक्त दलहनबालीहरू मध्ये घर वा विद्यालयमा खेती गरिने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने । | गरिने दलहन बालीको बारेमा सोधेर<br>• उक्त बालीको खेती गर्ने तरिका बताउन लगाएर<br>• खेती कार्यमा सहभागी भएको अवलोकन गरेर | |
| | | • हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, बाबियोको डोरी आदि) निर्माण गर्ने तरिका बताउन र निर्माण गर्न | • हस्त निर्मित सामग्री (चकटी, नाङ्लो, बाबियोको डोरी) बनाउने अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा हस्त निर्मित सामग्रीहरू के के रहेछन् ? तिनको प्रयोग के के कामको लागि गरिने रहेछ ? बताउन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा निर्माण गरिने सामग्रीहरू ( चकटी, नाङ्लो, सुकुल, डोको, बाबियोको डोरी बाट्न) को जानकारी दिने<br>• र यो जानकार व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गरी उक्त सामग्री निर्माण गर्न सिकाउन अनुरोध गर्ने | • हस्तनिर्मित सामग्रीहरूको परिचय र निर्माण गर्ने तरिका बताउन लगाएर<br>• हस्त निर्मित सामग्री निर्माणको अवलोकन गरेर | |
| | | • होटल व्यवसाय तथा होमस्टे सञ्चालनको सम्भाव्यता पहिचान गर्न । | • होटल व्यवसाय तथा होमस्टे सञ्चालन सम्भाव्यताको पहिचान । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप | • वनगाड कुपिण्डेमा होटल व्यवसाय र होमस्टेहरू सञ्चालनको सम्भाव्यताको पहिचान गरी विद्यार्थीहरूसमक्ष प्रस्तुत गर्ने<br>• कतिपय होटल र होम स्टेका मालिकहरूसँग भेटघाट गरी व्यवसायको अवस्था बारे प्राप्त जानकारीलाई कक्षामा प्रस्तुत गर्ने<br>• कतिपय होटेल र होमस्टेमा विद्यार्थीहरूलाई अवलोकन भ्रमण गराइ अवस्थाको पहिचान गर्न सहयोग गर्ने । | • होटेल र होमस्टेका लागि वनगाड कुपिण्डे क्षेत्रको सम्भाव्यताका बारेमा सोधेर<br>• होटेल र होमस्टे अवलोकन गर्दा प्राप्त भएको जानकारी बारे सोधेर | |
| ४ | **खुसीका लागि शिक्षा र जीवनो पयोगी सिप** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी सोका आधारमा निश्चित लक्ष्यका साथ असल नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास गर्न | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी सोका आधारमा निश्चित लक्ष्यका साथ असल नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङ्कन सिप,<br>• पहिचान सिप, | • तपाईंसँग के प्रतिभा र क्षमता छ ? यो बारेमा तपाईंका घरपरिवारका मानिस, आफन्त र साथीहरूले के भन्छन् ? र तपाईंलाई आफूसँग के क्षमता भएजस्तो लाग्छ आदिका बारेमा हरेक विद्यार्थीबाट लिखित जवाफको लिने<br>• उनीहरूबाट प्राप्त जवाफ र शिक्षक स्वयम्ले उक्त विद्यार्थीको बारेमा गरेको मूल्याङ्कनका आधारमा विद्यार्थीहरूको भविष्यका लक्ष्य निर्धारण कार्यमा सहयोग र सहजीकरण गर्ने | • विद्यार्थीसँग भएको रुचिको बारेमा सम्बन्धित विद्यार्थीलाई नै सोधेर<br>• विद्यार्थीले आफूसँग कुनै क्षमता र प्रतिभा छ भनेको आधारमा भए | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • छनौट सिप | • यसरी पहिचान गरिएको विद्यार्थीको प्रतिभा र क्षमतालाई संरक्षण र प्रवर्धन गर्नका लागि विद्यार्थीलाई अभिप्रेरित गर्दै शिक्षकले समयसमयमा विद्यार्थी आफ्नो भविष्य सपना भन्न लगाउने र शिक्षकले भविष्यको सुन्दर सपना देखाउने<br>• विद्यार्थीसँग भएको उक्त क्षमता र प्रतिभाले उसलाई भविष्यमा असल नागरिक बन्न योगदान गर्ने कुरालाई समेत मार्गदर्शनको रूपमा अघि सारी विद्यार्थीलाई असल हुनका लागि अभिप्रेरित गर्ने र सोको अनुगमन र पृष्ठपोषण गर्ने कामलाई जारी राख्ने | नभएको मूल्याङ्कन गरेर<br>• विद्यार्थीसँग भएको क्षमता र प्रतिभालाई प्रवर्धन गर्ने गरी विद्यार्थीले काम गरे नगरेको अनुगमन गरेर | |
| | | • गीत, सङ्गीत र नृत्यहरूमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण गर्न<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास गर्न<br>• आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास गर्न<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न | • गीत, सङ्गीत र नृत्यहरूमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास<br>• अरूमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास । | • सञ्चार सीप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• प्रस्तुति सिप,<br>• सम्मान गर्ने सिप,<br>• अवलोकन सिप,<br>• श्रम गर्ने सिप<br>• आत्म व्यवस्थापन सिप<br>• छनौट सीप<br>• मूल्याङ्कन सीप<br>• समीक्षा सिप<br>• प्रयोग सिप,<br>• तार्किक सिप,<br>• स्वीकार्य सिप | • विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने<br>• मोवाइल, दुरदर्शन, ध्वनी बिस्तारक, सुसाङ्ख्य आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरू आफैँले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसरका साथै प्रोत्साहन र हौसला प्रदान गर्ने<br>• गीत, सङ्गीतको माध्यमबाट खुसी हुने बानीको विकास गर्न सहजीकरण गर्ने<br>• दुनियाँमा भएका कुनै पनि चिजहरू आफैँमा पूर्ण रूपमा खराव नभइ तिनीहरू हाम्रो सोचको कारणले खराव भएका हुन् भन्दै तिनीहरूभित्र पनि असल चिजहरू हुन्छन् भन्ने कुराका साथ विभिन्न उदाहरण र दृष्टान्तहरू प्रस्तुत गरेर विषयवस्तुको चर्चा गर्ने<br>• हामी खुसी र स्वस्थ हुने हो भने घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरूलाई अवसर ठानी जीवनमा अघि बढ्न सक्नुपर्छ भन्दै विद्यार्थीलाई सकारात्मक हुन प्रेरित गर्ने<br>• सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको बारेमा विद्यार्थीहरूको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• घरपरिवारका सदस्य लगायत सबै मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिको नाम सोधी उसका राम्रा कुराहरू भन्न लगाउने<br>• कसैका राम्रा कुरा गर्दा उसबाट आफूलाई गरिएको व्यवहारको बारेमा पनि बताउन भन्ने<br>• विद्यार्थीहरूका अनुभूतिहरूलाई समेट्दै राम्रा कुराहरूको पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुसी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने । | • गीतहरू गाउन लगाएर<br>• गीत र सङ्गीतमा नाच्न लगाएर<br>• उनीहरूलाई गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर ।<br>• विभिन्न घटनाहरूको सन्दर्भ उठाएर त्यसका राम्रा पक्ष बताउन लगाएर<br>• मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा भन्न वा लेख्न लगाएर<br>• सन्तुलित जीवनका विविध पक्षको बारेमा प्रश्न सोधेर<br>• कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर<br>• राम्रा कुरा सम्झिदाका अनुभूतिहरू सोधेर<br>• हरेक बिहान र बेलुका उनीहरूले | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • हरेक बेलुका सुत्दा र हरेक विहान बिउझँदा कम्तीमा ३/३ वटा खुसी हुने राम्रा कुराहरू सम्झने र सोको दैनिन्दिनी टिपोट गर्ने बानीको विकास गराउने<br>• कुनैपनि वस्तुहरूको उत्पादन, निर्माण, आविष्कार र सिर्जनामा अथक किसिमले श्रम गर्ने सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्त सहित व्याख्या गर्ने<br>• हामी जिउनुमा कसैको श्रमले महत्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नुपर्ने र अरूको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने<br>• श्रमको सम्मान र आफूले पनि परिवार, गाउँटोल र विद्यालयमा सोको प्रयोग र अभ्यास गर्नका लागि विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने | लेखेका कुराको निरीक्षण गरेर ।<br>• अरूको प्रशंसा गर्दा आफूलाई हुने फाइदा सोधेर<br>• कुनै पनि वस्तुको निर्माणमा कसको भूमिका छ भन्ने कुरा सोधेर<br>• श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर<br>• विद्यार्थीहरूले श्रम गरेका र श्रमको सम्मान गरेका तस्बिरहरू हेरेर | |
| | | • योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, आदि ) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास गर्न<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरूको बोध गरी अभ्यास गर्न<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास गर्न | • योग र ध्यान (सूर्य नमस्कार, प्रणव ध्यान, आदि ) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरूको जानकारी र अभ्यास<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास | • सञ्चार सीप,<br>• प्रयोग सीप,<br>• प्रदर्शन सीप,<br>• प्रयोग सिप,<br>• तार्किक सिप,<br>• स्वीकार्य सिप<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप | • विद्यार्थीहरूलाई सूर्य नमस्कार, प्रणव ध्यान आदि सिकाउनका लागि शिक्षकले सबैको सामू आफैले प्रदर्शन गरेर देखाउने । तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनहरूको अभ्यास गर्न लगाइ आफूले पथ प्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने<br>• कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाई सहजीकरण गर्ने वातावरण वनाउने<br>• हामीले गर्ने कतिपय असल आचरण र व्यवहारको चर्चा गर्दै ती आचरण र व्यवहारको आधारमा पूर्वीय दर्शनको परिचय र उपादेयताको बारेमा छलफल र चर्चा गर्ने<br>• पूर्वीय दर्शन अनुसार हामीले गरिरहेका कर्म र आचरणहरूको सूची बनाइ चर्चा गर्ने<br>• हाम्रा जेष्ठ नागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरू दिएर स्पष्ट पार्ने<br>• अन्य श्रव्य दृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरूले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने<br>• हामीले अहिले सहयोग गर्‍यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन भन्ने कुरालाई विभिन्न दृष्टान्त सहित छलफलमा ल्याउने | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाएर<br>• उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर<br>• अभ्यास गरिएका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्व सोधेर<br>• कुनै पनि ध्यान, प्राणायाम र आसनको अभ्यास गर्न लगाएर<br>• पूर्वीय दर्शननको परिचय सोधेर<br>• जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरूको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास गरी जीवनमा सोको कार्यान्वयन गर्न | • घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिपको विकास र जीवनमा सोको कार्यान्वयन | | • विद्यार्थीहरूलाई घरपरिवार र व्यक्तिगत सरसफाइ गर्ने सिप र बानीको विकास गर्नका लागि अभिप्रेरित गर्दै उनीहरूलाई सोको जीवनमा कार्यान्वयन गर्ने प्रतिबद्धताका लागि अभिप्रेरित गर्ने | बारेमा भन्न लगाएर<br>• जेष्ठ नागरिक र अशक्तहरूलाई सहयोग गर्नुपर्ने कारण सोधेर<br>• जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई गरेको सहयोग बारे भन्न लगाएर<br>• व्यक्तिगत सरसफाइ सम्बन्धी प्रश्न सोधेर | |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिकामा पर्ने सामुदायिक वनहरूको परिचय दिन र महत्व बताउन<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रणका उपायहरू बताउन र यस सम्बन्धी कानूनी प्रावधान बताउन | • वनगाड कुपिण्डे नगरपालिकामा पर्ने सामुदायिक वनको : परिचय, महत्व र फाइदा<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था। | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनहरूको विवरण बताउने<br>• वनगाड कुपिण्डे नगरपालिकाभित्रका सामुदायिक वनहरूको अवलोकन गराउने/भिडियो वा वनको वृत्तचित्रको अवलोकन गराउने उक्त वनहरूको परिचय दिने<br>• उक्त वनमा पाइने वनस्पति तथा वन्यजन्तुहरूको जानकारी गराउने, तिनीहरूको महत्व र उक्त वनबाट हुने फाइदाहरूमा छलफल गराउने र महत्व र फाइदा बताउने<br>• वनमा भएका वनस्पति र वन्यजन्तु तथा चराहरूको चोरी, पैठारी गर्ने कार्यलाई नियन्त्रण गर्नको लागि वनेका कानुनी प्रावधानहरूको जानकारी गराउने र यस्तो कार्य गर्न नहुने कुराको जानकारी गराउने<br>• सामुदायिक वनको संरक्षण गर्ने उपायहरूमा छलफल गराउने | • वनगाड कुपिण्डे नगरपालिकाभित्रका सामुदायिक वनको परिचय दिन लगाएर (नाम, वनमा पाइने वस्तु तथा सम्पदा, खनिज आदि)<br>• सामुदायिक वनको महत्व तथा फाइदा सोधेर<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी कानुनमा भएको व्यवस्था सोधेर | २३ |
| | | • वनगाड कुपिण्डे नगरपालिकाको वनमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडीबुटीको जानकारी, महत्व र | • वनगाड कुपिण्डे नगरपालिकाको वनमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडीबुटीको जानकारी, महत्व र | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचानको सिप | • वनगाड कुपिण्डेको वनमा पाइने विभिन्न किसिमका औषधीजन्य विरुवा र जडीबुटीको बारेमा विद्यार्थीहरूसँग भएको जानकारीलाई उपयोग गर्दै त्यस्ता विरुवा र जडीबुटीहरूको नाम सङ्कलन गर्ने<br>• यसरी नाम सङ्कलन गरिएका जडीबुटीहरूको परिचय, जानकारीका साथै यसको महत्व तथा प्रयोग हुने अवस्थाका बारेमा सहजीकरण गर्ने | • वनगाड कुपिण्डेको वनमा पाइने औषधीजन्य विरुवा र जडीबुटीहरूको सूची बनाउन लगाएर<br>• कुनै औषधीजन्य विरुवा र | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संरक्षण बताउन र सोको प्रयोग गर्न | संरक्षण बताउन र सोको प्रयोग | | • यस सम्बन्धी स्थानीय विज्ञलाई आमन्त्रण गरी सहजीकरण गर्ने गराउने<br>• यस्ता जडीबुटीहरूको संरक्षणका लागि विद्यालय र विद्यार्थीको भूमकाका बारेमा छलफल र सहजीकरण गर्ने<br>• विद्यालय छुट्टी हुने दिन अभिभावकको सहयोगले उल्लिखित औषधीजन्य बोटबिरुवाको नमूना सङ्कलन गरी प्रस्तुत गर्नका लागि सहजीकरण गर्ने | जडिबुटीको नाम लिदै त्यसले गर्ने काम सोधेर ।<br>• औषधी जन्य बोटबिरुवाको चित्र र नामको बीचमा जोडा मिलाएर | |
| | | • वनगाड कुपिण्डे नगरपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरू (कागती, सुन्तला, नास्पती, केरा, अम्वा, ओखर, स्याउ, मौसम, ज्यामिर आँप, पलम आदि) को परिचय, महत्व र संरक्षणका बारेमा बताउन | • वनगाड कुपिण्डे नगरपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरूको परिचय, महत्त्व र संरक्षण | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अवलोकन सिप<br>• पहिचान सिप<br>• विश्लेषण सिप | • वनगाड कुपिण्डे नगरपालिकामा उत्पादन हुने विभिन्न फलफूलहरू : कागती, सुन्तला, नास्पती, केरा, अम्वा, ओखर, स्याउ, मौसम, ज्यामिर आँप, पलम आदिको बारेमा विद्यार्थीसँग भएको पूर्व ज्ञानको साथै तस्बिर र भिडियो मार्फत् परिचय, महत्त्व र संरक्षणका बारेमा सहजीकरण गर्ने<br>• वनगाड कुपिण्डेमा उत्पादन हुने विभिन्न फलफूलसम्बन्धी जानकारी भएका स्थानीय विज्ञलाई कक्षामा बोलाई सहजीकरणका लागि अनुरोध गर्ने | • वनगाड कुपिण्डेमा उत्पादन हुने विभिन्न फलफूलहरूको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• उल्लिखित फलफूलहरूको संरक्षणका बारेमा प्रश्न सोधेर | |
| | | • हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व बताउन<br>• घर र विद्यालयमा करेसाबारी र बगैंचाको निर्माण, उत्पादन र बजारीकरण गर्ने कार्यमा सहयोग गर्न<br>• स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू खेती गर्न | • हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व<br>• घर र विद्यालयमा करेसावारी र बगैंचाको निर्माण, उत्पादन, बजारीकरण र आर्थिक फाइदा<br>• स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरू र स्थानीय फूलहरूको खेती, नर्सरी) | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सहयोग र सहकार्य सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • हरित घर तथा विद्यालयको अवधाराणको पुनरावलोकन गराउने, यस सम्बन्धी अनुभव आदान प्रदान गर्न लगाउने<br>• घर तथा शैक्षिक संस्थाहरू र वरपरको क्षेत्रमा व्यापक हरियाली विकास मार्फत् पृथ्वीको वहन क्षमता अभिवृद्धि गर्न, वातावरण प्रदूषणबाट जैविक विविधतामा परेको अवसर न्यूनीकरण गर्दै पारिस्थतिक पद्धतिमा सन्तुलन कायम गर्न, स्वच्छ एवम् हरित पृथ्वी पुस्तालाई हस्तान्तरण गर्न, शिक्षाका माध्यमबाट विद्यार्थी तथा आम समुदायमा वातावरण मैत्री व्यवहार विकास गर्न, दिगो विकासको लक्ष्य हासिल हरित घर तथा हरित विद्यालयको आवश्यकता र महत्त्व रहेको कुरा उदाहरणसहित छलफल गराउने<br>• विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>• करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको साथै दैनिक खानामा प्रयोग गर्न सकिने उपयोगी वनस्पतिहरूको खेती, पुष्पखेती गर्नमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>• विद्यालयमा जस्तै घरमा समेत करेसावारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति, पुष्पखेती घरमा | • हरित घर तथा विद्यालयको आवश्यकता र महत्व बताउन लगाएर<br>• विद्यालयमा करेसाबारी, बगैंचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घरमा करेसावारी बनाएको, सागसब्जी खेती गरेको, फूलहरू रोपेको सम्बन्धमा अभिभावकसँग प्रतिक्रिया लिएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पनि उत्पादन गर्न सकिने कुरा बताउने र विद्यार्थीहरूलाई घरमासमेत उत्पादन गर्न लगाउने | | |
| | | • दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध वर्णन गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयासहरू पहिचान गर्न<br>• नगरपालिका क्षेत्रमा लोपोन्मुख वनस्पतिहरूको उपयोगिता बताउन<br>• लालीगुराँसको महत्त्व बुझेर संरक्षणमा सहयोग गर्न | • दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयास (विद्यार्थी, विद्यालय र समुदायको भूमिका)<br>• नगरपालिका क्षेत्रका लोपोन्मुख वनस्पतिहरूको उपयोगिता<br>• लालीगुराँसको महत्त्व बुझेर संरक्षणमा सहयोग गर्न | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• व्यक्तिगत जिम्मेवारी बोध सिप<br>• भूमिका निर्वाह सिप | • दिगो विकास र हरित विद्यालयको अवधारणाको पुनरावलोकन गराउने<br>• वर्तमान अवस्थामा उपयोग गरिने ऊर्जाको मितव्ययी उपयोग गर्न, वातावरण मैत्री व्यवहार गर्ने, वातावरणको संरक्षण गर्ने, पानीको सही र उचित तवरले प्रयोग गर्ने, जैविक विविधता ह्रास हुन नदिने, पर्यावरण सन्तुलनमा राख्ने, घर तथा विद्यालय र वरपरको वातावरण हरित बनाउने, वातावरण प्रदूषण हुन नदिने जस्ता कार्यहरूलाई जोडेर दिगो विकास र हरित विद्यालय बीचमा भएको अन्तरसम्बन्धलाई प्रष्ट पार्ने<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायले खेल्ने भूमिकामा छलफल, अन्तरक्रिया गराउने र खेल्नुपर्ने भूमिका बताउने<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति रुखहरूको पहिचान र परिचय सहित उक्त ठूला वनस्पतिहरूको उपयोगिताका बारेमा विद्यार्थीहरूका पूर्व अनुभवको आधारमा छलफल सञ्चालन गर्ने<br>• विद्यार्थीहरूले भनेका विचारहरूको सम्मान गर्दै उक्त लोपोन्मुख वनस्पतिहरूको उपयोगिताको बारेमा सहजीकरण गर्ने<br>• लालीगुराँसको संरक्षण कसरी गर्न सकिन्छ ? भनेर प्रश्न सोध्ने र संरक्षण गर्ने उपाया बारे सहजीकरण गरिदिने | • दिगो विकासको परिचय सोधेर<br>• हरित विद्यालयको परिचय सोधेर ।<br>• दिगो विकास र हरित विद्यालय बीचको अन्तर सम्बन्ध सोधेर<br>• दिगो विकास र वातावरण संरक्षणमा विद्यार्थी र विद्यालयको भूमिका सोधेर<br>• लोपोन्मुख वनस्पतिहरूको उपयोगिता बताउन लगाएर<br>• लालीगुराँसको संरक्षण बारे सोधेर | |
| ६ | **सामाजिक चुनौति र बिपद् व्यवस्थापन** | • सामाजिक चुनौतिको रूपमा रहेका महिला हिंशा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरू अपनाउन | • सामाजिक चुनौतिको रूपमा रहेका महिला हिंशा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरू | • सामाजिक एवं नागरिक जिम्मेवारी<br>• भूमिका निर्वाह<br>• विश्लेषण सिप<br>• पहिचान सिप | • सामाजिक चुनौतिको रूपमा रहेका महिला हिंसा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरूबारे सामार्जिक सन्जालमा आएका र समाजमा घटेका विभिन्न घटनाहरूको दृष्टान्त दिएर छलफल गर्ने<br>• यस प्रकारका हिंसाहरूले समाजलाई पार्ने असर र न्यूनिकरण गर्नका लागि विद्यार्थी र विद्यालयको भूमिकाको बारेमा छलफलको माध्यमबाट सहजीकरण गर्ने | • चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको असर सोधेर<br>• उल्लिखित हिंसा न्यूनिकरणका उपाय सोधेर | २० |
| | | • भूकम्पको परिचय सहित भूकम्पबाट सुरक्षित घरको लागि पूर्वतयारी ( | • भूकम्पको परिचय र भूकम्पबाट सुरक्षित हुने उपायहरू | • प्रयोग सिप<br>• संचार सिप<br>• सहकार्य सिप | • समूहमा भूकम्पको परिचयको बारेमा खोजी गरी प्रस्तुत गर्न लगाउने | • सुरक्षित घर निर्माणका लागि गरिनुपर्ने पाँचओटा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) गर्न<br>• भूकम्पको जोखिनको हिसावले घरमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान गर्न ।<br>• सुरक्षित घरको लागि विद्यार्थीको भूमिका बताउन | • भूकम्पबाट सुरक्षित घरको लागि पूर्वतयारी ( संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा)<br>• भूकम्पको जोखिनको हिसावले घरमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान<br>• सुरक्षित घरको लागि विद्यार्थीको भूमिका | • दृश्य साक्षरता सिप | • भूकम्पबाट हुने असरहरूका बारेमा अन्तरक्रिया तथा छलफल गराउने र भूकम्पबाट हुने क्षतिलाई चित्र, श्रव्यदृश्य सामग्री एवम् भिडियो मार्फत् प्रस्तुत गर्ने<br>• भूकम्पबाट सुरक्षित घरको महत्त्व र निर्माणका विषयमा संवाद गराउने<br>• चित्र, श्रव्यदृश्य सामग्री एवम् भिडियोको माध्यमबाट सुरक्षित घरका विशेषता जानकारी गराउने<br>• भूकम्पको जोखिम कम भएको घरको सबैभन्दा सुरक्षित स्थलको पहिचान गरी परिवारका सबैलाई जानकारी दिने कार्यमा नेतृत्व गर्न विद्यार्थीलाई अभिप्रेरित गर्ने<br>• सुरक्षित घर निर्माणमा मेरो भूमिका विषयमा विद्याथीको समूहमा छलफल गराउने र निष्कर्ष निकाल्ने<br>• भूकम्प र यसबाट सुरक्षित हुने उपायहरूका बारेमा चित्र, तालिका, सूची, आदि निर्माण गरी विद्यालय वा कक्षा कोठामा टाँस्न लगाउने<br>• घरमा हुँदा भूकम्पबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास (Simulation) गराउने | पूर्वतयारी के के हुन ? लेख्न लगाएर<br>• सुरक्षित घर निर्माणमा विद्याथीले कस्तो भूमिका खेल्न सक्दछन् ? उल्लेख गर्न लगाएर<br>• भूकम्पको हिसावले घरको सबैभन्दा सुरक्षित स्थल सोधेर | |
| | | • यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल र सार्वजनिक सवारीबाट हुने जोखिम पहिचान गर्न<br>• सडक दुर्घटनाबाट सावधान हुन । | • यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल, सार्वजनिक सवारी, भ्रमणबाट हुने जोखिम पहिचान<br>• सडक सावधानी | • प्रयोग सिप<br>• रचनात्मक सोचाइ<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• वैयक्तिक जिम्मेवारी | • सवारी साधनको प्रयोगसम्बन्धी जोडी समूहमा कुराकानी गराउने<br>• सवारी साधनको प्रयोग गर्दा हुने सम्भावित दुर्घटनाका उदाहरणहरू पोष्टर वा भिडियो मार्फत् प्रस्तुत गर्ने ।<br>• साइकल, स्कुटर वा मोटरसाइकल, सार्वजनिक सवारी र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानीहरूको सूची तयार गर्न लगाउने | साइकल, स्कुटर वा मोटरसाइकल, सार्वजनिक सवारी र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानीको सूची तयार गर्न लगाएर | |
| | | • कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू गर्न<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन<br>• विभिन्न प्रकोप, बिपद् र | • कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि पूर्व तयारीहरू<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका<br>• कृत्रिम घटना अभ्यास (Simulation) | • सिकाइ सिप<br>• जिम्मेवारी एवं प्रतिवद्धता<br>• सक्रियता पूर्वक सुन्ने<br>• वैयक्तिक जीम्मेबारी<br>• सामाजिक एवं नागरिक जिम्मेवारी | • कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखालाको बारेमा जानकारी गराउने<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखालाका असरहरूको खोजी गर्न लगाइ छलफल गराउने<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखालाबाट बच्न अपनाउनुपर्ने पूर्व तयारीहरूका बारेमा वैयक्तिक रूपमा सोच्न लगाइ साथीलाई सुनाउन लगाउने वा स्पष्ट जानकारी गराउने<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखालाबाट बच्न अपनाउनु पर्ने पूर्व तयारीहरूका बारेमा स्वास्थ्य क्षेत्रका व्यक्तिहरूसँग साक्षात्कार गराउने | • कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखालाको परिचय दिन लगाएर<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखालाबाट बच्न लागि आवश्यक पूर्वतयारीका बारेमा प्रश्नोत्तर गराएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दुर्घटनाहरूको कृत्रिम घटना अभ्यास गर्न | | • भूमिका निर्वाह | • कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखालाबाट नियन्त्रणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका छलफल गराउने<br>• विभिन्न प्रकोप, बिपद् र दुर्घटनाहरूको कृत्रिम घटना अभ्यास गर्नका लागि सहयोग र सहजीकरण गर्ने | • कृत्रिम घटना अभ्यासको अवलोकन गरेर | |
| | | • नगरपालिका स्तरमा बिपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, सङ्घसंस्था, योजना र कार्यक्रमहरू बताउन<br>• उपयुक्तताको आधारमा माथि उल्लेख गरिएकामध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) गर्न | • नगरपालिका स्तरमा बिपद् व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरू<br>• उपयुक्तताको आधारमा माथि उल्लेख गरिएकामध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) | • सञ्चार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप<br>• पहिचान सिप | • विगत एक वर्षदेखि नगरपालिकाले बिपत् व्यवस्थापनको सवालमा भए गरेका कार्यहरूको छलफलको माध्यमबाट सूची बनाउने<br>• नगरपालिकासँग सहकार्य गर्ने विभिन्न सङ्घसंस्थाहरूको पनि नामनामेसी विवरणको छलफल गरी सूची तयार गर्ने<br>• नगरपालिकाको बिपत् व्यवस्थान योजना र कार्यक्रमहरूका बारेमा पालिकाकै बिपत् व्यवस्थापन सम्बन्धी जानकारलाई आमन्त्रण गरी सहजीकरण गर्नका अनुरोध गर्ने<br>• विद्यार्थीहरुको सङ्लग्नतामा उपयुक्तताको आधारमा माथि उल्लेख गरिएका सामाजिक चुनौति, विपद र दुर्घटना आदिमध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) गर्न लगाउने | •नगरपालिकाले गर्दै आएका बिपद् व्यवस्थापन सम्बन्धी कामहरू सोधेर<br>•पालिकाका बिपद् व्यवस्थापन सम्बन्धी आगामी योजना र कार्यक्रम सोधेर<br>•कृत्रिम घटना अभ्यासको अवलोकन र मूल्याङ्कन गरेर | |

## कक्षा ८

| क्र.स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **वनगाड कुपिण्डेको परिचय** | • वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक, राजनीतिक तथा प्रशासनिक संरचना र अवस्था बताउन | • वनगाड कुपिण्डे नगरपालिकाको भौगोलिक, राजनीतिक तथा प्रशासनिक संरचना र अवस्थाको जानकारी | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• नक्सा बनाउने सिप<br>• प्रस्तुति सिप | • वनगाड कुपिण्डे नगरपालिकाको भूवनोट, खेती योग्य जमिन, जङ्गलले ढाकिएको जमीन, सार्वजनिक जमिन र मानव वस्तीले ढाकिएको जमिनको बारेमा नक्साको मद्दतले सहजीकरण गर्ने<br>• नक्साको सहयोगले वनगाड कुपिण्डे नगरपालिकाको वडा कार्यालयदेखि नगरपालिकाको कार्यालय सम्मको राजनीतिक संरचना, जनप्रतिनिधिहरूको सङ्ख्या आदिको बारेमा छलफल र सहजीकरण गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिकाको वडादेखि नगरपालिका सम्मको प्रशासनिक संरचनाको चार्ट प्रस्तुत गरी सहजीकरण गर्ने | • वनगाड कुपिण्डेको भौगोलिक अवस्था सोधेर<br>• वनगाड कुपिण्डेको वन क्षेत्रको बारेमा सोधेर<br>• वनगाड कुपिण्डेको राजनीतिक र प्रशासनिक अवस्था सोधेर | २० |
| | | • कर्णाली प्रदेशको नक्सामा सल्यान जिल्लाअन्तर्गत पर्ने वनगाड कुपिण्डे नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक र बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालको अवस्थिति चित्रण गर्न | • कर्णाली प्रदेशको नक्सामा सल्यान जिल्लाअन्तर्गत पर्ने वनगाड कुपिण्डे नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक र बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालको अवस्थिति चित्रण | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• नक्सा बनाउने सिप<br>• प्रस्तुति सिप | • कर्णाली प्रदेशको नक्सामा सल्यान जिल्लाअन्तर्गत पर्ने वनगाड कुपिण्डे नगरपालिकाका मुख्य स्थानहरू, मुख्य सडक र बाटाहरू, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र ताल आदि भर्नका लागि विद्यार्थीहरूलाई सहजीकरण गर्ने<br>• उनीहरूले बनाएका नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने<br>• कक्षामा उनीहरूले बनाएको नक्सा प्रस्तुत गर्न लगाउने<br>• उनीहरूले गरेको प्रस्तुतिकरणको समेत अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | • विद्यार्थीले बनाएको नक्साको अवलोकन गरेर<br>• उनीहरूले बनाएको नक्सामा भरेका विवरणको सम्बन्धमा प्रश्नहरू सोधेर | |
| | | • नगरसभाको गठन र काम कर्तव्य र अधिकारको जानकारी दिन<br>• नगर सभा ( व्यवस्थापिका), कार्यपालिका र न्यायिक समितिको भूमिका बताउन | • नगरसभाको गठन र काम कर्तव्य र अधिकारको जानकारी<br>• नगर सभा ( व्यवस्थापिका), कार्यपालीका र न्यायिक समितिको भूमिका | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अवलोकन सिप<br>• प्रश्नोत्तर सिप | • नगरसभा बस्ने तरिका र नगरसभाका काम, कर्तव्य र अधिकारका बारेमा छलफल र चार्टको माध्यमबाट प्रस्तुत गरी सहजीकरण गर्ने<br>• उल्लिखित प्रयोजनका निमित जनप्रतिनिधिलाई समेत आमन्त्रण गरी प्रस्तुतिका निम्ति अनुरोध गर्ने<br>• नगरपालिकाको न्यायिक समितिको जिम्मेवारी र भूमिकाको बारेमा नगरपालिकाको उपप्रमुख वा प्रतिनिधि आमन्त्रण गरेर सहजीकरण गर्ने वातावरण मिलाउने<br>• पालिकाले जारी गरेका मुख्य मुख्य ऐन र नियमावलीको बारेमा सहजीकरण गर्ने र पालिकाले ऐन र नियमावली | • नगरसभा बस्ने तरिकाको बारेमा प्रश्नोत्तर गरेर ।<br>• जनप्रतिनिधिसँग गरेको अन्तरक्रियाको अवलोकन गरेर ।<br>• ऐन नियम बनाउनु पर्ने कारण र | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • नगरसभाले ऐन, नियम निर्माण गर्ने प्रक्रिया बताउन | • नगरसभाले ऐन, नियम निर्माण गर्ने प्रक्रिया | | बनाउने काम किन र कसरी गर्दछ भन्ने बारेमा समेत सहजीकरण गर्ने<br>• सहजीकरणका लागि नगरपालिकाका ऐन कानुनसँग सम्बन्धित व्यक्तिलाई अर्थात उपप्रमुखलाई आमन्त्रण गर्न सकिने | प्रक्रियाको बारेमा प्रश्नोत्तर गरेर | |
| | | • वनगाड कुपिण्डे नगरपालिकाले हालसम्म जारी गरेका ऐन कानुनहरू बताउन<br>• नगरपालिकाभित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरूको परिचय दिन<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रको वातावरणीय एवम् पर्यावरणीय स्वच्छता कायम राख्न जैविक विविधता संरक्षणका उपायहरू बताउन | • वनगाड कुपिण्डे नगरपालिकाले हालसम्म जारी गरेका ऐन कानुनहरू<br>• नगरपालिकाभित्र सञ्चालित विभिन्न आयोजना र परियोजनाहरूको जानकारी<br>• वनगाड कुपिण्डे नगरपालिकाको वातावरणीय एवम् पर्यावरणीय स्वच्छता कायम राख्न जैविक विविधता संरक्षणका उपायहरू | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• प्रश्नोत्तर सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• तुलना गर्ने सिप | • वनगाड कुपिण्डे नगरपालिकाले हालसम्म निर्माण एवम् अनुमोदन गरी जारी गरेका ऐन कानुनहरूको सूची बनाइ कक्षामा प्रस्तुत गर्ने र प्रस्तुतिको क्रममा ती कानुनहरू जारी गर्नुको कारण र जारी गर्दा भएको फाइदाको बारेमा पनि छलफल गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिकामा सञ्चालन भएका गौरवका आयोजना र परियोजनाहरूको बारेमा सहजीकरण गर्ने<br>• नगरपालिका स्तरमा सञ्चालन भएका गौरवका आयोजनाहरू समयमै सम्पन्न गर्नका लागि नगरपालिका र नागरिक समाजको भूमिकाको बारेमा सहजीकरण गर्ने<br>• यस प्रकारका आयोजनाहरूको समयमै कार्य सम्पादनका लागि विद्यालय, शिक्षक र विद्यार्थीहरूको भूमिकाको सम्बन्धमा कक्षामा छलफल गरी प्रस्तुत गर्ने<br>• चित्र र भिडियोको माध्यमबाट जैविक विविधता संरक्षणका महत्वका बारेमा चर्चा गर्दै वनगाड कुपिण्डे नगरपालिका क्षेत्रको वातावरणीय एवम् पर्यावरणीय स्वच्छता कायम राख्नका लागि जैविक विविधता संरक्षणका उपायहरूको अवलम्बन गर्नु पर्ने बारेमा सहजीकरण र छलफल गर्ने | • वनगाड कुपिण्डे नगरपालिकाले हालसम्म जारी गरेका कानुनको नाम सोधेर<br>• वनगाड कुपिण्डे नगरपालिकामा सञ्चालन भएका गौरवको आयोजनाहरूको नाम सोधेर<br>• जैविक विविधताको अर्थ सोधेर<br>• जैविक विविधताले वातावरणीय तथा पर्यावरणीय स्वच्छतामा सहयोग गर्ने प्रश्न सोधेर | |
| २ | **हाम्रा मौलिक कला, सम्पदा र संस्कृति** | • वनगाड कुपिण्डे नगरपालिकाको विभिन्न जातजाति बीचमा सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका बताउन | • वनगाड कुपिण्डे नगरपालिकाको विभिन्न जातजातिको बीचमा सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिकाको भूमिका | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप | • वनगाड कुपिण्डे नगरपालिकाका विभिन्नि जातजाति बीचको सामाजिक सद्भावका साथै स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा नगरपालिका ले खेल्न सक्ने भूमिकाको बारेमा विभिन्न सन्दर्भहरू सहित सहजीकरण गर्ने<br>• उल्लिखित क्षेत्रमा नगरपालिका ले हालसम्म गरेका कार्यहरूको बारेमा विद्यार्थीहरूलाई जानकारी गराउने र गर्नु पर्ने कामको बारेमा पनि सहजीकरण गर्ने<br>• यससम्बन्धमा नगरप्रमुख र उपप्रमुख लगायत नगरपालिका को अन्य कुनै आधिकारिक पदाधिकारीबाट सहजीकरणका लागि अनुरोध गर्ने | • स्थानीय जातजाति बीचको सद्भावका साथै, स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको क्षेत्रमा पालिकाले गरेका कामको बारेमा प्रश्नहरू सोधेर | २१ |
| | | • वनगाड कुपिण्डे नगरपालिका | वनगाड कुपिण्डे नगरपालिका | • सिकाइ सिप | • विद्यार्थीहरूसँग वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरू : तारपरे लेक, बल्ल जुऱ्या लेक दया लेक, निगालचुला लेक, | • वनगार कुपिण्डेका पर्यटकीय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पर्यटकीय स्थलहरूका विशेषता, संरक्षण र सम्वर्धनको बारेमा बताउन | पर्यटकीय स्थलहरूका विशेषता, संरक्षण र सम्वर्धनको चर्चा | • सञ्चार सिप<br>• पहिचान को सिप<br>• अवलोकन सिप | देवस्थल कृष्ण मन्दिर, तारुपरे सिद्ध गुफा, गर्चे छहरे बाजेको गुफा, सिद्ध गुफा मैदु, सिद्ध गुफा माचखर्क, मैदुम पोखरी, पानसेरा बाजेको मन्दिर, कुपिण्डे दह, कैलु बराहको मन्दिर ( कुपिण्डे दह, सासल्ले बज्युको मन्दिर, शिद्ध बाबा मन्दिर चौर, कल जैसी मन्दिर बामे, देउती बज्यै बालुवा सङ्ग्रही, भोटे राजाको भग्न दरबार, (मैदु) क्रम शाहीको भग्न दरबार ( खैरागार) मन्दिरको), तारपरे मेला, स्यानीपीपली मेला, मैदु मेला, च्युरा मेला, ढोरपीपल मेला, दहको मेला, कृष्ण जनमाष्टिमी मेला  आदिका को बारेमा तस्बिर र भिडियो देखाउदै  तिनको विशेषता, संरक्षण र सम्बर्धनको बारेमा सहजीकरण गर्ने<br>• उल्लिखित पर्यटकीय स्थलहरूको विशेषताको उल्लेख गर्दै तिनको संरक्षण र सम्बर्धनमा विद्यालय, विद्यार्थी, नागरिक समाज र पालिकाको भूमिकाको बारेमा सहजीरकण गर्ने<br>• सहजीकरणका लागि नागरिक समाजका अगुवा, पर्यटन क्षेत्रका स्थानीय जानकार र पालिकाका पदाधिकारीहरूलाई समेत आमन्त्रण गर्न सकिने<br>• विद्यार्थीहरुलाइ उक्त स्थानहरुको अवलोकन भ्रमण गर्ने गरी परियोजना कार्य गर्ने अवसर दिने | स्थलहरूको नाम सोधेर<br>• वनगार कुपिण्डेका विभिन्न पर्यटकीय स्थलहरूको महत्त्वको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• पर्यटकीय स्थलको नाम र तस्बिरको बीचमा जोडा मिलाउन लगाएर<br>• कुनै पर्यटकीय स्थलको नाम लिएर त्यसको महत्त्व सोधेर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| | | • वनगाड कुपिण्डेका धार्मिक स्थलहरूको विशेषता, संरक्षण र सम्वर्धनको बारेमा बताउन<br>• नगरपालिका स्तरीय मेयर कप खेलकुद प्रतियोगिता र त्यसको महत्व बताउन<br>• वनगाड कुपिण्डेका मेलाको परिचय, महत्त्व र संरक्षणका बारेमा बताउन<br>•वनगाड कुपिण्डेमा बजाइने लोकबाजाको परिचय र महत्त्व बताउन | • वनगाड कुपिण्डेका धार्मिक स्थलहरूको विशेषता, संरक्षण र सम्वर्धन<br>•  नगरपालिका स्तरीय मेयर कप खेलकुद प्रतियोगिता र त्यसको महत्त्व<br>• वनगाड कुपिण्डेका मेलाको परिचय, महत्त्व र संरक्षण<br>•वनगाड कुपिण्डेमा बजाइने लोकबाजाको परिचय र महत्त्व<br>•वनगाड कुपिण्डेमा प्रचलित कलशाको धमारीको परिचय र महत्त्व भन्न | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान को सिप<br>• अवलोकन सिप<br>• लेखाइ सिप<br>• वैयक्तिक जिम्मेवारी बोधको सिप<br>• कला र संस्कृति प्रतिको सम्मान सिप | • विद्यार्थीहरूसँग वनगाड कुपिण्डेका धार्मिक स्थलहरू : कोटहरू, कृष्ण मन्दिर, बहराको मन्दिर आदिको तस्बिर र भिडियो देखाउदै तिनको विशेषता, संरक्षण र सम्बर्धनको बारेमा सहजीकरण गर्ने<br>• उल्लिखित धार्मिक स्थलहरूको विशेषताको उल्लेख गर्दै तिनको संरक्षण र सम्बर्धनमा विद्यालय, विद्यार्थी, नागरिक समाज र पालिकाको भूमिकाको बारेमा सहजीरकण गर्ने<br>• सहजीकरणका लागि नागरिक समाजका अगुवा, धार्मिक क्षेत्रका स्थानीय जानकार र पालिकाका पदाधिकारीहरूलाई समेत आमन्त्रण गर्न सकिने<br>• उल्लिखित धार्मिक स्थलहरुको अवलोकन गरी थप जानकारी हाँसिल गर्नका लागि परियोजना कार्य दिने<br>• मेयर कप खेलकुद प्रतियोगिताको महत्त्व बारे सहजीकरण गर्ने<br>• विद्यार्थीहरुलाई उनीहरुको अनुभवको आधारमा बनगाड कुपिण्डेमा विभिन्न अवसरमा लाग्ने मेला र बजाउने बाजाहरूको सूची बनाउन लगाउने | • वनगाड कुपिण्डेका विभिन्न धार्मिक स्थलहरूको बारेमा विभिन्न प्रश्नहरू सोधेर<br>• धार्मिक स्थलको बारेमा दिइएको परियोजना कार्यको मूल्याङ्कन गरेर<br>• मेयर कप खेलकुद प्रतियोगितामा खेलिने खेलहरूको सूची बनाउन लगाएर<br>• मेलाका नामहरुको सूची बनाउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | •वनगाड कुपिण्डेमा प्रचलित कलशाको धमारीको परिचय र महत्त्व भन्न<br>•वनगाड कुपिण्डेमा प्रचलित वन्गारी गीत र नाच एवम् सोरठी नाच र गीतको परिचय र महत्त्व बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकामा प्रचलित लोक कथाको संरक्षण गर्न | •वनगाड कुपिण्डेमा प्रचलित वन्गारी गीत र नाच एवम् सोरठी नाच र गीतको परिचय र महत्त्व बताउन<br>• वनगाड कुपिण्डे नगरपालिकामा प्रचलित लोक कथाको संरक्षण | | • त्यस्ता मेलाहरुका के कस्ता क्रियाकलापहरु हुन्छन् र  र के कस्ता बाजाहरु कस्तो अवसरमा बजाइन्छ भन्ने बारेमा विद्यार्थीहिरुसँग छलफल गर्ने ।<br>• मेला र बाजाका तस्बिर र छोटो भिडियो देखाउदै मेला र बाजाहरूको परिचय, महत्त्व र संरक्षणको बारेमा सहजीकरण गर्ने<br>• आवश्यकता अनुसार स्थानीय जानकार व्यक्तिलाई समेत आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• विद्यार्थीहरुलाई उनीहरूको पूर्व ज्ञानको आधारमा वनगाड कुपिण्डेमा प्रचलित वन्गारी गीत र नाच तथा सोरठी नाच र गीतका परिचय, महत्त्व र संरक्षणका बारेमा अनुभव आदान प्रदान गर्ने ।<br>• उल्लिखित गीत र नाचको प्रत्यक्ष अवलोकनका लागि विद्यार्थीहरुलाई अवसर प्रदान गर्ने ।<br>• उल्लिखित गीत र नाचका कलाकार र स्थानीय जानकारलाई कक्षामा आमन्त्रण गरी सहजीरकणको अवसर प्रदान गर्ने ।<br>• वनगाड कुपिण्डेका प्रचलित लोक कथाहरूको बारेमा विद्यार्थीहरूसँग उनीहरुको पूर्व ज्ञानको आधारमा छलफल गर्ने<br>• प्रचलित लोककथाहरुको विभिन्न नमूना र उदाहरणहरु प्रस्तुत गरेर लोककथाको परिचय, महत्त्व र संरक्षणका विषयमा सहजीकरण गर्ने । | • लोक बाजाको सूची बनाउन लगाएर<br>• कलशा धमारीको परिचय सोधेर<br>• वन्गारी गीत र सोरठी गीतको नमूना प्रस्तुत गर्न लगाएर<br>• वन्गारी नाच र सोरठी नाचको तरिका र लगाउने पोशाक सोधेर<br>• वनगाड कुपिण्डेमा प्रचलित लोककथाहरु सुनाउन लगाएर<br>• वनगाड कुपिण्डेमा लोककथाहरुको संरक्षणका उपाय सोधेर | |
| | | •आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डे,नगरपालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा गर्न | • आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने पालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र योगदानको चर्चा | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अवलोकन सिप<br>• पहिचान सिप<br>• विश्लेषण सिप | • आफ्नो नगरपालिकाको गौरवको रूपका काम गरिरहेका पालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, शिक्षक, कर्मचारी, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदिको पहिचान र सर्वे गरी सूची तयार पार्ने ।<br>• उल्लिखित महानुभावहरूले गरेका कामहरूको सूची तयार गरी छलफल गर्ने ।<br>• वनगाड कुपिण्डे नगरपालिकालाई कर्मथलो बनाएर वनगाड कुपिण्डे नगरपालिका लगायत समग्र समाज र मुलुकका लागि काम गर्ने व्यक्तिहरूको बारेमा सूची सङकलन गर्नका लागि यससम्बन्धी जानकार व्यक्तिहरूसँग साक्षात्कार भलाकुसारी गर्ने कार्यलाई निरन्तरता दिने ।<br>• उल्लिखित प्रयोजनका लागि पालिकास्तरमा सञ्चालन हुने प्र.अ. बैठक, नगरसभालाई समेत प्रयोग गर्न सकिने ।<br>• गौरवको रूपमा काम गरेका उल्लिखित महानुभावहरू मध्ये समयसमयमा विभिन्न महानुभावहरूलाई बोलाएर विद्यार्थीहरूसँग साक्षात्कार गराउने | • आफ्नो पालिकाको गौरवको रूपका काम गरिरहेका पालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, राजनीतिज्ञ, सामाजिक अभियन्ता आदि व्यक्तित्वहरूको पहिचान र सर्वे गरी सूची तयार गर्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **३** | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • गाईपालन/बँगुरपालन/कुखुरापालन/बाखापालन र माछापालनको महत्त्व र पालन गर्ने तरिका वताउन र सहयोग गर्न | • गाईपालन/बँगुरपालन/कुखुरापालन/बाखापालन र माछापालनको महत्त्व र पालन गर्ने तरिका र पालनमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आफ्नो घर वा समुदायमा गरिएका गाईपालन, बँगुरपालन, कुखुरापालन, बाखापालन र माछापालनका जानकारी दिदै उक्त पालनहरू गर्नुको महत्त्व बताउन लगाउने<br>• शिक्षकले गाई पालन, बँगुर पालन, कुखुरा पालन, माछापालन र बाखापालनका सम्बन्धमा तयार पारिएको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई अवलोकन गर्न लगाउने<br>• विद्यार्थीहरूलाई विद्यालय नजिकैको गाईपालन वा बँगुरपालन वा बाखापालन वा कुखुरापालन वा माछापलन गरिएको स्थानमा भ्रमण गराउने र उक्त पालन गर्ने तरिकाको जानकारी दिन लगाउने<br>• उल्लिखित कुनै पालनहरूमध्ये कुनै एक कार्यमा सहयोग गर्न लगाउने<br>• उक्तपालन गर्दा गरिएका सम्पूर्ण गतिविधिहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने | • गाईपालन, बँगुरपालन, टर्कीपालन र कुखुरापालन गर्ने तरिका बताउन लगाएर<br>• उक्त पालनको महत्त्व बताउन लगाएर<br>• उक्त कार्य सम्बन्धी दिइएको परियोजना कार्यको प्रतिवेदनको मूल्याङ्कन गरेर | • |
| | | • बेमौसमी तरकारीहरू (टमाटर, लौका, करेला, भिन्डी, काँक्रा, सिमी, मुला आदि) खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न | • बेमौसमी तरकारीको परिचय, महत्व र खेती कार्यमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • भएसम्म विद्यार्थीहरूलाई आआफ्नो घरमा खेती गरिएका बेमौसमी तरकारीको बारेमा जानकारी दिन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा खेती गरिने बेमौसमी तरकारीहरू (टमाटर, लौका, करेला, भिन्डी) को परिचय र खेती गर्ने तरिका बताउने<br>• विद्यार्थीहरूलाई विद्यालयको नजिकै बेमौसमी तरकारी खेती गरिएको स्थानमा भ्रमण गराउने र उक्त खेतीको जानकारी दिन लगाउने<br>• भ्रमणको क्रममा अवलोकन गरिएका पक्षहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने<br>• बेमौसमी तरकारी खेती सम्बन्धी कृषिविज्ञलाई आमन्त्रण गरी जानकारी दिन अभिप्रेरित गर्ने | • बेमौसमी तरकारी बालीको परिचय सोधेर<br>• उक्त बालीको खेती गर्ने तरिका सोधेर<br>• बेमौसमी तरकारी बालीको खेती कार्यमा सहभागी भएको अवलोकन गरेर<br>• अभिभावकको प्रतिक्रिया लिएर<br>• परियोजना कार्यको मूल्याङकन गरेर | २१ |
| | | • नगदेबाली (तोरी, मसुरो, तिल, अर्सी, लसुन उखु, प्याज, आलु, अदुवा, बेसार आदि) खेती गर्ने तरिका बताउन र | • नगदेबालीको परिचय, महत्व र खेती कार्यमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा खेती गरिएका नगदे बालीहरूको बारेमा जानकारी दिन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा खेती गरिने नगदे बालीहरू (तोरी, मसुरो, माटे, अदुवा, बेसार, तिल, अर्सी) को परिचय र खेती गर्ने तरिका बताउने | • नगदे बालीको परिचय दिन लगाएर<br>• उक्त बालीको खेती गर्ने तरिका बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उक्त कार्यमा सहयोग गर्न | | • सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई विद्यालयको नजिकै नगदेबालीको खेती गरिएको स्थानमा भ्रमण गराउने र उक्त खेतीको जानकारी दिन लगाउने<br>• भ्रमणको क्रममा अवलोकन गरिएका पक्षहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने उक्त नगदेबालीको खेती मध्ये घर वा विद्यालयमा खेती गरिने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने र यस कार्यमा भएको अनुभव आदानप्रदान गर्न लगाउने | • नगदेबाली बालीको खेती कार्यमा सहभागी भएको अवलोकन गरेर<br>• अभिभावकको प्रतिक्रिया लिएर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| | | • हस्त निर्मित सामग्री (स्याँखु, डोको, चकटी, गर्वा गुन्द्री आदि) बनाउने तरिका बताउन र निर्माण गर्न<br>• हस्त निर्मित सामग्रीहरूको प्रदर्शनी गर्न | • हस्त निर्मित सामाग्री अभ्यास र बजारीकरणका उपायहरू<br>• हस्त निर्मित सामग्रीहरूको प्रदर्शनी | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा हस्त निर्मित सामग्रीहरू के के रहेछन् ? तिनको प्रयोग के के कामको लागि गरिने रहेछ ? बताउन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा निर्माण गरिने सामग्रीहरू (स्याँकु, डोको, गर्वा, मान्द्रो गुन्द्री आदि को जानकारी दिने<br>• शिक्षक आफैं वा स्याँकु डोको, गर्वा, चकटी, मान्द्रो, गुन्द्री आदि बुन्न जान्ने व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गरी उक्त सामग्री निर्माण गर्न चाहिने कच्चा पदार्थहरूको व्यवस्थापन गरी निर्माण गर्न लगाउने र विद्यार्थीहरूलाई समेत सो कार्यमा सहभागी गराउने | • आफ्नो घर वा समुदायमा निर्माण गरिने हस्तनिर्मित सामग्रीहरूको परिचय र निर्माण गर्ने तरिका सोधेर<br>• हस्त निर्मित सामग्री निर्माणको अवलोकन गरेर | |
| | | • स्थानीय स्तरमा प्रचलनमा रहेको सिलाइ, कटाइ र गर्वा बुन्ने पेशाको महत्त्व, उक्त सिपको अनुकरण र प्रवर्धन गर्न | • स्थानीय स्तरमा प्रचलनमा रहेको सिलाइ, कटाइ र गर्वा बुन्ने पेशाको महत्त्व, उक्त सिपको अनुकरण र प्रवर्धन गर्न | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• अनुकरण सिप | • स्थानीय स्तरमा प्रचलनमा रहेको सिलाइ, कटाइ र गर्वा बुन्ने पेशाको महत्त्व, उक्त सिपको अनुकरण र प्रवर्धन गर्नका लागि हालसम्म भएगरेका कार्य र प्रयासहरूको बारेमा सहजीकरण गर्ने ।<br>• उल्लिखित काम भइरहेको सम्बन्धित थलो र व्यक्तिहरुसँग भेटघाट गरी सिलाइ, कटाइ र गर्वा बुन्ने पेशाको बारेमा अवस्था, समस्या र प्रवर्धनका उपायहरुको बारेमा छलफल गर्ने<br>• यससम्बन्धी के गर्न सकिन्छ भनेर स्थानीय जानकार वा पालिकाका पदाधिकारीलाई सहजीकरणका लागि आमन्त्रण गर्ने<br>• उल्लिखित सिपहरु सिक्नका लागि विद्यार्थीलाई अभिप्रेरित गर्ने | • सिलाइ, कटाइ र गर्वा बुन्ने पेशाका बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• गर्वा बुन्ने पेशाको महत्त्व र संरक्षणका उपाय सोधेर । | |
| | | • अनलाइन व्यापार र सरकारले कृषकलाई गर्ने सहयोग सम्बन्धी जानकारी हासिल गर्न । | • अनलाइन व्यापार र सरकारले कृषकलाई गर्ने सहयोग सम्बन्धी जानकारी । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप | • कृषिको बजारीकरणलाई अनलाइन व्यापार मार्फत् पनि सञ्चालन गर्न सकिन्छ भन्दै यसको तरिका र यसबाट हुने फाइदाको बारेमा सहजीकरण गर्ने ।<br>• अनलाइन व्यापारका लागि नगरपालिकाले निर्वाह गर्ने भूमिकाको बारेमा विभिन्न दृष्टान्त दिएर सहजीकरण गर्ने । | • अनलाइन व्यापारको बारेमा प्रश्न सोधेर ।<br>• अनलाइन व्यापारका लागि नगरपालिकाले | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • अनुकरण सिप | • कृषकका लागि सरकारले ल्याएका विभिन्न सहयोग, अनुदान र विमा कार्यक्रमहरूका बारेमा सहजीकरण गर्ने र सहजीकरणलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित स्थानीय विज्ञलाई आमन्त्रण गर्ने । | निर्वाह गर्न सक्ने भूमिकाको बारेमा सोधेर । | |
| ४ | **खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास, अनुसरण गर्न | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भई अघि बढ्ने क्षमताको अभ्यास, अनुसरण | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङ्कन सिप,<br>• पहिचान सिप,<br>• छनौट सिप | • शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सवलता र संभावनाको बारेमा विद्यार्थी स्वयम्सँग पनि विचार आदान प्रदान गर्ने<br>• बालकले जन्मदा नै केही न केही क्षमताका बीजहरू बोकेर आएको कुरा उल्लखे गर्दै विद्यार्थीलाई उनीहरूको रुचि, क्षमताका प्रतिभा र व्युत्पत्ति, अभ्यास स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने<br>• विभिन्न स्रोत र माध्यमहरूको प्रयोग गरेर समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको सूची बनाइ चर्चा गर्ने<br>• समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरूको चर्चा गर्ने<br>• त्यस्ता आचरण र स्वभावहरू आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरूलाई प्रेरित गर्दै उनीहरूले अनुशरण गर्न सक्ने स्वभावको लागि लिखित प्रतिबद्धता समेत गराउने | • विद्यार्थीका रुचि, प्रतिभा र क्षमताका बारेमा सोधेर<br>• समाज र राष्ट्रका जिम्मेवार नागरिकले गरेका के के काम तपाईं गर्न सक्नु हुन्छ भन्ने सोधेर<br>• विद्यार्थीले गरेका प्रतिबद्धताको अनुगमन गरेर<br>• विद्यार्थीहरूको मुल्याङ्कन गरेर | • |
| | | • गीत, सङ्गीत र नृत्यहरूको सिर्जना र अभ्यास गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्महरूको मूल मर्मका बारेमा सङ्क्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरू बताउन<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिकरण गर्न | • गीत, सङ्गीत र नृत्यहरूको सिर्जना र अभ्यास<br>• स्थानीयस्तरका प्रमुख धर्महरूको मूल मर्मका बारेमा सङ्क्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी<br>• जीवन र जगत्लाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुति । | • प्रयोग सीप<br>• प्रस्तुति सीप<br>• सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङ्कन सिप,<br>• पहिचान सिप,<br>• छनौट सिप | • विद्यार्थीलाई स्थानीय वा उनीहरूलाई मन पर्ने वा जानेको अन्य गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने<br>• मोवाइल, दुरदर्शन, ध्वनी विस्तारक, सुसाङ्ख्य आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरू प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरू आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र बाद्ययन्त्र बजाउनका लागि अवसरका साथै प्रोत्साहन र हौसला प्रदान गर्ने<br>• गीत र सङ्गीतमा रुचि र दक्षता देखाउने विद्यार्थीका लागि अघि बढ्ने परामर्श प्रदान गर्ने<br>• गीत, सङ्गीतको माध्यमबाट खुसी हुने बानीको विकास गर्न सहजीकरण गर्ने<br>• विद्यार्थीहरूसँग सोधपुछ गर्दै आफ्नो वडा र पालिकामा भएका विभिन्न धर्म र तिनका धर्मावलम्बीहरूको अवस्थाको बारेमा सहजीकरण गर्ने<br>• उपलब्ध भएसम्म सम्बन्धित धर्मका स्थानीय जानकारलाई स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने | • मन पराएका गीतहरू गाउन लगाएर<br>• उनीहरूले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर<br>• गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर<br>• विभिन्न धर्महरूको नाम सोधेर<br>• धर्मका मूल मर्मको बारेमा सोधेर | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरूको प्रयोग र अभ्यास गर्न<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरूको जीवनमा निरन्तर अभ्यास र अनुशरण गर्न<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास गर्न<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न | • जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरूको प्रयोग र अभ्यास ।<br>• अरूमा भएका राम्रा कुराहरूको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरूको जीवनमा निरन्तर अभ्यास र अनुशरण<br>• आफू खुसी हुने र अरूलाई पनि खुसी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास | | • विभिन्न धर्महरूको मूल मर्मको बारेमा चर्चा गर्दै सबै धर्मको साझा ध्येय भनेको मानव सेवा भएको सम्बन्धमा विचार आदान प्रदान गर्ने<br>• विद्यार्थीहरूसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनी गरिव, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने<br>• संसारका हेरक वस्तु र विषयभित्र पनि असल चिजहरू हुन्छन् भन्ने कुराका साथ विभिन्न उदाहरण र दृष्टान्तहरू प्रस्तुत गरेर विषयवस्तुको चर्चा गर्ने<br>• कतिपय काम नलाग्ने र पीडा दिने भनिएका व्यक्ति र विषयभित्र पनि रहेका सकारात्मक कुराहरूको पहिचान र विश्लेषण गर्ने क्षमताको विकास र अभ्यास गराउने<br>• सन्तुलित जीवन जिउनका लागि खुसी र स्वस्थ हुनुपर्ने र त्यसका लागि घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरूलाई अवसर ठानी अघि बढ्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरूको बारेमा विद्यार्थीहरूको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• घरपरिवारका सदस्य लगायत सबै मानिसहरूसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिको नाम सोधी उसका राम्रा कुराहरू भन्न लगाउने<br>• राम्रा कुरा सम्झिदा कस्तो अनुभूति भयो भनेर सोध्दै विद्यार्थीहरूलाई आ-आफ्ना अनुभूतिहरू बताउनका लागि अवसर प्रदान गर्ने<br>• विद्यार्थीहरूका अनुभूतिहरूलाई समेट्दै राम्रा कुराहरूको पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुसी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने<br>• कसैका बारेमा राम्रा कुरा गर्दा उसबाट आफूलाई गरिएको राम्रो व्यवहारको बारेमा विद्यार्थीहरूबाट अनुभव आदानप्रदान गराउँदै आफूले अरूलाई जे दियो अरूबाट पनि त्यहीँ प्राप्त हुने कुराका बारेमा विद्यार्थीका भोगाइहरूको चर्चा गर्ने<br>• हरेक बेलुका सुत्दा र बिहान बिउँझदा कम्तीमा ३/३ वटा खुसी हुने राम्रा कुराहरू सम्झदै बिउँझने र सोको दैनन्दिनीमा टिपोट गर्ने बानीको विकास गराउने<br>• कुनैपनि बस्तुहरूको उत्पादन, निर्माण, आविष्कार र सिर्जनामा अथक किसिमले श्रम गर्ने सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्त सहित व्याख्या गर्ने | • एकअर्को धर्मको बीचमा भिन्नता र समानता सोधेर<br>• सबै धर्मको साझा ध्येयको बारेमा सोधेर<br>• सामाजिक सद्भावको अर्थ सोधेर<br>• मानिस कति बेला खुसी र कतिबेला दुखी हुन्छ भन्ने सोधेर<br>• मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा भन्न वा लेख्न लगाएर<br>• सन्तुलित जीवनका विविध पक्षको बारेमा भन्न वा लेख्न लगाएर<br>• कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर<br>• राम्रा कुरा सम्झिदाका अनुभूतिहरू बताउन लगाएर<br>• हरेक विहान र बेलुका उनीहरूले लेखेका कुराको निरीक्षण गरेर<br>• अरूको प्रशंसा गर्दा आफूलाई हुने फाइदा भन्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने<br>• श्रमको सम्मान र आफूले पनि परिवार, गाउँटोल र विद्यालयमा सोको प्रयोग र अभ्यास गर्नका लागि विद्यार्थीहरूलाई फिल्डमा लिएर काम गर्न सिकाउने<br>• विद्यालयको बगैँचा र करेसावारीमा विद्यार्थीहरूलाई पुष्प र तरकारी खेती गर्न लगाउने<br>• विद्यार्थीले घरमा गएर गरेका उत्पादनसँग जोडिएका कामहरू बताउन लगाउने | • घरमा गएपछि आफूले गर्ने काम बताउन लगाएर<br>• श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर<br>• | |
| | | • योग र ध्यान (प्रणव ध्यान, उद्‌गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, चक्किआसन) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग गर्न<br>• घरपरिवार र समाजका जेष्ठनागरिक एवम् असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण गर्न<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्त्व र उपादेयताको बारेमा बताउन | • योग र ध्यान (प्रणव ध्यान, उद्‌गीथ, कपालभाती प्रणायाम, तिर्यकताडासन, चक्किआसन) लाई स्वस्थ र खुसी हुनका लागि अभ्यास र प्रयोग<br>• घरपरिवार र समाजका जेष्ठनागरिक एवम् असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङ्कन सिप,<br>• पहिचान सिप,<br>• छनौट सिप<br>• सहयोगी सीप<br>• सहानुभूति सिप<br>• समानुभूति सिप | • विद्यार्थीहरूलाई प्रणव ध्यान, उद्‌गीथ, कपालभाती प्रणायाम, अनुलोमविलोम, चक्किआसन आदि सिकाउनका लागि शिक्षकले सबैको सामू आफैले प्रदर्शन गरेर देखाउने<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरूलाई प्राणायम, ध्यान र आसनहरूको अभ्यास गर्न लगाइ शिक्षकले सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने<br>• कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न लगाई सहजीकरणका लागि वातावरण वनाउने<br>• ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्दा भएको अनुभव र अनुभूतिको बारेमा विद्यार्थीहरूसँग सोधपुछ गरी विचारको आदानप्रदान गर्ने<br>• विद्यार्थीहरूले गरेका ध्यान, प्राणायाम र आसनहरूको परिचय र महत्त्वको बारेमा बताउने<br>• हामीले गर्ने कतिपय आचरण र व्यवहारको चर्चा गर्दै ती आचरण र व्यवहारको आधारमा पूर्वीय दर्शनको परिचय र उपादेयताको बारेमा छलफल र चर्चा गर्ने<br>• हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरू दिएर स्पष्ट पार्ने<br>• अन्य श्रव्य दृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने<br>• गाउँटोलका जेष्ठ नागरिकसँग भेटघाट र छलफल गरी उनीहरूको अनुभवबाट सिकाइ गर्ने<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरूले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने<br>• हामीले अहिले सहयोग गऱ्यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरूले सहयोग गर्छन भन्ने कुरालाई विभिन्न दृष्टान्त सहित छलफलमा ल्याउने | • ध्यान, प्राणायाम र आसनहरूको अभ्यास गर्न भनेर<br>• उनीहरूले गरेका अभ्यासहरूको अवलोकन गरेर<br>• ध्यान, प्रणायाम र आसनहरूको परिचय र महत्व सोधेर<br>• कुनै पनि ध्यान, प्राणायाम र आसनको अभ्यास गर्न लगाएर<br>• पूर्वीय दर्शनको परिचय सोधेर<br>• पूर्वीय दर्शनसँग जोडिएका हामीले गर्ने कर्महरूको बारेमा सोधेर<br>• पूर्वीय दर्शन र पाश्चात्य दर्शनको भिन्नता सोधेर<br>• पूर्वीय दर्शनका राम्रा पक्षहरू सोधेर<br>• जेष्ठ नागरिक र अशक्तहरूलाई | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने<br>• विद्यार्थीहरूसँग सहकार्य गर्दै मानिसका पुर्खा, वंश र गोत्रको बारेमा परिचय र चर्चा गर्ने<br>• बिहेवारीको सवालमा गोत्र र वंशको पहिचान र महत्त्वको बारेमा सहजीकरण गर्ने<br>• विद्यार्थीहरू हरेकलाई आफ्नो गोत्र र वंशको बारेमा परिचित हुने अवसर प्रदान गर्ने<br>• पुर्खा, वंश र गोत्र सम्बन्धी जानकार स्थानीय व्यक्तिलाई आमन्त्रण गरी स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने | सहयोग गर्नुपर्ने कारण सोधेर<br>• जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरूले गरेको सहयोग बारे सोधेर<br>• जेष्ठ नागरिकबाट भएका सिकाइहरू भन्न लगाएर<br>• पुर्खा, गोत्र र वंश पहिचानको महत्त्व सोधेर<br>• हरेकको गोत्र र वंश सोधेर | |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • वनगाड कुपिण्डे नगरपालिकामा भएका सामुदायिक वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका वर्णन गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण गर्न<br>• जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको | • वनगाड कुपिण्डे नगरपालिकामा भएका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण<br>• जडीबुटी खेती कार्यमा सहभागिता र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • नगरपालिका अन्तर्गत रहेका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु र चराहरूको संरक्षण तथा अपराध नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था पालना गराउनको लागि विद्यार्थी, शिक्षक, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिकामा छलफल गराउने र पालना गर्ने गराउने<br>• घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुराको जानकारी गराउने र उक्त कार्यमा विद्यार्थी र शिक्षक सहभागी हुने<br>• घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा जडीबुटी खेती गर्न सकिने कुराको जानकारी गराउने र जडीबुटी खेती गर्ने गराउने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>• उत्पादित जडीबुटीको बजारीकरण गर्ने, आर्थिक उपार्जन गर्ने कुराको जानकारी गराउने र बजारीकरण गर्न सहयोग गर्ने<br>• यसको लागि विद्यालयमा नर्सरी निर्माण गर्ने, बेर्ना उत्पादन गर्ने तथा आवश्यकतानुसार स्थानीय स्तरमा भएको वन कार्यालयले तयार गरेका नर्सरीमा रहेका बेर्नाहरू वृक्षरोपणमा प्रयोग गर्ने<br>• वृक्षरोपण गरेका बिरुवाहरूको आवश्यकतानुसार रेखदेख गर्न लगाउने<br>• दिगो विकासका लक्ष्यहरू पुनः स्मरण गराउने र विद्यालय, समुदाय तथा स्थानीयस्तरबाट पूरा गर्न सकिने उक्त लक्ष्यहरूमा छलफल गराउने | • वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी कानुनमा भएको व्यवस्था बताउन लगाएर ।<br>• वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका बताउन लगाएर ।<br>• वृक्षारोपण र जडीबुटी खेतीमा सहभागी भए नभएको अवलोकन गरेर । | • |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बजारीकरण र आर्थिक फाइदा पहिचान गर्न | आर्थिक फाइदाको पहिचान | | • यस विषयको सहजीकरणका लागि पालिकाको सम्बन्धित शाखाको कर्मचारी वा जनप्रतिनिधिलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • जडीबुटी खेतीबाट हुने फाइदाहरू बताउन लगाएर | |
| | | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू वर्णन गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध व्याख्या गर्न<br>• नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति रुखहरूको महत्त्व बताउन<br>• लालीगुराँस संरक्षणका उपाया बताउन | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्धन<br>• नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति रुखहरूको उपयोगिता<br>• लालीगुराँस संरक्षणका उपाया बताउन | • सिकाइ सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • हरित घर तथा विद्यालय निर्माणको लागि आवश्यक पर्ने पक्षहरू (हरियाली प्रवर्धन, इको क्लब, पानी व्यवस्थापन तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन, ऊर्जा मैत्री घर तथा विद्यालय, सिकाइ केन्द्रको विकास र सञ्चालन) को परिचय दिने<br>• यी कार्यहरूको विद्यार्थी तथा विद्यालयको भूमिका पहिचान गर्ने र सहभागी हुने<br>• हरित घर, विद्यालय तथा दिगो विकासबिचको अन्तरसम्बन्ध बताउन लगाउने र यस्तो सम्बन्ध प्रवर्धन गर्न विद्यार्थी, विद्यालय, समुदाय, स्थानीय तहले खेल्नुपर्ने भूमिकामा छलफल गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने ठूला वनस्पति रुखहरूको पहिचान र परिचय सहित उक्त ठूला वनस्पतिहरूको महत्त्वका बारेमा विद्यार्थीहरूसँग छलफलका साथ सहजीकरण गर्ने<br>• वनगाड कुपिण्डे नगरपालिका क्षेत्रमा पाइने लालीगुराँको पहिचान र परिचय सहित लालीगुराँसको महत्त्व र संरक्षणका बारेमा विद्यार्थीहरूसँग छलफलका साथ सहजीकरण गर्ने | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक पर्ने पक्षहरू सोधेर<br>• यी पक्षहरूको कार्यान्वयन गर्न खेल्नुपर्ने भूमिका बताउन लगाएर<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध बताउन लगाएर<br>• ठूला वनस्पतिहरूको महत्त्व सोधेर<br>• लालीगुराँसको संरक्षण बारे सोधेर | |
| | | • स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरू पहिचान गर्न र आकासे पानी सङ्कलनमा सहयोग गर्न | • स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरू र अकाशे पानी सङ्कलन विधि | • सिकाइ सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • पानीको दिगो व्यवस्थापन गर्ने उपायहरूमा छलफल गराउने जस्तो : पानीको मुहान संरक्षण गर्ने, वैकल्पिक पानीको व्यवस्थापन गर्ने (आकाशे पानी), भूमिगत जलभण्डारको पुनर्भरण गर्ने, सरसफाइ व्यवस्थापन गर्ने, आकासे पानीको सङ्कलन गर्ने आदि)<br>• आकासे पानीको सङ्कलन गर्ने विधि भिडियोसहित प्रदर्शन गर्ने वा आकासे पानी सङ्कलन गरेको अवलोकन गराउने ( वर्षा, ट्याङ्की, प्रशोधन, प्रयोग) | • पानीको दिगो व्यवस्थापन गर्ने तरिकाहरू सोधेर<br>• आकासे पानी सङ्कलन र प्रयोग गर्ने तरिका बताउन लगाएर<br>• आकासे पानीको प्रयोग गरेको अवलोकन गरेर | |
| | | • घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत | • घरायसी तथा विद्यालयबाट निस्केका ठोस | • सिकाइ सिप | • घरायसी फोहोरमैलको व्यवस्थापन गर्ने विधिहरूमा छलफल गराउने | • ठोस फोहोर मैलाको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास अभ्यास गर्न<br>• नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, सङ्घसंस्थाहरू र नगरपालिकाको भूमिका वर्णन गर्न | फोहोरको व्यवस्थापन : बिन तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास<br>• नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र नगरपालिकाको भूमिका | • स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन अन्तर्गत विन कम्पोष्टिङ (भाडामा मल बनाउने विधि) र पिट कम्पोष्टिङ ( खाडल र थुप्रो बनाएर मल बनाउने विधि) विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने ।<br>• उक्त विधिअनुसार विद्यालयमा विन र पिट कम्पोष्टिङ विधिबाट कम्पोष्ट मल बनाउने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>• उक्त विधिहरूबाट तयार भएको मल आवश्यकताअनुसार तरकारी खेती, फलफूल खेती, पुष्पखेतीमा उपयोग गर्ने, गर्न लगाउने<br>• वडा तथा नगरपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा विद्यालय, स्थानीय समुदाय, संघसंस्था र नगरपालिकाको भूमिकामा छलफल गराउने | व्यवस्थापन गर्ने तरिकाहरू सोधेर<br>• विन र पिट कम्पोष्टिङ गर्ने तरिका बताउन लगाएर<br>• विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाएको अवलोकन गरेर<br>• फोहोरमैला व्यवस्थापनमा विभिन्न व्यक्ति र समुदायको भूमिका सोधेर | |
| ६ | **सामाजिक चुनौति र बिपद् व्यवस्थापन** | • आफ्नो विद्यालयलाई बिपद्बाट सुरक्षित बनाउन<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारी र विद्यार्थीको भूमिका (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) बताउन र सोको कार्यान्वयन गर्न<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न<br>• सुरक्षित विद्यालयको लागि विद्याथीको भूमिका बताउन र सोको कार्यान्वयन गर्न | • हाम्रो सुरक्षित विद्यालय<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारी र विद्याथीको भूमिका (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा)<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका<br>• सुरक्षित विद्यालयको लागि विद्याथीको भूमिका | • प्रयोग सिप<br>• संचार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप | • समूहमा भूकम्पको परिचय खोजी प्रस्तुत गर्न लगाउने<br>• भूकम्पबाट हुने असरहरूका बारेमा अन्तरक्रिया तथा छलफल गराउने र भूकम्पबाट हुने क्षति भिडियो मार्फत् प्रस्तुत गर्ने । भूकम्पबाट सुरक्षित विद्यालयको महत्त्व र निर्माणका विषयमा संवाद गराउने<br>• भिडियोको माध्यमबाट सुरक्षित विद्यालयका विशेषता जानकारी गराउने<br>• विद्यालय परिसर र भवन अवलोकन गर्न लगाइ रूजुसूचीका आधारमा समूहमा विद्यालयको संरचनात्मक र गैरसंरचनात्मक सुरक्षाको अवस्था छलफल गराउने<br>• सुरक्षित विद्यालय निर्माणमा मेरो भूमिका विषयमा विद्यार्थीको समूहमा छलफल गराउने र शिक्षकले सहयोग गर्ने<br>• सुरक्षित विद्यालय निर्माणका लागि विद्यालय र समुदायको भूमिका छलफल गराउने र शिक्षकले निचोड दिने<br>• भूकम्प र यसबाट सुरक्षित हुने उपायहरूका बारेमा चित्र, तालिका, सूची, आदि निर्माण गरी विद्यालय वा कक्षा कोठामा टाँस्न लगाउने<br>• घर र विद्यालयका भूकम्पको बेला सबै जम्मा हुने सुरक्षित स्थान र झटपट झोलाको व्यवस्थापनको बारेमा सावधान हुने<br>• घरमा हुँदा भूकम्पबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास (Simulation) गराउने | • सुरक्षित विद्यालय निर्माणका लागि पाँचओटा पूर्वतयारी सोधेर ।<br>• सुरक्षित विद्यालय निर्माणमा विद्यार्थीको भूमिका सोधेर<br>• सुरक्षित विद्यालय निर्माणमा अभिभावकको भूमिका सोधेर<br>• विद्यालय र घरमा भूकम्पको बेला सबै जम्मा हुने सुरक्षित स्थान र झटपट झोलाका फाइदा सोधेर ।<br>• कृत्रिम घटना अभ्यासको अवलोकन र मूल्याङ्कन गरेर | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • विश्वका प्रमुख महामारीहरू: : प्लेग, फ्लू, एचआइभी एड्स, हैजा, सार्स र कोभिड १९) को बारेमा बताउन<br>• महामारीहरूबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन | • विश्वका प्रमुख महामारीहरू : प्लेग, फ्लू, एचआइभी एड्स, हैजा, सार्स र कोभिड १९)<br>• महामारीहरूबाट विश्व समुदायमा भएका सिकाइ | • प्रयोग सिप<br>• रचनात्मक सोचाइ<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• वैयक्तिक जिम्मेवारी | • समूह छलफल गराइ महामारीको परिचय दिन लगाउने<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी प्लेग, फ्लू र कोभिड १९ को कारण र असर वा प्रभावको बरेमा छलफल तथा जानकारी गराउने<br>• प्लेग, फ्लू, एचआइभी एड्स, हैजा, सार्स  र कोभिड १९ बाट बच्नका लागि गरिने उपायहरू कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी छलफल गराउने<br>• प्लेग, फ्लू, एचआइभी एड्स, हैजा, सार्स र कोभिड १९ उत्पत्ति, रोकथाम र नियन्त्रण गर्दा विश्व समुदायमा भएका सिकाइ छलफल गराउने र विद्याथीले लागू गर्ने सक्ने कुराको सूची गराउने लगाउने<br>• विभिन्न महामारीबाट सुरक्षित रहनका लागि तोकिएका सबै चरण पूरा गरी साबुन पानीले हात धुने अभ्यास गराउने । | • विभिन्न महामारीबाट विश्व समुदायमा भएको असर र सिकाइ भन्न लगाएर | |
| | | • किशोरीहरूमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी कार्यान्वयन गर्ने | • किशोरीाहरूमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान र कार्यान्वयन | • सिकाइ सिप<br>• प्रतिवद्धता सिप<br>• सक्रियता पूर्वक सुन्ने<br>• वैयक्तिक जिम्मेवारी | • चित्र र भिडियो क्लीप प्रयोग गरी किशोरीहरूमा देखिने मासहिष्टेरियाबाट बच्ने उपायहरूको बारेमा स्थानीय तहमा उपलब्ध विज्ञलाई समेत आमन्त्रण गरी सहजीकरणको वातावरण मिलाउने<br>• विगतमा गाउँटोल र विद्यालयमा घटेका त्यस्ता घटना र रोगको चर्चा गर्दै त्यस्ता घटनाहरूमा के गरिएको थियो र  के गर्नुपर्थ्यो भन्ने सम्बन्धमा छलफल गर्दै परियोजना कार्यमार्फत् तथ्याङ्क सङ्कलन गर्ने गराउने | • मास हिष्टेरियाको कारण र समाधान सोधेर ।<br>• परियोजना कार्यको निरीक्षण र अवलोकन गरेर | |
| | | सामाजिक चुनौति एवम् विसङ्गतिको रूपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, बाल श्रम, बालविवाह आदिको न्यूनिकरणको उपायको पहिचान गरी कार्यान्वयन गर्न | जातीय विभेद, लैङ्गिक हिंसा, बाल श्रम, बालबिवाह आदिको न्यूनिकरणको उपायको पहिचान र कार्यान्वयन | • सामाजिक एवम्<br>• नागरिक जिम्मेवारी<br>• भूमिका निर्वाह<br>• पहिचान सिप<br>• व्यैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीहरूसँग विषयवस्तुसँग सम्बन्धित पूर्व अनुभव र भोगाइहरूको बारेमा विचार आदानप्रदान गर्ने<br>• अघिल्लो कक्षामा अध्ययन गरेका आधारमा विद्यार्थीहरूलाई यस प्रकारका विसङ्गतिहरूले व्यक्ति र समाजमा परेको असर बताउन प्रेरित गर्ने<br>• तस्बिर, भिडियो, डकुमेन्ट्री आदिको माध्यमबाट जातीय विभेद, लैङ्गिक हिंसा, बाल श्रम, बालविवाह आदिको न्यूनिकरणको उपायको पहिचान र कार्यान्वयनको सम्बन्धमा कक्षामा विद्यार्थीहरूलाई  सहजीकरण गर्ने<br>• माथिको सामाजिक विसङ्गतिहरूको न्यूनिकरणका लागि शिक्षक र विद्यार्थीहरूले गर्न सक्ने कार्यको आवश्यक कार्ययोजना र परियोजनाकार्य मार्फत कार्यान्वयन गर्ने | • जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंशा आदिको न्यूनिकरणको बारेमा विभिन्न प्रश्नहरू सोधेर विद्यार्थीले गरेका कार्यको अवलोकन गरेर । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | • बिपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन<br>• बिपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत) बताउन | • बिपद्को सामूहिक प्रतिकार्यका उपायहरू<br>• बिपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत) | • सञ्चार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप<br>• पहिचान सिप | • बिपद् प्रतिकार्यका लागि समूह र क्लब वा संस्थाहरूको आवश्यकताको बारेमा छलफल गराउने<br>• बिपद् प्रतिकार्यका लागि रेडक्रस, गैरसरकारी संस्थाहरू र सरकारी कार्यालयहरूको भूमिका छलफल गराउने ।<br>• बिपद् प्रतिकार्यका लागि विभिन्न समूहहरू (Clusters) को भूमिकाको भिडियोको माध्यमबाट जानकारी दिने<br>• नजिकैको वडा कार्यालय वा नगरपालिकामा गइ बिपद् प्रतिकार्यका लागि पालिकाको भूमिका छलफल गराउने<br>• बिपद् प्रतिकार्यका लागि नेपाली सेना र नेपाल प्रहरीको भूमिका छलफल गराउने<br>• बिपद् प्रतिकार्यका लागि नगर बिपद् व्यवस्थापन समितिको भूमिका छलफल गराउने<br>• बिपद् प्रतिकार्यका लागि बालसमूह (जुरेस, स्काउट, इको क्लव लगायत) ले गर्न सक्ने कार्यहरूको सूची गराउने सम्बन्धमा विद्यार्थीहरूलाई सहजीकरण गर्ने<br>• बिपद् प्रतिकार्यसँग सम्बन्धी कृत्रिम घटनाको अभ्यास गराउने र सोको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | • बिपद् प्रतिकार्यमा रेडक्रस, गैरसरकारी संस्थाहरू र पालिकाको भूमिका सोधेर<br>• बिपद् प्रतिकार्यका लागि विद्यार्थीहरूले समूहमा गर्न सक्ने चारओटा कार्यको सूची बनाउन लगाएर<br>• कृत्रिम घटनाको अवलोकन र मूल्याङ्कन गरेर | • |

## ६. प्रयोगात्मक तथा परियोजना कार्य

### कक्षा ४

१. तपाईंको वनगाड कुपिण्डे नगरपालिका पहिलेका कतिओटा गाउँ विकास समिति (नाम समेत) का कति ओटा वडाहरू मिलाएर बनाइएको हो ? अहिले जम्मा कतिओटा वडाहरू छन् ? शिक्षक, घरमा भएमा अभिभावक र छरछिमेकमा भएका जानकार महानुभावहरूसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | अहिलेको पालिका निर्माण गर्दा समावेश गरिएका पहिलेका गाविस र वडाहरू | जानकारी दिने व्यक्तिहरूको नाम र नातासम्बन्ध |
|---|---|---|
| | | |
| | | |
| | | |

२. तपाईंको वनगाड कुपिण्डे नगरपालिकाको कुल क्षेत्रफल कति रहेको छ ? वनगाड कुपिण्डे नगरपालिकामा जम्मा कतिओटा वडा छन् ? तिनीहरूको क्षेत्रफल कति कति रहेको छ ? जनसङ्ख्या र क्षेत्रफलको हिसावले सबैभन्दा ठूलो वडा र सबैभन्दा सानो वडाहरू कुन कुन हुन ? विषय शिक्षकसँगको परामर्शमा नगरपालिकाका सम्बन्धित पदाधिकारीसँग सोधपुछ गरी निम्न तालिकामा आवश्यक विवरण भरि कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | वडाको विवरण | वडा नं | क्षेत्रफल | जानकारी दिने व्यक्ति |
|---|---|---|---|---|
| १ | तपाईं बसेको वडा | | | |
| २ | सबैभन्दा ठूलो अर्थात धेरै क्षेत्रफल भएको वडा | | | |
| ३ | सबैभन्दा सानो अर्थात कम क्षेत्रफल भएको वडा | | | |
| ४ | सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा | | | |
| ५ | सबैभन्दा कम जनसङ्ख्या भएको वडा | | | |

३. तपाईंले आफ्ना वडाका कुन कुन ठाउँमा गएर प्रत्यक्ष अवलोकन गर्नु भएको छ ? त्यहाँ जाँदा तपाईंले देखेको र अहिले सम्म सम्झिरहेको कुरा के हो ? तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| प्रत्यक्ष गएर अवलोकन गरेका आफ्नो वडाका स्थानहरू | अहिलेसम्म सम्झिरहेको विषय वा स्थान | सम्झनुको कारण | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |
| (घ) | | | |

४. तपाईंको पालिकामा भएका प्रमुख धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलहरूको नाम के के हो ? तीमध्ये तपाईं आफैले अवलोकन गरेका कुन कुन हुन् ? अभिभावक र जानकार छिमेकीको सहयोगले तलको तालिका भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावक र जानकार छिमेकीको सहयोगले जानकारी भएका धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक स्थलहरू | आफू स्वयम् गएर अवलोकन गरेका धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक स्थलहरू |
|---|---|
| | |

५. तपाईंले आफ्नो वडा वा पालिकाको अन्य वडामा गएर अवलोकन गरेको प्राकृतिक सम्पदाहरू : जमिन, वनजङगल, गार, खोला, ताल, पोखरीमध्ये कुनै एउटा सम्पदाको नाम लेख्नुहोस् । उक्त सम्पदामा जाँदा तपाईं कोसँग जानु भएको थियो ? उहाँको नाम र उहाँसँगको नाता सम्बन्ध पनि लेख्नुहोस् र त्यहाँ गएर अवलोकन गर्दा स्मरण भएका कुराहरूको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. आफ्नो घर वा विद्यालयमा खेती गरिने लसुन, दुदु, अदुवा, प्याज, बेसार, गन्जी (सखरखण्ड), बदाम र धनिया खेती मध्ये कुनै एक खेतीमा सहयोग गर्नुहोस् । बिउ राख्नेदेखि उत्पादन, प्रयोग र बिक्रीसम्मका प्रक्रियाहरूमा के कस्ता कार्यहरू गरियो ? ती सबैको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. आफ्नो घर वा समुदायस्तरमा उत्पादित वस्तुहरू परालको गुन्द्री, चकटी, डोको, सुपो, बाबियोको डोरी, ढरिया, ठेकी, मदानी, खिरे, खाप, गर्वा, कोर्को, ओखल, मुसल आदिमध्ये कुनै एकको निर्माण कार्यको अवलोकन गर्नुहोस् । निर्माण गर्दा चाहिने सामग्रीहरू, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग के के कार्यका लागि गरिन्छ ? विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. आफ्नो घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकलाई के भनेर बोलाउनु हुन्छ ? उहाँको नाम के हो ? उहाँको शारीरिक अवस्था कस्तो छ ? ती जेष्ठ नागरिकले तपाईंप्रति गर्ने व्यवहार कस्तो छ ? दिक्क लाग्दो वा रमाइलाग्दो ? उनीहरूलाई तपाईंले मन पराउनु हुन्छ कि मन पराउनु हुन्न ? यसको कारणसहित उल्लेख गर्दै तपाईंले उहाँहरूबाट सिकेको कुरा के के हुन् ? सङ्क्षेपमा लिखित प्रतिवेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

९. तपाईंले के के काम गर्दा तपाईंका परिवारका सदस्यहरू खुसी हुनुहुन्छ ? घरपरिवारमा गएर उहाँहरूसँग सोधपुछ गर्नुका साथै उहाँहरूमध्ये को-कसले गर्ने कुन कुन कुराहरू तपाईंलाई मन पर्छ ? यो क्रियाकलापबाट तपाईंले के सिक्नु भयो ? यी सबैलाई समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१०. तपाईंको गाउँवस्तीमा विभिन्न अवसरमा नाचिने नाचहरू देख्नु भएको छ कि छैन ? देखेको भए देखेको आधारमा र नदेखेको भए देखेका मानिससँग सोधेर कुनै एउटा नाचमा गरिने क्रियाकलाप, लगाउने पोशाक र बजाउने बाजाहरूको नाम तलको तालिकामा भर्नुहोस ।

| नाचको नाम | नाचमा गरिने क्रियाकलापहरू | नाचमा लगाउने पोशाकहरू | नाचमा बजाउने बाजाहरू |
|---|---|---|---|
| | | | |

११.तपाईंले घरपरिवारमा गएर परिवारका सदस्यहरूको सामू आफूले मन परेको गीत गाउनुहोस् वा मन परेको गीतमा नाच्नुहोस् । तपाईंको गीत सुनेर वा नृत्यको अवलोकन गरेर को-कोले के-के भन्नु भयो ? उहाँहरूको कुरा सुनेर तपाईंलाई कस्तो महसुस भयो ? तपाईंले गाएको वा नाचेको गीतको नामसहित उल्लिखित सबै कुरा टिपोट गरेर कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१२. तपाईंको घर वा गाउँबस्तीमा भनिने सिलुक सुनेर कक्षा कोठामा प्रस्तुत गर्नुहोस् । उक्त सिलुकहरु तपाईलाई सर्वप्रथम क-कसले सुनाएको हो ? उनीहरुको नाम र उनीहरुसँगको तपाईको नातासम्बन्ध पनि लेख्नुहोस् र उक्त सिलुकबाट तपाईले के सिक्नु भयो ? उक्त कुरा पनि प्रतिबेदनमा लेखेर प्रस्तुत गर्नुहोस् ।

१३. तपाईंको घर वा गाउँबस्तीमा गाउँखाने कथा भन्ने चलन पनि चलिआएको छ। तपाईले पनि घर वा छरछिमेकका मानिसहरुबाट कम्तिमा ५ वटा गाउँखाने कथा र उक्त गाउँखाने कथाका सही उत्तर लेखेर कक्षामा प्रतिवेदन बनाइ प्रस्तुत गर्नुहोस् । प्रतिबेदन बनाउँदा गाउँखाने कथा को बाट सुन्नु भएको हो र गाउँखाने कथा सुन्दा तपाईलाई कस्तो महसुस भयो ? उक्त कुराहरुसमेत समेटेर प्रतिबेदन बनाएर प्रस्तुत गर्नुहोस् ।

१४. तपाईंको घर वा छरछिमेमा भएका जेष्ठ नागरिकबाट हाट जाँदाका अनुभव सुनेर कक्षा कोठामा प्रस्तुत गर्नुहोस् । प्रतिवेदनमा अनुभवहरु लेख्दा अनुभव सुनाएका व्यक्तिको नाम ठेगाना र उनीसँगको तपाईको नातासम्बन्ध समेत लेख्नुहोस् ।

१५.तपाईंको गाउँवस्तीमा तपाईंले चिनेको असल नागरिकको नाम के हो ? तपाईंले उहाँसँग भेट गरेर उहाँले गरेका राम्रा कामहरूको बारेमा सोधपुछ गरेर टिपोट गर्नुहोस् । उहाँसँग भेट हुन सक्ने अवस्था नभएमा उहाँको परिवार वा उहाँको सम्बन्धमा तपाईंको आफ्नो परिवारका सदस्यसँग सोधपुछ गर्नुहोस् । यो क्रियाकलापबाट तपाईंले के सिक्नु भयो ? आदि कुरालाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

१६. तपाईंले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईंले गरेको अभ्यास देखेर अभिभावकले तपाईंलाई के भन्नु भयो ? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गई अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गई अभ्यास गरेका आसनहरूको नाम | अभ्यास गरेको देखेर अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१७. तपाईँ हिन्दु धर्मावलम्बी हो भने कम्तिमा एकजना इसाइ वा एकजना गुरु धर्म वा सच्चाई धर्म मान्ने साथीसँग परिचय गरी उनीहरूले मान्ने पर्व के के गरिन्छ वा के के परिकार खाइन्छ भन्ने कुरा साथीले भनेको आधारमा आफ्ना विचार सहित प्रतिवेदन बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् अथवा तपाईँ ईसाइ, गुरु धर्म वा सच्चाई मान्ने व्यक्ति हो भने पनि हिन्दू धर्म मान्ने साथीको दसैँका बारेमा त्यसरी नै प्रतिवेदन तयार गरी कक्षामा पेस गर्नुहोस् ।

१८. स्वास्थ्य चौकीको नर्स वा अन्य कुनै कर्मचारीलाई भेटी स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिवेदन बनाई पेस गर्नुहोस् ।

| स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१९. सोधखोज तथा अवलोकनको माध्यमबाट वनगाड कुपिण्डे नगरपालिकाभित्र पाइने वन्यजन्तु तथा चराहरूको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराहरूको महत्त्व तथा संरक्षण गर्ने तरिका समेतलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | वन्यजन्तु/चराको नाम | पत्ता लागेको स्रोत वा माध्यम | महत्त्व | संरक्षणको तरिका |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

२०. घर वरपरको खाली जमिन वा विद्यालय वा करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्त्वहरू-पानी, मल आदि पनि प्रदान गर्नुहोस् । करिब १ महिनामा बिरुवाको बृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरू आए ? अवलोकन गरी प्राप्त विवरणहरू टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२१. घरबाट निस्कने फोहोरहरूको वर्गीकरण (कुहिने र नकुहिने एवम् तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरू अवलम्बन गर्नुहोस् । यसको लागि फोहर तरल (नाली, शौचालय तथा स्नागारबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरूलाई आफू, आफ्नो परिवारले विशेष ध्यान दिनुहोस । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? गरेका कार्यहरूको टिपोट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२२. हाम्रो गाउँबस्तीमा सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको जातिय वा लैङ्गिक विभेदले हाम्रो विकासमा के कस्तो बाधा पुऱ्याइरहेको छ ? यस्तो विभेदलाई न्यूनिकरण गर्न विद्यालय र समाजका अगुवाहरूले के कस्तो काम गर्नुपर्दछ ? समूदायका कम्तिमा कुनै दुई जना जानकारहरूसँग सोधपुछ गरेको आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२३. विगत एक वर्षभित्र समुदायमा घटेका बिपद्हरूको सूची अभिभावकलाई सोधि तयार गर्नुहोस् । ती बिपद् घट्नुका कारणहरू र भएको क्षति लेखि तलको तालिका भर्नुहोस ।

| क. सं. | बिपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

२४. विद्यालयबाट घर जाँदा बाटो वा सडक अवलोकन गरी विद्यालय जाँदा आउँदा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरू र तपाईंको भूमिका समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नुहोस् ।

२५. आगलागी, बाढी र पहिरोबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यासमा सहभागी भई उक्त कृत्रिम घटनामा सहभागी भएको आधारमा गरिएका प्रकृयाहरू बुँदागत रूपमा  टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## कक्षा ५

१. तपाईंको वनगाड कुपिण्डे नगरपालिकामा भएका जम्मा वडाहरू र उक्त वडाहरू अन्तर्गत पर्ने गाउँवस्तीका नामहरू आफ्नो छिमेकी वा समुदायको जानकार व्यक्तिसँग सोधपुछ गरेर तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| वडा नं | गाउँबस्तीका नामहरू | जानकारी दिने व्यक्तिको नामं. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |

२. तपाईंले वडामा भएका गाउँटोलहरूको नाम लेख्नुहोस् र ती गाउँटोलहरूमा कुन कुन जातिको बसोवास रहेको छ ? सकेसम्म ती क्षेत्रमा आफैले प्रत्यक्ष गएर अवलोकन गरी तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| आफ्नो वडामा भएका गाउँटोलका नाम | बसोवास गरेका जातजातिहरू | बढी बसोवास भएको जातजाति | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

३. तपाईं कहिलेकाहीँ आफ्नो बाहेक आफ्नै नगरपालिकाको अन्य कुनै विद्यालयमा यस भन्दा पहिले जानु भएको छ कि छैन ? जानु भएको छ भने त्यहीँ गएको आधारमा र नगएको भए विषय शिक्षकसँग अनुमति लिएर कक्षाका विद्यार्थीहरूको समूह बनाइ कुनै विद्यालयमा जानुहोस् र उक्त विद्यालय र तपाईंको विद्यालयका के कस्ता भिन्नताहरू छन् ? तपाईंको विद्यालयमा भन्दा त्यहाँ के राम्रो छ र त्यहाँको विद्यालयमा भन्दा तपाईंको विद्यालयमा के राम्रो छ ? उल्लिखित कुरा समेटेर प्रतिवेदन बनाइ विषय शिक्षकलाई पेस गर्नुहोस् ।

४. तपाईं स्काउट, इको क्लव, रेडक्रसमध्ये कुनै एकमा आवद्ध भएको कारण उक्त संस्थाले तोकेको काममा सहभागी हुनुहोस् । उक्त काम के थियो ? उक्त काम गर्दा तपाईं एक्लै हुनुहुन्थ्यो वा समूहमा ? उक्त काम गर्दा तपाईंलाई कस्तो अनुभूति भयो र उक्त कामले के फाइदा भयो ? उक्त काम माथिकामध्ये कुन संस्थामा आवद्ध भएको कारण गर्नु भएको हो ? यी सबै कुरा उल्लेख गरेर प्रतिवेदन तयार गरी कक्षामा पेस गर्नुहोस ।

५. आफ्नो घर वा विद्यालय वा समुदायमा खेती गरिएको आलु, टमाटर, केरा, च्याउ खेतीमध्ये तपाईं संलग्न र सहभागी भएर उत्पादन गरिएको तरकारी खेती कुन हो ? उक्त तरकारी खेती कसरी गरिदोरहेछ ? तपाईंलाई त्यसबाट के कुराको सिकाइ भयो ? आफ्ना अनुभवहरू समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. तपाईंका परिवारमा भएका अभिभावकहरूमध्ये कुनै दुई अभिभावकको नाम र नाता सम्बन्ध उल्लेख गर्दै उहाँहरूसँग भएका तपाईंलाई मन पर्ने बानी व्यवहारहरू तलको तालिकामा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावकको नाम र नाता सम्बन्ध | नाता सम्बन्ध | उहाँसँग भएका मनपर्ने बानी र व्यवहारहरू |
|---|---|---|
| (१) | | |
| (२) | | |

७. विद्यालयमा आएदेखि अहिलेसम्म विद्यालयबाट तपाईंले के के राम्रा बानी, सिपहरू सिक्नु भयो ? तपाईंले सिकेका बानी र सिपहरूको बारेमा तपाईंका परिवारका सदस्यहरूले के भन्नु हुन्छ ? तपाईंले सिकेको कुन सिप वा बानीले तपाईंका परिवारका कुन कुन सदस्यलाई बढि खुसी बनाएको छ ? तपाईंको सिकाइले तपाईंलाई के फाइदा भएको महसुस गर्नु भएको छ ? यी सबै कुराका आधारमा लिखित विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. तपाईंलाई घरपरिवारमा भएको कुनै कुरा झट्ट सम्झिँदा वा अवलोकन गर्दा नराम्रो लागेकोमा सकारात्मक किसिमले सोच्दै जाँदा त्यो भित्र पनि के कुरा राम्रो देख्नु भयो ? तपाईंले देखेको वा सोचेको उक्त राम्रो कुराको बारेमा घरपरिवारका सदस्यहरूसँग छलफल गर्दा क-कसले के के भन्नु भयो ? यसबाट तपाईंलाई के अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर लिखित प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९.वनगाड कुपिण्डे नगरपालिकाका परम्परागत स्थानीय लोकगीत, बालगीत गाउँ खाने कथा र लोक कथाका बारेमा गाउँका जानकार मानिसहरूसँग सोधपुछ गरी हरेकको तीन तीनवटा उदाहरणहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०.जेष्ठ नागरिकलाई भेटेर वनगाड कुपिण्डेका पुराना चालचलन बारे छलफल गरी सोको प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् । प्रतिवेदनमा तपाईले पुराना चालचलन सुनेर सिकेको कुरा र उक्त पुराना चालचलन सुनाउने व्यक्तिको नाम र उहाँसँगको तपाईको नातासम्बन्ध समेत लेख्नुहोस ।

११.तपाईको गाउँटोलको जेष्ठ नागरिकलाई भेटेर वनगाड कुपिण्डेमा हराउन वा लोप हुन थालेको सैरेली गीतका बारेमा सोधपुछ गर्नुहोस् । सोधपुछ गर्दा यो गीत विशेष गरी कुन अवसरमा गाउने गरिन्छ र यसको मुख्य विषयवस्तु के हुन्छ भन्ने बारेमा प्रतिवेदन लेखी कक्षामा प्रस्तुत गर्नुहोस् र प्रतिवेदनमा आफूले त्यसबाट सिकेको वा महसुस गरेको कुरा पनि समेट्नुहोस् ।

१२.घरपरिवारमा कुनै उत्सव वा चाडपर्व मनाउँदा तपाईं सहभागी भई गरेका कार्य के के हुन् ? तपाईंले मन पराएका कुरा के के हुन ? उक्त चाडपर्वलाई अझ रमाइलो र सबैजना खुसी भई सहभागी हुनका लागि के गरेको भए हुन्थ्यो ? यस सम्बन्धमा तपाईंको आफ्नो विचारसहित आफ्ना परिवारका केही सदस्यहरूको विचारलाई समेत समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३.तपाईंले आफूमा मीठो बोल्ने, थोरै बोल्ने र विस्तारै बोल्ने बानीको विकास गरेपछि तपाईंलाई के फाइदा भयो र तपाईंको परिवर्तन भएको बानीको सम्बन्धमा तपाईंका परिवारका सदस्य र तपाईंका नजिकका साथीहरूको के प्रतिक्रिया रहेको छ ? सबै कुरा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् । यदि यो बानीमा परिवर्तन भएको छैन भने परिवर्तन गरेर त्यसको एकहप्ता पछि प्राप्त प्रतिक्रियाका आधारमा यो प्रतिवेदन बनाइ पेस गर्नुहोस् ।

| परिवर्तन भएको बानी | घरपरिवारको प्रतिक्रिया | नजीकका साथीहरूको प्रतिक्रिया |
|---|---|---|
| (१) पहिले भन्दा मीठो बोल्ने | | |
| (२) पहिले भन्दा थोरै बोल्ने | | |
| (२) पहिले भन्दा विस्तारे बोल्ने | | |

१४. तपाईंले सिकेका आसन र प्राणायाममध्ये घरमा पनि गएर कुन कुन आसन र प्राणायाम गर्नुहुन्छ ? तपाईंले उक्त काम गर्दा तपाईंको घरपरिवारका कुन कुन सदस्यले के के भन्नु हुन्छ ? ती काम गर्दा तपाईंलाई कस्तो महसुस हुन्छ ? तपाईंले घरमा गएर गर्ने कुनै आसन र प्राणायाममध्ये कुनै एकबाट हुने फाइदाको बारेमा परिवारका कुन कुन सदस्यले के भन्नुहुन्छ ? तपाईंलाई यसबाट के सिकाइ भयो ? यी सबैलाई  सङ्क्षेपमा लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१५. वडा कार्यालयमा गएर वा त्यो सम्भव नभए त्यहाँको कुनै कर्मचारीलाई भेटेर वडा कार्यालयले नागरिकका निम्ति प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिवेदन बनाई पेस गर्नुहोस् ।

| वडा कार्यालयले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१६. सामाजिक चुनौति र विसङ्गतिको रूपमा समाजमा रहेको जातीय भेदभाव, छुवाछुत र लैङ्गिक हिंसाका कारण हाम्रो समाजमा के कस्ता नराम्रा असरहरू परेका छन् ? यस्ता सामाजिक विसङ्गतिहरूलाई न्यूनिकरण गर्न के गर्न सकिन्छ ? समाजमा तपाईंले असल ठान्नु भएको कुनै एकजना महिला र एकजना पुरुषसँग उल्लिखित प्रश्नहरू सोधेर प्राप्त जवाफलाई आफ्नो समेत विचार समावेश गरी तयार गरिएको प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस ।

१७. घर वरपर पाइने औषधीजन्य वनस्पतिहरू- टिमुर, असिरो, गुर्जो, दालचिनी, कुरिल्लो, वटुलेटी, पारिजात, बोजो र चोत्रामध्ये कुनै चारवटा वनस्पतिको पहिचान गरी ती वनस्पतिहरूको कुन भागले के कस्तो औषधीको रूपमा काम गर्दछन् ? परिवार वा छरछिमेकका जानकार मानिसहरूसँग सोधपुछ गरी निम्न विवरण सहितको प्रतिवेदन तयार गरेर कक्षामा पेस गर्नुहोस् ।

| क्र.सं. | औषधीजन्य वनस्पतिको नाम | औषधीको रूपमा प्रयोग हुने वनस्पतिको भाग र औषधी गर्ने विधि | उपचार हुने रोग |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१८. कक्षा ५ का विद्यार्थीहरू विभिन्न समूहमा बाँडिनुहोस् र विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरू अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९. शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरू नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा तयार पार्ने र खाने तरिकाको बारेमा कक्षामा छलफल गरेको र आफ्नो परिवारका मानिसहरूले प्रयोग गरेको तरिकामा के फरक छ ? कक्षामा छलफल गरेको तरिकालाई घरमा पनि प्रयोग गर्नका लागि तपाईंको भूमिका के रहन्छ ? तपाईंले निर्वाह गरेको भूमिकाले परिवारमा पौष्टिक तत्त्वहरू नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा खाने सवालमा आनीबानी र व्यवहारमा परिवर्तन भयो कि भएन ? यी सबै कुरालाई समेटेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

२०. तपाईंको गाउँबस्तीको कुनै पाँचवटा घरपरिवारमा गएर उक्त घरपरिवारमा शौचालय र स्वच्छ खानेपानीको व्यवस्था छ कि छैन ? शौचालय र स्वच्छ खानेपानीको व्यवस्था नभएको भए उक्त परिवारहरूले दिसा पिसाव र खानेपानीका लागि के उपाय गरिरहेका छन् ? त्यसबाट उनीहरूले भोगिरहेको समस्या के हो ? सम्बन्धित घरपरिवारको अवलोकन र सोधपुछका आधारमा विवरण तयार पारी कक्षामा पेस गर्नुहोस् ।

२१.आफ्नो घर वा घरवरपर वा विद्यालयमा हुने पानीको प्रदूषण सम्बन्धमा अध्ययन गर्नुहोस् र प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषण भएको स्थान | प्रदूषणको कारणहरू | प्रदूषणबाट परेको असर | प्रदूषण न्यूनीकरण गर्न गरिएका प्रयासहरू | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा गर्नुपर्ने कार्यहरू |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

२२. चाडपर्व वा मेलामा हुनसक्ने जोखिम एवम् दुर्घटनाहरूको सूची बनाउनुहोस् । ती जोखिम तथा दुर्घटनाहरू के कारणले हुने गर्दछन् र ती जोखिम तथा दुर्घटनाहरू हुन नदिन वा त्यस्ता जोखिम वा दुर्घटनाबाट बच्न के गर्न सकिन्छ ? यससम्बन्धमा तपाईं भन्दा जानकार व्यक्ति वा आफूभन्दा माथिल्लो कक्षामा अध्ययन गरिरहेका विद्यार्थीहरूसँग सोधपुछ गरेको आधारमा प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

**कक्षा ६**

१. तपाईंको पालिकामा के कस्ता रमणीय तथा पर्यटकीय स्थलहरू छन् ? ती स्थानहरू के कारणले रमणीय र पर्यटकीय स्थलको रूपमा चिनिन्छन् ? उक्त स्थानहरूमा तपाईं आफैले अवलोकन गर्नु भएको छ भने आफूले अवलोकन गरेका आधारमा र आफूले अवलोकन नगरेको भए अन्य जानकार व्यक्तिसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा पेश गर्नुहोस ।

| पालिकामा भएका रमणीय पर्यटकीय स्थलहरू | पर्यटन स्थल रहेको गाउँटोल र वडा नं. | उक्त स्थान रमणीय हुनुपर्ने कारण | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

| ३. | | | |
|---|---|---|---|

२. यस वनगाड कुपिण्डे नगरपालिकामा भएको कुनै प्रसिद्ध धार्मिक स्थलहरूमध्ये आफूले अवलोकन गरेको कुनै एक धार्मिक स्थलको बारेमा निम्नलिखित विवरणको आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| धार्मिक स्थलको नाम र ठेगाना | धार्मिक स्थलको परिचय र इतिहास | धार्मिक स्थलप्रतिको मानिसको आस्था र महत्त्व |
|---|---|---|
| | | |

३. वनगाड कुपिण्डे नगरपालिकाका जनप्रतिनिधिहरूमध्ये तपाईंले गरेको अध्ययन, भेटघाट र सोधपुछको आधारमा तल लेखिएका जनप्रतिनिधिहरूको विवरण देहायको तालिकामा भरी कक्षामा पेस गर्नुहोस् ।

| पालिकाका पदाधिकारीहरू | उनीहरूले गर्ने प्रमुख काम | कैफियत |
|---|---|---|
| (क) नगर प्रमुख | | |
| (ख) नगर उपप्रमुख | | |
| (ग) वडाध्यक्ष | | |
| (घ) वडा सदस्य | | |

४. वनगाड कुपिण्डे नगरपालिकाको वडाले शिक्षा, युवा तथा बालबालिकाका लागि कानुन अनुसार के कस्ता काम गर्ने प्रावधान छ र के काम गरिरहेको छ ? गर्नु पर्ने र गरेका कामहरूको बीचमा के भिन्नता छ ? उक्त भिन्नतालाई न्यून गर्न के गर्नुपर्ने देखिन्छ ? वडामा काम गर्ने सम्बन्धित क्षेत्रका पदाधिकारी र अन्य जानकारहरूसँग सोधपुछ गरेर आफ्नो अनुभूति सहितको प्रतिवेदन तयार पारी कक्षामा पेश गर्नुहोस् ।

५. अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शील्ड खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरूको सूची बनाउनुहोस् । तीमध्ये तपाईंको रुचि कुन कुन खेलमा रहेको छ ? खेलमा रुचि राख्ने र खेललाई नै आफ्नो मुख्य पेसा सम्झेर काम गरिरहेका केही खेलाडीहरूको दृष्टान्त दिएर खेल जगत्लाई आकर्षक र मर्यादित बनाउनका लागि को-कोले के-के भूमिका निर्वाह गर्नुपर्दछ ? खेलप्रति रुचि भएका र खेलको बारेमा विज्ञता हासिल गरेका व्यक्तिहरूको विचारहरूका आधारमा उल्लिखित प्रश्नहरूको जवाफलाई समेटेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

६. आफ्नो घर वा विद्यालयमा भैंसी पालन/कुखुरा पालन वा अन्नबालीहरू (धान, मकै, गहुँ, जौं) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक तरकारी खेती (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी) मा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरू, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. स्थानीय स्तरमा तयार गरिने हस्त निर्मित सामग्रीहरूमध्ये कुनै एक सामाग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

९.तपाईंको छरछिमेकमा कुन कुन धर्म मान्ने मान्छेहरू छन् ? तीमध्ये हरेक धर्म मान्ने एक एक जनालाई आफैले भेटघाट गरी सोधपुछ गर्नुहोस् र उनीहरूले भनेको आधारमा विभिन्न धर्म मान्नुको कारण र उक्त धर्म मान्दा गर्ने क्रियाकलापहरूलाई समेटी निम्न तालिकाका आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क.सं. | धर्मको नाम | भेटेर कुराकानी भएको मानिसको नाम | धर्म मान्नुको कारण | धर्म मान्दा गरिने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१०.तपाईंको गाउँबस्तीमा बाह्र भदौ वा पुस पन्ध्रमध्ये कुनै एक मनाउँदा के के गरिन्छ ? मनाउनु पर्ने सनातन मान्यता के रहेको छ ? यस विषयमा गाउँबस्तीको एकजना महिला र एकजना पुरुष जानकारसँग सोधपुछ गरी सोको आधारमा तपाईंले गरेको सिकाइ सहितको प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

११. आफ्नो टोलवस्तीको जेष्ठ नागरिक वा अन्य कुनै जानकार व्यक्तिलाई भेटेर आफ्नो गाउँटोल र अन्य गाउँटोल एवम् खोलाहरूको नामाकरण कसरी भयो भनेर सोध्नुहोस् र प्राप्त जवाफका आधारमा कम्तीमा कुनै दुई वटा गाउँटोल र दुईवटा खोलाहरुको नामाकरणको बारेमा प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । प्रतिवेदन बनाउदा जानकारी दिने व्यक्ति र आफूले सिकेको कुरालाई समेत समेट्ने कुरालाई

१२.घरपरिवार वा टोलछिमेकमा तपाईं समेत सहभागी भएको कुनै चाडपर्व वा उत्सव मनाउँदा के के गरिएको थियो ? उक्त अवसरमा तपाईंले चिनेका कुन कुन मानिसहरू थिए ? तपाईंले उक्त चाडपर्व वा उत्सवमा के के गर्नु भयो र के के खानु भयो ? अति नै मन परेका कुराहरू के के थिए ? यी सबै क्रियाकलापबाट तपाईंले सिकेको कुरा के हो ? आफ्नो विचारलाई समेत समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३.तपाईं र तपाईंको परिवारको सदस्य वा तपाईंको कुनै साथी मिलेर गाउँबस्तीमा भएको अशक्त र असहज अवस्थाको व्यक्तिलाई सहयोग गर्नुहोस् । तपाईंले उक्त सहयोग गर्दा उक्त अशक्त र असहज अवस्थाको व्यक्तिमा के परिवर्तन पाउनु भयो ? उहाँले तपाईंहरूलाई के भन्नु भयो र कस्तो व्यवहार गर्नुभयो ? त्यतिबेला तपाईंलाई कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ पेस गर्नुहोस् ।

१४. घरका अभिभावक र छरछिमेकसँग सोधपुछ गरेको आधारमा कक्षामा छलफल गरेबाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँबस्तीका मानिसहरूमध्ये कुनै पाँच जनाको नाम र उनीहरूले गरेका राम्रा कामहरू देहायको तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क.सं | असल मानिसहरूको नाम, ठेगाना | उनीहरूले गरेका राम्रा कामहरूको विवरण |
|---|---|---|
| १ | | |

| | | |
|---|---|---|
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१५. तपाइँले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईँले गरेको अभ्यास देखेर अभिभावकले तपाइँलाई के भन्नु भयो ? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गई अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गई अभ्यास गरेका आसनहरूको नाम | अभ्यास गरेको देखेर अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१६. अभिभावकको सहयोगले आफ्नो घर वरपर पाइने वनस्पतिहरूमध्येबाट केही औषधीजन्य वनस्पतिका नमुनाहरू सङ्कलन गरी अभिभावक र छिमेकीहरूलाई यसको महत्त्वको बारेमा सोध्नुहोस् र आफूले पनि कक्षामा सिकेको कुरा उहाँहरूलाई भन्नुहोस् । तपाइँले कक्षामा सिकेको कुरा र उनीहरूले भनेको कुरामा के भिन्नता र के समानता छ ? यी सबै कुरा समेटेर आफ्नो विचार समेत राखी प्रतिवेदन लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७.विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरूलाई खाली ठाउँमा रोप्नुहोस् । कक्षाका विद्यार्थीहरू समूहगत रूपमा विभिन्न समूहमा बाँडिनुहोस् र बेर्ना हुर्कनको लागि आवश्यक वस्तुहरूको नियमित रूपमा प्रवाह गर्नुहोस् । करिब २/३ महिनामा उक्त बेर्नाहरूको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरू र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८..घर वरपरको खाली ठाउँमा दैनिक रूपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रूपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरू (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरू उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरूलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९.घर वा घरवरपर वा विद्यालयमा हुने प्रदूषणका प्रकारहरू पहिचान गर्नुहोस् र उक्त प्रदूषणको गहन अध्ययन गरी प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषणको प्रकार | प्रदूषणका कारक तत्त्व तथा कारणहरू | प्रदूषणबाट भएको असर | प्रदूषण न्यूनीकरण गर्न अपनाइएका प्रयासहरू | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा चाल्नुपर्ने कदमहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वायु प्रदूषण | | | | | |
| २ | जल प्रदूषण | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जमिन प्रदूषण | | | | | |
| ४ | ध्वनि प्रदूषण | | | | | |
| ५ | विद्युतीय प्रदूषण | | | | | |

२०. विगत एक वर्षभित्र समुदायमा घटेका बिपद्हरूको सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती बिपद् घट्नुका कारणहरू र भएको क्षति लेखेर तलको तालिका भर्नुहोस् ।

| क्र. सं. | बिपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

२१. चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरूको सम्बन्धमा परिवारका अभिभावकहरूलाई सोधेर तपाईंको भूमिका समेत उल्लेख हुने गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

२२. तल उल्लेखित प्रमुख बिपद्हरू घट्ने समयका आधारमा अभिभावकसँग छलफल गरी प्रकोप पात्रो (Hazard Calendar) तयार पार्नुहोस् ।

| **विवरण** | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| भूकम्प | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | |
| जङ्गली जनावरको आक्रमण | | | | | | | | | | | | |

**कक्षा ७**

१.वनगाड कुपिण्डे नगरपालिकामा हालको अवस्थामा विद्यालय तहमा प्राविधिक धारको अध्ययनको अवस्था कस्तो छ ? प्राविधिक धारका विद्यालयहरू छन् वा छैनन् ? हाम्रो पालिकामा प्राविधिक शिक्षाका चुनौति र अवसरहरू के के रहेका छन् ? प्राविधिक शिक्षासँग सम्बन्धित पालिकामा भएका तथ्याङ्कको विश्लेषण र पालिकामा भएका सम्बन्धित क्षेत्रका जानकारहरूसँग गरेको भलाकुसारीका आधारमा समूहमा प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

२.वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत भएका कम्तिमा कुनै दुईओटा सरकारी कार्यालयहरूको स्थलगत अवलोकन गरी उक्त कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा निम्नाअनुसार विषयवस्तु समावेश गरेर समूहमा प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस ।

| क्र.सं | वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत रहेका सरकारी कार्यालयहरू | प्रवाह गर्ने सेवा सेवा | सेवा लिने आवश्यक पर्ने कागजात |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

३. तपाईंलाई हाम्रा स्थानीय लोकबाजा- मादल, खैजडी, ढोल, ट्याम्की, दमाहा, बासुरी वा अन्य कुनै बाजा बजाउन आउँछ ? यदि कुनै पनि बाजा बजाउन आउँदैन भने घरपरिवार, साथी वा बाजा बजाउन जान्ने मानिसको सहयोगले कम्तिमा एउटा बाजा बजाउन सिक्नुहोस् । तपाईंलाई कुनै बाजा बजाउन पहिले नै आउँछ वा तपाईंले बाजा बजाउन सिक्नु भयो भने तपाईंले बजाएको बाजाको तालमा गीत गाउन वा नृत्य गर्नका लागि घरपरिवारका सदस्य वा साथीहरूलाई अनुरोध गर्नुहोस् । तपाईंको बाजाको ताल मिल्यो कि मिलेन ? गाउने, नाच्ने वा अन्य स्रोताहरूले यसबारेमा के भन्छन् ? यी सबै कुराहरू र तपाईंको समेत बाजा सिक्दाको अनुभूति समेटेर प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. वनगाड कुपिण्डे नगरपालिकाले गत वर्ष र चालु वर्षमा शिक्षा, बालबालिका, युवा तथा महिलाको लागि के कति बजेट विनियोजन गरेको देखिन्छ ? विनियोजन गरिएको बजेट न्यून छ वा सन्तोषजनक ? उल्लिखित विषयहरूका शिक्षाको बजेट बढ्दो क्रममा छ वा घट्दो ? आगामी दिनहरूमा उल्लिखित क्षेत्रका कुन कुन शीर्षकहरूका बजेट विनियोजन गर्नु आवश्यक छ ? यस सम्बन्धमा वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा गएर सम्बन्धित पदाधिकारी वा जनप्रतिनिधिलाई भेटी आवश्यक सूचना सङ्कलन गरेर सोही आधारमा तपाईंको समूहले आफ्नो विचारसमेतका आधारमा प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

५. आफ्नो घर वा विद्यालयमा बाख्रापालन/भेडापालन/मौरीपालन वा दलहन बालीहरू (केराउ, मास, चना, भटमास, सोस्टा, मसुरो) मध्ये कुनै एकको खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. हस्त निर्मित सामग्रीहरू (चकटी, नाङ्लो, गर्वा, बाबियोको डोरी आदि) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

७.तपाईंलाई कुन कुन खानेकुराका परिकारहरू तयार गर्न अर्थात पकाउन आउँछ ? तपाईंले पकाउन सिकेका मध्ये कुनै एउटा खाने कुरा पकाउने क्रममा के कस्ता विधि र तरिकाहरू अपनाएर पकाउनु भयो ? उक्त परिकार पकाउँदा आफ्नो अनुभूति र अनुभव सहित आवश्यक पर्ने सामग्री र पकाउने विधिलाई क्रमसँगै लेखी तयार भएको प्रतिवेदनलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. हाम्रो परिवार र समुदायमा परम्परादेखि चलिआएका प्रचलन र रीतिरिवाजहरू के के छन् ? तिनीहरूमध्ये कुन कुन प्रचलन र रीतिरिवाजले हामीलाई सभ्य र खुसी बनाउन सहयोग गरिरहेका छन् ? पूर्वीय दर्शनको बारेमा केही जानकारी राख्ने तपाईंको टोलका कुनै व्यक्तिका विचारसहित यसबाट आफूले आर्जन गरेको भावना र सिकाइलाई समेत समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

९.तपाईंले हरेक दिन बिहान उठ्दा र बेलुका सुत्दा राम्रो कुराहरूको टिपोट गर्ने बानीले तपाईंको जीवनमा पारेको सकारात्मक प्रभाव के हो? यसको बारेमा तपाईंका परिवारका सदस्य र साथीहरूको भनाइ के छ ? तपाईंको स्वभाव र आचरणमा यसबाट भएको परिवर्तन वा सिकाइ के हो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

१०.तपाईंको घरपरिवारका सदस्यहरूसँग मिलेर तपाईंले अहिलेसम्म शारीरिक श्रमसँग सम्बन्धित प्रमुख पाँच कामहरू के के हुन् ? तपाईंको उक्त काममा भएको सहभागिताको सम्बन्धमा तपाईंको परिवारका सदस्यहरूको भनाइ के कस्तो छ र तपाईंलाई उक्त काममा सहभागी हुँदा के कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ पेस गर्नुहोस् ।

११. गाउँघरमा प्रचलित लोक मन्त्रको सङ्कलन गरी मन्त्रमा रहेको वैज्ञानिक आधार वा अन्धविश्वास के छ ? उल्लेख गर्दै प्रतिवेदनमा आफ्ना तर्कहरू, आफूले आर्जन गरेको सिकाइ र सङ्कलनमा सहयोग गर्ने व्यक्तिको नाम समेटेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२.घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकसँग भेटघाट गरी उहाँले आफ्नो जीवनमा गरेका राम्रा कुराहरू के के रहेछन् ? उहाँलाई कुन कुराको धेरै सम्झना आउँदो रहेछ ? कुन कुरा गरेकोमा उहाँ धेरै खुसी हुनुहुँदो रहेछ ? उनीहरूले भनेको आधारमा तपाईंले खुसी हुनका लागि  के सिक्नु भयो ? आदि कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३.तपाईंले अहिलेसम्म सिकेका र अभ्यास गरेका योगासनहरूको नाम र ती आसनहरूबाट तपाईंलाई भएको फाइदाको बारेमा समेत उल्लेख गरी तयार गरेको प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

१४.तपाईंले आफुले गरेको अवलोकनको आधारमा आफ्नो वनगाड कुपिण्डे नगरपालिकामा भएका कम्तिमा एकएकवटा पर्यटकीय स्थल, पार्क, पोखरी र धार्मिक स्थलहरूको नाम लेखी तिनीहरूको महत्त्व र संरक्षण गर्नु पर्ने कारणबारे तलका तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क्र.सं | वनगाड कुपिण्डेमा भएका पर्यटकीय र धार्मिक स्थल एवम्  ताल, पार्कहरूको नाम | महत्त्व | संरक्षण गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

| | | | |
|---|---|---|---|
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

१५. अभिभावकको सहयोगले जङ्गल वा घरवरिपरिबाट कम्तिमा पाँचओटा औषधीजन्य विरुवा, जडीबुटी एवम् घाँसपातको  नमुना सङ्कलन गरी निम्न तालिकामा भरेर कक्षामा पेस गर्नुहोस् ।

| क्र.सं | औषधीजन्य बोटविरुवा, जडीबुटी र घाँसपातको नाम | महत्त्व र प्रयोग (कुन रोगको लागि उक्त विरुवाको कुन भाग कसरी) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१६ घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. हरित गृहको अवधारणाअनुसार घर वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाको लागि आवश्यक पर्ने तत्त्वहरू नियमित रूपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा देखाउनुहोस् ।

१८. कक्षाका विद्यार्थीहरू पाँच समूहमा विभाजन हुनुहोस् र समूहगत रूपमा हरित विद्यालयको अवधारणाअनुसार विद्यालय वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनको लागि आवश्यक पर्ने तत्वहरू नियमित रूपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा समूहगत रूपमा प्रस्तुत गर्नुहोस् ।

१९. निम्नानुसार सूची प्रयोग गरी आफ्नो घर भूकम्पबाट कति सुरक्षित छ, घरको अवलोकन एवम् अभिभावकसँग गरिएको छलफलको आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | दुरदर्शन | | | |
| | | | | |
| | | | | |

२०. कुनै दुई जना मोटरसाइकल वा स्कुटर चालकलाई भेटी मोटरसाइकल वा स्कुटरबाट यात्रा गर्दा हुने सम्भाव्य जोखिम र सावधानीका उपायहरूसहित तलको तालिका पूरा गर्नुहोस् र सो का आधारमा 'मोटरसाइकल वा स्कुटरमा सुरक्षित यात्रा' विषयक एक निबन्ध लेख्नुहोस् ।

| क्र.सं. | मोटरसाइकल वा स्कुटर चालकको नाम | संभावित जोखिमहरू | सावधानीका उपायहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

२१. नजिकैको स्वास्थ्य संस्थाका सवास्थ्यकर्मीलाई भेटी कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला कसरी सर्छन् र तिनीहरूबाट बच्ने उपायहरू के हुन भनेर सोध्नुहोस् । सोको तलको खाका प्रयोग गरी प्रतिवेदन तयार गर्नुहोस्।

| रोगको विवरण | कोभिड | बर्ड फ्लू | डेङ्गु | झाडापखाला |
|---|---|---|---|---|
| रोग सर्ने कारण | | | | |
| रोगबाट बच्ने उपाय | | | | |

## कक्षा ८

१. कस्तो आयोजनाहरूलाई गौरवको आयोजना भनिन्छ ? कार्यसम्पादनको सवालमा अरू आयोजना र गौरवका आयोजनामा के भिन्नता छ ? हाम्रो वनगाड कुपिण्डे नगरपालिकाले कुन कुन आयोजनाहरूलाई गौरवका आयोजना भनी नामाकरण गरेको छ ? सम्बन्धित क्षेत्रका पदाधिकारी वा यससम्बन्धी जानकार व्यक्तिलाई भेटी प्राप्त गरेको सूचनाका आधारमा उल्लिखित प्रश्नहरूको जवाफसहित कुनै दुईओटा गौरवका आयोजनाहरूको विवरण तलका तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस ।

| क.सं. | विवरण | १ | २ |
|---|---|---|---|
| १ | आयोजानाको नाम | | |
| २ | आयोजना आरम्भ भएको मिति र स्थान | | |
| ३ | आयोजना सम्पन्न हुनु पर्ने मिति | | |
| ४ | आयोजना सम्पन्न भएको मिति | | |
| ५ | आयोजनाको कुल लागत | | |
| ६ | आयोजनामा सहयोग गर्ने मुलुक वा संघसंस्था | | |
| ७ | आयोजनाबाट हुने प्रमुख उपलब्धिहरू | | |
| ८ | आयोजना सम्पन्न हुने क्रममा देखिएका समस्याहरू | | |
| ९ | तपाईंको अनुभूति | | |

२. वनगाड कुपिण्डे नगरपालिकाले जारी गरेका ऐन र नियमावलीहरूको देहायको तालिकामा लेखी उक्त ऐन वा नियमावली जारी गर्नु पर्ने खास कारण के हो ? नगरपालिका का पदाधिकारी र सम्बन्धित जानकारहरूसँग सोधपुछ र अध्ययन गरी आफ्नो विचार समेतका आधारमा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| वनगाड कुपिण्डे नगरपालिकाले जारी गरेका ऐन र नियमावली | जारी गर्नुपर्ने खास कारण | कैफियत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४ | | |

| | | |
|---|---|---|
| ५ | | |
| | | |

३. कर्णाली प्रदेशको नक्सा बनाइ त्यहाँ भएको तपाईंको जिल्ला र नगरपालिका को नक्सामा प्रमुख पर्यटकीय स्थल, जिल्ला सदरमुकाम, प्रमुख सडक र सहर, प्रमुख नदी र ताल आदि भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. वनगाड कुपिण्डे नगरपालिकामा सञ्चालनमा रहेकामध्ये निम्न उद्योग र कलकारखानाहरूको समूहगत रूपमा अवलोकन गरी उक्त उद्योग र कलकारखानाहरूले सामान उत्पादन गर्ने प्रक्रियाको बारेमा प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

| क्र.सं | उद्योग तथा कलकारखानाहरू | आवश्यक पर्ने कच्चा पदाथ | उत्पादन प्रक्रिया | उत्पादन हुने सामानको नाम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

५. तपाईं सहभागी भएको बालक्लवले अहिलेसम्म के कस्ता कामहरू गर्दै आइरहेको छ ? बालक्लवमा सहभागी भएर तपाईंले आफूमा के कस्ता सीप र क्षमताको विकास गर्नुभयो ? तपाईंको बालक्लवको भावी योजना के कस्ता क्रियाकलापहरू गर्ने रहेको छ ? साथीहरूसँग आवश्यक छलफल गरेको र बालक्लवका अभिलेखहरू अध्ययन गरेको आधारमा उल्लिखित कुराहरूलाई समेटेर प्रतिवेदन बनाइ कक्षामा पेस गर्नुहोस् ।

६. वनगाड कुपिण्डे नगरपालिका स्तरीय मेयर कप खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरू र खेल खेल्दा आवश्यक पर्ने सामग्री र खेलाडी सङ्ख्या तलको तालिकामा भरी सोको प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | खेलका नामहरू | खेल खेल्दा आवश्यक पर्ने सामग्री | आवश्यक पर्ने न्यूनतम खेलाडी सङ्ख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

७. कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने वनगाड कुपिण्डे नगरपालिकाका महानुभाव (साहित्यकार, कलाकार, समाजसेवी, खेलाडी, शिक्षाविद्, शिक्षक, वन तथा वातावरण विज्ञ आदि) हरू र उनीहरूले सम्पादन गरेका कामहरू तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क्र.सं | व्यक्तिको नाम | कार्य क्षेत्र | सम्पादन गरेका कार्यहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

८. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक नगदेबाली (तोरी, मसुरो, अदुवा, चना, माटे) को खेती कार्यमा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरू, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. हस्त निर्मित सामाग्रीहरू (डोको, स्याँकु, गर्वा, बरानी, गुन्द्री आदि ) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

१०. वनगाड कुपिण्डेमा भएका खोलाहरुले वनगाड कुपिण्डेवासीका निम्ति के कस्तो योगदान गरेका छन् ? स्थानीय जानकार व्यक्तिसँग सोधपुछ गरेको आधारमा कुनै ५ वटा खोलाले पुऱ्याएको योगदानलाई समेटेर तलको तालिका भरी कक्षामा प्रस्तुत गनुहोस् ।

| क्र.सं. | खोलाको नाम | खोलाले गरेको प्रमुख योगदान | जानकारी दिने व्यक्तिको नाम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

११.तपाईंको घरमा को को हुनु हुन्छ ? उहाँहरूले के के काम गर्नु हुन्छ ? उहाँहरूले गर्ने कामले तपाईं वा तपाईंको परिवारलाई के कस्तो फाइदा भइरहेको छ वा फाइदा हुने देख्नु भएको छ ? घरका जेष्ठ नागरिक वा आफूभन्दा अग्रजसँग सोधपुछ गरी यसबाट तपाईंले सिकेको कुरालाई समेत समेटेर प्रतिवेदन बनाउनुहोस् ।

१२.तपाईंले आफू भविष्यमा के हुने उद्देश्य राख्नु भएको छ ? यो उद्देश्य राख्नुमा तपाईंसँग हाल भएका के कस्ता सक्षमताहरूले तपाईंको मनोबल बढाएका हुन् ? तपाईंको यो उद्देश्यको बारेमा तपाईंका परिवारका सदस्य र साथीहरूले के भन्नु हुन्छ ? तपाईंले आफ्नो जीवनको लागि गरिएको उद्देश्य निर्धारणले तपाईंलाई के असर परेको छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

१३. बयोबृद्धहरूको जमघट गराइ उनीहरूका जीवन भोगाइ सम्बन्धी व्यक्त विचारहरूलाई समेट्दै यसबाट तपाईंले आर्जन गरेको अनुभूति र सिकाइलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१४.तपाईंको परिवारको गोत्र र वंश के हो ? तपाईंको पूर्खा तपाईं अहिले भएको स्थानमा कहाँबाट आउनु भएको हो ? तपाईंको वंशजहरूको बसोबास विशेषगरी कहाँ कहाँ छ ? तपाईंको मामातिरको र तपाईंको परिवारतिरको वंश र गोत्र एउटै हो कि फरक हो ? बिहेबारी लगायतका काम गर्दा गोत्र र वंशको ख्याल किन गर्ने गरिन्छ ? यसको कारण के हो ? यो सम्बन्धमा तपाईंका घरपरिवारका अग्रज लगायत समाजका मानिसहरूले के भन्छन् ? यसबाट तपाईंले आर्जन गरेको नयाँ अनुभूति वा सिकाइ के हो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् । तपाईंको वंश वृक्ष बनाएर प्रस्तुत गर्नुहोस् ।

१५.घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकताअनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१६. हाम्रो समाजमा सामाजिक चुनौतिको रूपमा जरा गाडेर रहेको बालविबाह र लैङ्गिक विभेदले पारेका नकारात्मक प्रभावहरू के के हुन् ? यसलाई कसरी न्यूनिकरण गर्न सकिन्छ ? न्यूनिकरणमा को-कोले के कस्तो भूमिका निर्वाह गर्न सकिन्छ ? आदि विषयमा विद्यालयमा वक्तृत्व कला प्रतियोगिताको आयोजना गरी सोको प्रतिवेदन विद्यालयमा पेस गर्नुहोस् ।

१७. निम्नानुसार सूची प्रयोग गरी हाम्रो विद्यालय भूकम्पबाट कति सुरक्षित छ, विद्यालय परिसर र भवनहरूको अवलोकन एवम् शिक्षकहरूसँग छलफल गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | बेन्च, डेस्क | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

१८. कक्षाका विद्यार्थीहरू समूहमा विभाजन हुनुहोस् र मल बनाउने विभिन्न विधिमध्ये विद्यालयबाट निस्कने कुहिने फोहोरको प्रयोगबाट विन कम्पोष्टिङ वा पिट कम्पोष्टिङ मध्ये कुनै एक विधिबाट मल तयार गर्नुहोस् र आवश्यकता अनुसार करेसाबारी, पुष्पखेती, जडीबुटी खेती वा अन्य खेतीमा प्रयोग गर्नुहोस् ।

१९. सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको जातीय विभेद, बाल हिंशा, महिला हिंशा, चेलीबेटी बेचबिखन, दाइजो प्रथाले हाम्रो समाजका के कस्ता नराम्रा असरहरू पारिरहेको छ ? यसले मानव सभ्यताको उन्नयनमा के कस्ता अप्ठ्याराहरू देखा परेका छन् ? यस प्रकारका सामाजिक विकृतिहरूको न्यूनिकरण गर्नका लागि विद्यालय, विद्यार्थी, नागरिक समाज, सङ्घसंस्था र नगरपालिका ले के कस्ता भूमिका निर्वाह गर्दै आइरहेका छन् र अझै अपेक्षित सुधारका लागि के कस्ता कामहरू गर्न जरुरी छ ? यो क्षेत्रका जानकारहरूसँग छलफल गरी आफ्ना समेत विचारका आधारमा उल्लिखित प्रश्नहरूका जवाफलाई समेटेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

२०. पाँच समूहमा कक्षाका विद्यार्थीहरू विभाजन हुनुहोस् । तपसिलका कार्यहरू तपसिलका समूहले सम्पन्न गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| **समूहको नाम** | **समूहले गर्नुपर्ने कार्यहरू** |
|---|---|
| ऊर्जा समूह | विद्यालयमा प्रयोग भएका ऊर्जाका प्रकार (सौर्य ऊर्जा, बिद्युत् आदि), ऊर्जाको प्रयोग सिकाइ, प्रशासनिक कार्य, सुसाङ्ख्य सञ्चालन आदि) |
| पानी समूह | विद्यालयमा प्रयोग भएको पानीको स्रोतहरू (धारा, कुवा, इनार, आकाशे पानी आदि), पानीको प्रयोग (सिँचाइ, पिउने, सफाइ गर्ने वा अन्य), पानीको संरक्षणका कार्यहरू |
| सरसफाइ समूह | विद्यालयको खेलमैदान, कक्षाकोठाको सरसफाइ आदि |
| फोहोरमैला व्यवस्थापन समूह | विद्यालयबाट निस्कने फोहोरको प्रकार (कुहिने, नकुहिने, तरल, ग्याँस वा अन्य), फोहोरमैला व्यवस्थापनका उपायहरू |
| सिकाइ व्यवस्थापन समूह | बगैंचाका, करेसाबारी, ऊर्जा (सौर्य, पानी) मा सिकाइको लागि प्रयोग |
| हरियाली प्रवर्धन समूह | वृक्षारोपण, पुष्पखेती, जडीबुटी खेतीको कार्य |

२१.प्रविधि अर्थात सामाजिक सञ्जालको प्रयोग गरी तल उल्लेखित महामारीसँग सम्बन्धित विवरण सङ्कलन गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | महामारीहरू | | महामारी पत्ता लागेको वर्ष | महामारी सुरू भएको देश | महामारीको कारण | मृत्यू भएका मानिस सङ्ख्या | औषधि | सुरक्षाका उपायहरू |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्लेग | | | | | | | |
| २ | फ्लू | | | | | | | |
| ३ | हैजा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | कोभिड–१९ | | | | | | | |
| ५ | | | | | | | | |

२२. बिपद्को समयमा सूचना अति आवश्यक हुन्छ । सूचनाको माध्यमबाट सामूहिक प्रतिकार्य समयमै हुन्छ । त्यसकारण जुनसुकै विपदमा प्रयोग हुने गरी तलको तालिकामा आकस्मिक सम्पर्क व्यक्ति र आकस्मिक सम्पर्क नम्बरहरू (Emergency Contact Numbers) खोजी कक्षामा टाँस्नुहोस् ।

| क्र.सं. | सम्पर्क गर्नुपर्ने व्यक्ति | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

# ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया

## (क) कक्षा १-३ को सिकाइ सहजीकरण विधि र प्रक्रिया

पाठ्यक्रमले विद्यार्थीहरूबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरूले गर्ने सम्पूर्ण क्रियाकलापहरू सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरू अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाइलाई प्रभावकारी र दिगो बनाइ उनीहरूको स्थानीय विषयवस्तु र आवश्यकता अनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरूको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षा कोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरूलाई शैक्षणिक सामग्रीको रूपमा प्रयोग गर्नु पर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनु पर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रूपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकता अनुसार प्रविधिका साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरूलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरू र अन्य विषयहरू (नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरू सहजीकरण गर्दा आवश्यकतानुसार स्थानीय विज्ञहरूको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरूलाई कक्षा कोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरू विद्यार्थीहरूको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधिहरूको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरूको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरूको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरूलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरूले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रूपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहुविषयक (विषयहरू अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका

विषयवस्तुहरूमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्त अनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नु पर्नेछ ।

- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्नेछ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नु पर्नेछ ।
- मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नु पर्नेछ ।
- बालबालिकाको दिगो सिकाइका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनु पर्नेछ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरूमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरूले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्नेछ ।
- सिकारूहरूले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदानप्रदान गरी सहपाठीहरूको सहयोग र सहकार्यमा सिक्न तरिकाहरू अवलम्बन गर्नु पर्नेछ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामुलक भिडियो बनाइ सामाजिक सञ्जालमा राख्ने, यस्तै चित्रहरू सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरूमा सहभागी गराउनु पर्नेछ ।
- कक्षा कोठालाई रमाइलो तथा जीवन्त बनाइ राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री र विधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोसिस गर्नु पर्नेछ ।

### (ख) कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

वनगाड कुपिण्डे नगरपालिकाभित्रका सबै वडाहरूका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरू राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकासका लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, सङ्घसंस्था, धार्मिक स्थल, पेसा र व्यवसायस्थल, विकासका पूर्वाधारहरू, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रीयद्वारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने

प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, नाच, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, तस्बिर जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत् बालबालिकाहरूमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरू सहजीकरण गर्न निम्न विधि र तरिकाहरूको प्रयोग गर्न सकिने छ ।

| क्र.स. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरू |
|---|---|---|
| १ | प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरू यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षरोपन, पशुपालन, पंन्छीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्वारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षा कोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरूको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षा कोठाभित्र र कक्षा कोठाबाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरूको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरू यस अन्तर्गत पर्दछन् । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षा कोठाबाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, पर्यटकीय क्षेत्र, वन सम्पदा, पोखरी, ताल, खेती (तरकारी खेती, फलफूल खेती, पुष्पखेती), विभिन्न पालन ( पशुपालन, पन्छीपालन) आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्त्व, संरक्षण गर्ने उपायहरू, धार्मिक सम्पदानको संरक्षणका उपायहरू, बालबगैँचाको महत्त्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरू, लोपोन्मुख संस्कृतिको संरक्षणको आवश्यकता आदि । |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरू पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्प खेती गर्ने, बासको चोयाबाट डालो बुन्ने, मकैको प्वाखबाट चकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुती अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना (मामला) अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्याङ्ग, तरकारी खेती, कुखुरापालन आदि । |

| | | |
|---|---|---|
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : वनगाड कुपिण्डे नगरपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालन, लोक नृत्य, लोक गीतको भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरूका साथै विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरूको समेत प्रयोग गर्न सकिन्छ । विधिहरूको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरूको प्रयोग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(अ) मष्तिष्क मन्थन, (आ) जिग्सअ, (इ) सोच-जोडीमा छलफल-आदान प्रदान, (ई) जोडीमा पढाइ र जोडीमा सारांश, (उ) सङ्क्षिप्त लेखन, (ऊ) परस्पर शिक्षण, (ए) घुलमिल/स्थिर/जोडी, (ऐ) ग्यालरी हिँडाइ, (ओ) फिसबल छलफल, (औ) टी/कपि ब्रेक विचार आदान प्रदान, (अं) प्यानल छलफल आदि ।

## ८. विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमितरूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ। यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षा कोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराइ सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकतानुसार सहजीकरण गर्नुपर्ने हुन्छ। यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ। विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ। यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसके पछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ। यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ। आधारभूत तहको विद्यार्थी मूल्याङ्कलाई कक्षा १ -३ को मूल्याङ्कन र कक्षा ४-८ को मूल्याङकनमा विभाजन गरी चर्चा गरिएको छ।

### (क) कक्षा १—३ मा विद्यार्थी मूल्याङ्कन

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ। यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो। यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ। पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाइ सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ। कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ। यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलाप कै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षा कार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषय क्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन (Tools of Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजुसूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमिकमजोरी रहेका छन् र ती कमिकमजोरीहरू हटाइ सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरू अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजुसूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ ।

**(इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| **उपलब्धिस्तर** | **मापन** | **उपलब्धिस्तरको सामान्य व्याख्या** |
|---|---|---|
| अपर्याप्त (Insufficent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर सहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहार कुशल सिपमा विद्यार्थीको उपलब्धि स्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन

उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापन पछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषय क्षेत्र वा थिमको सिकाइ पश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धि सहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक विषय क्षेत्रको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका विषय क्षेत्रको मूल्याङ्कन नतिजा सहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**(ई) विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन र प्रयोग**

**(१) विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा व्यवस्थापन गर्नु पर्ने अभिलेखहरू :**

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्ध रूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभर पृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

**(२) विद्यार्थीको कार्यसञ्चयिकाको प्रयोग किन ?**

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन,
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन,

- अभिभावकले विद्यार्थीको कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न,
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न,
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न,

**(ऊ) विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका**

(१) मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

(२) हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

(३) सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइ पश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गर्नुपर्छ ।

(४) सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

(५) विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

(६) उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| **क्र.स.** | **उपलब्धि प्रतिशत** | स्तरीकृत अङ्क | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धि स्तरको व्याख्या** |
|---|---|---|---|---|
| १ | **९० र सोभन्दा माथि** | ४.० | A+ | **सर्वोत्तम** (Outstanding) |
| २ | **८० र सोभन्दा माथि ९० भन्दा कम** | ३.६ | A | **अत्युत्तम** (Excellent) |
| ३ | **७० र सोभन्दा माथि ८० भन्दा कम** | ३.२ | B+ | **उत्कृष्ट** (Very Good) |
| ४ | **६० र सोभन्दा माथि ७० भन्दा कम** | २.८ | B | **उत्तम** (Good) |

| | | | | |
|---|---|---|---|---|
| ५ | **५० र सोभन्दा माथि ६० भन्दा कम** | २.४ | C+ | **सन्तोषजनक** (Satisfactory) |
| ६ | **४० र सोभन्दा माथि ५० भन्दा कम** | २.० | C | **ग्राह्य** (Acceptable) |
| ७ | **३५ र सोभन्दा माथि ४० भन्दा कम** | १.६ | D | **आधारभूत** (Basic) |
| ८ | **३५ भन्दा कम** | - | NG | **अवर्गीकृत** (Not Graded) |

(७) कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\textbf{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धिस्तरको अङ्कको जोड}}{\textbf{४} \times \textbf{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

## (ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

### (अ) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि.नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार |
|---|---|---|
| १ | सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कूल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरुदेखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रूपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (**Grade Point Average-GPA)** कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।
- विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकतानुसार दृश्य तथा ठूला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाइ सोअनुसार मूल्याङ्कन गर्नुपर्नेछ ।

विद्यार्थी मूल्याङ्कनको नतिजा विवरण ( Grade Sheet) यसप्रकार हुने छ :

विद्यालयको नाम : ................................

विद्यार्थीको नाम : लिङ्ग :.......................

कक्षा : ............. रोल न.......... जन्म मिति :

**नतिजा विवरण ( Grade Sheet)**

| क्र.सं | विषय | पाठ्य घण्टा | ग्रेड | ग्रेड पोइन्ट | अन्तिम ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली (सैद्धान्तिक)<br>नेपाली (आन्तरिक) | २.५<br>२.५ | | | | |
| २ | अङ्ग्रेजी (सैद्धान्तिक)<br>अङ्ग्रेजी (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ३ | गणित (सैद्धान्तिक)<br>गणित (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ४ | विज्ञान तथा प्रविधि (सैद्धान्तिक)<br>विज्ञान तथा प्रविधि (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (सैद्धान्तिक)<br>सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (सैद्धान्तिक)<br>स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (आन्तरिक) | १.५<br>१.५ | | | | |
| ७ | मातृभाषा वा स्थानीय विषय (सैद्धिान्तिक)<br>मातृभाषा वा स्थानीय विषय (आन्तरिक) | २<br>२ | | | | |
| **ग्रेड पोइन्ट औसत (Grade Point Average-GPA) =** | | | | | | |

विषय शिक्षकको हस्ताक्षर : प्रधानाध्यापकको हस्ताक्षर

नाम : मिति : नाम :

### (आ) आवधिक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यानुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ४– ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसको आधारमा अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा) को प्रश्नपत्र  बनाइ मूल्याङ्कन गर्नु पर्नेछ ।

## ९. विषयवस्तुको क्षेत्र/थिम र अनुमानित कार्यघन्टा

यस स्थानीय पाठ्यक्रम (हाम्रो वनगाड हाम्रो कुपिण्डे) मा समावेश गरिएका विषयवस्तुको क्षेत्र/थिम र उक्त क्षेत्र/थिमका निम्ति निर्धारण गरिएको अनुमानित वार्षिक कार्यघण्टा निम्न बमोजिम रहेको छ।

### (क) विषयवस्तुको क्षेत्र/थिम र अनुमानित कार्यघन्टा (कक्षा १, २ र ३)

| क्र.स. | **क्षेत्र/थिम** | **अनुमानित कार्य घण्टा** | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | वनगाड कुपिण्डेको परिचय | २५ | २५ | २५ |
| २ | हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू | २८ | २८ | २८ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २७ | २७ | २७ |
| ४ | खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य | २८ | २८ | २८ |
| ५ | हाम्रो वातावरण  र हरित विद्यालय | २७ | २७ | २७ |
| ६ | सामाजिक चुनौतिर बिपद् व्यवस्थापन | २५ | २५ | २५ |
| जम्मा | | **१६०** | **१६०** | **१६०** |

### (ख) विषयवस्तुको एकाइ र अनुमानित कार्यघन्टा (कक्षा ४ र ५)

| क्र.स. | **क्षेत्र थिम** | **अनुमानित कार्य घण्टा** | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | वनगाड कुपिण्डेको परिचय | २० | २० |
| २ | हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू | २३ | २३ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २१ | २१ |
| ४ | खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य | २३ | २३ |
| ५ | हाम्रो वातावरण र हरित विद्यालय | २१ | २१ |
| ६ | सामाजिक चुनौति र बिपद् व्यवस्थापन | २० | २० |
| जम्मा | | **१२८** | **१२८** |

### (ग) विषयवस्तुको एकाइ र अनुमानित कार्य घण्टा (कक्षा ६, ७ र ८)

| क्र.स. | **क्षेत्र/एकाइ** | **अनुमानित कार्य घण्टा** | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | वनगाड कुपिण्डेको परिचय | २० | २० | २० |
| २ | हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू | २३ | २३ | २३ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २१ | २१ | २१ |
| ४ | खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य | २३ | २३ | २३ |
| ५ | हाम्रो वातावरण  र हरित विद्यालय | २१ | २१ | २१ |
| ६ | सामाजिक चुनौति र बिपद् व्यवस्थापन | २० | २० | २० |
| | जम्मा | **१२८** | **१२८** | **१२८** |

## अनुसूची १

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण

### मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १

**विषय : स्थानीय (हाम्रो वनगाड हाम्रो कुपिण्डे)      विद्यार्थीको नाम :      रोलनम्बर :**

### १. वनगाड कुपिण्डेको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो गाउँ वरपर रहेका नदी, खोला र बाटाको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो विद्यालयको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न | | | | | |
| ५. वनगाड कुपिण्डे नगरपालिकाको नगर प्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ६. वनगाड कुपिण्डे नगरपालिकाको नक्सा अवलोकन गरी सोको बारेमा जिज्ञासा राख्न र छलफल गर्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### २. हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. वनगाड कुपिण्डेको सेरोफेरोमा रहेका स्थानीय बजार र यहाँका पर्यटकीय क्षेत्रहरूहरू को नाम भन्न | प्रश्नोत्तर | | | | |
| २. हाम्रा  धार्मिक सम्पदा (मन्दिर, थान, चर्च आदि) को पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३.वनगाड कुपिण्डेमा रहेका विभिन्न जातजातिहरूको नाम बताउन । | प्रश्नोत्तर | | | | |
| ४. वनगाड कुपिण्डेमा मनाइने विभिन्न चाडपर्वहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. वनगाड कुपिण्डमा नाचिने लोक नाचहरूको पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. वनगाड कुपिण्डेका प्रचलित लोकवाजाहरू चिनेर तिनको नाम भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. वनगाड कुपिण्डेका प्रचलित लोक कथा सुनेर प्रतिक्रिया दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. वनगाड कुपिण्डेमा प्रचलित बालगीत सुनेर अनुकरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ३. हाम्रो पेशा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | ीमति | अङ्कन |
| १. परिवारका सदस्यहरूले गर्ने पेसा र व्यवसायको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. अन्नबालीहरू (वनगारी जरन, धान, मकै, गहुँ, कोदो,जौं) आदिको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. दलहन बाली-केराउ, चना, मसुरो, मास आदिको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. हाम्रा स्थानीय तरकारी खेतीको पहिचान गर्न | अवलोकन, प्रश्नोत्तर | | | | |
| ५. हाम्रा स्थानीय फलफूलहरुको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ४. खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | ीमति | अङ्कन |
| १. आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी र स्वभावहरू बताउन | प्रश्नोत्तर | | | | |
| २. आफू र आफ्ना परिवारका सदस्यहरू र तिनीहरूका आनीबानी स्वभावहरूमध्ये असल आनीबानी र स्वभावहरूको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. आफूलाई मन पर्ने साथीहरूमा भएका स्वभावहरूको विवरण बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. असल एवम् मन पर्ने मानिसहरूका आनीबानी र स्वभावलाई व्यवहारलाई आफ्नो जीवनमा प्रयोग गरी खुसी हुने बानीको अभ्यास गर्न | अवलोकन, प्रश्नोत्तर | | | | |
| ५. स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ६. घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरूमा गरिने क्रियाकलापहरू बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ७. आफूभन्दा सानालाई माया र ठूलालाई आदरसम्मान गर्न | | | | | |
| ८. योग, प्राणायाम र आसनहरू (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, शशकासन) को अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ९. अल्पोषक (जङ्कफूड/मृतप्राय खाना) खानाको परिचय र खानामा छ प्रकारका स्वाद (गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नूनिलो) भएका अर्गानिक खानाहरूको पहिचान र प्रयोग गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| १०.उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ५. हाम्रो वातावरण र हरित विद्यालय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा तथा पानीमा पाइने जीव जनावरहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. घर तथा टोल वरपर भएका बिरुवाहरूको पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरू चिन्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न | अवलोकन | | | | |
| ५. घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग गर्न । | अवलोकन | | | | |
| ६. फूलबारी तथा बोटबिरुवाहरूको हेरचाहमा सहयोग गर्न । | अवलोकन र प्रश्नोत्तर | | | | |
| ७. आफ्नो वरपर भएका पानीका स्रोतहरूको नाम बताउन । | प्रश्नोत्तर | | | | |
| ८. व्यक्तिगत घरआँगन, विद्यालय वरिपरिको वातावरणको सरसफाइमा सहयोग गर्न । | अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ६. सामाजिक चुनौति र विपद व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरूको बारेमा बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्थानीय स्तरमा भइरहेका र हुन सक्ने बिपद्हरू जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (नदी, खोला, ताल, खाल्डो) आदिबाट हुने बिपद्हरूको चित्रात्मक पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. विद्यालय र घरमा आउँदाजाँदा बाटोमा हुने जोखिमहरू जस्तै बाटो बिग्रने, खोलानाला तर्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान गरी सावधानी अपनाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरू जस्तै चोटपटक, करेन्ट, डुबान आगलागि, आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरू बताउन र सोको अनुसरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. डढेलोको कारण र असरहरु बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. उपयुक्तताका आधारमा माथि उल्लेख गरिएका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

# अनुसूची २

## कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : २ विषय : स्थानीय (हाम्रो कुशे, हाम्रो खुसी) विद्यार्थीको नाम : रोलनम्बर :**

### १. वनगाड कुपिण्डेको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. वनगाड कुपिण्डे नगरपालिकाको नाम, नगरकार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल र आफ्नो वडाका जनप्रतिनिधिहरूको नाम बताउन । | प्रश्नोत्तर | | | | |
| २. आफू बस्ने वडाभित्रका गाउँटोलहरू, वडा कार्यालय रहेको ठाउँको नाम र वडामा रहेका विद्यालयहरूको नाम बताउन । | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने वस्तुहरूको नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. वनगाड कुपिण्डे नगरपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरूको गाउँटोल समेत पहिचान गर्न । | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### २. हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. हाम्रो वडामा रहेका पर्यटकीय एवम् सांस्कृतिक स्थलहरूको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. हाम्रो वडामा विभिन्न जातजातिले नाचिने नाचहरू को परिचय दिन । | प्रश्नोत्तर | | | | |
| ३. हाम्रा वडाभित्र रहेका विभिन्न जातजाति र भाषाभाषीहरूको पहिचान बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. हाम्रो वडामा रहेका विभिन्न जातजातिहरूले मनाउने प्रमुख चाडपर्वहरूमा गरिने प्रमुख क्रियाकलापहरू भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. हाम्रा स्थानीय चुल्हो (अगेनो, भट्टि चुलो, सुधारिएको र ग्याँस चुल्हो) र परम्परागत भाँडाकुँडा (हुन्नु, खट्कुरो, अम्खोरा, ताउलो, कलश, पन्यु, डाडु, कराइ, ताप्के, गाग्री, माना, पाथी, ठेकी, गाबु, मदानी आदि) को पहिचान गर्न र प्रयोग गर्ने तरिका बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. वनगाड कुपिण्डेमा प्रचलित लोकबाजाहरुको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख ठाउँहरू र वजारहरूको सङ्क्षिप्त परिचय भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. वनगाड कुपिण्डेमा प्रचलित लोककथा सुनेर प्रतिक्रिया दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९.वनगाड कुपिण्डेमा प्रचलित बालगीत सुनेर प्रतिक्रिया दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ३. हाम्रा पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. छिमेकी परिवारका सदस्यहरूले गर्ने मुख्य पेसा र व्यवसायको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. स्थानीय रूपमा लगाइने बेमौसमी बालीनाली :काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिन्डी, आलु आदिको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय अन्नबालीहरू : वन्गारी जरन, (धान, मकै, गहुँ, कोदो, जुनेलो आदिको परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. स्थानीय तरकारीहरू: साग, बन्दा, काउली, टमाटर, गोलभैँडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिन्डो, सिमी, भिन्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, इस्कुस आदिको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. स्थानीय फलफूलहरू :केरा, सुन्तला, कागती, ओखर, मेल, आरु, आरुबखडा, काफल, चोत्रा ऐसेलु, पलम, नास्पती, जुनार आदिको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. हाम्रा स्थानीय उत्पादन बिक्री गर्ने बजारको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ४. खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. नाता सम्बन्धका मानिसहरूको आनीवानी बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. असल र चरित्रवान् हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरूको वर्णन र अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरू मनाउँदा गर्न हुने र गर्न नहुने कुराहरूको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफू खुसी हुने र अरूलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुसरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६.मान्यजनप्रति आदरसम्मान र सानाहरुप्रति माया र सद्भाव व्यक्ति गर्न | | | | | |
| ७. आसन, ध्यान र प्राणायामहरू (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, हास्यासन, तालीवादन) को अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| १०.अल्पपोषक (जङ्कफूड मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरू बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ५. हाम्रो वातावरण  र हरित विद्यालय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. वनगाड कुपिण्डे नगरपालिकाभित्रका वनमा पाइने वन्जजन्तु र चराहरूको पहिचान गर्न । | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरू पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. करेसाबारी निर्माणमा सहभागी हुन | प्रश्नोत्तर | | | | |
| ४. विद्यालयमा बालबगैंचा र वृक्षारोपणमा सहभागी हुन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ५. वातावरण र विकासको परिचय दिन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ६. नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरूको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ७. वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ८. फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ६. सामाजिक चुनौति र बिपद् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवनबाट हुने हानी र यसबाट बच्ने उपायहरूको बारेमा बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. हावाहुरी, चट्यांङ्ग, बाढी, आगलागी, पहिरो, सर्पदंश दसैं र जङगली जनावरको आक्रमण आदिबाट हुने बिपद्को पहिचान र परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. घरभित्र हुने जोखिमहरू (छत, भऱ्याङ, बरण्डा, हातहतियार आदिको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरू बताउन र अनुसरण गन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढी, पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरू  बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. डढेला नियन्त्रणका उपायहरु बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. उपयुक्तताको आधारमा माथि उल्लेख गरिएकामध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

# अनुसूची ३
# मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : ३ विषय : स्थानीय (हाम्रो वनगाड हाम्रो कुपिण्डे) विद्यार्थीको नाम : रोलनम्बर :**

## १. वनगाड कुपिण्डेको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. वनगाड कुपिण्डे नगरपालिकाको परिचय सहित नगर प्रमुख, उपप्रमुख र वडाध्यक्षका मुख्य कामहरू उल्लेख गर्न | प्रश्नोत्तर | | | | |
| २. वनगाड कुपिण्डने गरपालिकाको भौगोलिक अवस्थिति र हावापानी (वर्षा र हिउँद) को उल्लेख गर्न । | अवलोकन र प्रश्नोत्तर | | | | |
| ३. वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरू बताउन | प्रश्नोत्तर | | | | |
| ४. हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरूको सामान्य परिचय दिन । | प्रश्नोत्तर | | | | |
| ५. हाम्रो नगरपालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरूको परिचय दिन । | प्रश्नोत्तर | | | | |
| ६. कर्णाली प्रदेशको नक्सामा वनगाड कुपिण्डे नगरपालिकाको पहिचान बताउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## २. हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. वनगाड कुपिण्डेका पर्यटकीय स्थलहरू : कुपिण्डे दह, देवस्थल, मैदु पोखरी, तारपरे, निगालचुला, जैतपानी आदि सहित वनगाड कुपिण्डेको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. वनगाड कुपिण्डका जातजाति (बाहुन क्षेत्री, ठकुरी, मगर, दलित, दशनामी अल्पसङ्ख्यक) को विशेषता र परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. हाम्रो वनगाड कुपिण्डे नगरपालिकाभित्र नाचिने विभिन्न नाचहरू (देउसी भैलो, वनगारी, तीज, लहरे, खाँडो, हिउँपा, झ्याउरे नाच) को परिचय दिन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| ४. हाम्रो भान्साका परिकारहरू आँटो, ढिँडो, गुन्द्रुक, गाभा, लटे पाप्रो, चाना, खाँदेको अचार, लाडु, अर्सा, सेलरोटी, दाल भात, खिर, सातु, सिन्की, फारो, आदि) को महत्त्व र विशेषता बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. हाम्रा स्थानीय सामग्री (डोको, डालो, सुपो, नाङलो, डोइलो, भकारी, खाप, खिर्‍या, मुदुस, पेटारो, कोसी, ठेकी, मदानी, डाडु, पनियो, कराइ, थुन, चिम्टा, अदान, सनासो भुत्या, झिर) को परिचय र उपयोगिता बारे बताउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ६ वनगाड कुपिण्डेका प्रचलित लोककथाहरु भन्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ७ वनगाड कुपिण्डेका प्रचलित बालगीतहरु गाउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ३. हाम्रा पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. वनगाड कुपिण्डे नगरपालिकाका मानिसले गर्ने पेसा, व्यवसायको सामान्य परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्थानीय मसलाजन्य बालीहरू: मेथी, टिमुर, प्याज, लसुन, धनिया, वेसार, अदुवा, पुदिना, तेजपात, सम्पूको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय नगदेबाली (तोरी, मसुरो, अर्सी, तिल, चना, भटमास, मास, गहत, माटे, जनालो आदि) को परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. स्थानीय बेमौसमी बाली (काक्रो, बोडी, रायो साग, टमाटर, आलु, मुला, भिन्डी आदि) को परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. परम्परागत स्थानीय प्रविधि (जाँतो, ढिकी, कोल, घट्ट, ओखल) को परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. परम्परागत र आधुनिक प्रविधि (हलो-ट्याक्टर, ढिकी जाँतो-मिल) को तुलना गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ७. स्थानीय फलफूल र कन्दमूल (तरुल, गन्जी (सखरखण्ड), अमिलो, सुन्तला, आँप, गुहेली, बेलौती, मेवा, स्याउ, केरा कागती आदि) को परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ४. खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. साथी र समुदायका मानिसहरूको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको बखान र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरूको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरू मनाउँदा ध्यान पुऱ्याउनु पर्ने कुराहरूको जानकारी र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफू खुसी हुनका लागि अरूलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. ध्यान, प्राणायाम र आसन (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, ध्रुवासन, मयुरासन) को परिचय र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरूप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. अल्पपोषक (जङ्कफूड/मृतप्राय खाना) खानाबाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरूको बारेमा बताउन र सोको अनुशरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ५. वातावरण संरक्षण र हरित विद्यालय

| सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १.नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको परिचय र महत्त्व बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो गाउँटोल वरिपरि पाइने औषधीजन्य बोटबिरुवाहरूको पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. विद्यालयमा बगैंचाको महत्त्व तथा उपयोगिता बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. विद्यालय तथा करेसाबारीमा भएका विरुवाहरुको महत्तव तथा उपयोगिता बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. घर र विद्यालयमा पानीका स्रोतहरूको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी हुन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७.व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागि हुन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ६. सामाजिक चुनौति र बिपत् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १.सामाजिक चुनौति र विसङ्गतिको रूपमा रहेको धुमपान, मध्यपान, लागुऔषध सेवन, छोराछोरी बीचको भेदभावबाट हुने हानी र यसबाट बच्ने उपायहरूको बारेमा बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. बिपद्को परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. बिपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. विद्यालयभित्र जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरूको पहिचान गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. विद्यालयभित्र हुने जोखिमबाट सावधानी अपनाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. डढेलो नियन्त्रणका उपायहरु बताउन र सो कार्यमा विद्यार्थीको भूमिका निर्वाह गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. उपयुक्तताको आधारमा माथि उल्लेख भएका मध्ये केहीको कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

# अनुसूची ४

## स्थानीय विषय हाम्रो वनगाड हाम्रो कुपिण्डेको विशिष्टीकरण तालिका

कक्षा ४–८

पूर्णाङ्क : ५०                    समय :  २ घण्टा

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाइ | क्षेत्र/एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | वनगाड कुपिण्डेको परिचय | २० | ७ | १ | | | | १ | | | | | | | १ | १ | १ | १ | १ | २ | ४ | ७ |
| २ | हाम्रा मौलिक कला, संस्कृति र सम्पदाहरू | २३ | ९ | १ | १ | | | १ | | | | | | | १ | १ | २ | १ | १ | ४ | ४ | ९ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २१ | ९ | | १ | | १ | १ | | | १ | | | १ | | १ | ४ | | १ | ८ | | ९ |
| ४ | खुशीका लागि शिक्षा र हाम्रो कर्तव्य | २३ | ९ | १ | | | | १ | | | १ | १ | | | | १ | २ | १ | १ | ४ | ४ | ९ |
| ५ | हाम्रो वातावरण र हरित विद्यालय | २१ | ९ | १ | | | १ | | १ | १ | १ | | | | | ३ | १ | १ | ३ | २ | ४ | ९ |
| ६ | सामाजिक चुनौति र बिपद् व्यवस्थापन | २० | ७ | | १ | | १ | | | | | १ | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| जम्मा | | **१२८** | **५०** | **४** | **३** | | **३** | **४** | **१** | **१** | **३** | **२** | | **१** | **२** | **८** | **११** | **५** | **८** | **२२** | **२०** | **५०** |

**प्रश्न सङ्ख्या, अङ्कभार र समय तालिका**

| क्र.स. | प्रश्नको प्रकार | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार | समय |
|---|---|---|---|---|---|
| १ | अति छोटो प्रश्न | ८ | १ | ८ | २ घण्टा |
| २ | छोटो प्रश्न | ११ | २ | २२ | |
| ३ | लामो प्रश्न | ५ | ४ | २० | |
| जम्मा | | २४ | | ५० | |

**द्रष्टव्य :**

- सामान्यतया ज्ञान तहका प्रश्न २० प्रतिशत, बोध तहका प्रश्न ३० प्रतिशत, प्रयोग तहका प्रश्न ३० प्रतिशत र उच्च दक्षताका प्रश्न २० प्रतिशत हुनेछन् ।
- उच्च दक्षताअन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जना रहने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।

## अनुसूचि नं. ५
## स्थानीय पाठ्यक्रम निर्माण कार्यशालामा उपस्थित लेखक समूहको नामावली

| एकाइको नाम | क्र.सं. | नाम, थर | कार्यरत विद्यालय |
|---|---|---|---|
| एकाइ एक : वनगाड कुपिण्डको परिचय | १ | गणेशबहादुर बुढाक्षेत्री संयोजक | वनगाड कुपिण्डे नगरपालिका वडा नं. ६ को वडा अध्यक्ष |
| | २ | खुम प्रकाश बस्नेत | |
| | ३ | दुर्गाबहादुर बुढाथोकी | |
| | ४ | रामप्रसाद शर्मा | |
| | ५ | गोपाल वली | |
| | ६ | नम्रता कामी | |
| | ७ | रमेश खड्का मगर | पहाडी क्षेत्र विकास अभियान |
| एकाइ दुई : हाम्रो मौलिक कला, संस्कृति र सम्पदा | १ | वीरेन्द्र शाही संयोजक | त्रिभुवन जनता मा.वि. च्युरा वनगाड कुपिण्ड-५ |
| | २ | गुमान सिं विष्ट | प्र.अ.त्रिभुवन जनता मा.वि. च्युरा वनगाड कुपिण्ड-५ |
| | ३ | कीर्तिबहादुर राना | भूमी तथा कृषि मन्त्रीका सल्लाहकार वनगाड कुपिण्ड-५ |
| | ४ | कूलबहादुर पुरी | वडा अध्यक्ष |
| | ५ | विमला वि.क. बुढा | |
| | ६ | मुहुर्ता शर्मा | |
| | ७ | सीता साहू | |
| | ८ | ठाकुरप्रसाद चलाउने | |
| एकाइ तीन : हाम्रो, पेशा, व्यवसाय र प्रविधि | १ | सुरेश सिंह राठौर | |
| | २ | पुष्कर बि.सी. | |
| | ३ | सुरेन्द्र खड्का | |
| | ४ | गणेश चन्द | |
| | ५ | देवबहादुर राना | |
| | ६ | ओपेन्द्र विष्ट | |
| | ७ | हिरालाल राना | |
| एकाइ चार : हाम्रो वातावरण र हरित विद्यालय | १ | शिखर ऐरी | |
| | २ | पूर्णप्रसाद जैसी | |
| | ३ | राजेश वली | |
| | ४ | हुर्मत वि.क. | |
| | ५ | राजीव बुढा | |
| | ६ | डम्मर बोहरा | |
| एकाइ पाँच : खुसीका लागि शिक्षा र हाम्रो कर्तव्य | १ | बसन्तकुमार शर्मा संयोजक | नारद घर्ती |
| | २ | दुर्गाबहादुर वली | निर्मला भण्डारी |
| | ३ | हुर्मत वि.क. | तिलक बहादुर बुढा |
| | ४ | निरुता शाही | दुर्गाबहादुर पुन |
| एकाइ छ : सामाजिक चुनौति र विपद व्यवस्थापन | १ | चन्द्रकुमारी घर्ती | |
| | २ | नोखराज बिएम | |
| | ३ | थुम बहादुर बि.सी. | |
| | ४ | रुद्र परियार | |
| | ५ | देवबहादुर राना | |
| | ६ | बीरबहादुर बुढा | |

विशेष उपस्थिति : १. कर्णबहादुर बुढाथोकी, नगर प्रमुख वनगाड कुपिण्डे नगरपालिका
२. जगत घर्ती प्रमुख प्रशासकीय अधिकृत वनगाड कुपिण्डे नगरगपालिका
२. जीवन सिंह, संयोजक, सामाजिक विकास समिति
३ चक्रबहादुर रावत, शिक्षा शाखा प्रमुख, वनगाड कुपिण्डगाउपालिका
४. धुर्वा थापा, प्राविधिक सहायक, शिक्षा, युवा तथा खेलकुद शाखा